| ढुङ्गा ,गिट्टी , वालुवाको संकलन गर्न सकिने क्षेत्र | लम्वाइः माथि उल्लेख गरिएको क्षेत्रमा १०० मिटर,<br>चौडाईः सरदर २० मिटर देखि ४० मिटर सम्म<br>गहिराईः अनुमानित १ मिटर सम्म ढुङ्गाग्रावेल र वालुवा स्टक रहेको । ,गिट्टी , |
| खोलामा ढुंङ्गा , वालुवाको ,गिट्टी उपलब्धता | पहिलो २० देखि ४० मिटर क्षेत्रमा अधिकतम ढुंङ्गावालुवाको मात्रा अधिक ,ग्रावेल , रहेको । त्यसपछि भेलवाढीले थुपार्ने भएकोले पर्याप्त उपलब्ध हुन सक्ने । |
| खोलावाट ढुंङ्गा , ग्रावेल र ,गिट्टी वालुवाको उपयोग | पिखुवा खोलावाट लगभग ८०० घनमिटर वार्षिक लिन सकिने । तर सामाग्रीको परिमाण खोलाको भेलवाडीको वहाव र संकलन गर्ने छेकवारमा निर्भर रहनेछ । |
| अक्षांश, देशान्तर र उचाइ | 27° 8'30.58"N \| 8 ° 2'5.80"E |
| गुगल नक्सा |  |

<table>
<tr><td>टोपोलोजिकल नक्सा</td><td>
</td></tr>
<tr><td>इन्जिनियरिङ्ग क्रस सेक्सन तथा ड्रइङ्ग</td><td></td></tr>
<tr><td>परिमाणात्मक अनुमान</td><td><table><tr><th>Area</th><th>Assumed Average Depth</th><th>Volume</th><th>Extraction Rate</th></tr><tr><th>$m^2$</th><th>m</th><th>$m^3$</th><th>$m^3$/day</th></tr><tr><td>2425</td><td>0.5</td><td>1212.5</td><td>5.05</td></tr></table></td></tr>
<tr><td>स्थलगत फोटोहरु</td><td></td></tr>
<tr><td>सुझाव/निष्कर्ष</td><td>स्थलगतरुपमा र नक्साको नाप र परिमाणमा फरक हुन सक्छ । यसलाई स्थलगत रुपमा कार्यान्वयनका समयमा नाप र परिमाणमा फरक नपर्नेगरि सुधार गरिनेछ । यो स्थान संकलन विधिमा जोड दिइनेछ ।</td></tr>
</table>

२.८.८ घट्टेखोला पोखरे क्षेत्र

| | |
|---|---|
| नाम | घट्टे खोला पोखरे क्षेत्र |
| ठेगाना | भोजपुर नगरपालिका वडा नंवर ८ पोखरे र र भोजपुर नगरपालिका वडा नंवर १० भैसिपंखा विचमा वग्ने खोला हो । |
| जलाधार क्षेत्र | भोजपुर नगरपालिकाका वडा नंवर ९ काफ्ले ,हात्तिगौडा ,धामखर्क ,वडानंवर ८ दुम्सिका, पोखरे जिमिगाउँ १० वडा नंवर ,क्षेत्र नै यस घट्टेखोलाको जलाधार क्षेत्र हो । लगभग यस जलाधार क्षेत्रमा ८ वर्ग किमि क्षेत्रफल समेटदछ । |
| मोहडा | यो खोला मोटामोटि दक्षिण तर्फ वगेर घट्टेखोलापिखुवा खोलामा -अखुवा खोला - मिसिन्छ । |
| जलाधार क्षेत्रमा पर्ने वनहरु | धनसुरे सामुदायिक वन छ । अन्य साना नीजि जमिनमा पलाएका केही रुखहरु र साना साना कित्तामा रहेको छिटफुट वनहरु छन् । |
| पानीको उपयोग | यस घट्टेखोलामा रहेको पानीवाट भैसिपंखाका जिमिगाउभोजपुरका पोखरे क्षेत्रका , खेत र खोला तटमा सिचाई भइरहेकोछ । |
| खोला वरपर जंगल किनारमा पाइने वनस्पतिहरु | खोलाको मुहानको जंगलमा उत्तिसमलता जस्ता र तल्लो भागमा ,अगेरी ,पाल्ले , चिलाउने आदी पाइन्छ । ,उत्तिस ,वास |
| ढुङ्गा ,गिट्टी , वालुवाको संकलन गर्न सकिने क्षेत्र | लम्वाइः माथि उल्लेख गरिएको क्षेत्रमा १०० मिटर,<br>चौडाईः सरदर २० मिटर देखि ४० मिटर सम्म<br>गहिराईः अनुमानित १ मिटर सम्म ढुङ्गाग्रावेल र वालुवा स्टक रहेको । ,गिट्टी , |
| खोलामा ढुंङ्गागिट्टी , , | पहिलो २० देखि ४० मिटर क्षेत्रमा अधिकतम ढुंङ्गावालुवाको मात्रा अधिक ,ग्रावेल , |

<table>
<tr><td>वालुवाको उपलब्धता</td><td>रहेको । त्यसपछि भेलवाढीले थुपार्ने भएकोले पर्याप्त उपलब्ध हुन सक्ने ।</td></tr>
<tr><td>खोलावाट ढुंङ्गा , ग्रावेल र ,गिट्टी वालुवाको उपयोग</td><td>घट्टे खोलावाट लगभग ५०० घनमिटर वार्षिक लिन सकिने । तर सामाग्रीको परिमाण खोलाको भेलवाडीको वहाव र संकलन गर्ने छेकवारमा निर्भर रहनेछ ।</td></tr>
<tr><td>अक्षांश, देशान्तर र उचाइ</td><td>27°10'35.64"N<br>87° 3'47.36"E</td></tr>
<tr><td>गुगल नक्सा</td><td></td></tr>
<tr><td>टोपोलोजिकल नक्सा</td><td></td></tr>
<tr><td>इन्जिनियरिङ्ग क्रस सेक्सन तथा ड्रइङ्ग</td><td></td></tr>
<tr><td>परिमाणात्मक अनुमान</td><td><table><tr><th>Area</th><th>Assumd Average Depth</th><th>Volume</th><th>Extraction Rate</th></tr><tr><th>$m^2$</th><th>m</th><th>$m^3$</th><th>$m^3$/day</th></tr><tr><td>701</td><td>0.5</td><td>350.5</td><td>1.46</td></tr></table></td></tr>
<tr><td>स्थलगत फोटोहरु</td><td></td></tr>
<tr><td>सुझाव/निष्कर्ष</td><td>स्थलगतरुपमा र नक्साको नाप र परिमाणमा फरक हुन सक्छ । यसलाई स्थलगत रुपमा कार्यान्वयनका समयमा नाप र परिमाणमा फरक नपर्नेगरि सुधार गरिनेछ । यो स्थान संकलन विधिमा जोड दिइनेछ ।</td></tr>
</table>

२.८.९ असिने / अखुवाखोला

| नाम | असिने/अखुवा खोला |
| --- | --- |

| | |
|---|---|
| ठेगाना | भोजपुर नगरपालिका वडा नंवर १० भैसिपंखामा वग्ने खोला हो । |
| जलाधार क्षेत्र | भोजपुर नगरपालिकाका वडा नंवर १० भैसिपंखाको सुन्तलेडाडा ,वाह्हागे , डाडाखर्क क्षेत्र ,धापखर्क ,जिमिगाउ ,नर्पाया ,असिने नै यस असिनेअधेरी खोला/ खोलाको जलाधार क्षेत्र हो । लगभग यस जलाधार क्षेत्रमा १९ वर्ग किमि क्षेत्रफल समेटदछ । |
| मोहडा | यो खोला मोटामोटि दक्षिण तर्फ वगेर अखुवाखोलापिखुवा खोलामा - मिसिन्छ । |
| जलाधार क्षेत्रमा पर्ने वनहरु | ठुलो सामुदायिक वन छैनअन्य आसपासमा साना नीजि जमिनमा पलाएका , केही रुखहरु र साना साना कित्तामा रहेको छिटफुट वनहरु छन् । |
| पानीको उपयोग | यस असिनेअधेरी खोलामा/ रहेको पानीवाट भैसिपंखाका डाडाखर्कमागुवा र , आम्तेकका मुलावारी सम्म र खोला तटकाखेतहरुमा सिचाई भइरहेकोछ । अलैचि वगानमा समेत प्रयोग भइरहेकोछ । |
| खोला वरपर जंगल किनारमा पाइने वनस्पतिहरु | खोलाको मुहानको जंगलमा हिमालि क्षेत्रमा पाइने प्रजातिका रुख विरुवाहरु रातोपात्ले ,पात्ले ,अगेरीहरु मध्येभागका जंगलमा उत्तिस ,चुत्रो ,लालि गुरास , लाउने आदी पाइन्छ ।चि ,उत्तिस ,मलता जस्ता र तल्लो भागमा वास ,अगेरी |
| ढुङ्गावालुवाको ,गिट्टी संकलन गर्न सकिने क्षेत्र | लम्वाइः माथि उल्लेख गरिएको क्षेत्रमा २०० मिटर,<br>चौडाईः सरदर २० मिटर देखि ४० मिटर सम्म<br>गहिराईः अनुमानित १ मिटर सम्म ढुङ्गाग्रावेल र वालुवा स्टक रहेको । ,गिट्टी , |
| खोलामा ढुंङ्गा ,गिट्टी , वालुवाको उपलव्धता | पहिलो २० देखि ४० मिटर क्षेत्रमा अधिकतम ढुंङ्गावालुवाको मात्रा ,ग्रावेल , अधिक रहेको । त्यसपछि भलवाढीले थुपार्ने भएकोले पर्याप्त उपलब्ध हुन सक्ने । |
| खोलावाट ढुंङ्गा ,गिट्टी , ग्रावेल र वालुवाको उपयोग | असिनेअधेरी खोलावाट/ लगभग ६०० घनमिटर वार्षिक लिन सकिने । तर सामाग्रीको परिमाण खोलाको भेलवाडीको वहाव र संकलन गर्ने छेकवारमा निर्भर रहनेछ । |
| अक्षांश, देशान्तर र उचाइ | 27°11'50.92"N<br>87° 5'6.30"E |
| गुगल नक्सा |  |

<table>
<tr><td>टोपोलोजिकल नक्सा</td><td>
</td></tr>
<tr><td>इन्जिनियरिङ्ग क्रस सेक्सन तथा ड्रइङ्ग</td><td></td></tr>
<tr><td>परिमाणात्मक अनुमान</td><td>
<table>
<tr><th>Area</th><th>Assued Average Depth</th><th>Volume</th><th>Extraction Rate</th></tr>
<tr><th>m²</th><th>m</th><th>m³</th><th>m³/day</th></tr>
<tr><td>726</td><td>0.5</td><td>363</td><td>1.51</td></tr>
</table>
</td></tr>
<tr><td>स्थलगत फोटोहरु</td><td></td></tr>
<tr><td>सुझाव/निष्कर्ष</td><td>स्थलगतरुपमा र नक्साको नाप र परिमाणमा फरक हुन सक्छ । यसलाई स्थलगत रुपमा कार्यान्वयनका समयमा नाप र परिमाणमा फरक नपर्नेगरि सुधार गरिनेछ । यो स्थान संकलन विधिमा जोड दिइनेछ ।</td></tr>
</table>

२.८. १०अखुवाखोला माम्लाखा क्षेत्र

| | |
|---|---|
| नाम | अखुवाखोला माम्लाखा क्षेत्र |
| ठेगाना | भोजपुर नगरपालिका वडा नंवर १० भैसिपंखा र भोजपुर नगरपालिका वडा नंवर ११ आम्तेक विचमा वग्ने खोला हो । |
| जलाधार क्षेत्र | भोजपुर नगरपालिकाका वडा नंवर १० भैसिपंखाको सुन्तलेडाडा ,वाह्हागे ,असिने , जिम ,नर्पायागाउपिप्ले मुलावारी ,मागुवा श्यामसिला सिक्रे ,डाडाखर्क ,धापखर्क , क्षेत्र नै यस अखुवाखोला माम्लाखा खोलाको जलाधार क्षेत्र हो । लगभग यस जलाधार क्षेत्रमा २२ वर्ग किमि क्षेत्रफल समेटदछ । |
| मोहडा | यो खोला मोटामोटि दक्षिण तर्फ वगेर अखुवाखोलापिखुवा खोलामा - मिसिन्छ । |
| जलाधार क्षेत्रमा पर्ने वनहरु | ठुलो सामुदायिक वन छैनअन्य आसपासमा साना नीजि जमिनमा पलाएका केही , रुखहरु र साना साना कित्तामा रहेको छिटफुट वनहरु छन् । |
| पानीको उपयोग | यस अखुवाखोला माम्लाखा क्षेत्रमा रहेको पानीवाट भैसिपंखाका जुकेखेतर , आम्तेकका माम्लाखा वाह्रमुरे भोगटेनी सम्म र खोला तटकाखेतहरुमा सिचाई भइरहेकोछ । अलैचि वगानमा समेत प्रयोग भइरहेकोछ । |
| खोला वरपर जंगल किनारमा पाइने वनस्पतिहरु | खोलाको मुहानको जंगलमा हिमालि क्षेत्रमा पाइने प्रजातिका रुख विरुवाहरु रातोपाल्ले ,अगेरी ,पात्ले ,अगेरीहरु मध्येभागका जंगलमा उत्तिस ,चुत्रो ,लालि गुरास , चिलाउने आदी पाइन्छ । ,उत्तिस ,मलता जस्ता र तल्लो भागमा वास |
| ढुङ्गा ,गिट्टी , वालुवाको संकलन गर्न सकिने क्षेत्र | लम्वाइः माथि उल्लेख गरिएको क्षेत्रमा २०० मिटर,<br>चौडाईः सरदर २० मिटर देखि ४० मिटर सम्म<br>गहिराईः अनुमानित १ मिटर सम्म ढुङ्गाग्रावेल र वालुवा स्टक रहेको । ,गिट्टी , |

<table>
<tr><td>खोलामा ढुंङ्गा , वालुवाको ,गिट्टी उपलब्धता</td><td>पहिलो २० देखि ४० मिटर क्षेत्रमा अधिकतम ढुंङ्गावालुवाको मात्रा अधिक ,ग्रावेल , कोलेरहेको । त्यसपछि भेलवाढीले थुपार्ने भए पर्याप्त उपलब्ध हुन सक्ने ।</td></tr>
<tr><td>खोलावाट ढुंङ्गा , ग्रावेल र ,गिट्टी वालुवाको उपयोग</td><td>अखुवाखोला माम्लाखा क्षेत्रवाट लगभग ८०० घनमिटर वार्षिक लिन सकिने । तर सामाग्रीको परिमाण खोलाको भेलवाडीको वहाव र संकलन गर्ने छेकवारमा निर्भर रहनेछ ।</td></tr>
<tr><td>अक्षांश, देशान्तर र उचाइ</td><td>उचाईः १३२७ मि. अक्षांशः २७°१०′४४.८२" उत्तरी र देशान्तरः ८७°०४′१८.५०" पूर्वि<br>उचाईः १३४८ मि. अक्षांशः २७°१०′३७.६३" उत्तरी र देशान्तरः ८७°०४′१४.२१" पूर्वि<br>(द्रष्टव्यः एकुरेसी १५ प्रतिशतको आसपास थपघट हुन सक्छ ।)</td></tr>
<tr><td>गुगल नक्सा</td><td>
</td></tr>
<tr><td>टोपोलोजिकल नक्सा</td><td>
</td></tr>
<tr><td>इन्जिनियरिङ्ग क्रस सेक्सन तथा ड्रइङ्ग</td><td></td></tr>
<tr><td>परिमाणात्मक अनुमान</td><td><table>
<tr><th>Area</th><th>Assumed Average Depth</th><th>Volume</th><th>Extraction Rate</th></tr>
<tr><th>m²</th><th>m</th><th>m³</th><th>m³/day</th></tr>
<tr><td>685</td><td>0.5</td><td>342.5</td><td>1.43</td></tr>
</table></td></tr>
<tr><td>स्थलगत फोटोहरु</td><td></td></tr>
<tr><td>सुझाव/निष्कर्ष</td><td>स्थलगतरुपमा र नक्साको नाप र परिमाणमा फरक हुन सक्छ । यसलाई स्थलगत</td></tr>
</table>

| | |
|---|---|
| | रुपमा कार्यान्वयनका समयमा नाप र परिमाणमा फरक नपर्नेगरि सुधार गरिनेछ । यो स्थान संकलन विधिमा जोड दिइनेछ । |

२.८.११ पिखुवा खोला वेहेरेदोभान क्षेत्र

| | |
|---|---|
| नाम | पिखुवा खोला वेहेरेदोभान क्षेत्र |
| ठेगाना | भोजपुर नगरपालिका वडा नंवर १२ टक्सार र रामप्रसाद राई गाउँपालिका वडा नंवर ५ मानेभन्ज्याङ्ग विचमा वग्ने खोला हो । |
| जलाधार क्षेत्र | टेम्के मैयुङ्ग गाउँपालिकाको वडा नंवर १ तिम्माछिनामखु २ वडा नंवर ,मैयुङ्ग , अन्नपुर्ण ३ वडा नंवरभोजपुर नगरपालिकाका वडा नंवर ३ गुप्तेश्वर ४ वडा नंवर , सिद्देश्वरको भालुखोप डाडा ,वाघखोरभोजपुर ७ वडा नंवर ,वोखिम ५ वडा नंवर , टक् १२ भोजपुर र वडा नंवर ९ वडा नंवरसारका क्षेत्र नै यस पिखुवाखोलाका जलाधार क्षेत्र हो । लगभग यस जलाधार क्षेत्रमा ३५ वर्ग किमि क्षेत्रफल समेटदछ । |
| मोहडा | यो खोला मोटामोटि दक्षिण तर्फ वगेर पिखुवा खोलाअरुण नदीमा - मिसिन्छ । |
| जलाधार क्षेत्रमा पर्ने वनहरु | रातमाटे सामुदायिक वन छ । अन्य आसपासमा साना नीजि जमिनमा पलाएका केही रुखहरु र साना साना कित्तामा रहेको छिटफुट वनहरु छन् । |
| पानीको उपयोग | यस पिखुवाखोला रहेको पानीवाट ईष्ट्र्न हाईड्रो पावर ५ मेघावाट र पिखुवा हाइड्रोपावर ७ मेघावाट क्षमताको उत्पादन भइ रहेकोछ र खोला तटका खेतहरुमा सिचाई भइरहेकोछ । |
| खोला वरपर जंगल किनारमा पाइने वनस्पतिहरु | खोलाको मुहानको जंगलमा हिमालि क्षेत्रमा पाइने प्रजातिका रुख विरुवाहरु लोठ सल्ला , पाटुल्ले सल्ला रातोपात्ले ,लालि गुरास, चुत्रो, अगेरीहरु मध्येभागका ,मा उत्तिस, पात्लेजंगल, मलता, तल्लो भेगमा उतिस, कटुस अदी |
| ढुङ्गावालुवाको ,गिट्टी संकलन गर्न सकिने क्षेत्र | लम्वाइः माथि उल्लेख गरिएको क्षेत्रमा २०० मिटर,<br>चौडाईः सरदर २० मिटर देखि ४० मिटर सम्म<br>गहिराईः अनुमानित १ मिटर सम्म ढुङ्गाक रहेको ।ग्रावेल र वालुवा स्ट ,गिट्टी , |
| खोलामा ढुंङ्गा ,गिट्टी, वालुवाको उपलब्धता | पहिलो २० देखि ४० मिटर क्षेत्रमा अधिकतम ढुंङ्गावालुवाको मात्रा अधिक ,ग्रावेल , रहेको । त्यसपछि भेलवाढीले थुपार्ने भएकोले पर्याप्त उपलब्ध हुन सक्ने । |
| खोलावाट ढुंङ्गा ,गिट्टी ग्रावेल र वालुवाको उपयोग | पिखुवा खोलावाट लगभग १५०० घनमिटर वार्षिक लिन सकिने । तर सामाग्रीको परिमाण खोलाको भेलवाडीको वहाव र संकलन गर्ने छेकवारमा निर्भर रहनेछ । |
| अक्षांश, देशान्तर र उचाइ | 27° 8'30.58"N \| 87° 2'5.80"E |
| गुगल नक्सा |  |

<table>
<tr><td>टोपोलोजिकल नक्सा</td><td>
</td></tr>
<tr><td>इन्जिनियरिङ्ग क्रस सेक्सन तथा ड्रइङ्ग</td><td></td></tr>
<tr><td>परिमाणात्मक अनुमान</td><td>
<table>
<tr><th>Area</th><th>Assumed Average Depth</th><th>Volume</th><th>Extraction Rate</th></tr>
<tr><th>$m^2$</th><th>m</th><th>$m^3$</th><th>$m^3$/day</th></tr>
<tr><td>2805</td><td>0.5</td><td>1402.5</td><td>5.84</td></tr>
</table>
</td></tr>
<tr><td>स्थलगत फोटोहरु</td><td></td></tr>
<tr><td>सुझाव/निष्कर्ष</td><td>स्थलगतरुपमा र नक्साको नाप र परिमाणमा फरक हुन सक्छ । यसलाई स्थलगत रुपमा कार्यान्वयनका समयमा स्थान थप गर्ने, नाप र परिमाणमा फरक नपर्नेगरि सुधार गरिनेछ । यो स्थान संकलन विधि र हार्भेष्टिङ्ग विधिमा जोड दिइनेछ ।</td></tr>
</table>

## Quantity Assessment

| S.No. | Name of River/Mine | Ward no. | Geo Co-ordinates | | Area | Assumed Average Depth | Volume | Extraction Rate | Composition of Deposits (%) | | | Quantity (m3) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | Latitude | Longitude | $m^2$ | m | $m^3$ | $m^3$/day | Sand | Aggregates | Stone | Sand | Aggregates | Stone |
| 1.a | Soreng Khola / Nakhuwa Khola Dobhan (A) | 1 | 27°14'46.65"N | 87° 7'36.52"E | 585 | 0.45 | 263.25 | 1.10 | 30% | 20% | 50% | 78.98 | 52.65 | 131.63 |
| 1.b | Soreng Khola / Nakhuwa Khola Dobhan (B) | 1 | 27°15'34.27"N | 87° 8'10.86"E | 593 | 0.45 | 266.85 | 1.11 | 40% | 20% | 40% | 106.74 | 53.37 | 106.74 |
| 2 | Yanguwa Khola | 2 | 27°15'32.56"N | 87° 3'47.89"E | 604 | 0.45 | 271.8 | 1.13 | 20% | 20% | 60% | 54.36 | 54.36 | 163.08 |
| | | | | | | | | | | | | | | |
| 3 | Akhan Khola (Ghatte) | 4 | 27°13'11.97"N | 87° 1'17.30"E | 370 | 0.5 | 185 | 0.77 | 90% | 10% | 0% | 166.50 | 18.50 | 0.00 |
| 4 | Shera Khola (Ratmate) | 4 & 5 | 27°10'44.94"N | 87° 0'35.13"E | 585 | 0.5 | 292.5 | 1.22 | 30% | 10% | 60% | 87.75 | 29.25 | 175.50 |
| 5 | Shera Khola (Damsing u/s and d/s) | 4 & 5 | 27°12'55.43"N | 87° 1'48.73"E | 1207 | 0.5 | 603.5 | 2.51 | 30% | 20% | 50% | 181.05 | 120.70 | 301.75 |
| | | | 27°12'41.24"N | 87° 1'46.63"E | | | | | | | | | | |
| 6 | Pikhuwa Khola Setibagar | 3 | 27°14'8.01"N | 86°59'16.27"E | 1978 | 0.5 | 989 | 4.12 | 25% | 35% | 40% | 247.25 | 346.15 | 395.60 |
| 7 | Ghatte Khola | 8 & 10 | 27°10'35.64"N | 87° 3'47.36"E | 701 | 0.5 | 350.5 | 1.46 | 45% | 35% | 15% | 157.73 | 122.68 | 52.58 |
| 8 | Andheri Khola | 10 | 27°11'50.92"N | 87° 5'6.30"E | 726 | 0.5 | 363 | 1.51 | 10% | 10% | 80% | 36.30 | 36.30 | 290.40 |
| 9 | Akhuwa Khola Mamlakha | 11 | 27°10'39.95"N | 87° 4'14.55"E | 685 | 0.5 | 342.5 | 1.43 | 30% | 40% | 30% | 102.75 | 137.00 | 102.75 |
| 10 | Pikhuwa Behere Dovan | 12 | 27° 7'15.25"N | 87° 3'19.25"E | 2805 | 0.5 | 1402.5 | 5.84 | 30% | 20% | 50% | 420.75 | 280.50 | 701.25 |
| | | 12 | 27° 7'11.63"N | 87° 3'33.58"E | | | | | | | | | | |
| 11 | Pikhuwa Siktel Dovan | | 27° 8'30.58"N | 87° 2'5.80"E | 2425 | 0.5 | 1212.5 | 5.05 | 50% | 30% | 20% | 606.25 | 363.75 | 242.50 |
| | **Total** | | | | 13264 | | 6542.9 | 27.26 | | | | 2246.4 | 1615.20 | 2663.77 |

## परिच्छेद -३:
## अध्यायनको तथ्यांक संकलन र विस्लेषण विधि:

यो संक्षिप्त वातावरणीय अध्यायन प्रतिवेदन तयारी गर्न देहाय अनुसार प्रकृया पुरा गरिएको छ ।

### ३.१ अध्ययनका प्रकृया र चरण:

| सि.नं. | कृयाकलाप | अध्ययन विधि |
|---|---|---|
| १ | आवश्यकता पहिचान, क्षेत्र निर्धारण र प्रतिवेदन | राज्य पुनसंरचना भएपछि वातावरण संरक्षण ऐन २०५३ र वातारण संरक्षणण नियमावलि २०६४ अनुसार कार्य सम्पादन गर्न एक किसिमले अन्यौल थियो । वातवरणीय अध्यन प्रतिवेदन तयारी गर्ने शुरुको काम कार्वाहि कसरी गर्ने सम्वन्धमा नगरपालिकाले वातावरणीय अध्ययन कार्यविधि -२०७८ तयारी र पारित गरियो । |
| २ | वजेट व्यवस्थापन | मिति २०७८।०३।१० पाचौ नगरसभावाट वजेट विनियोजन |
| ३ | वातावरणीय अध्यायनको सिमा निर्धारण | प्रदेश नंवर १, वातावरण संरक्षण नियमावलि २०७७ को अनुसूचि १ मा देहाय अनुसार सिमा रहेकोछः **वन क्षेत्रवाट** दैनिक ५० घ.मि.सम्म वालुवा, ढुंगा, ग्राभेल र माटो संकलन गर्ने । **उद्योग क्षेत्रमा** साधरण निर्माणमुखी ढुंगा, डेकोरेटिभ ढुंगा, ग्राभेल, औधोगिक माटो, र साधरण माटो दैनिक ५० घ.मि. सम्म उत्खनन गर्ने । **खानी क्षेत्रमा** साधरण निर्माणमुखि ढुंगा, ग्राभेल, औधोगिक माटोको लागि दैनिक ५० घ.मि. सम्म उत्खनन गर्ने र **बनक्षेत्र भन्दा वाहेकको क्षेत्रको** प्रत्येक नदी, खोला सतहबाट दैनिक १०० घ.मि. सम्म वालुवा ग्राभेल, गिर्खा र माटो निकाल्ने भएमा संक्षिप्त वातावरणीय अध्ययन गर्न सकिने सिमा रहेकोछ । अतः यस प्रस्ताविद प्रस्ताव बनक्षेत्र भन्दा वाहेकको क्षेत्र नदि, खोलाका सतह भएकोले प्रत्येक नदी, खोला सतहबाट दैनिक १०० घ.मि. का दरले ११ स्थानवाट दैनिक ११०० घ.मि.सम्म वालुवा ग्राभेल, गिर्खा र माटो निकाल्न सकिने भएकोले संक्षिप्त वातावरणीय अध्ययन गर्दा हुने भएकोले यो संक्षिप्त वातावरणीय BES अध्ययन गर्न प्रस्ताव स्वीकृत गरिएकोछ । |
| ४ | भोजपुर नगरपालिका संक्षिप्त वातावरणिय अध्यायन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७८ पारीत | २०७८।०३।०८ निर्णय नंवर ३ च |
| ५ | कार्यक्षत्रगत शर्त तयारी र स्वीकृत | मिति २०७८।०४।०७ गते स्वीकृत भएकोछ । |
| ६ | मौजुदा सूची दर्ता | सार्वजनिक खरिद ऐन २०६३ र नियमावलि २०६४ को नियम १८ वमोजिम सूचि दर्ताको लागि मिति २०७८।०४।०१ गते सूचना प्रकासन गरिएको । उक्त सूचना अनुसार जम्मा ३ वटा सूचि दर्ता हुन आएको । |
| ७ | परामर्शदाता को लागि इच्छा पत्र माग गरिएको । | मौजुदा सूचिमा दर्ता भएका संस्थाहरुलाई मिति २०७८।०४।०४ गते दरभाउ पत्र पेश गर्न च.नं. ६ वाट जानकारी गरिएको । |
| ८ | परामर्शदाताहरुवाट प्रस्ताव प्राप्ति | मिति २०७८।०४।१८ गते सम्म प्रस्ताव प्राप्ति गरिएको । |

| | | |
|---|---|---|
| ९ | परामर्शदाता छनौट | मिति २०७८।०४।२० गते मुल्यांकन गरिएको । |
| १० | परामर्शदाता करार | मिति २०७८।०४।२६ गते करार तथा कार्यादेश प्रदान |
| ११ | सुचना प्रकाशन | मिति २०७८।०४।२९ गते सार्वजनिक सूचना प्रकाशन गरि राय सुझाव माग गरिएको । |
| १२ | वडा कार्यालयहरुमा सूचना टास गरी मुचुल्का माग गरिएको | २०७८।०५।०३ |
| १३ | वडा कार्यालयहरुवाट मुचुल्का प्राप्त | २०७८।०५।०४ देखि २७ गते सम्म |
| १४ | स्थलगत नीरीक्षण नाप नक्सा सुचना तथा तथ्यांक संकलन | २०७८।०४।२७ देखि २०७८।०५।२९ गते सम्म |
| १५ | कार्यालयमा अभिलेख अध्ययन | २०७८।०४।२७ देखि २०७८।०५।३० गते सम्म |
| १६ | प्रतिवेदन तयारी | २०७८।०५।३० सम्म |
| १७ | नगर कार्यपालिका वोर्ड वैठकमा प्रस्तुत तथा स्वीकृत | २०७८।०६।०४ निर्णय नंवर २ |
| १८ | सार्वजनिक सुनुवाइ तथा राय सुझाव प्राप्ति | २०७९।०३।०९ गते नगर सभा कक्ष |
| १९ | अन्तिम प्रतिवेदन स्वीकृत | २०७९।०३।१० |

## ३.२. अध्ययन विधिः

यसमा वातवरण संरक्षण ऐन २०७६ र प्रदेश वातावरण संरक्षण नियमावली २०७७ ले निर्धारण गरेको चरणवद्द प्रक्रिया अनुसरण गरि संक्षिप्त वातावरणीय अध्ययन गरिने छ । जसअनुसार सर्वप्रथम संक्षिप्त वातावरण अध्ययन प्रतिवेदन तयारी गर्न कार्य क्षेत्रगत सूची ( नियम ३ को उपनियम ३ कार्यान्वयन गर्न नियम ५.१ वमोजिम) स्वीकृत लिइनेछ । नियमावलि २०७७ को नियम ७.२ अनुसार कुनै एक राष्ट्रिय अखबारमा सार्वजनिक सूचना प्रकाशित गरी प्रस्ताव कार्यान्वयन हुदा स्थानीय वातावरणमा पर्नसक्ने प्रभावका बारेमा लिखित राय सुझाव १० दिन भित्र दिन अनुरोध गरिने छ। उक्त सूचना समेतको आधारमा प्राप्त राय सुझाव प्रस्तावित स्थान वरपर पाइने वन, जीवजन्तु, वनस्पति र जैविक विविधता क्षेत्रको स्थलगत भ्रमण गरी प्रभाव अध्ययन गरिने छ । यसरी अध्ययन गरी प्राप्त जानकारी र सरोकारवालाहरु समेतको राय सुझावको आधारमा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयार गरिएकोछ ।

यसरी विस्तृत प्रतिवेदन तयार गर्न आवश्यक पर्ने पहिलो र दोस्रो क्रमका सूचनाहरु स्थलगत सर्वेक्षण र GIS वाट सर्भे तथा नक्सांकन गरि सन्दर्भ सामग्रीहरुको पुनरावलोकनबाट प्राप्त गरिने छ । प्रतिवेदन तयार पार्न आवश्यक पर्ने प्रारम्भिक भौतिक तथा जैविक वातावरण सम्बन्धी तथ्याङ्कहरु वन क्षेत्रको स्थलगत भ्रमण, सर्वेक्षणबाट र सामाजिक, आर्थिक र सास्कृतिक वातावरणीय तथ्याङ्कहरु घरधुरी सर्वेक्षण, सहभागीतामूलक ग्रामीण लेखाजोखा वा सहभागितामूलक नक्सांकनहरुबाट संकलन गरिने छ । अन्य जानकारीको हकमा विभिन्न पुस्तक, कार्यालयका अभिलेखहरु, नक्शा, वन कार्य योजना र वैज्ञानिक अनुसन्धानात्मक लेख-रचनाहरु तथा उद्योगको प्रवर्धन पत्रसमेतबाट प्राप्त भएको छ ।

### ३.२.१. कार्यालयमा गरिएको अध्ययनः

कार्यालयमा गरिने अध्ययनमा उपलब्ध सन्दर्भ सामग्रीहरुको अध्ययन, नक्शाहरुको अध्ययन तथा प्रश्नावलीहरुको तयारी र चेकलिष्टहरुको तयारी तथा तिनको परीक्षणपछि अन्तिम रुप दिने कार्य गरिएकोछ । कार्यालयमा नै प्राप्त भएको सुचनाहरुको विष्लेषण तथा समायोजन गरिने छ ।

३.२.१.१. सन्दर्भ सामग्रीहरुको पुनरावलोकनः

प्रतिवेदन तयार गर्ने क्रममा सम्बन्धित उद्धेश्य प्राप्तिका लागि अध्ययन टोलीले उपलब्ध भए सम्मका सन्दर्भ सामग्रीहरु अध्ययन गरिएकोछ ।

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, वातावरण संरक्षण ऐन २०७६, वातावरण संरक्षण नियमावलि २०७७, खानि २०४२, सडक ऐन, वन क्षेत्रको नीति २०४६, वन ऐन २०४९, वन नियमावली २०५१, जैविक विविधता सम्बन्धी रणनीति २०५९, राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका २०५० वन क्षेत्रको वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका २०५२, सा.वनको दिग्दर्शन, वन क्षेत्रको लागि प्रा. वा. परीक्षण कार्यसूची र प्रतिवेदनको दिग्दर्शन, भु संरक्षण ऐन, र पंचवर्षीय योजनाहरु प्रमुख रुपमा रहने छन् । साथै यस प्रस्तावसँग सम्बन्धित हुनसक्ने अन्य लेख रचना र सामग्रीहरु भएमा तिनको समेत पुनरावलोकन गरिएकोछ ।

३.२.१.२. नक्शाहरुको अध्ययनः

प्रस्ताव कार्यान्वयन हुने क्षेत्र त्यहा वरपरको भौतिक वातावरण सम्बन्धि जानकारी हासिल गर्न निम्न नक्शाहरुको अध्ययन गरिएकोछ ।

३.२.१.२.१. टोपोग्राफीक नक्शा (Topographic Map)

यस प्रयोजनको लागि १: २५००० र १: ५०००० स्केलको टोपोग्राफिक नक्शाहरुलाई प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको उचाई, मोहडा, भिरालोपन र सो क्षेत्रको अवस्था बारेको जानकारी हासिल गर्न प्रयोग गरिएकोछ ।

३.२.१.२.२. भू उपयोगिता सम्बन्धि नक्शा (Land Utilization Map)

यसको लागि १: ५०००० स्केलको नक्शा प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको अवस्थिति सम्बन्धि जानकारी हासिल गर्न प्रयोग गरिएकोछ ।

३.२.१.२.३. भूमि प्रणाली नक्शा (Land system Map)

यो १: ५०००० स्केलको नक्शा प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको ढुंगा, वालुवा, माटो, मोहडा, भुक्षयको अवस्था, तथा Gravel को गहिराई , खोला खहरेका कटानका अवस्था सम्बन्धि जानकारी हासिल गर्न प्रयोग भएकोछ ।

३.२.१.२.४. जिल्ला/ नगरको नक्शा (District**/** Municipality Land system Map)

भोजपुर जिल्ला र भोजपुर नगरपालिकाको विभिन्न वडा तथा पालिकाको अवस्थिति थाहा पाउन यस खालका नक्शाहरुको प्रयोग गरिएकोछ ।

३.२.१.२.५ गुगल म्याप **(Google Map)**

प्रस्ताविद कार्यान्वयन स्थलको वास्तविक अवस्थिति देखाउन गुगल अर्थ **(Google Earth Map)** नक्सा को प्रयोग गरिएकोछ ।

३.२.१.३. चेकलिष्ट, प्रश्नावली, स्थलगत सूचना, छलफल, अन्तरक्रिया र डाटासिटः

प्रस्ताव कार्यान्वयन हुने स्थानहरुको सामाजिक, आर्थिक तथा अन्य सूचनाहरु नगरपालिका तथा जिल्लाबाट प्रकाशित हुने वा भएका विभिन्न निकायका मुखपत्रहरुबाट प्राप्त गर्ने प्रयास गरिएकोछ र सो सूचनाहरुको सत्य तथ्य मिलान गर्न स्थानीय स्तरमा छड्के जाँच गर्न नियमानुसार आवश्यक पर्ने बुँदाहरु समेट्ने गरी प्रश्नावली तथा चेकलिस्ट तयार गरिएको छ । खोलाहरु र त्यहाँका वनस्पति, वन्यजन्तु, चराचुरुङ्गी र किराफट्याङग्राहरुको समेत जानकारी हासिल गर्न आवश्यक चेकलिस्ट तयार गरि सूचना संकलन समेत गरिएकोछ ।

३.२.१.४. फिल्डमा गरिने आवश्यक अध्ययनः

अध्ययन टोलीले प्रस्ताव कार्यान्वयन हुने क्षेत्रमा स्थलगत भ्रमण गरी तहाँको भौतिक, जैविक, सामाजिक-सांस्कृतिक तथा आर्थिक वातावरण सम्बन्धी आवश्यक सूचनाहरु हासिल गरिएकोछ ।

३.२.१.५. तथ्याङ्क संकलन र श्रोत सर्वेक्षणः

प्रस्ताव कार्यान्वयन हुने क्षेत्रका, ढुङ्गा, गिटी, वालुवाको परिणामको श्रोत सर्वेक्षण गरी अध्ययन टोलीले तिनको मौज्दात परिमाण, वार्षिक अनुमानित निकाल्न सकिने परिमाण, श्रोतको अवस्था समेतको बारेमा श्रोत सर्वेक्षणगरी निर्धारण गर्ने प्रयास भएकोछ भने, ढुङ्गा, गिटी, वालुवाको संकलन र ढुवानी कार्यबाट हुन सक्ने रसायनिक पदार्थको प्रभाव र त्यसको न्युनिकरणको बारेमा उपयुक्त राय सुझाव संकलन गर्ने काम गरिएकोछ ।

३.२.१.६. भौतिक वातावरणसम्बन्धी तथ्याङ्क संकलनः

यस सम्बन्धी कार्यमा अध्ययन टोलीले सम्बन्धित क्षेत्र वरपर रहेका केही नमूना क्षेत्रहरु छानी ती क्षेत्रहरुको हिडेर स्थलगत अध्ययन विश्लेषण गर्ने छ । यस टोलीले प्रस्तावित क्षेत्र वरपर बस्ने ग्रामीण जनता, Key Informants, Local Workers, Truck and Tractor Owners, Local Collectors सँग समूहगत वा एकल सोधपूछ र छलफल गरी त्यस क्षेत्रको भौतिक जानकारी, खासगरी चट्टान, माटो, जलाधार, पहिरो, खोलानाला, हावापानी आदिका बारेमा थाहा पाउने उपाय गरिने छ भने रसायनिक पदार्थहरुको प्रभाव तथा पतिकूल प्रभाव न्युनिकरण सम्बन्धमा सम्बन्धित विशेषज्ञको विश्लेषण तथा राय सुझाव समावेश गरिएकोछ ।

३.२.१.७. जैविक वातावरणसम्बन्धी तथ्याङ्क संकलनः

अध्ययन टोलीले सम्बन्धित क्षेत्रमा स्थलगत भ्रमण गरी तथ्याङ्क संकलन भएकोछ । यसको लागि टोलीले प्रस्ताव कार्यान्वयन हुने क्षेत्रमा पाइने वन्यजन्तु, चरा, वनस्पति, कीटपतङ्गको हकमा आवश्यक जानकारी टिपोट भएकोछ ।

त्यसै गरि पानिमा पाइने माछा लगाएत जलचरको बारेमा जानकारी लिन खोलामै माछा मारेर निर्वाह गर्ने माछाहरीहरुसँग सोधपुछ गर्ने र संकलित नमुनाहरुको पहिचान गरियो । साथै यहा पाइने चरा पुतली, किरा, स्तनधारी जीवहरुको बारेमा जानकारी लिन स्थानीय जनता, Key Informents, Local Workers, Local Collectors, truck and Tractor owners सँग सोधपुछ गरी त्यस क्षेत्रको जैविक वातावरणको जानकारी संकलन गरिएकोछ । साथै सोही अवसरमा प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्नसक्ने अनुकूल वा प्रतिकूल प्रभावको बारेमा समेत छलफल गरी तथ्याङ्क संकलन गर्ने काम भएकोछ ।

३.२.१.८. सामाजिक, आर्थिक, सांस्कृतिक वातावरण सम्बन्धी तथ्याङ्क संकलनः

यस प्रकारको तथ्याङ्क संकलन गर्न अध्ययन टोलीले प्रस्ताव कार्यान्वयन हुने क्षेत्र वरपर बसोबास गर्ने स्थानीय जनताको घरदैलो कार्यक्रम अपनाई छनौट गरिएका घरधुरी सर्वेक्षण गरियो । र सहभागितामूलक ग्रामीण लेखाजोखा Key Informents, Local Workers, Local Collectors, Truck and Tractor owners को सहायताबाट तथ्याङ्क हासिल गरियो । उक्त क्षेत्रमा रहेका धार्मिक, पर्यटकीय तथा सांस्कृतिक महत्वका स्थानहरुमा प्रस्ताव कार्यान्वयनले पार्न सक्ने प्रभावका बारेमा समेत स्थानीय स्तरमा सहभागितामूलक छलफलबाट सूचना संकलन गर्ने कार्य सम्पन्न भयो ।

यसरी जानकारीहरु हासिल गर्दा विभिन्न जात, भाषा, धर्म, पेशा, वर्ग र लिंग आदिको प्रतिनिधित्व हुने गरी व्यवस्था मिलाउन सकेसम्म प्रयास गरिएकोछ । तयार गरिएका प्रश्नावलीहरु छनोट गरिएका घरधुरीको पारिवारिक विवरण, पेशा, बसोबास, भू-स्वामित्व, कृषि तथा पशुपालन, शैक्षिक स्थिति, वार्षिक आम्दानी ढुङ्गा गिटी र वालुवाको उपयोगसम्बन्धी जानकारी संकलन गर्न प्रयोग गरिएकोछ ।

३.२.३. तथ्याङ्क विश्लेषणः

उपरोक्त बुँदाहरुमा बताइए अनुसार तथ्याङ्क संकलन भए पश्चात् प्राप्त सूचनाहरुलाई अध्ययन गरी आवश्यकता अनुसार प्रष्ट गर्ने प्रयास गरिएकोछ ।

३.२.४. प्रभावको विश्लेषणः

स्थलगत भ्रमणबाट प्राप्त सूचनाहरुको अध्ययन तथा सन्दर्भ ग्रन्थ तथा सामग्रीहरुको पुनरावलोकनबाट प्राप्त जानकारीहरुलाई प्रस्ताव कार्यान्वयन गर्दा हुने वा हुन सक्ने संभाव्य प्रतिकूल र अनुकूल प्रभावको पहिचान गरी तिनलाई भौतिक, जैविक, सामाजिक-सांस्कृतिक-आर्थिक गरी तीन शीर्षकमा छुट्याएर वर्गीकरण गरिएकोछ ।

३.२.५. प्रभाव न्युनीकरणका उपायहरुः

माथि उल्लेखित गिटी, बालुवा, ढुङ्गाहरु संकलन तथा ढुवानी कार्य गर्दा स्थानीय भौतिक, जैविक र सामाजिक-सांस्कृतिक-आर्थिक वातावरणमा पर्ने र पर्नसक्ने प्रभावहरुको रोकथाम तथा प्रभाव न्युनिकरणका उपयुक्त उपायहरुको बारेमा विशेषज्ञको राय सुझाव सहित उल्लेख गर्ने प्रयास भएकोछ । यसरी छनौट गरिएका उपयुक्त उपायहरुको प्राथमिकीकरणको आधारमा प्रभावकारी रुपमा कार्यान्वयन गर्ने जिम्मेवारी निर्धारण गर्ने काम गरिएकोछ ।

३.२.६ सकारात्मक प्रभावलाई वढावा दिने उपायहरुः

माथि उल्लेखित गिटी, बालुवा, ढुङ्गाहरु संकलन तथा ढुवानी कार्य गर्दा स्थानीय भौतिक, जैविक र सामाजिक-सांस्कृतिक-आर्थिक वातावरणमा पर्ने र पर्नसक्ने सकारात्मक प्रभावहरुलाई वढावा दिन उपयुक्त उपायहरुको बारेमा विशेषज्ञको राय सुझाव समावेश गर्ने प्रयास गरिएकोछ । यसरी छनौट गरिएका उपयुक्त उपायहरुको प्राथमिकीकरणको आधारमा प्रभावकारी रुपमा कार्यान्वयन गर्ने जिम्मेवारी तोक्ने काम गरिएकोछ ।

३.३. अध्ययन क्षेत्र र सीमाः

यो प्रतिवेदन तयार गर्नका लागि अध्ययन क्षेत्रको सीमा भोजपुर जिल्लाको भोजपुर नगरपालिकाको प्रस्ताबित नदि तथा खोलाहरु यस प्रस्तावको कार्यन्वयन क्षेत्र रहने छन । यस क्षेत्र र आसपासका वनक्षेत्र तथा वरपरका वडाहरुमा सीमित राखी आवश्यक तथ्याङ्कहरु संकलन भएकोछ ।

## परिच्छेद-४:

## प्रतिवेदन तयार गर्दा विचार गर्नु पर्ने ऐन, नियम, निर्देशिका, नीति, रणनीति, मापदण्ड, सन्धी सम्झौताः

विधान, नीति, कानुनी व्यवस्था निर्देशिका, मापदन्ड एवं. सम्मेलनहरुका पुनरावलोकन (Review of Legislation, Policies, Laws and Guidelines):

साधरण निर्माणमुखि खनिज पदार्थहरु ढुंङ्गा, गिटि, वालुवा र मिस्कट प्राप्ति गर्न, खरिद गर्न, संकलन/ उत्खनन कार्य गर्न वा गराउन नेपाल सरकार तथा सम्बन्धित मन्त्रालयहरुले तयार गरी कार्यान्वयन भइरहेको विभिन्न विधान नीति, कानुनी व्यवस्था निर्देशिका, मापदण्ड एवं नेपाल सरकारले हस्ताक्षर गरेको विभिन्न अन्त्रतराष्ट्रिय संन्धी सम्झौता तथा महासन्धीले निर्धारण गरेको प्रकृयागत र कानुनी व्यवस्थाहरुको वारेमा संक्षिप्त अध्यायन गरि निम्नानुसार उल्लेख गरिएको छ ।

४.१ नीति तथा रणनितिक योजनाहरुः

४.१.२ राष्ट्रिय जैविक विविधता सम्वन्धि रणनीति २०५९

यो रणनीतिले विकास निर्माण लगायत अन्य उत्खनन कार्य गर्दा बन्यजन्तु, जलचर, बनस्पति लगाएत जैविक विविधतामा असर नपर्ने गरी वातावरणीय चक्रमा सन्तुलन कायम हुनेगरी संचालन गर्नुपर्ने व्यवस्था देखिन्छ ।

४.१.३ वन क्षेत्रको नीति २०४६

यस नीति अनुसार घाम, माटो, पानी र वनस्पति जैविक विविधता कायम गर्ने जंगल तथा वन क्षेत्रका मुख्य तत्वहरु हुन । दिगो वन व्यवस्थापन पुरा गरी स्रोत साधनको सन्तुलित तथा समतामुलक तरीकाले प्रयोग गर्नुपर्ने व्यवस्था यो नीतिमा उल्लेख छ ।

४.१.४ राष्ट्रिय सिमसार नीति २०५९

नेपाल सरकारले कार्यान्वयनमा गरेको उक्त नीति अनुसार सन्तुलित तथा योजनावद्ध विकासको लागि सिमसार क्षेत्रको संरक्षण तथा प्रर्बद्धनमा जोड दिएको छ ।

४.२. ऐन तथा नियमहरु

४.२.१. वातावरण संरक्षण ऐन २०७६ र वातावरण संरक्षण नियमावली २०७६,

वातावरण संरक्षण नियमावली २०५४ को परिच्छेद २ मा कुनै प्रस्तावको क्षेत्रलाई प्रारम्भिक वातावरणीय परिक्षण (IEE) वा वातावरणीय प्रभाव अध्ययन (EIA) कुन गर्ने भन्ने उल्लेख भएकोछ । सो नियमावलिमा सम्वन्धित मन्त्रालयको पूर्व स्वीकृति वा वातावरण मन्त्रालयको स्वीकृतीविना कुनै प्रस्ताव कार्यान्वयन गर्न नपाईने व्यवस्था भएको, सम्पुर्ण विकास निर्माण संग सम्बन्धित प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव अध्ययन सम्बन्धित मन्त्रालयमा स्वीकृत गर्नुपूर्व अनिवार्य रुपमा प्रस्तुत गर्नुपर्ने व्यवस्था रहेकोछ ।

प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन गर्नुपर्ने व्यवस्था वातावरण संरक्षण नियमावलि २०५४ को अनुसुचि १ को खण्ड आ मा वर्गिकरण भएको उधोग क्षेत्रको उप क्षेत्र ख मा कुल स्थिर पूजि रु १० लाख भन्दा वढी लगानि हुने देहायक उधोगहरु को सि.नं. ७ मा पशुवधशाला समेतको उल्लेख गरिएकोछ ।

खानीक्षेत्रको उत्खनन तथा संकलनको लागि नदी सतहवाट दैनिक १० घ.मि. देखि ५० घ.मि. वालुवा तथा ग्रावेल माटो निकाल्ने कार्यको लागी वातावरणिय परीक्षण गरि कार्यान्वयन गर्न सक्ने व्यवस्था देखिन्छ ।

४.१.२.२ खानी तथा खनीज पदार्थ ऐन २०४२

खानी तथा खनिज पदार्थ ऐन, २०४२ अनुसार देहाय अनुसार व्यवस्था रहेको छ ।

परिभाषा

(क) “खनिज पदार्थ” भन्नाले जमीनको सतह वा भूगर्भभित्र पाइने पेट्रोलियम र ग्याँस पदार्थबाहेक कुनै निश्चित भौतिक गुण तथा तत्वको रासायनिक सम्मिश्रणयुक्त अप्राङ्गणिक (इनअर्गानिक) पदार्थ सम्झनुपर्छ ।

(ख) “खोज तलास कार्य” भन्नाले खानी वा खनिज पदार्थ पत्ता लगाउन वा खनिज पदार्थको प्रकार, गुणस्तर, परिमाण आदि निर्धारण गर्न गरिने सबै प्रकारको जाँचपड्ताल एवं संभाव्यता अध्ययन कार्य सम्झनुपर्छ ।

(ग) “उत्खनन्कार्य” भन्नाले खनिज पदार्थको उत्खनन्, उत्पादन, शुद्धिकरण, प्रशोधन, ढुवानी, संचय वा बिक्री वितरण गर्ने कार्य सम्झनुपर्छ ।

(घ) “खनिज कार्य” भन्नाले खोज तलास कार्य र उत्खनन्कार्य सम्झनुपर्छ ।

(ङ) “अनुमति प्राप्त व्यक्ति” भन्नाले दफा ५ बमोजिम खनिज कार्य गर्ने अनुमति प्राप्त व्यक्ति सम्झनुपर्छ ।

(च) “खनिज क्षेत्र” भन्नाले खनिज कार्य गर्ने अनुमति पत्रमा उल्लेखित क्षेत्र सम्झनुपर्छ ।

(छ) “विभाग” भन्नाले नेपाल सरकारको खानी तथा भूगर्भ विभाग सम्झनुपर्छ ।

(ज) “तोकिएको” वा “तोकिएबमोजिम” भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

खनिज पदार्थ नेपाल सरकारको सम्पतिः नेपालभित्र निजी वा सरकारी स्वामित्वमा रहेको जुनसुकै जमीनको सतह वा भूगर्भभित्र रहेको वा पाइएको सम्पूर्ण खनिज पदार्थ नेपाल सरकारको सम्पत्ति हुनेछ ।

खनिजको वर्गिकरणः खनिज पदार्थको प्रकृति एवं महत्वको आधारमा खनिज पदार्थलाई देहाय बमोजिम वर्गीकरण गरिएकोछः–

(क) खनिज पदार्थको प्रकृतिको आधारमा वर्गीकरण :

(१) धातु खनिज, र

(२) अधातु खनिज ।

(ख) खनिज पदार्थको महत्वको आधारमा वर्गीकरण :

(१) अति महत्वपूर्ण खनिज,

(२) महत्वपूर्ण तथा बहुमूल्य खनिज, र

(३) सामान्य खनिज ।

खनिज कार्यको अधिकारः

(१) खनिज कार्य गर्ने एकाधिकार नेपाल सरकार समक्ष रहेकोछ ।

(२) विभागले खनिज कार्य आफैले गर्ने वा अरु कुनै व्यक्तिलाई अनुमति प्रदान गरी गराउन सक्नेछ ।

(३) नेपाल सरकारलाई खनिज कार्यमा पूंजी लगानी गरी वा अन्य कुनै प्रकारले हिस्सेदार बन्ने अधिकार हुनेछ ।

खनिज कार्य गर्न अनुमति लिनुपर्नेः

(१) यो ऐन र यस ऐनअन्तर्गत बनेको नियमहरुको अधीनमा रही खनिज कार्य गर्न चाहने व्यक्तिले गुणस्तर तथा परिमाण यकीन भई नसकेको खनिज पदार्थको हकमा सर्वप्रथम खोजतलास कार्य गर्ने अनुमतिको लागि र गुणस्तर तथा परिमाण यकीन भई सकेको खनिज पदार्थको हकमा उत्खनन् कार्यको प्रस्तावित योजनासमेत संलग्न गरी उत्खनन् कार्य गर्ने अनुमतिको लागि तोकिएको ढाँचामा विभागमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि विभागले आवश्यक जाँचबुझ गरी निवेदन दिने व्यक्ति आर्थिक एवं प्राविधिक क्षमता भएको र खनिज कार्य गर्न आवश्यक योग्यता भएको देखिएमा निजलाई तोकिएको ढाँचामा तोकिएको दस्तुर लिई खनिज कार्य गर्ने अनुमति दिन सक्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास खनिज पदार्थको सम्बन्धमा विभागले उपयुक्त देखेमा खनिज कार्यको लागि आवश्यक आर्थिक एवं प्राविधिक क्षमता तथा योग्यता भएको व्यक्तिसंग खनिज सम्झौता गरी निजलाई तोकिएको ढाँचामा तोकिए को दस्तुर लिई खनिज कार्य गर्ने अनुमति दिन सक्नेछ ।

(४) यस दफाबमोजिम खोजतलास कार्य गर्ने अनुमति प्राप्त व्यक्तिले उत्खनन्कार्य गर्ने अनुमति लिन चाहेमा खोजतलास अवधि समाप्त हुनु अगावै खोजतलास कार्यको विस्तृत प्रतिवेदन तथा उत्खनन्कार्यको योजना समेत संलग्न गरी तोकिएको ढाँचामा विभागमा निवेदन दिनुपर्नेछ ।

(५) उपदफा (४) बमोजिमको निवेदन प्राप्त भएपछि विभागले आवश्यक जाँचबुझ गर्दा उत्खनन्कार्यको योजना उपयुक्त देखेमा तोकिएको ढाँचामा तोकिएको दस्तुर लिई उत्खनन्कार्य गर्ने अनुमति दिनेछ ।

(६) विभागले खोजतलास कार्य गरी पत्ता लगाएको गुण र परिमाणसमेत यकीन भई सकेको खनिज पदार्थको उत्खनन् कार्य गर्ने अनुमति लिन चाहने व्यक्तिसंग नेपाल सरकारले चाहेमा त्यस्तो खोजतलास कार्यमा लागेको प्रत्यक्ष खर्च बराबरको रकम वा शेयर लिन सक्नेछ ।

(७) यस दफाबमोजिम खनिज कार्य गर्ने अनुमति दिंदा विभागले खनिज कार्यको क्षेत्र अवधि र त्यस्तो खनिज कार्यमा नेपाल सरकार हिस्सेदार बन्ने भएमा तत्सम्बन्धी कुराहरुसमेत उल्लेख गर्नुपर्नेछ ।

उत्खनन गर्ने अधिकारः

(१) कुनै क्षेत्रमा कुनै खनिज पदार्थको खोज तलास कार्य गर्ने अनुमति प्राप्त व्यक्तिलाई सो क्षेत्रमा सोही खनिज पदार्थको उत्खनन् कार्य गर्न अनुमति पाउने अधिकार हुनेछ ।

(२) खोजतलास कार्य गर्ने अनुमति प्राप्त व्यक्तिले खोजतलास कार्य गर्दा अनुमतिपत्रमा उल्लिखित खनिज पदार्थबाहेक अन्य खनिज पदार्थ पत्ता लागेमा त्यसको जानकारी तीस दिनभित्र विभागलाई दिनु पर्नेछ र निजलाई त्यस्तो खनिज पदार्थको खनिज कार्य गर्न प्राथमिकता दिइनेछ ।
तर त्यस्तो व्यक्तिलाई दफा १२ को उपदफा (३) बमोजिम तोकिएको खनिज पदार्थको खनिज कार्य गर्न अनुमति पाउने अधिकार हुनेछैन ।
नविकरणः
अनुमति प्राप्त व्यक्तिले प्रत्येक वर्ष खनिज कार्य गर्ने अनुमतिपत्र तोकिएको दस्तुर तिरी तोकिएको समयमा नवीकरण गराउनु पर्नेछ ।

क्षेत्रफलः खनिज क्षेत्रको आकार तथा क्षेत्रफल तोकिए बमोजिम हुनेछ ।
खोजतलासः खोजतलास अवधि खोजतलास कार्यको प्रकृतिअनुसार तोकिए बमोजिम हुनेछ ।
उत्खननः उत्खनन् अवधि खनिज पदार्थको प्रकृति, परिमाण र उत्खनन् कार्यको लागि चाहिने प्रविधि, पूँजी र लगानीको प्रक्षेपित प्रतिफलको आधारमा तोकिए बमोजिम हुनेछ ।

१. अनुमति प्राप्त व्यक्तिले खनिज कार्यको संचालन खनिज कार्य गर्ने अनुमति प्राप्त गरेको मितिले तोकिएको अवधिभित्र गर्नुपर्नेछ ।
(२) अनुमति प्राप्त व्यक्तिले खनिज कार्य गर्दा अपनाउनु पर्ने कार्यविधि र प्रक्रिया तथा पालन गर्नुपर्ने शर्तहरु तोकिएबमोजिम हुनेछ ।
वातावरणीय संरक्षणः
(१) खनिज कार्य गर्ने व्यक्तिले खनिज कार्य गर्दा वातावरणमा उल्लेखनीय (सिग्निफिकेन्ट) प्रतिकूल असर नपर्ने गरी गर्नु पर्नेछ । साथै त्यस्तो खनिज कार्य गर्ने व्यक्तिले वातावरण संरक्षणका सम्बन्धमा तोकिए बमोजिमका बचाउका उपायहरु अपनाउनु पर्नेछ ।
(२) खनिज कार्य गर्ने व्यक्तिले वातावरणमा उल्लेखनीय (सिग्निफिकेन्ट) प्रतिकूल असर पार्ने कार्य गरेको देखिएमा त्यस्तो कार्यमा सुधार ल्याउन विभागले सम्बन्धित व्यक्तिलाई आवश्यक निर्देशन दिनेछ ।
(३) उपदफा (२) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ ।
स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "वातावरणमा उल्लेखनीय (सिग्निफिकेन्ट) प्रतिकूल असर" भन्नाले कुनै खनिज कार्य गर्दा वातावरणमा पर्न सक्ने तोकिए बमोजिमको असर सम्झनु पर्छ ।
विशेष अधिकारः १. विभागले राष्ट्रिय सुरक्षा, सार्वजनिक हित वा ऐतिहासिक महत्वको दृष्टिकोणबाट कुनै क्षेत्रलाई खनिज कार्यको लागि निषेधित क्षेत्र घोषित गर्न वा कुनै क्षेत्रको सम्बन्धमा विशेष शर्तहरु तोकी खनिज कार्य गर्ने अनुमति दिन सक्नेछ ।
(२) विभागले खनिज कार्य गर्ने अनुमति दिइसकेको क्षेत्रमा अनुमति प्राप्त ब्यक्तिको खनिज कार्यमा कुनै बाधा अड्चन नपर्ने गरी खनिज कार्यको लागि अनुमति दिइसकेको खनिज पदार्थ बाहेक अन्य खनिज पदार्थको खनिज कार्य आफैले गर्न वा अरु कुनै व्यक्तिलाई अनुमति प्रदान गरी गराउन सक्नेछ ।
(३) नेपाल सरकारले कुनै खास खनिज पदार्थको खनिज कार्य विभाग वा विभागले तोकेको अन्य सरकारी निकायले मात्र गर्न पाउने गरी तोक्न सक्नेछ ।
(४) सर्वसाधारणले निजी प्रयोगको निमित्त उपयोग गरी आएको प्रचलनमा प्रतिकूल असर नपर्ने गरी नेपाल सरकारले निर्माण कार्यको प्रयोगमा आउने साधारण माटो, ढुंगा र बालुवा जस्ता खनिज पदार्थका सम्बन्धमा तोकिएबमोजिम छुट्टै व्यवस्था गर्न सक्नेछ ।

५. विभागले खनिज कार्यबाट खानी वा खनिज पदार्थको भण्डारलाई हुनसक्ने क्षति, कसैको जिउ वा सम्पत्तिमा पर्न सक्ने चोटपटक वा नेक्सानी रोकथाम गर्न, कुनै प्रतिष्ठान (इन्सटलेशन) मा हानी नोक्सानी हुन नदिन र भू–क्षय  हुन नदिन आवश्यक आदेश दिन सक्नेछ ।

निर्यातः(१) नेपाल सरकारले राष्ट्रिय सुरक्षा वा आन्तरिक माँग आपूर्ति गर्नको लागि कुनै खनिज पदार्थ विदेशमा निर्यात गर्न नपाउने गरी आदेश जारी गरी आवश्यक बन्देज लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आवश्यक बन्देज लगाएको अवस्थामा बाहेक अन्य अवस्थामा अनुमति प्राप्त व्यक्तिले आफूले उत्खनन्गरेको खनिज पदार्थ तोकिएबमोजिम विदेशमा निर्यात गर्न पाउनेछ ।

सुरक्षाःअनुमति प्राप्त व्यक्तिले खनिज कार्यको सिलसिलामा जिउज्यान तथा धन सम्पत्तिको सुरक्षाको लागि नेपाल सरकारले निर्णय गरेबमोजिम प्रचलित कानूनको अधीनमा रही आवश्यक हातहतियार राख्न सक्नेछ ।

संचार उपकरणःअनुमति प्राप्त व्यक्तिले नेपाल सरकारले निर्णय गरेबमोजिम प्रचलित कानूनको अधीनमा रही खनिज कार्यको लागि आवश्यक सञ्चार उपकरणहरु राख्न सक्नेछ ।

सुविधाःअनुमति प्राप्त व्यक्तिले खनिज कार्य गर्दा पाउने सुविधा तथा सहुलियत तोकिए बमोजिम हुनेछ ।

रोयल्टीःअनुमति प्राप्त व्यक्तिले विभागलाई खनिज पदार्थको प्रकार, गुणस्तर र परिमाणको आधारमा तोकिएको दरमा रोयल्टी तथा अन्य दस्तुर बुझाउन पर्नेछ ।

स्थानीय विकास शुल्कःअनुमति प्राप्त व्यक्तिले रोयल्टीको आधारमा तोकिएको दरमा तोकिएको निकायमा स्थानीय विकास शुल्क बुझाउनु पर्नेछ ।

प्रतिवेदनःअनुमति प्राप्त व्यक्तिले तोकिएबमोजिमको सूचना तथा प्रतिवेदन तोकिएबमोजिम विभागमा दिनु पर्नेछ ।

जग्गा प्राप्तिः(१) दफा १२ को उपदफा (१) बमोजिम निषेध गरिएको क्षेत्रमा बाहेक अन्य क्षेत्रमा रहेको कुनै जग्गा खनिज कार्यको लागि अस्थायी वा स्थायी तवरले आवश्यक पर्ने भएमा देहायको कुराको अधीनमा रही उपयोग गर्न वा प्राप्त गर्न सकिनेछ :–

(क) त्यस्तो जग्गा नेपाल सरकारको भए अनुमति प्राप्त व्यक्तिले नेपाल सरकारलाई तोकिएबमोजिमको भू–बहाल बुझाई उपयोग गर्न सक्नेछ ।

(ख) त्यस्तो जग्गा निजी स्वामित्वको भए नेपाल सरकारले अनुमति प्राप्त व्यक्तिलाई निजकै खर्चमा प्रचलित कानूनबमोजिम प्राप्त गराई दिन वा भू–वहालमा दिलाई दिन सक्नेछ ।

(२) खनिज कार्यको लागि कुनै जग्गामा केही समयको लागि कुनै यन्त्र, उपकरण, औजार जडान गर्न वा नाप नक्शा वा खनिज कार्यसम्बन्धी अन्य कुनै काम गर्न आवश्यक भएमा उपदफा (३) को अधीनमा रही त्यस्तो जग्गामा प्रवेश गरी त्यस्तो काम गर्न सक्नेछ ।

(३) विभाग वा अनुमति प्राप्त व्यक्तिले खनिजकार्य गर्दा कुनै जग्गावालाले आफ्नो जग्गा उपभोग गर्न नपाएमा वा त्यस्तो जग्गामा रहेको बाली, रुख, घर, वस्तु वा अन्य सम्पत्ति नोक्शानी भएमा गाउँपालिका वा नगरपालिकाको परामर्श लिई प्रचलित दरभाउलाई समेत ध्यान राखी सम्बन्धित जग्गावालालाई क्षतिपूर्ति दिइनेछ ।

विष्फोटकः खनिज कार्यको लागि चाहिने विष्फोटक पदार्थहरु अनुमति प्राप्त व्यक्तिले नेपाल सरकारले समय समयमा निर्णय गरेबमोजिमको शर्त तथा प्रचलित कानूनको अधीनमा रही पैठारी, संचय, वसार–पसार र प्रयोग गर्न सक्नेछ ।

जाँचवुझः (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमबमोजिम खनिज कार्य भए नभएको निरीक्षण तथा जाँचबुझ गर्न विभागले कुनै विशेषज्ञ, अधिकारी वा निकायलाई अधिकृत गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अधिकृत गरिएको विशेषज्ञ, अधिकारी वा निकायलाई निरीक्षण तथा जाँचबुझको सिलसिलामा खनिज कार्य भइरहेको वा हुने जुनसुकै ठाउँमा प्रवेश गर्न दिनु र निजले मागेको कागजात तथा विवरण उपलब्ध गराउनु अनुमति प्राप्त व्यक्तिको कर्तव्य हुनेछ ।

खनिज पदार्थ केन्द्रः (१) खानी तथा खनिज स्रोतहरुको विकास गर्न एवं खनिज कार्यमा सहयोग पुर्याउन नेपाल सरकारले खनिज पदार्थ प्रबद्र्धन कार्यक्रम संचालन गर्न सक्नेछ ।
(२) उपदफा (१) बमोजिमको कार्यक्रम संचालन गर्नको लागि नेपाल सरकारले खनिज पदार्थ विकास केन्द्र स्थापना गर्न सक्नेछ ।
(३) उपदफा (२) बमोजिम स्थापित खनिज पदार्थ विकास केन्द्रको काम, कर्तव्य र अधिकार एवं कार्यविधि तोकिएबमोजिम हुनेछ ।
दन्ड सजायः (१) कसैले यस ऐनबमोजिम खनिज कार्य गर्ने अनुमति नलिई खनिज कार्य गरेमा नेपाल सरकारले त्यस्तो खनिज कार्य बन्द गरी खनिज कार्यमा प्रयोग गरिएको यन्त्र, उपकरण, औजार र मालसामान तथा अनधिकृत तवरले उत्खनन् गरेको खनिज पदार्थसमेत जफत गर्नुको साथै त्यस्तो व्यक्तिलाई एकलाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो कार्यबाट नोक्सान भएको धनसम्पत्तिको क्षति पनि भराउन सक्नेछ ।
(२) अनुमति प्राप्त व्यक्तिले दफा ११क. बमोजिम दिइएको निर्देशन वा दफा १३ बमोजिमको आदेश पालन नगरेमा त्यस्तो निर्देशन वा आदेश पालन नगरेसम्म विभागले खनिज कार्य स्थगित गर्न वा खनिज कार्य गर्ने अनुमति नै रद्द गर्न सक्नेछ र त्यस्तो निर्देशन वा आदेश पालन नगरेको कारणबाट खानी वा खनिज पदार्थको भण्डारमा क्षति पुग्न गएमा, भूक्षय भएमा वा कसैको जिउ वा धन सम्पत्तिमा चोटपटक वा नोक्सानी पर्न गएमा एकलाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र नोक्सानीको आधारमा मुनासिब क्षतिपूर्ति समेत अनुमति प्राप्त व्यक्तिबाट भराउनु पर्नेछ ।
(३) अनुमति प्राप्त व्यक्तिले दफा २० बमोजिम विभागमा दिनुपर्ने सूचना वा प्रतिवेदन नदिएमा त्यसरी सूचना वा प्रतिवेदन नदिएसम्म विभागले खनिज कार्य स्थगित गर्न सक्नेछ ।
(४) अनुमति प्राप्त व्यक्तिले यस दफामा लेखिएदेखि बाहेक यो ऐन र यस ऐनअन्तर्गत बनेको नियम बर्खिलाप कुनै काम गरेमा विभागले निजलाई एकलाख रुपैयाँसम्म जरिवाना गर्न वा खनिज कार्य गर्न दिइएको अनुमति रद्द गर्न सक्नेछ ।
(५) उपदफा (१), (२), (३) वा (४) बमोजिम कारवाही गर्नुभन्दा अगाडि विभागले सम्बन्धित व्यक्तिलाई स्पष्टीकरण पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।
(६) विभाग वा अनुमति प्राप्त व्यक्तिले यस ऐनबमोजिम खनिज कार्य गर्दा कसैले बाधा विरोध वा रोकटोक गरेमा निजलाई नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको अधिकारीको आदेशले ६ महीनासम्म कैद वा दशहजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन सक्नेछ ।
(७) उपदफा (१), (२), (३), (४) वा (६) बमोजिम भएको सजायको आदेशमा चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ ।
मध्यस्तः नेपाल सरकार र अनुमति प्राप्त व्यक्तिबीच खनिज कार्यसँग सम्बन्धित कुनै कुराको सम्बन्धमा उठेको कुनै विवाद दुवै पक्षले आपसी सरसल्लाहबाट सुल्झाउन नसकेमा दुवै पक्षबीचमा भएको सम्झौतामा तोकिएकोमा सोहीबमोजिम र सम्झौतामा नतोकिएकोमा तोकिएबमोजिम मध्यस्थताद्वारा समाधान गरिनेछ ।
विशेष अधिकारः(१) नेपाल सरकारले राष्ट्रिय सुरक्षा वा सार्वजनिक हितको लागि आवश्यक देखेमा तुरुन्त खनिज कार्य रोक्का गरी खनिज कार्य गर्ने अनुमति रद्द गर्न सक्नेछ ।
(२) उपदफा (१) बमोजिम नेपाल सरकारले खनिज कार्य गर्ने अनुमति रद्द गर्दा अनुमति प्राप्त व्यक्तिलाई पर्न गएको प्रत्यक्ष हानी नोक्सानीको निमित्त मुनासिव माफिकको क्षतिपूर्ति दिनेछ ।
विनियम वनाउनेः(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले नियमहरु बनाउन सक्नेछ ।
(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी खासगरी देहायका विषयहरुमा नियमहरु बनाउन सक्नेछ :–

(क) खनिज कार्य गर्न अनुमति लिन चाहने व्यक्तिको योग्यता,

(ख) खनिज सम्झौता तथा अनुमतिपत्रमा रहने कुराहरु,
(ग) खनिज क्षेत्रको सर्भेक्षण, नाप, नक्शा तथा क्षेत्र परित्याग,
(घ) खनिज कार्य गर्दा अपनाउनु पर्ने कार्यविधि तथा पालन गर्नुपर्ने शर्तहरु,
(ङ) खनिज कार्य गर्दा धन–जनको सुरक्षा गर्ने र भू–क्षय तथा वातावरणमा उल्लेखनीय (सिग्निफिकेन्ट) प्रतिकूल असर हुन नदिन गर्नुपर्ने सुरक्षात्मक व्यवस्था,
(च) अनुमति प्राप्त व्यक्तिले बुझाउनु पर्ने रोयल्टी, दस्तुर तथा स्थानीय विकास शुल्क,
(छ) अनुमति प्राप्त व्यक्तिले राख्नुपर्ने खनिज कार्यको हिसाब किताब,
(ज) अनुमति प्राप्त व्यक्तिले दिनुपर्ने सूचना, प्रतिवेदन तथा अन्य विवरणहरु,
(झ) निरीक्षण तथा जाँचबुझसम्बन्धी कार्यविधि, र
(ञ) मध्यस्थतासम्बन्धी प्रक्रिया ।

खानी तथा खनिज पदार्थ नियमावली २०५६ को परिच्छेद ७ नियम ३४ अनुसार साधरण निर्माणमुखि खनिज पदर्थ माटो, ढुंगा र वालुवा प्रयोगको लागि जिविसमा निवेदन दिन सकिने व्यवस्था रहेकोछ ।
जिविसले निवेदकको मागवमोजिम अनुमति दिने नदिने जाचवुझ गरी उपसमिति समक्ष सिफारीस गर्ने व्यवस्था छ ।
उपसमिति गठन ऐ ऐको नियम ३५ वमोजिम एक समिति गठन हुने व्यस्थाछ ।

स्थाविअ - संयोजक,
जिविसका प्रतिनिधी-सदस्य,
जिल्ला प्रशासन अधिकृत प्रतिनिधी - सदस्य,
जिल्ला वन अधिकृत प्रतिनिधी -सदस्य,
जिल्ला सडक कार्यालयअधिकृत प्रतिनिधी - सदस्य,
जिल्ला भुसंरक्षण अधिकृत प्रतिनिधी - सदस्य,
आवास तथा सहरी विकास अधिकृत प्रतिनिधी - सदस्य,
खानी तथा भुगर्भ विभाग वा घरेलु विकास समितिअधिकृत प्रतिनिधी - सदस्य सचिव

४.२.३. वन ऐन २०४९ र वन नियमावली २०५१,

पर्यावरण तथा वातावरणीय सन्तुलन कायम गर्न वनक्षेत्रको महत्वपुर्ण भूमिका हुने वन ऐन र नियमावलि २०५१ मा उल्लेख रहेकोछ । उक्त ऐन अनुसार पूर्व स्वीकृती विना वनक्षेत्रमा गाईवस्तु चराउने, आगजनी गर्ने, रुखहरु काट्ने, वन्यजन्तुको शिकार गर्ने, ढुंगा, गिटि, वालुवा, मिस्कट लगायतका सामाग्रीहरु उत्खनन गर्न नपाईने व्यवस्था उल्लेख गरिएको पाइन्छ । यस प्रावधानलाई आत्मशात गर्दे नियन्त्रित रुपमा व्यवस्थित गरि उत्खनन गर्ने गरि यो प्रतिवेदन तयार गरिएकोछ ।

४.२.४. राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९

यस ऐन अनुसार ईकोलोजिक हिसाबले महत्वपूर्ण क्षेत्रहरु एवंम राष्ट्रिय निकुन्ज क्षेत्रमा नेपाल सरकार, वन तथा भूसंरक्षण मन्त्रालयको अनुमति विना उक्त क्षेत्रमा कुनै कार्यक्रम गर्न नपाईने व्यवस्था विद्यमान देखिन्छ । त्यस्तै लोपोन्मुख २६ प्रजातिका म्याम्मल (स्तनधारी), ९ जातिका पंक्षीहरु र ३ प्रजातिका घस्रने रेप्टायलहरुलाई सुरक्षा दिनु पर्ने व्यवस्था उल्लेख गरिएको छ । यसमा उल्लेख गरिएको स्तनधारी, चराहरु र रेप्टायलहरुको वासस्थान प्रस्ताविद कार्यान्वयन क्षेत्रमा पर्दैन ।

संरक्षित वन्यजन्तुहरु

<u>स्तनधारी जन्तु (म्यामल्स)</u>

१.आसामी रातो वांदर (मकाका आसाभेन्सीस) २. सालक (म्यानिस क्रसिक डाटा र म्यानिस पेन्टाडक्टाइला) ३. हिसपिड खरायो (क्याप्रोलागस हिसपिडस) ४. सोंस (प्लाटानिस्टा ग्यन्जेटिका) ५.ब्वासो (क्यानिसलुपस) ६.हिमाली रातो भालु (असर्स अक्र्टस) ७.हाब्रे (रेड पाण्डा) (आइलुरस फल्जेन्स) ८. लि·साङ (प्राओनोडन पार्डिक्लर) ९. हुँडार(हाइना हाइना) १०. चरी बाघ (लेपर्ड क्याट) (फे लिल बेंगालेन्सिस) ११. लिक्स (फेलिस लिंक्स) १२. ध्वा"से चितुवा (निओफेलिस नेबुलोसा) १३.बाघ (पान्थेरा टाइग्रिस) १४.हिउ" चितुवा (पान्थेरा अन्सिय) १५.ज·ली हात्ती (इलेफस माक्सिमस) १६.गैंडा (राइनोसिरस युनिकर्निस) १७.सानो जातको ब"देल (सस सल्मानस) १८.कस्तुरी मृग (मस्चस मस्चिफेरस) १९. बाह्रसिंगा (सरभस डुमासेलि) २०.गोरवड्सन (वस गोंरस) २१.योक नाक (वस ग्रन्नियन्स) २२.अर्ना (वुवालस वुवालिस) २३.नायन (ओमिस आम्मन) २४.चिरु (पान्थोलप्स हडसोनी) २५.कृष्णसार (एन्टिलोप सर्निकार्पा) २६.चौका (टेट्राकर्निक क्वाड्रिकर्निस)

पंक्षी(एभ्स)
१. कालोस्टर्क (सीकोनियानाइग्रा) २. सेतोस्टर्क(सिकोनिया सिकोनिया) ३. सारस(ग्रस ग्रस) ४. चीर (क्याट्रिएस वालिचाई) ५. डाफे (लफाफारस इन्पिजानस) ६.मोनाल (ट्रागोनपान साटाइरा) ७. खर मुजूर (थपोडोटिस बेंङ्गलेन्सिस) ८. सानो खर मुजूर (साइफिओटाइडस इन्डिका) ९.ठूलो धनेश(बुसेरसवाइकनिस)

सरिसृप/घस्रने जातका जन्तु (रेपटायल्स)

१. अजि·ङ्गर (पाईथन स्पिसिज) २.घडियाल गोही (ग्याभियालिस ग्यान्जेटिक्स) ३.सुन गोहोरी (भारानस फ्लामेसेन्स)

४.२.५ भू–तथा जलाधार संरक्षण ऐन २०३९ तथा नियमावली २०४२,
यस ऐन अनुसार संरक्षित जलाधार क्षेत्रभित्र वातावरणीय असर पर्ने गरि वाध वाध्ने, नहरहरु निर्माण गर्ने, खाडलहरु खन्ने, ढुंगा, गिटि, वालुवा तथा मिस्कटहरुको उत्खनन जस्ता कार्यहरुमा रोक लगायको छ ।

४.२.६ फोहरमैला व्यावस्थापन ऐन २०४८
यस ऐन अनुसार स्थानिय निकायले निर्धारण गरेको स्थानमा मात्र फोहरमैला व्यवस्थापन गर्नुपर्ने प्रावधान रहेकोछ ।

४.२.७ सार्वजनिक सडक ऐन २०३१
सार्वजनिक सडक ऐन २०३१ को दफा १७ अनुसार सडका आसपासको जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिन सकिनेः
(१)सार्वजनिक सडकको निर्माण, मर्मतवा सम्भारको सम्बन्धमा कुनै आसपासको जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिन आवश्यक परेमा सडक विभागको आदेशानुसार आवश्यक परिमाणमा माटो, ढुङ्गा वा बालुवा लिन सकिनेछ । त्यस्तो जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिंदा त्यसमा रहेको कुनै बाली रुख विरुवा वा अन्य कुनै चीज वस्तुको नोक्सानी भएमा क्षतिपूर्ति दिनु पर्नेछ । त्यस्तो जग्गाबाट माटो ढुङ्गा वा बालुवा लिंदा खाल्टो पर्न गएमा त्यस्तो खाल्टो सम्याउन व्यहोर्नु पर्ने जति रकम क्षतिपूर्ति दिनु पर्नेछ।
(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै घरको निकट आसपासको जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिनु परेमा भने सम्बन्धित घरधनीको स्वीकृति प्राप्त नगरी त्यस्तो जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिन हुँदैन ।

४.३. निर्देशिका तथा मापदण्डहरु

४.३.१ राष्ट्रिय वातावरणीय प्रभाव मुल्यांकन निर्देशिका २०५०

यस अनुसार निर्देशिकाले वातावरणीय असर एवं प्रभावहरुको पहिचानको लागि तथा आकलन गर्ने विभिन्न शर्तगत अवधारणाहरुको वारेमा उल्लेख भएको पाईन्छ । जस्तैः असरको प्रकार (प्रत्यक्ष/अप्रत्यक्ष), असरको क्षेत्र (साईट अनुसार /स्थानीय/वृहत), असरको अवधि ( छोटो अवधिको / मझौला अवधिको/ लामो अवधिको) ।

४.४ अन्तराष्ट्रिय सन्धि तथा महासन्धिहरुः

४.४.१ जैविक विविधता महासन्धि १९९२

यस महासन्धि अनुसार वन्यजन्तु आरक्षण तथा राष्ट्रिय निकुन्जको निर्माण तथा विस्तारमा जोड दिएको साथै जैविक विविधतामा असर पुग्नेगरी अन्य क्रियाकलापहरुमा रोक लगाएको देखिन्छ ।

४.४.२ CITES महासन्धी १९८३

यस महासन्धिले वड्दो मानव गतिविधिले जैविक विविधतामा असर परेकोले विभिन्न प्रजातिहरुको वर्गिकरण तथा संरक्षणमा जोड दिएको छ । संकटापन्न प्रजातिको ओसार पसार तथा व्यापरमा समेत रोक लगाएको छ ।

४.४.३ आदीवासी जनजाति संवन्धि अनर्तराष्ट्रिय माहासन्धि (ILO 169):

यस महासन्धिले आदीवासी जनजातिहरुको वसोवास स्थानको खलल तथा रीतिरीवाज तथा सास्कृतिक संरक्षाणको वारेमा सचेतता अपनाउनु पर्ने कुरामा जोड दिएकोछ ।

४.५ ढुङ्गा, गिटि, वालुवा संकलन सम्वन्धमा सर्वोच्च अदालतको निर्णयः

प्राकृतिक स्रोत र साधनको बचाउ गर्नको लागि जिल्ला वारा सपही गा.वि.स. वडा नं. ९ घर भै हाल काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं. ३२ अनामनगर वस्ने अधिवक्ता नारायण प्रसाद देवकोटाले सम्मानित सर्वाच्च अदालतमा दायर गर्नुभएको रिट निवेदनको सुनुवाईको सन्दर्भमा सम्मानित सर्वाच्च अदालतवाट मिति २०६७ श्रावण २१ गते एउटा महत्वपुर्ण आदेश जारी भएको छ । सो आदेशमा अन्य कुराको अतिरिक्त खास गरी देहायको कुराहरु उल्लेख गरिएको छन् ।

१. ढुंङ्गा, बालुवा आदी प्राकृतिक स्रोत हुन् । प्राकृतिक स्रोत Public Trust Doctrine अनुसार कुनै व्यक्तिको Ownership मा हुन सक्दैन । प्राकृतिक स्रोत सबै नेपालीको Common Benefits र सार्वजनीक हित हुने काममा मात्र प्रयोग हुन सक्दछ ।

२. प्राकृतिक स्रोतको संकलन तथा उत्खनन् प्रयोग आदी गर्दा विद्यमान प्रचलित कानून अनुसार वातावरणमा कुनै प्रकारको प्रतिकुल प्रभाव नपार्ने गरी मात्र गर्नुपर्दछ ।

३. कानुनी व्यवस्था अनुसार कुनै योजना, आयोजना वा कार्यक्रम सन्चालन गर्ने सम्वन्धमा प्रस्ताव तयार गर्नुपर्ने हुन्छ । त्यस्तो प्रस्ताव कार्यान्वयन गर्दा वातावरणीय प्रभाव र परीक्षण मुल्यांकन गर्नुपर्ने हुन्छ । यसरी वातावरणीय प्रभाव र परिमाण मुल्यांकन गर्नु भनेको वातावरणलाई असर पर्न नपार्ने र पार्ने भए त्यस्तो प्रभावलाई हटाउने वा कम गर्ने अध्ययन र मूल्यांकन हो । वातावरण संरक्षण नियमावलीको व्यवस्था अनुसार वातावरणीय प्रभाव मुल्यांकन गर्दा सार्वजनिक सूचना जारी गरी संवन्धित वडा समिति/ गाउँ पालिका/ नगरपालिका वा त्यस क्षेत्रको स्कुल, अस्पताल,

स्वास्थ चौकि तथा सरोकारवाला व्यक्ति वा संस्थावाट सुझाव लिने र उनिहरुको सुझाव अनुरुप प्रस्ताव कार्यान्वय हुने वा नहुने संवन्धमा स्थानीय जनता वा स्थानीय निकायको विशेष भुमिका हुने देखिन्छ । यस्तो कानुनी व्यवस्था नै Defective देखिन्छ । यो व्यवस्था फौजदारी मुद्धामा सर्जमिन गर्ने र सर्जमिनका भरमा कसैलाई दोषि नठहराउने व्यवस्था सरह हो ।

वातावरण प्रदुषण हुने वा नहुने भन्ने कार्य उल्लेखित निकायका व्यक्तिहरुले दिएको व्यक्तिगत विचार र रायले एकिन र निर्धारण गर्ने विषय होइन । वातावरण प्रदुषण हुने वा नहुने भन्ने कुरा सम्वन्धित आयोजनाको प्रस्ताव प्राप्त भए पनि नेपाल सरकारको आफ्नो वा कुनै निष्पक्ष विषय विशेषज्ञ जस्तैः भू–गर्वविद्, भूगोलविद्, भौतिक शास्त्री, रसायन शास्त्री, वातावरण विशेषज्ञ, जलस्रोत विशेषज्ञ, वन, वनजन्य विशेषज्ञ, अर्थशास्त्री, तथा अन्य विशेषज्ञ सहित रहेको टोलिले प्रस्तावको सन्दर्भमा प्रस्ताव कार्यान्वयन हुने स्थलको वैज्ञानिक अध्ययन विश्लेषण गरी प्रस्ताव कार्यान्वयन गर्दा वातावरण प्रदुषण हुने वा नहुने यकिन हुने विशुद्ध प्राविधिक विषय हो । तर विद्यमान कानुनी व्यवस्था हेर्दा प्रस्ताव आफैले सार्वजनिक सूचना जारी गरी उल्लेखित व्यक्ति र संस्थाहरुको विरोध वा समर्थनमा प्रस्ताव कार्यान्वयन गर्दा प्रदुषण हुने वा नहुने निर्धारण हुने कानूनी व्यवस्था नै अव्यवहारीक, अनुपयुक्त र त्रुटिपुर्ण देखिन्छ ।

४. अब यस्ता उद्योग सञ्चालन इजाजत दिनु अगाडी सरकार आफैले विशेषज्ञ टोलिद्धारा उद्योग स्थापना गर्न ईच्छुक प्रस्तावको प्रस्तावमा Field Visit फिल्ड भिजीट समेत गराई प्रतिवेदन लिई सरकारले गठन गरेको टोलिले दिएको राय अनुसार कति हद सम्म ढुंङ्गा, रोडा, वालुवा झिक्न दिंदा वातावरणीय संतुलन विग्रदैन हेरी त्यतिहदसम्म मात्र रोडा ढुंगा झिक्न अनुमति दिनु । त्यसरी वैज्ञानीक आधारमा उत्खनन गर्ने कुरा निर्धारण गरी त्यही हद ननाघ्ने गरि मात्र इजाजत दिने, त्यसको अनुगमन गर्ने र इजाजत अवधि समाप्त भएपछि सो क्षेत्रलाई उद्योग स्थापना गर्नेले नै यथास्थितिमा ल्याउने शर्त तोक्नु ।

५. प्रस्ताव कार्यान्वयनमा उद्योग विभागले दर्ता स्वीकृती दिएपछि माथी उल्लेखित विशेषज्ञ सम्मिलित टोलिवाट Monitor हुने कानुनी व्यवस्था नै देखिएन । उद्योग सञ्चालन भएपछि विशेषज्ञले नियमित पानीको शुद्धता लिने, आवाज कतिको प्रदुषण भयो जाच्नु पर्ने । आवजले वनजंगल र Flora and Fauna र वन्यजन्तुलाई कति प्रभाव पा-यो हेर्ने । उद्योग सञ्चालन गर्दा वनक्षेत्र हेरियो हेरिएन सो केही देखियन । वायुमण्डलमा धुवा र धुलोले कति प्रदुषण ग-यो गरेन, Raw Material बालुवा, रोडा, ढुंगा कति उत्खनन ग-यो सो पनि हेर्ने आदी केही हुने गरेको देखिएन । तसर्थ यि सवै कुरा उद्योग सञ्चालन कै अवस्थामा नियमित रुपमा विशेषज्ञ टोलीको गठन गरी अनिवार्य Monitor गर्नु ।

६. निवेदकको अर्को मुख्य माग ट्रकको क्षमता भन्दा वढी बालुवा, रोडा, ढुंगा लोड गरी त्यस्तो Over Load ट्रकले सडक तथा पुललाई क्षति पुराएको कारण यसलाई रोकि पाउँ भन्ने रहेकोछ । सो माग जायज माग हो । ठेकेदार वा उद्योगको मालिकले Over Load भएको सवारी साधन चलाएकोले सार्वजनिक सडक क्षेति गरी त्यसको मर्मतको लागि करदातामा भार पर्न हुदैन ।

त्यसकारण निम्नानुसार गर्नुः

क) यस प्रकार ट्रकमा रोडा, ढुंगा, वालुवा Over Load गरी चलाउने कार्यलाई रोक्नको लागि प्रहरी परिचालन गर्नु ।

ख) जनताको कर तिरेको पैसाले बनेको सडक सवैको साझा सम्पति हो । त्यस्तो सम्पति रोडा, ढुंगा उद्योग सञ्चालन गर्ने केहि सिमित व्यक्तिहरुको मात्र आर्थिक फाईदाको लागि चलाएको Over Loaded सवारी साधनको प्रयोगले हुन गएको सडकको क्षतिको मर्मत गर्न जनतालाई पुनः करको भार बोकाउन हुदैन । तसर्थ यस्ता रोडा, ढुंगा वोकेको सवारीसाधनको कारण सडकको पुल विग्रन हुदैन । उद्योग क्षेत्रबाट माल बोकेको ट्रक मुल सडकमा निस्कनु अघि ट्रकको भरी तौलने यन्त्र उद्योग सञ्चालन कर्ताको खर्चमा जडान गर्ने व्यवस्था मिलाई ट्रकको क्षमता अनुसारको माल मात्र छाड्नु ।

ग) यस्तो साझा सम्पतिको सडक तथा पुलमा कसैको व्यक्तिगत फाईदाको लागि सो को क्षमता र स्वयं सवारी साधनको क्षमता भन्दा Over Loaded सवारी साधन चलाउदा सडक र पुलको क्षति हुने उल्लेखित कारणहरुले गर्दा त्यस्ता Over Loaded सवारी साधन चलाउन नदिन नेपाल प्रहरीलाई कडा निर्देशन दिनु । साथै त्यस्ता सवारी साधनको Weight जाँच गर्न सडकका मुख्य मुख्य ठाउमा जाच यन्त्र राखी जाच गर्ने व्यवस्था मिलाई जाचपास हुने सवारी साधनलाई मात्र सडकमा प्रवेश गर्ने व्यवस्था मिलाउनु ।

निवेदकको माग बालुवा, रोडा, ढुंगा भारत निकासी रोकी पाउ भन्ने पनि छ । मिसिल हेर्दा नेपाल र भारतसंग भएको सन्धि अनुसार भारत निकासी गरिएको भन्ने देखिन्छ । प्राकृतिक स्रोत प्रकृतिले प्रयोग कै लागि दिएको हो । त्यस कारण राष्ट्र निर्माण र आर्थिक विकासमा प्राकृतिक स्रोतको प्रयोग गरेर वा प्राकृतिक स्रोत निकाल्दा वरपरका अन्य क्षेत्र, वस्ती, सडक, पानीको मुहान, बन, वन्यजन्तु, प्राचिन स्मारक आदीलाई प्रतिकुल असर पर्ने भए त्यसलाई रोक्नुपर्छ । त्यसर्थ हाललाई रोडा, ढुंगा, वालुवा विदेश निकासी गर्ने कार्य रोकि यस अदालतको आदेश अनुसार गठित प्राविधिक समितिले तत्तत् उद्योगवाट वालुवा, रोडा, ढुंगा निकाल्न सक्ने क्षमता, आर्थिक लगायत वातावरणीय दृष्टिले सम्भव छ भन्ने प्रतिवेदन दिएमा सो प्रतिवेदन अनुसार मात्र निकासी गर्न दिनु ।

घ) यस आदेशको प्रयोजनको लागि नेपाल सरकारको सम्वन्धित निकायको संयोजकत्वमा देहाय वमोजिमको समिति गठन गर्नु ।

१. बातावरण मन्त्रालयको वा वातावरण मन्त्रालयले तोकेको वातावरणविद् संयोजक ।
२. भूगर्भ शास्त्री
३. माईनिङ ईन्जिनियर
४. उद्योग विभागको प्रतिनिधि
५.स्थानीय निकायको प्रतिनिधि
६. नेपाल सरकारले तोकेको अन्य सदस्य तथा वातावरणविद् भएको एक समिति गठन गर्नु ।

ङ) दर्ता नभई सन्चालन भएको र इजाजत अवधि नाघेका उद्योगहरु तुरुन्त वन्द गर्नु ।

च) दर्ता भई अवधि ननाघेको सञ्चालनमा रहेको उद्योगले प्रदुषण गरे नगरेको,उद्योग सञ्चालन गर्ने अनुमति दिएको क्षेत्रमा बालुवा, रोडा, ढुंगाको Exploitation क्षमता अर्थात मात्रामा अव कति हो यकिन गर्ने । यदि अव अरु वढी उत्खनन गर्दा वातावरणीय र भौगोलिक क्षति पुग्ने भएमा त्यस क्षेत्रमा सञ्चालित उद्योग वन्द गर्नु । तर अहिले नै वातावरण प्रदुषण गरिरहेको देखिएमा वा उत्खनन गर्दा वातावरणलाई प्रतिकुल असर पार्छ भने तुरुन्त वन्द गर्नु ।

छ) अव उप्रान्त उद्योग स्थापनाको अनुमति दिदा प्रस्तावकले पेश गरेको प्रस्तावमा संलग्न वातावरण प्रभाव मूल्यांकनलाई यस आदेश अनुसार गठित समितिले पनि आफुले अध्ययन गरी दिएको राय र प्रतिवेदन अनुसार मात्र अनुमति प्रदान गर्नु ।

ज) बालुवा, रोडा, ढुंगा प्राकृतिक स्रोत भएको कारण Public Trust doctrine र संविधान अनुसार प्राकृतिक स्रोत राज्यको स्वामित्वको सार्वजनिक सम्पति हो । यस्तो सम्पति कुनै एक ठेकेदारले Nominal राजश्व वुझाएको भरमा कारोवार गरी ठेकेदारलाई नाजायज फाईदा हुनु हुदैन । प्राकृतिक स्रोत उत्खनन पछि जमिनलाई यथास्थितिमा छाड्न पर्ने गरी नेपाल पेट्रोलियम ऐन र खानी तथा खनिज पदार्थ ऐन अनुरुप सरकारलाई फाईदाको आधारमा मात्र ठेक्का दिनु ।

झ) यस आदेश अनुसार गठित विशेषज्ञ समितिको राय प्रतिवेदन र सुझाव अनुसार मात्र वालुवा, रोडा, ढुंगा, क्रशर उद्योग सन्चालन गर्ने अनुमति दिनु  र उक्त समितिको राय प्रतिवेदन सुझाव नआउन्जेल ढुंगार रोडा उद्योगलाई इजाजत नदिनु ।
ञ) प्राकृतिक स्रोतको अधिकतम सदुपयोग र प्राकृतिक स्रोतको उत्खनन एवं विकास गर्दा हुने प्रदुषण नियन्त्रणमा वातावरण सम्बन्धि ऐन, नियम ज्यादै अपर्याप्त देखियो । यसमा सुधार गर्नु ।

ट) प्रदुषणमुक्त र स्वच्छ वातावरण प्रत्येक नागरिकको मौलिक हक हो । आजको विश्व वातावरण सचेत Conscious विश्व हो । दोस्रो विश्वयुद्ध पछि औधोगिकरणमा दौडेको विश्वले कोईला, पेट्रोल, डिजेल आदीको खपतले गर्दा प्रदुषण वढेको कारण औधोगिक राष्ट्रमा सवारी र यातायातको साधनमा विद्युत प्रयोग र कोईलाको सट्टा आणविक शक्ति तर्फ केन्द्रित छ । नेपालमा पनि प्रदुषणको आफ्नै समस्या छ । नेपालमा औधोगिक विकासका कारण भन्दा पनि जथाभावि उद्योग संचालनका कारण प्रदुषण वढेको छ । नेपालको वातावरण संरक्षण संवन्धि कानुन ज्यादै अपुरो देखिन्छ । प्रदुषण रोकथामको नजरमा सरकार Licencing Regime मा सीमित छ ।

उद्योग स्थापना गर्न चाहने प्रस्तावकले स्थानीय जनता र निकायहरुसंग सोधि उनिहरुले उद्योग स्थापना गर्न हुन्छ भनेको व्यक्तिगत रायका आधारमा वातावरणीय प्रभाव मुल्यांकन पारित हुने र त्यही आधारमा सरकारले इजाजत दिने गरिन्छ । वातावरणीय  प्रदुषण भन्नाले ध्वनी प्रदुषण, वायुमण्डलमा धुलो र धुवाको प्रदुषण, पानीको मुहानहरुमा मानवीय कार्यले प्रदुषण, भूक्षय तथा वन विनाश, बनक्षेत्रमा धुलो, धुवा र आवाजको प्रवेशले वनजंगलमा भएको शान्तिको खलवलिले चराचुरुङ्गी र जनावरमा पार्ने क्षति आदी पर्दछन ।

यसैगरी वातावरण संरक्षण सम्वन्धि कानुन पनि वातावरण प्रदुषणको रोकथाम र नियन्त्रणमा प्रभावकारी हुन सक्ने प्रकृतिको हुनुपर्छ । तर नेपालको वातावरण संवन्धि कानूनले सरकारलाई Licencing Regime को भूमिकामा सिमित राखेको देखिन्छ । सो कानुनले आजको वातावरण समस्यालाई Cope गर्न सक्दैन । वातावरण संवन्धि कानूनमा आवश्यक संशोधन भई Self Contained Act, नहुन्जेल र सरकारी निकायहरु Monitor गर्न Well equipped र Well Trained  नहुन्जेल यस अदालतले असाधारण अधिकार अन्त्रतगत Active Roll  खेल्नुपर्ने हुन्छ । अदालतले आफ्नो संवैधानिक भूमिका निर्वाह गर्न यस अदालतमा एक वातारण ईजलासको Environment Bench गठन गर्ने व्यवस्था हुन आवश्यक छ । त्यसैले वातावरण ईजलास Environment Bench को गठन गर्न कानूनी व्यवस्था हुनु पर्ने तर्फ सम्माननीय प्रधान न्यायधिशज्यूलाई जानकारी गराउनु ।

स्रोतः संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयको मितिः २०६८।०८।२९ च.नं. १३७ को पत्रसंग प्राप्त प्रतिवेदन ।

४.६ ढुंगा गिट्टी वालुवा उत्खनन् बिक्रि तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७ को प्रावधानहरुः

अनुसुचि- २ ख

ढुंगा गिट्टी वालुवा उत्खनन् बिक्रि तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७ को दफा ४ को उपदफा ५ सँग सम्वन्धित

ठेक्का सम्झौता फाराम

लिखितम............को नाती ...............को छोरा ................ भोजपुर जिल्ला भोजपुर नगरपालिका वडा नंवर ... स्थायी घर भई हाल भोजपुर नगरपालिका वडा नंवर ...... मा वसोवास गर्दै आएको वर्ष ... को .......ले तपशिल बमोजिमको शर्तमा तपशिल बमोजिमको क्षेत्रमा ............ ठेक्का वन्दोवस्त गर्ने गरी यस कार्यालयवाट प्रकाशित गरिएको मिति.........को ठेक्का नंवर...... को सूचना बमोजिम ढुंगा गिट्टी र वालुवा उत्खनन् सङकलन तथा विक्रि वितरणका लागि तपाई समेतले पेश गर्नु भएको शिलवन्दि दरभाउ पत्र मुल्यांकन गर्दा आ.व. २०७७/०७८ का लागि ......रु .मुल्य अभवृद्दि कर वाहेक मा तपाईसँग ठेक्का सम्झौता गर्न मिति ..... मा यस कार्यालयवाट निर्णय भएको हूँदा उपर्युक्त निर्णय अनुसार तपसिलका शर्त बमोजिम तपसिल बमोजिमका क्षेत्रमा भोजपुर नगरपालिकाको तर्फवाट आय संकलन गर्ने ठेक्काको मन्जुरी भई सम्झौता गर्न उपस्थिथ भएकोछु ।

तपशिलमा लेखिएक वमोजिमको शर्तमा कुनै घटीवढी नपारी कामकाज गरी मिति २०७७/०४/९ मा यस कार्यालयलाई .... प्रतिशत छुद पाउने रकम कटाई सम्पुर्ण किस्ताको एकमुष्ट रु ........मु.अ.कर वाहेक वुझाई मिति .....देखि .....सम्म आ.व.२०७७/७८ को लागि ठेक्का चलाउनेछु । पछि मैले गरेको सम्झौता उपर कुनै उजुर गर्नेछैन गरे यसै कागजातबाट बदर गरीदिनु भनी मेरो मनोमानी राजीखुसी संग रकम चलको कवुलियत लेखी यस कार्यालयमा वुझाएको छु ।

तपशिल

१. यस सम्झौतापत्रमा उल्लेख गरिए बमोजिमका क्षेत्र भित्र र शर्तको अधिनमा रही आ.व. का लागि ... प्रतिशत छुट पाउने रकम कटाई सम्पुर्ण किस्ताको रकम एकमुष्ट रु ..... मुल्य अभिवृद्दि कर वाहेक वा प्रथम किस्ता बापतको रु .... वुझाई ... गते देखि .... सम्मको लागि प्रचलित कानूनको अधीनमा रही ...... आय संकलन गर्नेछु ।
२. उक्त आय संकलन गर्नका लागि नगरपालिका क्षेत्रभित्र रहेका यसैसाथ संलग्न सूचीका मालवस्तुमा सोहि सूचीमा तोकिएको दरमा विक्रि मूल्य सेवा शुल्क वा दस्तुरको रुपमा आय संकलन गर्ने गरि नगरपालिका भोजपुरलाई अग्रिम एकमुष्ट वा प्रथम किस्ता वापतको रकम वुझाएको छु ।
३. सो संकलन गर्न नगरपालिकाबाट निर्धारण भएको वस्तुमा तोकिदिएको दर बाहेक अन्य कुनै किसिमको कर सेवा शुल्क दस्तुर इत्यादि थप गरी लिने छैन र भोजपुर नगरपालिकावाट प्रमाणित गरिए बाहेकका रसिदहरु प्रयोग गरी आय संकलन गर्ने छैन । अनुगमन समिति वा स्थानीय तहबाट अनुगमन हुँदा कुनै अनधिकृत रकम असुल उपर गरेको वा अनधिकृत रसीद प्रयोग गरेको पाईएमा नियमानुसार कारबाही र सजाय भएमा कलाई मन्जुर छ ।
४. नदीजन्य पदार्थहरु उत्खनन संकलन र विक्रि वितरण गर्ने शर्तहरुः

क. साधरण निर्माणमुखी नदीजन्य पदार्थहरु घाट गद्दी स्थल तोकि निर्धारित स्थानवाट मात्र उत्खनन् तथा विक्रि वितरण गर्नु पर्नेछ ।
ख. साधरण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन संकलन गरी घाटगद्दि क्षेत्रवाट विक्रि वितरण गर्ने क्रममा उल्लेखित शर्तहरु पालना भए नभएको सम्वन्धमा अनुगमन समिति तथा नगरपालिकाले अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ । निर्देशन पालना गर्ने दायित्व सम्वन्धित ठेकेदारको हुनेछ ।
ग. ठेक्का कवोल गर्ने व्यक्ति वा फर्म आफुले कवोल गरेको अंकको साथै उत्खननको लागि उल्लेखित परिमाणको आधारमा विक्रि शुल्क वापतको दरले हुन आउने रकम समेतको हिसावले नियमानुसार थप ... मुअक रकम समेत गरी एकमुष्ठ वा ....किस्तामा .....प्रतिशतका दरले ......मशान्त भित्र र ......महिनाको अन्तिममा यस कार्यालयमा वुझाउनु पर्नेछ ।
घ. यस नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन २०७४ प्रदेश कानून नदीजन्य निर्माण सामाग्रीहरुको उपयोग सम्वन्धमा भएका अध्यायन प्रतिवेदन एवं वातावरणीय परीक्षण प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछन् ।
ङ. ठेक्का संझौतामा उल्लेखित नदीहरुवाहेक नदीजन्य पदार्थको उत्खनन संकलन तथा विक्रि वितरण कार्य चुरे मध्यवर्ति क्षेत्र राष्ट्रिय निकुन्ज सामुदायिक वन र नेपाल सरकारले निषेध गरेको स्थानहरुवाट गर्न पाईने छैन ।
च. विक्रि मुल्य वा दस्तुर शुल्क तोकिएको संकलन केन्द्रमा मात्र उठाउनु पर्नेछ । राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राख्र् पाईनेछैन ।
छ. नेपाल सरकार वा नगरपालिकालाई प्रचलित कानुन बमोजिम वुझाउनुपर्ने अन्य कर दस्तुर शुल्क आदी सवै ठेकेदार स्वयमले सम्वन्धित निकायमा वुझाउनु पर्नेछ । सो वापत वुझाएको रकमलाई कवोल गरेको ठेक्का रकमवाट कट्टा गर्न पाईनेछैन ।
ज. शुल्क उठाउने रसिदहरु ठेक्काको शिर्षक अनुसार छुट्टा छुट्टै ठेकेदारले आफ्नै तर्फवाट छपाई गरी यस कार्यालयको छाप लगाई प्रमाणित गराएर र रसीद नियन्त्रण खातामा नम्वर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनुपर्नेछ ।
झ. बिक्रि मुल्य वा शुल्क असुल गर्नुपर्ने दर रेटको सूची तालिका र शर्तहरु सहितको होर्डिङ वोर्ड कर संकलन केन्द्रमा अनिवार्य रुपले ठेकेदारले सर्वसाधरणले देख्ने गरी राख्नु पर्नेछ ।
ञ. ठेक्का सम्वन्धमा कुनै विवाद परेमा त्यस्तो विवादको समाधान प्रचलित कानून वमोजिम हुनेछ ।
ट. तोकिएको म्यादभित्र ठेकेदारले नगरपालिकालाई वुझाउनु पर्ने किस्ता रकम नवुझाएमा भोजपुर नगरपालिकाले जुनसुकै वखत ठेक्का तोड्न सक्नेछ र हानी नोक्सानी क्षतिपूर्तिको रकमको साथै वाकि किस्ता रकमको ..... प्रतिशतका दरले व्याजसमेत ठेकेदारबाट नगरपालिकाले असुल गर्नेछ ।
ठ. भोजपुर नगरपालिकाले बिक्रि मूल्य वा शुल्क कर असूल गरिसकेको निर्माण समाग्रीमा पुनः अर्को स्थानीय तहबाट कर लगाउन पाईने छैन ।
ड. प्रचलित ऐन नियम बमोजिम ठेक्काको शर्त तथा दररेटमा कुनै संशोधन भएमा संशोधित व्यवस्था बमोजिम हुने गरी कार्यान्वयन गर्नुपर्नेछ ।

ढ. ठेक्का संकलन केन्द्रको विवरण निम्न अनुसारको ढाँचामा राख्नु पर्नेछ । तोकिएको स्थान बाहेक अन्य स्थानमा संकलन केन्द्र राख्नु पर्ने भएमा भोजपुर नगरपालिकाको पूर्व स्वीकृति लिएर मात्र राख्नु पर्नेछ ।

संकलन केन्द्र राख्ने स्थान

| क्र.सं. | ठेक्काको किसिम | संकलन केन्द्र राख्ने स्थान | कैफियत |
|---|---|---|---|
| | | | |

ण. आ.व.२०७७/७८ को लागी निम्नानुसारको नदीजन्य सामाग्रीमा प्रति घनफिट विक्रि दर रु...... मा मुअकर वापत......प्रतिशत थप गरी निम्न अनुसार विक्रि मूल्य वा शुल्क संकलन गर्न पाईनेछ । साथै तोकिएको अवधि भन्दा पहिले तोकिएको परिमाण उत्खनन् भएको खण्डमा थप परीमाण उत्खनन गर्न रोक लगाईननेछ ।

त. उत्खनन संकलन तथा विक्रि गरिने साधरण निर्माणमुखी नदीजन्य पदार्थको मौजदात आर्थिक वर्षको अन्तमा शुन्य गर्नुपर्नेछ । शुन्य गर्न नसकेको परिणाम नगरपालिकाले जफत गरी लिलाम विक्रि गर्नेछ ।

थ. साधरण निर्माणमुखी नदिजन्य तथा खानीजन्य पदार्थ विक्रि वापत नगरपालिकालाई वुझाउनु पर्ने विक्रि शुल्कको विवरण देहायको ढाँचामा राख्नुपर्नेछ ।

प्रति घनफिट

| नदिजन्य वा खानिजन्य पदार्थ | ठेकेदारले लिन पाउने विक्रि मूल्य वा शुल्क ... प्रतिशत | मु.अ.कर रकम<br>१३ प्रतिशत | कुल जम्मा |
|---|---|---|---|
| | | | |

द. सामान्य निर्माणमुखी नदिजन्य उत्खनन् संकलन तथा विक्रि गर्दा राष्ट्रिय गौरवका साथै रुपान्तरणकारी आयोजनाहरुलाई विशेष प्राथमिकता दिनुपर्नेछ ।

ध. नदीवाट नदिजन्य पदार्थहरु उत्खनन् गर्दा वातावरणमा प्रतिकुल प्रभाव पार्ने गरी कुनैपनि कार्य गर्न पाईने छैन ।

न. ठेकेदारले यस सम्झौतामा उल्लेखित सम्पुर्ण शर्तहरु पूर्ण रुपले पालना गर्नु पर्नेछ र सोको नियमित रुपमा नगरपालिकावाट अनुगमन हुनेछ । यस्तो अनुगमनवाट शर्त उलंघन भएको पाईएमा कार्यालयले जुनसुकै वखत ठेक्का तोड्न सक्नेछ र यसवाट ठेकेदारलाई हानी नोक्सानी हुन गएमा कार्यालय जिम्मेवार हुनेछैन र त्यसको क्षतिपूर्ति दिईनेछैन ।

ऩ. साधरण निर्माणमुखि नदिजन्य पदार्थ उत्खनन र संकलन गर्दा भौतिक जैविक सामाजिक आर्थिक र सास्कृतिक क्षेत्रमा पर्ने असरहरुलाई कम गर्ने प्रकृयाहरु अवलम्वन गरी ढुंगा गिट्टी वालुवा आदी संकलन तथा ढुवानी गर्नुपर्नेछ ।

प. साधरण निर्माणमुखि नदिजन्य पदार्थ उत्खनन् स्थलसम्म जाने बाटो मर्मत गर्ने अवस्था आएमा ठेकेदार आफैले मर्मत गर्नु पर्नेछ । सो वापत लागेको खर्च नगरपालिकामा दावि गर्न पाईने छैन ।

फ. उत्खनन गर्दा नजिक रहेको सडक वन तथा खोला नालाको किनारा घा६लाई कुनै हानी नोक्सानी नहुने र सर्वसाधरण जनताको घरजग्गा कुलो वाधमा क्षति नहुने गरी उत्खनन गर्नु पर्नेछ ।

ब. कल्भर्ट सडक वाटो तथा सार्वजनिक निर्माण स्थलवाट दुवै तर्फ दुईसय मिटर भित्र निर्माण सामाग्रीहरु उत्खनन् गर्न पाईनेछैन ।

भ. मुख्यमार्गवाट बोल्डर ग्राभेल वालुवा उत्खनन गर्ने स्थलसम्म जाने आउने बाटो निर्माणको कार्य गर्दा निजी जग्गामा पर्ने भए सम्वन्धित जग्गाधनीको मन्जुरीनामा लिनु पर्नेछ र वन क्षेत्र भएर जाने भए वन कार्यालय संग सम्पर्क र समन्वय राखी ठेकेदारले वाटो निर्माण गर्नु पर्नेछ ।

म. ठेक्का सम्झौता भएको मितिको भोलिपल्ट देखि ..... सम्म विहान .. वजे देखि वेलुका.... वजे सम्म मात्र उत्खनन एवं. संकलन समय अवधि हुनेछ ।

य. साधरण निर्माणमुखि नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन तथा संकलन कार्यमा एक्स्काभेटर डोजरजस्ता भारी उपकरणहरुको प्रयोग गर्दा वातावरणीय प्रतिवेदनको प्रावधानमा उल्लेख भएका शर्त तथा सीमाभित्र रही मात्र प्रयोग गर्नु पर्नेछ ।

र. ठेक्का लागेको स्थानवाट दस्तुर वा शुल्क छली मालवस्तु उठाई अन्यत्र लगेको वा स्टक गरेको फेला परेमा त्यस्तो मालवस्तुको दस्तुर वा शुल्क जुनसुकै स्थानमा लगेको भएपनि सम्वन्धित ठेकेदारले उठाउन सक्नेछ ।

ऱ. उत्खनन पश्चात काम नलाग्ने भनि छोडिएको निर्माण सामाग्रीहरु जुन स्थलवाट निकालिएको हो सोही स्थलमा लगी पूर्व अवस्थामा छोड्नु पर्नेछ । नदीको धार वदलिने गरी उतखनन् गर्न पाइनेछैन ।

ल. साधरण निर्माणमुखि नदीजन्य पदार्थको उत्खनन् गर्ने कार्यमा संलग्न हुने कर्मचारी वा कामदारहरुले प्रयोग गर्ने सुरक्षा सामाग्री तथा औजारहरु ठेकेदार स्वयमले उपलब्ध गराई सम्पुर्ण सुरक्षाको सतर्कतासाथ उत्खनन् तथा विक्रि प्रवन्ध मिलाउनु पर्नेछ ।

ळ. ठेक्का संझौता बमोजिमको कार्य गर्दा वातावरणमा कुनै प्रतिकुल प्रभाव नपार्ने गरि ठेकेदारले व्यवस्था मिलाउनु पर्नेछ । साथै कामदार तथा कर्मचारीहरुको सुरक्षाको लागि विमा गर्ने गराउने दायित्व समेत निज ठेकेदारको हुनेछ ।

ऴ. स्वीकृत वातावरणीय प्रतिवेदनमा उल्लेख भएका वातावरणीय प्रभाव न्यूनिकरणका उपायहरुको पूर्ण पालना गरी नदीजन्य पदार्थ उत्खनन् संकलन तथा विक्रि गर्नु पर्नेछ ।

व. यसमा उल्लेख भएका कुराहरुमा सोहि वमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून वमोजिम हुनेछ ।

अनुसुचि-२ ग

ढुङ्गा गिट्टी वालुवा उत्खनन बिक्रि तथा व्यव्यवस्थापन सम्वन्धी मापदण्ड २०७७ को दफा ४ को उपदफा ५ सँग सम्वन्धित

पट्टाको फारम

भोजपुर नगरपालिकाबाट श्री...... को नाती .....को छोरा भोजपुर जिल्ला भोजपुर नगरपालिका वडा नंवर ... स्थायी घर भई हाल .....नपा वडा नंवर.... मा वसोवास गर्दे आएको वर्ष ..... को ....ले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ क वमोजिम/सार्वजनिक खरिद भोजपुर नगरपालिकाको निमित्त तपशिल

वमोजिमको शर्तमा तपशिल बमोजिमको क्षेत्रमा तपसिल वमोजिमको दरले आय रकम संकलन गर्न ठेक्का वन्दोवस्त गर्ने गरी यस भोजपुर नगरपालिकाबाट शिलवन्दि दरभाउपत्र /वोलपत्र माग गरिए अनुसार तपाई समेतले दिनु भएको शिलवन्दि दरभाउपत्र /वोलपत्र मूल्यांकन हुँदा आ.व. २०७७/०७८ को लागि रु ........... मुअकर वाहेक अक्षेरिपि .....मात्रमा ठेक्का दिने गरि तपाईसँग ठेक्का वन्दोवस्त गर्न मिति.......मा यस नगरपालिकावाट भएको निर्णय अनुसार तपशिलका शर्त वमोजिम हुने गरि आय संकलन गर्न मन्जुरी भई कवुलियत गरीदिनु भएको हुँदा कवुलियत बमोजिम घटी वढी नपारी तपशिलमा लेखिए बमोजिमको मिति भित्र भोजपुर नगरपालिकालाई सम्पुर्ण किस्ताको रकम रु ....।- वा प्रथम किस्ता बापतको रकम रु ...।- वुझाई मिति..... देखि ......सम्म आ.व. २०७७/०७८ को लागि देहाय बमोजिमका स्रोतहरुवाट देहाय वमोजिमको दरमा विक्रि मूल्य वा शुल्क संकलन गर्ने कार्य गर्नुहोला । तपाईले गरिदिनु भएको संझौता र यो पट्टाको वर्खिलाप कामकाज गरेको वा देहायमा उल्लेख भएको दरमा फरक पारी विक्रि मूल्य वा शुल्क असुल गरेको ठहरे तपाईसंग भएको ठेक्का तोडि तपाईको नाम कालो सूचिमा राखिने र त्यसवाट यस नगरपालिकालाई हुन जाने नोक्सानीको सम्पुर्ण रकम तपाईले राखेको वैक जमानत वा नगदै दाखिला गरेको रकमवाट असुल उपर गरिनेछ । पछि तपाईको कुनै कुरामा उजुर दावी लाग्ने छैन भनी आजै यस भोजपुर नगरपालिकाबाट ठेक्काको पूर्जि गरिदिईएकोछ ।

<u>तपशिल</u>

१. सम्झौतामा उल्लेख गरिए बमोजिमका क्षेत्र भित्र र शर्तको अधिनमा रही आ.व. २०७७/७८ को सम्पुर्ण किस्ता वा प्रथम किस्ता वापतको रकम रु ....... बुझाई २०७७ साल श्रावण २२२ गते देखि २०७८ साल अषाढ ३१ गते सम्मलाई प्रचलित कानूनको अधिनमा रही भोजपुर नगरपालिकाको आय संकलन गर्ने ।
२. उक्त आय संकलन गर्नका निमित्त भोजपुर नगरपालिका क्षेत्र भित्र रहेका यसै साथ संलग्न सूचीका मालवस्तुमा सोहि सूचीमा तोकिएको दरमा बिक्रि मूल्य वा शुल्कको रुपमा आय संकलन गर्नेछु । यसरी आय संकलन गर्दा करदातालाई दिईने भरपाई रसिद यसै नगरपालिकावाट प्रमाणित गराई प्रयोग गर्नेछु ।

प्राकृतिक स्रोत संकलन तथा विक्रि वितरणका प्रदेश सरकारवाट निर्धारण गरिएका करका दर

| सि.नं. | विवरण | इकाई | संकलन दर रु | विक्रि दर रु |
|---|---|---|---|---|
| १ | ढुंगा गिटि रोडा ग्राभेल चट्टान स्लेट | प्रति क्यू.फिट | ६ | |
| २ | वालुवा/चिप्स | प्रति क्यू.फिट | ४।७५ | |
| स्रोतः प्रदेश सरकारको अर्थ सम्वन्धि प्रस्तावलाई कार्यान्वियन गर्न वनेको विधेयक प्रदेश आर्थिक ऐन २०७८ | | | | |

३. सो आय संकलन गर्न भोजपुर नगरपालिकाको कार्यालयवाट निर्धारण भएको वस्तुमा तोकिदिएको दर वमोजिम वाहेक अन्य कुनै किसिमको कर सेवा शुल्क वा दस्तुर इत्यादि लगाई लिईनेछैन र यस कार्यालयबाट प्रमाणित गरिए वाहेकका रसिदहरु प्रयोग गरी आय संकलन गरिने छैन । यदि

कुनै अनधिकृत रकम असुल उपर गरेको वा अनधिकृत रसीद प्रयोग गरेको पाईएमा नियमानुसार कारवाही र सजाय हुनेछ ।

४. अन्य कुराहरु तपाई र यस नगरपालिको कार्यालय विच भएको संझौता बमोजिम हुनेछ ।

५. साधरण निर्माणमुखी नदिजन्य पदार्थको उत्खनन संकलन र बिक्रि गर्दा देहायका स्थानवाट निम्न बमोजिमको परिमाणमा मात्र गर्नुपर्नेछ ।

| क्र.सं. | नदीजन्य पदार्थ उत्खनन् गर्ने स्थान र नदीको नाम | वालुवा क्यू.फि. | ढुंगा क्यू.फि. | ग्राभेल/गिटी क्यू.फि. | संकलन गर्ने स्थान |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

६. साधरण निर्माणमुखि नदिजन्य पदार्थको उत्खनन स्थलसम्म जाने र आउने मार्ग पहिचान गरि ठेकेदारले वाटो सो मार्ग प्रयोग गर्न नगरपालिकावाट अनुमति लिनुपर्नेछ । अनुमति लिएको उत्खनन स्थल र मार्गमा उत्खनन् संकलनका लागि साधनसहित प्रवेश गर्नुपर्ने भएमा नगरकार्यपालिकाको कार्यालयवाट ढुंगा गिटि वालुवा उत्खनन् बिक्रि तथा व्यवस्थापन सम्वन्धि मापदण्ड २०७७ को अनुसुचि ३ वमोजिम प्रवेश अनुमति पत्र लिएरमात्र प्रवेश गर्नुपर्नेछ ।

७. ठेकेदारले उत्खनन् गरेको दैनिक अभिलेख देहायका विवरण अनुसार राख्नु पर्नेछ ।

| क्र.सं. | उत्खनन् गरिएको खानी / नदीको नाम | उत्खनन् गरिएको नाका/स्थानको नाम | उत्खनन् गरिएको मिति | उत्खनन गरिएको परिमाण | उत्खननकर्ता वा प्रतिनिधिको नाम र दस्तखत | अनुगमनकर्ताको नाम र दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

८. ठेकेदारले दैनिक पटके विक्रि वा ढुवानी अभिलेख देहाय अनुसार राख्नु पर्नेछ । यसको विवरण दैनिक/साप्ताहिक/मासिक रुपमा नगरपालिकामा पेश गर्नु पर्नेछ ।

| क्र.सं. | नदि/खानीको नाम | नाका/मार्गको नाम | मिति | पटके विक्रि विल/आदेश नं. | पटके विक्रि भएको परिमाण | विक्रि भएको पदार्थ लैजाने सवारी नंवर | कैफियत |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

## परिच्छेद -५:
## विद्यमान वातावरणीय अवस्था

वस्तुगत वातावरणीय अवस्थाको विवरण (Description of the Existing Environmental Conditions):

प्रस्ताव गरिएको क्षेत्रको भौतिक, जैविक, रसायनिक एवं. सामाजिक, आर्थिक तथा सास्कृतिक वातावरणका निम्न पक्षहरुको विवरण समावेश गरिएकोछ ।

### ५.१.१ भौतिक वातावरण (Physical Environment):

भूस्थिति (Topography)

भोजपुर नगरपालिकाको समग्र भूस्थिति तिन भागमा वर्गिकरण गरेर हेर्न सकिन्छ । पहिलो भागमा वडा नंवर १ र २ को भूभागहरुको मोहडा पूर्वदक्षिण फर्किएको छ । वडा नंवर ३, ४, ५, ६, ७, ९, १०, ११ र १२ का अधिकांस भूभागहरुको मोहडा पश्चिम दक्षिण दिशा तर्फ फर्किएकोछ । वाकी वडा नंवर ३, ४, ५,६,७, ९,१०,११ र १२ का आंसिक भुभाग र वडा नंवर ८ का सवै मोहडा दक्षिण तर्फ फर्किएको छ । समग्रमा नगरपालिकाको भु-भागहरु भुक्षय भइ पहिरो जाने, गल्छि वन्ने क्रम स्थिर छ । अपवादमा वर्षातका कारण भल वग्ने वाहेक व्यापक जमिन वगाउने, वस्ति कटान गर्ने गरि वाढि जाने गरेको छैन । भौगोलिक रुपमा नगरपालिका समथर नै देखिन्छ । वडा नंवर १ को छरछरे, वडा नंवर २ को वेतेनी, वडा नंवर ३ को साउने क्षेत्र, र अन्य क्षेत्रमा खोलाका किनारामा मात्र भिरालो रहेकोछ । नगरका मध्येक्षेत्र ठुला ठुला टार, खेतियोग्य जमिन र समथर रहेकोछ ।




प्रस्ताव कार्यान्वयन गरिने क्षेत्रको भूस्थिति निम्नानुसार रहेकोछ ।

| क्र.सं. | प्रस्ताविद क्षेत्र | भू-स्थिति (Topography) |
|---|---|---|
| १ | सोरेङ्गखोला/नखुवाखोला दोभान क्षेत्र | मोहडाः पुर्व-दक्षिण वगेकोछ ।<br>सिमानाः यस स्थानको दक्षिणमा अरुण गाउँपालिकाको वडा नंवर २ चम्पेको सोरेङ्गवेशि खेति क्षेत्र रहेकोछ । दक्षिण पुर्व तर्फ षडानन्द नगरपालिकाको वडा नंवर १४ वोया पर्दछ । उत्तर तर्फ भोजपुर नगरपालिकाको वडा नंवर २ रहेकोछ ।<br>यो सोरेङ्गदोभान / नखुवाखोलादोभान क्षेत्र भोजपुर नगर पालिकाको वडा नंवर १ हेलौछाको डाडावोखिमको पुछारमा पर्दछ ।<br>धरातलः यो स्थान केही समथर भु-भागरहेकोछ । |

| | | |
|---|---|---|
| | | जलाधारः यस संकलन केन्द्र/ क्षेत्रको जलाधार क्षेत्र सोरेङखोला र नखुवा खोला हो । अन्य स्थानिय साना खोल्सि पर्दछ । यस खोल्सिका आसपासमा कुनै कुनै ठाँउमा साना साना वनहरु रहेका छन् । |
| २ | नखुवाखोला/फकुवाखोला दोभान क्षेत्र | मोहडाः यस प्रस्तविद क्षेत्रको मोहडा पूर्वदक्षिण तर्फ फर्किएकोछ । सिमानाः नखुवाखोला/फकुवाखोला दोभान क्षेत्र भोजपुर नगरपालिकाको वडा नंवर २ मा अवस्थित रहेकोछ । यस क्षेत्रको पुर्वतर्फ षडानन्द नगरपालिकाको वडा नंवर १४ को वोया पर्दछ । दक्षिण क्षेत्रमा भोजपुर नगरपालिका वडा नंवर १ पर्दछ । पश्चिम तर्फ भोजपुर नगरपालिकाको वडा नंवर ४ र उत्तर तर्फ भोजपुर नगरपालिकाको वडा नंवर ३ पर्दछ ।<br>धरातलः यो जमिन केहि भिरालो रहेकोछ ।<br>जलाधारः यस संकलन केन्द्रको जलाधार तेस्रेवर्से, वाघखोर, भिरथाप्ला हुदै हिउखोला क्षेत्रका साना साना खोल्सी तथा हेलौछा क्षेत्र रहेकोछ । |
| ३ | पिखुवाखोला सेतिवगर क्षेत्र | मोहडाः प्रस्ताविद स्थानमा पश्चिम-दक्षिण तर्फ भएर वगेको छ । यो खोला उत्तरवाट दक्षिणतर्फ वग्दछ ।<br>सिमानाः यो खोला गुप्तेश्वर र तिम्माको सिमानामा पर्दछ<br>धरातलः यो खोलाको संकलनस्थल सेतिवगरक्षेत्र समथल रहेकोछ ।<br>जलाधारः योखोलाको जलाधार क्षेत्र भोजपुरको मयूंङ्गडाडा, गुपतेश्वर, तिम्माको ठुलो भाग पर्दछ । |
| ४ | घट्टेखोला सिद्देश्वर | मोहडाः पुर्व-दक्षिण रहेकोछ ।<br>धरातलः प्रस्ताविद क्षेत्रको अधिकांस क्षेत्र समथर रहेकोछ ।<br>सिमानाः पुर्वमा शेराखोला पक्कि पुल, उत्तरमा भालुखोप डाडा पश्चिममा सिद्देश्वर गुप्तेश्वर र दक्षिणमा दावा पर्दछ ।<br>जलाधारः भोजपुर नगरपालिका वडा नंवर ४ सिद्धेश्वरको भुगोल रहेकोछ । |
| ५ | शेरा खोला दाम्सिङ क्षेत्र | मोहडाः पुर्व-दक्षिण भएर वग्ने खोला हो । धरातलः संकलनस्थल केहि समथल र ययसको आसपासका क्षेत्र भिरालो रहेकोछ ।<br>सिमानाः यो भोजपुर नगरपालिका वडा नंवर ४ सिद्धेश्वर र भोजपुर नगरपालिका वडा नंवर ५ वोखिम विचमा रहेकोछ ।<br>जलाधारः यो शेराखोला जलाधार क्षेत्र सुन्तले, शिद्देश्वर र वोखिम क्षेत्र रहेकोछ ।<br>क्षेत्रको सरदर उचाई १५०० मिटर रहेकोछ। |
| ६ | शेरा खोला रातमाटे क्षेत्र | मोहडाः शेराखोला रातमाटे क्षेत्र पश्चिम दक्षिण फर्किएकोछ ।<br>धरातलः प्रस्ताविद क्षेत्रको अधिकांस क्षेत्र समथर रहेकोछ ।<br>सिमानाः पुर्वमा भोजपुर नगरपालिका वडा नंवर ५ वोखिमका मसिने खेती क्षेत्र, पश्चिममा भोजपुर नगरपालिका वडा नंवर ४ सिद्देश्वरका जंगलक्षेत्र, उत्तरमा भोजपुर नगरपालिका वडा नंवर ३ गुप्तेश्वर र टेम्केमैयुङ्ग गाउँपालिका वडा नंवर ५ खावा र दक्षिणमा टेम्के मैयुङ्ग गाउँपालिका वडा नंवर ६ कोट र भोजपुर नगरपालिका वडा नंवर ६ पालुवाका क्षेत्र पर्दछ ।<br>जलाधारः शेराखोला जलाधार क्षेत्र सुन्तले, शिद्देश्वर र वोखिम क्षेत्र |

| | | |
|---|---|---|
| | | रहेकोछ । |
| ७ | पिखुवाखोला सिक्तेल दोभान क्षेत्र | मोहडाः पुर्व-दक्षिण भएर वग्ने खोला हो ।<br>धरातलः प्रस्ताविद क्षेत्रको अधिकांस क्षेत्र समथर रहेकोछ ।<br>सिमानाः उत्तरमा भोजपुर नगरपालिका वडा नंवर ६ पालुवा, पुर्वमा भोजपुर नगरपालिका वडा नंवर १२, पश्चिमममा रामप्रसादराई गाउँपालिका वडा नंवर ४ दलगाउँ दक्षिणमा राम प्रसाद राई गाउँपालिकाका वडा नंवर ४ दलगाउका भाग पर्दछ ।<br>जलाधारः यसक्षेत्रको जलाधार भोजपुर नगरपालिका, टेम्के मैयुङ्ग गाउपालिका र रामप्रसाद राई गाउँपालिकाअन्तरगतका खोला तथा खोल्सीहरु हुन । |
| ८ | घट्टेखोला पोखरे क्षेत्र | मोहडाः घट्टेखोला पोखरे क्षेत्र पूर्वि-दक्षिण फर्किएकोछ ।<br>धरातलः प्रस्ताविद क्षेत्रको अधिकांस क्षेत्र समथर रहेकोछ ।<br>सिमानाः पुर्वमा खाम्लुङ पोखरे क्षेत्र र खेत रहेकोछ । उत्तरमा दुम्सिका गाउ र खेत पर्दछ । पश्चिम तर्फ पोखरेगाउ र खेत रहेकोछ । दक्षिणमा अखुवा र घट्टेखोला साथै झोलुङ्गे पुल तथा भोजपुर आम्तेक सडक रहेकोछ ।<br>जलाधारः धापखर्क, दुम्सिक, काफ्ले क्षेत्र रहेकोछ ।<br>उचाईः १३८७ मिटर |
| ९ | अधेरी असिने खोला | मोहडाः अखुवा असिने खोला पुर्वदक्षिण फर्किएकोछ ।<br>धरातलः प्रस्ताविद क्षेत्रको अधिकांस क्षेत्र  भिरालो रहेकोछ ।<br>सिमानाः यो भोजपुर नगरपालिकाको वडा नंवर १० भैसिपंखाको विच भुभागमा पर्दछ । यसको पुर्वमा मागुवा, पश्चिममा डाडाखर्क, उत्तरमा नरपाय र दक्षिणमा पोखरे क्षेत्र पर्दछ ।<br>जलाधारः यस खोलाको जलाधार सुन्तलेडाडा थामडाडा, नरपाया तथा धापखर्क क्षेत्र हो । |
| १० | अखुवाखोला माम्लाखा क्षेत्र | मोहडाः पुर्व-दक्षिण भएर वग्ने खोला हो ।<br>धरातलः प्रस्ताविद क्षेत्रको अधिकांस क्षेत्र समथर रहेकोछ ।<br>सिमानाः पुर्वमा मामलाखा खेती, पश्चिममा जुकेखोला खेती, उत्तरमा खाम्लुङ्ग गाउ र मागुवा गाउ तथा दक्षिणमा भोजपुर आम्तेक जाने सडक र झोलुङ्गेपुल रहेकोछ ।<br>जलाधारः यसक्षेत्रको जलाधार भोजपुर नगरपालिका भैसिपंखाका असिने, डाडाखर्क तथा सुन्तले डाडा अन्तरगतका खोला तथा खोल्सीहरु हुन ।<br>उचाईः १३२३ मिटर देखि १३४८मिटर सम्म रहेकोछ । |
| ११ | पिखुवाखोला वेहेरेदोभान क्षेत्र | मोहडाः प्रस्ताविद क्षेत्रको पिखुवाखोला वेहेरेदोभान क्षेत्र पुर्व-दक्षिण तर्फ फर्किएकोछ ।<br>धरातलः प्रस्ताविद क्षेत्रको अधिकांस क्षेत्र समथर रहेकोछ ।<br>सिमानाः पुर्वमा भोजपुर नगरपालिका वडा नंवर १२, पश्चिममा राम प्रसाद राई गाउँपालिका वडा नंवर ४ उत्तरमा भोजपुर नगरपालिका वडा नंवर १२ र दक्षिणमा राम प्रसादराई गाउँपालिकाको वडा नंवर ५ पर्दछ । |

| | | |
|---|---|---|
| | | <u>जलाधारः</u> यसक्षेत्रको जलाधार भोजपुर नगरपालिका, टेम्के मैयुङ्ग गाउपालिका र रामप्रसाद राई गाउँपालिकाअन्तरगतका खोला तथा खोल्सीहरु हुन । |

### ५.१.२ माटोको प्रकार एवं. भूगर्भ (Geology and Soil Types)

नगरपालिकाको विभिन्न स्थानको ठाउ पिच्छे फरक फरक रहेकोछ । कही लिसाईलो, कहि चिम्ट्याइलो, कहि ढुंगा माटो मिस्रित कही वलौटेनी रहेको छ । यहाँ प्रस्ताविद स्थानको विवरण प्रस्तुत गरिएकोछ ।

| क्र.सं. | प्रस्ताविद क्षेत्र | **ढुंगा, माटोको प्रकार एवं. भूगर्भ (Geology and Soil Types)** |
|---|---|---|
| १ | सोरेङ्गखोला/नखुवाखोला दोभान क्षेत्र | **क.चट्टानको प्रकार*(Rock Type)***<br>यो उत्खनन क्षेत्रमा मलिलोमाटो *Sand Stone, Silt Stone, Conglomerate ( Sedimentary Rock)* का टुक्राहरु पाईन्छ । साथै *Quartzite, Schist, Geneiss (Metamorphic Rock)* यि मलिलो माटो र चट्टानका टुक्राहरु वेडरकवाट हावा, घाम पानीले खिइएर साना साना ढुंगा देखि लिएर ढुला वोल्डरहरु समेत रहेकाछन् ।<br>**ख. माटोको प्रकार *(Soil Type)***<br>सामाग्री संकलन क्षेत्रमा मलिलो माटो, पागो र बलौटे अर्थात वलुवा मिसिएको माटो साथै खोलाले वगाएर थुपारेको माटो *(Alluvial Soil)* पाइन्छ । संकलन क्षेत्रको नजिकमा जंगल तथा खेतियोग्य जमिन समेत रहेकोले यो ठाउँको माटो कालो, लिसाईलो छ |
| २ | नखुवाखोला/फकुवाखोला दोभान क्षेत्र | **क.चट्टानको प्रकार*(Rock Type)***<br>यस उत्खनन क्षेत्रमा धेरै जैविक मिस्रित माटो *Sand Stone, Silt Stone, Conglomerate (Sedimentary Rock)* का टुक्राहरु पाईन्छ । साथै *Quartzite, Schist, Geneiss (Metamorphic Rock)* यि मलिलो माटो र चट्टानका टुक्राहरु वेडरकवाट हावा, घाम पानीले खिइएर साना साना ढुंगा देखि लिएर ढुला वोल्डरहरु समेत रहेकाछन् ।<br>**ख. माटोको प्रकार *(Soil Type)***<br>सामाग्री संकलन क्षेत्रमा मलिलो माटो, पागो र बलौटे अर्थात वलुवा मिसिएको माटो साथै खोलाले वगाएर थुपारेको पाँगोमाटो *(Alluvial Soil)* पाइन्छ । संकलन क्षेत्रको नजिकमा जंगल तथा खेतियोग्य जमिन समेत रहेकोले यो ठाउँको माटो कालो, लिसाईलो छ । |
| ३ | पिखुवाखोला सेतिवगर क्षेत्र | **क.चट्टानको प्रकार*(Rock Type)***<br>यो उत्खनन क्षेत्रमा मलिलोमाटो *Sand Stone, Silt Stone, Conglomerate ( Sedimentary Rock)* का टुक्राहरु पाईन्छ । साथै *Quartzite, Schist, Geneiss (Metamorphic Rock)* यि मलिलो माटो र चट्टानका टुक्राहरु वेडरकवाट हावा, घाम पानीले खिइएर साना साना ढुंगा देखि लिएर ढुला वोल्डरहरु समेत रहेकाछन् ।<br>**ख. माटोको प्रकार *(Soil Type)***<br>सामाग्री संकलन क्षेत्रमा मलिलो माटो, पागो र बलौटे अर्थात वलुवा मिसिएको माटो साथै खोलाले वगाएर थुपारेको माटो *(Alluvial Soil)* पाइन्छ । संकलन क्षेत्रको नजिकमा जंगल तथा खेतियोग्य जमिन समेत रहेकोले यो ठाउँको माटो कालो, लिसाईलो छ |
| ४ | घट्टेखोला सिद्देश्वर | **क.चट्टानको प्रकार*(Rock Type)***<br>यो उत्खनन क्षेत्रमा मलिलोमाटो *Sand Stone, Silt Stone,* |

| | | |
|---|---|---|
| | | *Conglomerate ( Sedimentary Rock)* का टुक्राहरु पाईन्छ । साथै *Quartzite, Schist, Geneiss (Metamorphic Rock)* यि मलिलो माटो र चट्टानका टुक्राहरु वेडरकवाट हावा, घाम पानीले खिइएर साना साना ढुंगा देखि लिएर ढुला वोल्डरहरु समेत रहेकाछन् ।<br>**ख. माटोको प्रकार *(Soil Type)***<br>सामाग्री संकलन क्षेत्रमा मलिलो माटो, पागो र बलौटे अर्थात वलुवा मिसिएको माटो साथै खोलाले वगाएर थुपारेको माटो *(Alluvial Soil)* पाइन्छ । संकलन क्षेत्रको नजिकमा जंगल तथा खेतियोग्य जमिन समेत रहेकोले यो ठाउँको माटो कालो, लिसाईलो छ । |
| ५ | शेरा खोला दाम्सिङ क्षेत्र | **क.चट्टानको प्रकार *(Rock Type)***<br>यो उत्खनन क्षेत्रमा मलिलोमाटो *Sand Stone, Silt Stone, Conglomerate ( Sedimentary Rock)* का टुक्राहरु पाईन्छ । साथै *Quartzite, Schist, Geneiss (Metamorphic Rock)* यि मलिलो माटो र चट्टानका टुक्राहरु वेडरकवाट हावा, घाम पानीले खिइएर साना साना ढुंगा देखि लिएर ढुला वोल्डरहरु समेत रहेकाछन् ।<br>**ख. माटोको प्रकार *(Soil Type)***<br>सामाग्री संकलन क्षेत्रमा मलिलो माटो, पागो र बलौटे अर्थात वलुवा मिसिएको माटो साथै खोलाले वगाएर थुपारेको माटो *(Alluvial Soil)* पाइन्छ । संकलन क्षेत्रको नजिकमा जंगल तथा खेतियोग्य जमिन समेत रहेकोले यो ठाउँको माटो कालो, लिसाईलो छ । |
| ६ | शेरा खोला रातमाटे क्षेत्र | **क.चट्टानको प्रकार *(Rock Type)***<br>यो उत्खनन क्षेत्रमा *Sand Stone, Silt Stone,Conglomerate ( Sedimentary Rock)* का टुक्राहरु पाईन्छ । साथै *Quartzite, Schist, Geneiss (Metamorphic Rock)* यि चट्टानका टुक्राहरु वेडरकवाट हावा, घाम पानीले खिइएर साना साना ढुंगा देखि लिएर ढुला वोल्डरहरु समेत रहेकाछन् ।<br>**ख. माटोको प्रकार *(Soil Type)***<br>सामाग्री संकलन क्षेत्रमा मलिलो माटो, पागो र बलौटे अर्थात वलुवा मिसिएको माटो साथै खोलाले वगाएर थुपारेको माटो *(Alluvial Soil)* पाइन्छ । संकलन क्षेत्रको नजिकमा जंगल र जमिन समेत रहेकोले यो ठाउँको माटो मिस्रित रहेकोछ । |
| ७ | पिखुवाखोला सिक्तेल दोभान क्षेत्र | **क.चट्टानको प्रकार *(Rock Type)***<br>यो उत्खनन क्षेत्रमा *Sand Stone, Silt Stone, Conglomerate ( Sedimentary Rock)* का टुक्राहरु पाईन्छ । साथै *Quartzite, Schist, Geneiss (Metamorphic Rock)* गेग्रानमाटो र चट्टानका टुक्राहरु वेडरकवाट हावा, घाम पानीले खिइएर साना साना ढुंगा देखि लिएर ढुला वोल्डरहरु समेत रहेकाछन् ।<br>**ख. माटोको प्रकार *(Soil Type)***<br>सामाग्री संकलन क्षेत्रमा गेग्रानमाटो, पागो र बलौटे अर्थात वलुवा मिसिएको माटो साथै खोलाले वगाएर थुपारेको माटो *(Alluvial Soil)* पाइन्छ । संकलन क्षेत्रको नजिकमा पाखा तथा वगर जमिन समेत रहेकोले यो ठाउँको माटो वालुवा मिस्रित छ । |
| ८ | घट्टेखोला पोखरे क्षेत्र | **क.चट्टानको प्रकार *(Rock Type)*** |

| | | |
|---|---|---|
| | | यो उत्खनन क्षेत्रमा माटो *Sand Stone, Silt Stone, Conglomerate ( Sedimentary Rock)* का टुक्राहरु पाईन्छ । साथै *Quartzite, Schist, Geneiss (Metamorphic Rock)* यि मलिलो माटो र चट्टानका टुक्राहरु भलवाडिले वगाएका साना साना ढुंगा देखि लिएर ढुला वोल्डरहरु समेत रहेकाछन् ।<br>**ख. माटोको प्रकार *(Soil Type)***<br>सामाग्री संकलन क्षेत्रमा मलिलो माटो, पागो र बलौटे अर्थात वलुवा मिसिएको माटो साथै खोलाले वगाएर थुपारेको माटो *(Alluvial Soil)* पाइन्छ । संकलन क्षेत्रको नजिकमा जंगल तथा खेतियोग्य जमिन समेत रहेकोले यो ठाउँको माटो कालो, लिसाईलो छ |
| ९ | अधेरी असिने खोला | **क.चट्टानको प्रकार *(Rock Type)***<br>यो उत्खनन क्षेत्रमा मलिलोमाटो *Sand Stone, Silt Stone, Conglomerate ( Sedimentary Rock)* का टुक्राहरु पाईन्छ । साथै *Quartzite, Schist, Geneiss (Metamorphic Rock)* यि मलिलो माटो र चट्टानका टुक्राहरु वेडरकवाट हावा, घाम पानीले खिइएर साना साना ढुंगा /वोल्डरहरु समेत रहेकाछन् ।<br>**ख. माटोको प्रकार *(Soil Type)***<br>सामाग्री संकलन क्षेत्रमा मलिलो माटो, पागो र बलौटे अर्थात वलुवा मिसिएको माटो साथै खोलाले वगाएर थुपारेको माटो *(Alluvial Soil)* पाइन्छ । संकलन क्षेत्रको नजिकमा जंगल तथा खेतियोग्य जमिन समेत रहेकोले यो ठाउँको माटो कालो, लिसाईलो छ । |
| १० | अखुवाखोला मामलाखा क्षेत्र | **क.चट्टानको प्रकार *(Rock Type)***<br>यो उत्खनन क्षेत्रमा मलिलोमाटो *Sand Stone, Silt Stone, Conglomerate ( Sedimentary Rock)* का टुक्राहरु पाईन्छ । साथै *Quartzite, Schist, Geneiss (Metamorphic Rock)* यि मलिलो माटो र चट्टानका टुक्राहरु वेडरकवाट हावा, घाम पानीले खिइएर साना साना ढुंगा देखि लिएर ढुला वोल्डरहरु समेत रहेकाछन् ।<br>**ख. माटोको प्रकार *(Soil Type)***<br>सामाग्री संकलन क्षेत्रमा मलिलो माटो, पागो र बलौटे अर्थात वलुवा मिसिएको माटो साथै खोलाले वगाएर थुपारेको माटो *(Alluvial Soil)* पाइन्छ । संकलन क्षेत्रको नजिकमा खेतियोग्य जमिन समेत रहेकोले यो ठाउँको माटो कालो, लिसाईलो छ । |
| ११ | पिखुवाखोला वेहेरेदोभान क्षेत्र | **क.चट्टानको प्रकार *(Rock Type)***<br>यो उत्खनन क्षेत्रमा मलिलोमाटो *Sand Stone, Silt Stone, Conglomerate ( Sedimentary Rock)* का टुक्राहरु पाईन्छ । साथै *Quartzite, Schist, Geneiss (Metamorphic Rock)* यि मलिलो माटो र चट्टानका टुक्राहरु वेडरकवाट हावा, घाम पानीले खिइएर साना साना ग्रावेल मिस्रित रहेकाछन् ।<br>**ख. माटोको प्रकार *(Soil Type)***<br>सामाग्री संकलन क्षेत्रमा मलिलो माटो, पागो र बलौटे अर्थात वलुवा मिसिएको माटो साथै खोलाले वगाएर थुपारेको माटो *(Alluvial Soil)* पाइन्छ । संकलन क्षेत्रको नजिकमा खेतियोग्य जमिन समेत रहेकोले यो ठाउँको माटो लिसाईलो छ । |

## २.४ प्रस्ताव क्षेत्रमा निर्माण सामाग्रिहरुको उपयोगः

दिगो उपयोगका लागि प्रस्तावित उत्खनन तथा संकलन केन्द्रवाट देहायका परिमाणमा उपयोग गरिनेछ । (Sustainable Collection/Extraction of Sand, gravel, Boulder and Wood in the Proposal Area):

| क्र. सं. | प्रस्ताविद क्षेत्र | संकलन तथा उत्खनन गरिने क्षेत्रफल वर्ग मि | परिमाण घनमिटर दैनिक | परिमाण घनमिटर वार्षिक |
|---|---|---|---|---|
| १ | सोरेङ्गखोला/नखुवाखोला दोभान क्षेत्र क | ९६३ | २।४१ | ५७७।८ |
| | सोरेङ्गखोला/नखुवाखोला दोभान क्षेत्र ख | ९८९ | २।४७ | ५९३।४ |
| २ | नखुवाखोला/फकुवाखोला दोभान क्षेत्र | १४०९ | २।६४ | ६३४।०५ |
| ३ | पिखुवाखोला सेतिवगर क्षेत्र | ३९६८ | ८।६० | १९८४ |
| ४ | घट्टेखोला सिद्देश्वर | ७७० | २।२५ | ५३९ |
| ५ | शेरा खोला दाम्सिङ क्षेत्र | २९०७ | ६।०६ | १४५३।५ |
| ६ | शेरा खोला रातमाटे क्षेत्र | ९८५ | २।०५ | ४९२।५ |
| ७ | पिखुवाखोला सिक्तेल दोभान क्षेत्र | ४१२६ | ८।६ | २०६३ |
| ८ | घट्टेखोला पोखरे क्षेत्र | ९०१ | १।६९ | ४०५।४५ |
| ९ | अधेरी असिने खोला | ११४५ | ३।३९ | ५७२।५ |
| १० | अखुवाखोला माम्लाखा क्षेत्र | ९३६ | २।३४ | ५६१।६ |
| ११ | पिखुवाखोला वेहेरेदोभान क्षेत्र | ७०१२ | १३।१५ | ३१५५।४ |
| | जम्मा | १३२१९ | २६।४७ | ६३५२।५ |

## २.५ प्रस्तावीत सामाग्री उत्खनन तथा संकलन क्षेत्रवाट प्राप्त हुने रोजगारः

(Employment of Sediment Extraction from Proposal Area) :

विगतमा स्थानिय स्तरमा निर्माण सामाग्रिहरु कुनैपनि आयोजनाको वरिपरि रहेको खोलाखोल्सीमा मानिसले हातले वालुवा संकलन गर्ने, मानिसले वोरामा वोकेर निर्माण स्थलमा ल्याउने गरिन्थ्यो । आयोजना वरीपरि रहेको साना साना ढुंगालाई संकलन गरेर गिट्टी कुटी प्रयोग गरिन्थो । साना साना ढुंगा खानीवाट मानिसले झम्पल र हेम्वर प्रयोग गरेर ढुंगा फुटाइ प्रयोग गरिने प्रचलन थियो । समयक्रममा जव सडक यातायात खुल्यो । तव मानीसको सट्टा ढुवानी ट्याक्टर, ट्रिपर र ट्रकवाट गर्ने गरिन्छ । वालुवा क्रसर उद्दयोगको प्रयोग गरिन्छ । निर्माण सामाग्रीहरु मानव संसाधनबाट संकलन/उत्खनन गरिदै आएको भएता पनि व्यवसायीक रुपमा कम मात्रामा प्रयोग भएको पाइन्छ । वढ्दो शहरीकरण , विकास निर्माण र औधोगिककरण सँगै निर्माण सामाग्रीको खपत बढ्दै गएको र उत्खनन कार्यमा मेशिनहरुको प्रयोग गर्न समेत थाल्यो । त्यसैकारण मानव संशाधनको रोजगारीमा विस्थापन हुने क्रम शुरु हुदै गयो । अव उपरान्त सरकारी तवरवाट रोजगार सृजनाका साथसाथै नियन्त्रीत रुपमा पूर्वस्वीकृती लिएर मात्र मेसनरी समानहरुको समेत प्रयोग नगरि निर्माण सामाग्री उत्खनन तथा संकलन गरिने व्यवस्था गर्नु आवश्यक रहेकोले यस संक्षिप्त वातावरणिय अध्यायन प्रतिवेदनको माध्यमवाट रोजगार प्रवर्दन गर्ने प्रयास गरिएकोछ ।

रोजगार प्राप्त हुने अपेक्षित संख्या

| क्र. सं. | प्रस्ताविद क्षेत्र | संख्या दैनिक | ज्याला रु |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | सोरेङ्गखोला/नखुवाखोला दोभान क्षेत्र | १० | 10000 |
| २ | नखुवाखोला/फकुवाखोला दोभान क्षेत्र | ७ | 7000 |
| ३ | पिखुवाखोला सेतिवगर क्षेत्र | ३० | 30000 |
| ४ | घट्टेखोला सिद्देश्वर | ७ | 7000 |
| ५ | शेरा खोला दाम्सिङ क्षेत्र | १५ | 15000 |
| ६ | शेरा खोला रातमाटे क्षेत्र | ७ | 7000 |
| ७ | पिखुवाखोला सिक्तेल दोभान क्षेत्र | ३० | 30000 |
| ८ | घट्टेखोला पोखरे क्षेत्र | ३ | 3000 |
| ९ | अधेरी असिने खोला | १० | 10000 |
| १० | अखुवाखोला माम्लाखा क्षेत्र | ७ | 7000 |
| ११ | पिखुवाखोला वेहेरेदोभान क्षेत्र | ३५ | 35000 |
| | जम्मा | १६१ | 161000 |

## २.६. ढुंगा, गिटी तथा वालुवाको संकलन, तथा प्रयोग वाट हुने आयको रोयल्टी प्रचलनः (Trend of Revenue Collected from the Bidding Royalty Amount):

प्रस्ताविद क्षेत्रवाट नगरपालिकाले नियुक्त गरेको ठेक्केदारवाट निर्माण सामाग्री ढुंगा, गिटी तथा वालुवा प्राप्ति गरिने हुनाले प्रदेश सरकारवाट निर्धारण गरेको रोयल्टी दरवाट स्थानीय सरकार, प्रदेश सरकार तथा केन्द्रीय सरकारलाई देहाय अनुसार आय प्राप्त हुनेछ ।

राजस्व संकलन भएको रकम रु

| क्र. सं. | प्रस्ताविद क्षेत्र | आ.व. २०७५।७६ | आ.व. २०७६।७७ | आ.व. २०७७।७८ |
|---|---|---|---|---|
| १ | सोरेङ्गखोला/नखुवाखोला दोभान क्षेत्र | 0 | 0 | 0 |
| २ | नखुवाखोला/फकुवाखोला दोभान क्षेत्र | 0 | 0 | 0 |
| ३ | पिखुवाखोला सेतिवगर क्षेत्र | 0 | 0 | 740000 |
| ४ | घट्टेखोला सिद्देश्वर | 0 | 0 | |
| ५ | शेरा खोला दाम्सिङ क्षेत्र | 0 | 0 | |
| ६ | शेरा खोला रातमाटे क्षेत्र | 0 | 0 | 0 |
| 7 | घट्टेखोला पोखरे क्षेत्र | 0 | 0 | 216000 |
| ८ | अधेरी असिने खोला | 0 | 0 | |
| ९ | अखुवाखोला माम्लाखा क्षेत्र | 0 | 0 | |
| १० | पिखुवाखोला सिक्तेल दोभान क्षेत्र | 0 | 0 | 545000 |
| ११ | पिखुवाखोला वेहेरेदोभान क्षेत्र | 0 | 0 | |
| | जम्मा | 0 | 0 | 1501000 |

राजस्वका क्षेत्र/ वर्गिकरण

| विवरण | आ.व. २०७५।७६ | आ.व. २०७६।७७ | आ.व. २०७७।७८ |
|---|---|---|---|
| विक्रि शुल्क रु | **0** | **0** | **1501000** |
| अग्रिम आय कर १.५ % | **0** | **0** | **22515.00** |
| मुल्य अभिवृद्दि कर १३% | **0** | **0** | **195130.00** |
| जम्मा संकलन | **0** | **0** | **1718645** |

### ५.१.३ जलाधार क्षेत्र (Basin Hydrology)

भोजपुर नगरपालिका वडा नंवर १ मा दुईपाटामा जलाधार रहेकोछ । जसमा पहिलो पाटो सोरेङ्गखोला क्षेत्र हो । यसको जलाधार अरुणडाडा, छरछरे पाखा भामराङ्ग र डाडावोखिमको भुगोल हो । दोस्रो पाटामा माविङ्ग, नखुवाखोला हो यसको जलाधार क्षेत्र भनेको वाह्हागे, गुम्वा डाडा तथा भामराङ्ग, कुराखामको भुगोल हो । यि दुवै नाकाम र डाडावोखिम पुछारमा मिसिन पुग्दछ । जस्लाई सोरेङ्गखोला नखुवा दोभान भनेर यहा प्रस्ताविद क्षेत्र निर्धारण गरिएकोछ ।

भोजपुर नगरपालिका वडा नंवर २ हेलौछामा दुइवटा जलाधार नै रहेकोछ । पहिलो जलाधारमा फखुवा खोला क्षेत्र हो । यसमा भिरथाप्ला, हात्तिखर्क, तेस्रेवर्से, छोक्ला हुदै हेलौछाको उत्तरि क्षेत्र समेटिएकोछ । भने दोस्रो जलाधारमा सुन्तले वागखोर, हिउखोला, वेतेनी हुदै नखुवाखोला भएर वग्दछ । यि दुवै खोला कुराखाम पुछारमा पुगेर मिसिन्छ । यहाँ पहिलो क्षेत्रमा वग्ने फकुवा खोलामा प्रस्ताव गरिएको छ ।




भोजपुर नगरपालिकाको वडा नंवर ४ र ५ को भुगोललाई समेटेर वग्ने खोलालाई शेरा खोला भनिन्छ । यसलाई पनि दुइ भागमा विभाजन गर्नु उपयुक्त हुने देखिन्छ । वडा नंवर ४ को भुगोलमा वग्ने खोलालाई घट्टेखोला भनिन्छ । यस खोलाको जलाधार क्षेत्र वडा नंवर ४ को सिद्धेश्वर, कातिके हुदै भण्डारीगाउँ क्षेत्र हो । यसै क्षेत्रको घट्टेखोलामा प्रस्ताव गरिएकोछ । अर्को पाटो सिद्धेश्वरको मान्द्रे, कातिके, सुन्तले र वोखिम क्षेत्रको ढुंगे क्षेत्र शेरा खोलाको जलाधार भुगोल हो । यसै शेरा खोलामा प्रस्ताव कार्यान्वयनको लागि प्रस्ताव गरिएकोछ । त्यस्तै यि दुवै घट्टे र शेरा मिसिए पछि दाम्सिङ्ग पुछारमा र रातमाटे क्षेत्रमा प्रस्ताव कार्यान्वयन गर्न प्रस्ताव गरिएकोछ । यो खोलामा वर्षाको समयमा पानीको वहाव वढ्ने गर्दछ, हिउदको समयमा सामान्य रुपमा मात्र पानी वहन्छ ।

भोजपुर नगरपालिकाको वडा नंवर ८ पोखरे र वडा नंवर १० विचमा वग्ने खोलालाई घट्टेखोला भनिन्छ । यो खोलाको जलाधारहरु भोजपुर नगरपालिकाको वडा नंवर ८, ९ र १० का केहि भाग रहेकोछ । वडा नंवर ९ को काफ्ले, हात्तिगौडा, दुम्सिका तथा पोखरे क्षेत्र रहेकोछ । यसै खोलाको मिलन विन्दु विशेष गरेर पोखरे डिहिडाडा छेउमा प्रस्ताव कार्यन्वयन गर्न प्रस्ताव गरिएकोछ । यो खोलामा साना पानि वग्ने गर्दछ ।

भोजपुर नगरपालिकाको वडा नंवर १० भैसिपंखामा दुई क्षेत्रमा वेग्ला वेग्लै जलाधार क्षेत्र रहेकोछ । पहिलो हो असिने- अखुवा खोला क्षेत्र यो भोजपुरको असिने, नोर्पाया, डाडाखर्क क्षेत्रवाट वगेकोछ । यसै दुइ खोलिको मिलन भइ वगेपछि प्रस्ताव कार्यान्वयन गर्न स्थान प्रस्ताव गरिएकोछ । भने अर्को

जलाधार क्षेत्र अधेरी खोला क्षेत्र हो । यो दुवै खोला अखुवा-असिने- अधेरी खोला मिसिएर भोजपुर नगरपालिका वडा नंवर ११ र १० विचमा अखुवाखोला मामलाखा क्षेत्रमा उत्खनन क्षेत्र प्रस्ताव कार्यान्वयन गर्न प्रस्ताव गरिएको छ । यो खोलामा सदावहार पानी भइ रहन्छ ।

पिखुवा खोला भोजपुर जिल्लाकै पानीको स्रोत अनुसार दोस्रो स्थान र लम्वाइ अनुसार पहिलोमा पर्दछ । जलाधारको क्षेत्रमा सवै भन्दा धेरै भुगोल समेटेकोछ । तिम्मा, गुप्तेश्वर, छिनामखु, अन्नपुर्ण नागी खावा, कोट, वोखिम, भोजपुर, दलगाउ, लेखर्क, गोगने, ओख्रे लगाएको गाविसको भुगोल समेटेकोछ । यहा पानी वाहै महिना वहन्छ । वर्षातको समयमा पानीको वहाव  वढेर जान्छ । यो खोलाकिनारहरु भोजपुर नगरपालिका वडा नंवर ३ गुप्तेश्वर सेतिवगर, भोजपुर नगरपालिका वडा नंवर १२ पिखुवाखोला सिक्तेल दोभान क्षेत्र र भोजपुर नगरपालिका वडा नंवर १२ वेहेरेदोभान क्षेत्रमा उत्खनन क्षेत्र प्रस्ताव गरिएकोछ ।

यी माथिका खोलाहरुको पानी सिचाईमा प्रयोग हुन्छ । खानेपानी लागि प्रचुर उपयोग भै रहेकोछ । पानीको मुल तथा मुहान  धेरै भएकोले मानिसहरुले नुहाउने, लुगाधुने मा समेत प्रयोग गर्दछन् । यी खोलाहरुमा वग्ने पानी ८ महिना सफा रहने र ४ महिना वर्षातको समयमा धमिलोपन पाईन्छ । तर यी खोलाहरुमा रसायनिक फोहरमैला नभएको र प्रसस्त मात्रामा जलाचार प्राणिहरु पाईन्छ ।

### ५.१.४ जलवायु तथा हावापानी (Climate)




जलवायू: समसितोष्ण
तापक्रम: अधिकतम २१.५३ डिग्रि सेल्सियस
न्यूनतम - १६.२० डिग्रि सेल्सियस सम्म भालुखोपडाडा हिउदमा
वर्षा: १००५.९ - २१२३.१ मिलिमिटर सम्म
सापेक्षित आर्दता: वर्षायाममा ९० प्रतिशत र हिउदमा ५० देखि ७० प्रतिशत सम्म ।



स्रोतः जिल्लाको वस्तुगत विवरण भोजपुर र गुगल सर्भे ।

### ५.१.५ हावा र पानीको गुणस्तर एवं ध्वनिको मात्रा (Air and Water Quality and Noise Level)

प्रस्तावित निर्माण सामाग्रि संकलन तथा उत्खनन क्षेत्रमा प्राय ग्रामिण वस्ती भएको र कुनै औधोगिक क्षेत्र नभएकोले उक्त स्थानहरुको हावा, पानि तथा ध्वनिको प्रदुषण नभएको देखिन्छ । तर मध्ये पहाडी  राजमार्ग अन्र्तगत सडकक्षेत्रको नजीक धुलो साथै सवारीसाधनको धुवा र ध्वनि प्रदुषण समेत रहेकोछ । पानीको गुणस्तर औषत ८ महिना राम्रो र ३–४ महिना वर्षातको समयमा पानिको मुल तथा मुहान र खोलाहरुमा धमिलोपन पाईन्छ ।

### ५.१.६ भू-उपयोग (Land Use)

नापि विभागको तथ्यांक कृषि सडक विभागवाट उपलब्ध तथ्यांक अनुसार  भोजपुर नगरपालिकाको भू-उपयोग विवरण देहाय अनुसार रहेको छ ।

| | | |
|---|---|---|
| समथर खेतियोग्य जमिन | Vally Cultivation | 75428.53 |
| कडा काठ भएको जंगल | HardWood Forest | 48704911.03 |
| मिस्रित जंगल | Mixed Forest | 10152147.32 |
| वुट्यान जंगल | Shrub Land | 7629418.69 |
| चरणयोग्य क्षेत्र | Grazing Land | 10999670.43 |
| नागी पर्ति जमिन | Slopping Terrace | 427640.4 |
| खुल्ला खेतियोग्य जमिन | Lavel Terrace | 81159206.41 |
| जम्मा क्षेत्रफल वर्ग मिटर | | 159148422.8 |
| जम्मा क्षेत्रफल वर्ग किमि | | 159.14 |

उपरोक्त तालिकालाई पाईचार्टमा उल्लेख गर्दा देहाय अनुसार कायम हुन्छ ।







भोजपुर नगरपालिकाको भू-उपयोग माथि उल्लेख गरिएको तालिका, चार्ट र नक्सामा वृहद उल्लेख गरिएको छ । त्यसको अतिरिक्त प्रस्तावित स्थल /स्थानीय स्रोत संकलन तथा उत्खनन क्षेत्रको भू-उपयोग देहाय अनुसार रहेकोछ ।

| क्र.सं. | प्रस्ताविद क्षेत्र | भू-उपयोग (Land Use) |
|---|---|---|
| १ | सोरेङ्गखोला/नखुवाखोला दोभान क्षेत्र | सोरेङ्गवेशि खेत, नाकाम वेशिखेत र डाडावोखिम खेतका विशाल फाहरु भएकोले खेति जमिन रहेकोछ । वगरक्षेत्र सामान्य रहेकोछ । |

| | | |
|---|---|---|
| | | सो वगर क्षेत्र र साना साना वन जंगलमा अलैचि खेतिको प्रयोग भएको छ । मानव वस्ति छैन। |
| २ | नखुवाखोला/फकुवाखोला दोभान क्षेत्र | अलैचि खेति र वन जंगल रहेकोछ । मानव वस्ति धैरै टाडा र पातलो रहेकोछ । यहा पशुचरिचरण तथा खरवारी रहेकोछ । |
| ३ | पिखुवाखोला सेतिवगर क्षेत्र | वगरक्षेत्रसंग जोडियको भिर तथा जंगल रहेको, मानव वस्ति ४-९ घर रहेको , खेतियोग्य जमिन टाढा रहेको , सडकको आसपास भएको । |
| ४ | घट्टेखोला सिद्देश्वर | खेत तथा वारी रहेकोछ । फाटफुट्ट घर रहेको र दुइचार घर वस्ति रहेकोछ । साना साना वुट्यान रहेकोछ । |
| ५ | शेरा खोला दाम्सिङ क्षेत्र | वगर क्षेत्रसंग जोडियको भिर तथा जंगल रहेको, मानव वस्ति निकै टाढा रहेको , खेतियोग्य जमिन टाढा रहेको , सडकको आसपास भएको । |
| ६ | शेरा खोला रातमाटे क्षेत्र | भिर तथा जंगल रहेको, मानव वस्ति निकै टाढा रहेको , खेतियोग्य जमिन टाढा रहेको , सडकको आसपास भएको । |
| ७ | पिखुवाखोला सिक्तेल दोभान क्षेत्र | वगर क्षेत्रसंग जोडियको सामान्य भिर रहेको, मानव वस्ति निकै टाढा रहेको , खेतियोग्य जमिन टाढा रहेको, पक्कि पुल र सडकको आसपास भएको । हाईड्रोपावरको मुहान र पावरहाउस रहेको । |
| ८ | घट्टेखोला पोखरे क्षेत्र | खेती सामान्य रहेकोछ । साना साना वुट्यान रहेकोछ ।सिचाइ कुलो रहेकोछ । |
| ९ | अधेरी असिने खोला | खेत तथा वारी रहेकोछ । घर वस्ति टाढा रहेको । अलैचि वगान आसपासमा रहेकोछ । सडक र पक्कि पुल आसपासमा रहेकोछ । |
| १० | अखुवाखोला माम्लाखा क्षेत्र | वरिपरि खेत रहेकोछ । वस्ति टाढा रहेकोछ । वगर रहेकोछ । कच्चि सडक र झोलुङ्गे पुल रहेकोछ । |
| ११ | पिखुवाखोला वेहेरेदोभान क्षेत्र | वगर क्षेत्रसंग जोडियको सामान्य भिर रहेको, मानव वस्ति निकै टाढा रहेको , खेतियोग्य जमिन आसपासमा रहेको , पक्कि पुल र सडकको आसपास भएको । हाईड्रोपावरको पावरहाउस रहेको । |

**५.२.१ जैविक वातावरण (Biological Environment):**

वन तथा वनस्पतीः प्रस्ताविद क्षेत्रमा पाईने वनस्पतिहरुमा पाल्ले, चिलाउने, उत्तिस, साल, ढाल्ने, वास, कटुस, गोगन, खन्यू, लाकुरी, मलता, झिगुनी, पैयौ, ऐसेलु , काफल, प्रजातिका रुख विरुवाहरु पाईन्छ ।

म्याम्ल /वन्यजन्तुः प्रस्तविद क्षेत्रमा पाईने वन्यजन्तु हरुमा स्याल, फ्याउरो, चितुवा, वनविरालो, वादर, वाघ, ढेडु, दुम्सि, मिर्ग, लोखर्के, मलसाप्रो, घोरल, सालक, न्याउली आदी वन्य जन्तु पाईन्छ ।

पंक्षि तथा चराचुरुङ्गीः कालिज, वट्याइ, न्याउली, ढुकुर, काग, कुक्कु, लाहाचे, कोकले, लुइचे, जुरेलि, फिस्ट, काडेभ्याकुर, लामपुछ्रे आदी पंक्षिहरु पाईन्छ ।

उभयचर/जलाचारहरुः माछा, भ्यागुता, पाहा, गडेरा, गंगटो, आदी पाइन्छ ।

किटपंतङ्गहरुः माकुरा, भुसुना, लामखुट्टे, झिगा, डाँठ आदी पाईन्छ ।

सरिसृप घस्रने प्रजातिः छेपारो, गोहोरो, सर्प, भालेमुङ्ग्रो सालक आदि पाइन्छ ।

**५.२.२ सामाजिक, आर्थिक तथा सास्कृतिक वातावरण (Socio-economic and Cultural Environment):**

**५.२.४ जात तथा जनजाती (Caste and Ethnicity):**

प्रस्ताविद नगरक्षेत्रमा देहाय अनुसार जातजातीहरु वसोवास गरेको र उनिहरु सवै प्रत्यक्ष रुपमा विकास निर्माण कार्य र व्यक्तिगत निर्माण कार्यमा लाभान्वित हुने भएकोले सो को विवरण यहा समावेश गरिएकोछ ।

| वडा | गाउँ | घर संख्या | जम्मा | लैङ्गिक अनुपात | औषत परिवार संख्या | जनजाति | व्रामण क्षेत्रि | दलित |
|---|---|---|---|---|---|---|---|---|
| १ | भामराङ्ग - डाडवोखिम | ३०९ | १४०७ | ०.८९ | ४.५५ | ९५२ | ३२८ | १२७ |
| २ | हेलौछा | ५६३ | २७१७ | ०.८८ | ४.९६ | १८६२ | ७१० | १४५ |
| ३ | गुप्तेश्वर | ४२० | २८०८ | १.०१ | ४.७८ | १६८८ | ९१२ | २०७ |
| ४ | सिद्देश्वर | ६१७ | ३३६४ | ०.९१ | ५.४५ | १३४६ | १५९३ | २४७ |
| ५ | वोखिम | ६६६ | ३५६६ | १.०१ | ५.३५ | २४५४ | ९०८ | २०४ |
| ६ | पालुवा-भोजपुर | ६३६ | १८१३ | १.०५ | २.८५ | १०६९ | ६२१ | १२३ |
| ७ | भोजपुर | ४१९ | १६७१ | ०.९८ | ३.९९ | ११२१ | २७४ | २७६ |
| ८ | पोखरे-दुम्सिका | २५० | १२९१ | ०.९७ | ५.१६ | ७५९ | ४६८ | ६४ |
| ९ | काफ्ले- भोजुर | ३२१ | १६१५ | १ | ५.०३ | १०२४ | ३७९ | ६४ |
| १० | भैसिपंखा | ५३२ | २६४४ | ०.९८ | ४.९७ | २३६४ | १०८ | १७२ |
| ११ | आम्तेक | ४२२ | २३५४ | ०.९८ | ५.५८ | ९०० | १०३५ | १३५ |
| १२ | टक्सार | ७९८ | ३५७३ | १.०६ | ४.४८ | २३०३ | १०२३ | २४७ |
| | जम्मा | ५९५३ | २८१०० | ०.९८ | ४.७२ | 17842 | 8359 | 2011 |

जातिगत लाभावन्वित विवरणः



भाषागत सेवा ग्राहिको विवरणः




### ५.२.५ शिक्षा तथा साक्षरता (Education and Literacy):

वि.सं. २०६८ सालको जनगणना अनुसार सवै भन्द वढी साक्षरता भएको जिल्ला काठमाण्डौ ८६.२५ % हो । भने सवै भन्दा कम साक्षर जिल्ला रौतहट ४१.६९ हो । भोजपुर जिल्ल्ना ६९.२४% साक्षर भई ३० औ स्थानमा पर्दछ ।

| नेपालको साक्षरता दर | | पूर्वान्चलको साक्षरता दर | | पूर्वि पहाडको साक्षरता दर | | भोजपुर जिल्लाको साक्षरता दर | |
|---|---|---|---|---|---|---|---|
| कुल | ६५.९४ | कुल | ६७.१२ | कुल | ७१.५५ | कुल | ६९.३४ |
| पुरुष | ७५.१४ | पुरुष | ७६.०० | पुरुष | ७९.७६ | पुरुष | ७८.३९ |
| महिला | ५७.३९ | महिला | ५९.०२ | महिला | ६४.३० | महिला | ६१.३८ |

स्रोतः जिल्ला वस्तुगत विवरण २०७१ केन्द्रिय तथ्यांक विभाग तथ्यांक कार्यालय, भोजपुर ।

### ५.२.६ पेशा तथा धर्मः (Occupation, Religion):

लाभान्वित धर्मको आधारमा जनसंख्या विवरण

| वडा नंवर | गाउँ | हिन्दु | वौद | किरात | इसाई | अन्य |
|---|---|---|---|---|---|---|
| १ | भामराङ्ग-डाडावोखिम | ७१३ | ११९४ | ० | ० | ३८ |
| २ | हेलौछा | ५०४ | ७२२ | ३३६ | ९ | १ |
| ३ | गुप्तेश्वर | २१६१ | ४९ | १८६ | २६ | ० |
| ४ | सिद्देश्वर | २८२१ | १०६ | ३८७ | ० | ० |
| ५ | वोखिम | २४४१ | ८९८ | ६०८ | ४० | ० |
| ६ | पालुवा-भोजपुर | १२९७ | ३२८ | ३०१ | ० | ० |
| ७ | भोजपुर | ९२३ | ५४५ | ५२२ | ८ | ० |
| ८ | पोखरे-दुम्सिका | ६०६ | २०८ | १९७ | ० | ० |
| ९ | काफ्ले-भोजपुर | ७०७ | ५५९ | १९३ | २ | ० |
| १० | भैसिपंखा | ७६९ | ४१० | १३९७ | ० | ० |
| ११ | आम्तेक | १८०३ | ३४२ | ९२४ | ५ | ० |
| १२ | टक्सार | ३५२० | १३ | २ | २९ | ० |
| | | १८२६५ | ५२९४ | ५३५३ | ११९ | ३९ |




स्रोतः जिल्ला वस्तुगत विवरण २०७१ केन्द्रिय तथ्यांक विभाग तथ्यांक कार्यालय, भोजपुर ।

### ५.२.७ उर्जा, विजुली एवं. संचार (Electricity, Energy and Communication):

भोजपुर जिल्ला भित्र रहेको सेवा सुविधाहरु मध्ये उर्जा, विजुलि र संचारको विवरण देहाय अनुसार रहेकोछ । नगर क्षेत्रका विवरण यहा प्रस्तुत गरिएको छैन ।

| सि.नं. | विवरण | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | राष्ट्रिय प्रशारणवाट विधुत सेवा प्राप्त | ११०४ | २.९६ |
| २ | लघु जलविधुत गृहवाठ विधुत सेवा प्राप्त | १७११ | ४.५९ |
| ३ | सौर्य उर्जावाट | ८२२१ | २२.०४ |
| ४ | वायो ग्यास | ७३ | ०.२० |
| ५ | विधुत सेवा नपुगेको | २५२६५ | ६७.७४ |
| | जम्मा परिवार संख्या | ३७२९६ | १०० |

स्रोतः जिल्ला वस्तुगत विवरण २०७१ केन्द्रिय तथ्यांक विभाग तथ्यांक कार्यालय, भोजपुर ।

### ५.२.८ खानेपानी एवं. स्वास्थ्यको सुविधा (Drinking Water Supply and Health Facility):

यो खानेपानी तथा स्वास्थ्य सेवाको सुविधा जिल्ला भरीको तथ्यांक रहेकोछ । यसलाई छुट्टै विस्लेषण गरिएकोछैन ।

| सि.नं. | विवरण | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | मुलको धारा | १२४८६ | ३१.२७ |
| २ | पाएपको धारा | १५१७३ | ६३.०५ |
| ३ | ट्वुवेलको धारा | ० | ०.०० |
| ४ | ईनार कुवा जरुवाको पानि नदी आदी | १४३४ | ३.५९ |
| | जम्मा | ३९९२६ | १००.०० |

स्रोतः जिल्ला वस्तुगत विवरण २०७१ केन्द्रिय तथ्यांक विभाग तथ्यांक कार्यालय, भोजपुर ।

### ५.२.९ शौचाय संवन्धि विवरणः

यो शौचालय प्रयोग गर्ने सेवा/ सुविधा जिल्ला भरीको तथ्यांक रहेकोछ। यसलाई छुट्टै विस्लेषण गरिएकोछैन।

| सि.नं. | विवरण | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | पक्कि शौचालय वायो ग्यास जडित | ०.०० | ०.०० |
| २ | पक्कि शौचालय ढल वा सेफ्टी टैकि जडित | ५४०२ | १३.५३ |
| ३ | कच्चि | ८५२८ | २१.३६ |
| | जम्मा | ३९९२६ | ३४.८९ |

स्रोतः जिल्ला वस्तुगत विवरण २०६९ जिल्ला विकास समितिको कार्यालय, भोजपुर ।

### ५.२.१० स्वास्थ्य संवन्धि विवरणः

प्रस्ताव क्षेत्रहरुमा सामान्य रुपमा व्यापारीक प्रयोजनको हिसावले वस्तीहरु रहेकोछ । सो स्थानहरुमा कुनैपनि सरकारी तथा निजीक्षेत्रको स्वास्थ सेवा केन्द्रहरु रहेको छैन तथापी नजिकको वडाको सेवा केन्द्रमा तपशिल मध्येको स्वास्थ सेवा प्राप्त गर्न सकिने देखिन्छ । सेवा कभरेज क्षेत्रको विवरण छलफलमा आधारीत विवरण रहेकोछ ।

| सि.नं. | सेवा कभरेज क्षेत्र | संख्या | जिल्ला | संख्या |
|---|---|---|---|---|
| १ | जिल्ला अस्पताल | १ | ५० शैयाको जिल्ला अस्पताल | १ |
| २ | स्वास्थ्य चौकि सवै वडामा | ११ | जिल्ला भरिमा साविक | ९ |
| ३ | आर्युवेद औषधालय | १ | जिल्ला भरिमा | ३ |
| ४ | खोप क्लिनिक साविक प्रत्येक वडा | ९९ | जिल्ला भरिमा | २०४ |
| ५ | मेडिकल अफिसर | ९ | जिल्ला अस्पतालमा | ९ |
| ६ | ए.एच डव्लु | ११ | प्रत्येक वडामा | ८३ |
| ७ | पव्लिक हेल्थ नर्स | १ | जिल्ला स्वास्थमा | १ |
| ८ | स्टाफ नर्स | ७ | जिल्ला अस्पतालमा | ७ |
| ९ | मलेरिया निरिक्षक | १ | जिल्ला भित्रमा | १ |
| १० | ल्याव एसिस्टेन्ट | ४ | जिल्ला भरिमा | ४ |
| ११ | ए.सि.एच | ५१ | जिल्ला भरिमा | ५१ |
| १२ | प्राथमिक स्वास्थ्य केन्द्र | ० | जिल्ला भरिमा | ३ |
| १३ | उपस्वास्थ चौकि | ५१ | जिल्ला भरिमा | ५१ |
| १४ | गाउघर क्लिनिक | ९९ | जिल्ला भरिमा | १९९ |
| १५ | ए.सि. एच.भि | ९९ | जिल्ला भरिमा | ५६७ |
| १६ | ई.पि.सुपरभाईजर | १ | जिल्ला भरिमा | १ |
| १७ | परिवार नियोजन सहायक | १ | जिल्ला भरिमा | १ |
| १८ | ल्याव प्राविधिक र रेडियो ग्राफर | १/१ | जिल्ला भरिमा | १/१ |
| १९ | ए.एन. एम. | १४ | जिल्ला भरिमा | २० |
| २० | डार्क रुम एसिस्टेन्ट | १ | जिल्ला भरिमा | १ |
| २१ | भि.एच. डव्लु | ३७ | जिल्ला भरिमा | ५१ |

स्रोतः जिल्ला स्वास्थ कार्यालय भोजपुर

५.२.१२ धार्मिक, सास्कृतिक एवं. ऐतिहासिक स्थलहरु (Religious, Cultural and Historical Sites):

| क्र.सं. | प्रस्ताविद क्षेत्र | धार्मिक, सास्कृतिक एवं. ऐतिहासिक स्थलहरु (Religious, Cultural and Historical Sites): |
|---|---|---|
| १ | सोरेङ्गखोला/नखुवाखोला दोभान क्षेत्र | डाडावोखिमकोगाउमा शिवालय रहेकोछ । छरछरे |

| | | |
|---|---|---|
| | | पखुवादेवी मन्दिर छ । धैरे माथि यसमा कुनै प्रभाव पर्दैन । |
| २ | नखुवाखोला/फकुवाखोला दोभान क्षेत्र | आसपासमा कुनै सास्कृतिक सम्पदा तथा मन्दिरहरु छैन । |
| ३ | पिखुवाखोला सेतिवगर क्षेत्र | पशुपति मन्दिर तिम्मा रिमचिमा रहेकोछ । अन्य क्षेत्रमा मन्दिर, धार्मिक आस्थाका धरोहरहरु नजिक रहेको छैन । |
| ४ | घट्टेखोला सिद्देश्वर | आसपासमा कुनै सास्कृतिक सम्पदा तथा मन्दिरहरु छैन । |
| ५ | शेरा खोला दाम्सिङ क्षेत्र | भोजपुर वजार क्षेत्र, दावा वजार क्षेत्र र सिद्देश्वर तथा वोखिम क्षेत्रका मानिसको अन्त्यष्टी गर्ने घाट रहेकोछ । यसवाट कुनै असर गर्दैन । |
| ६ | शेरा खोला रातमाटे क्षेत्र | आसपासमा कुनै सास्कृतिक सम्पदा तथा मन्दिरहरु छैन । |
| ७ | पिखुवाखोला सिक्तेल दोभान क्षेत्र | आसपासमा कुनै सास्कृतिक सम्पदा मन्दिरहरु छैन । |
| ८ | घट्टेखोला पोखरे क्षेत्र | वेवारिसे मानिस मर्दा पोल्ने घाट रहेकोछ । |
| ९ | अधेरी असिने खोला | यहा कुनै सास्कृतिक सम्पादा छैन । |
| १० | अखुवाखोला माम्लाखा क्षेत्र | भोजपुर वजार क्षेत्र, टक्सार वजार क्षेत्र क्षेत्रका मानिसको अन्त्यष्टी गर्ने घाट रहेकोछ । यसवाट कुनै असर गर्दैन । |
| ११ | पिखुवाखोला वेहेरेदोभान क्षेत्र | भोजपुर वजार क्षेत्र, टक्सार वजार क्षेत्र क्षेत्रका मानिसको अन्त्यष्टी गर्ने घाट रहेकोछ । यसवाट कुनै असर गर्दैन । |

**५.२.१३ अन्य आर्थिक आय (Other Economic Income):**

अन्य सामुदायिक संरचनाहरु संस्थागत रुपमा भएको ।

**५.२.१४ अन्य सामुदायिक संरचना तथा स्थलहरु (Other Community Infrastructures):**

अन्य सामुदायिक संरचनाहरु संस्थागत रुपमा भएको ।

## परिच्छेद-६: प्रभाव विश्लेषण

प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावहरुः यस अन्तरगत निर्माण चरण र संचालनको अलग अलग रुपमा विषयगत क्षेत्रहरुको अवयवहरु समेत समेटी उल्लेखित तालिका बमोजिमको प्रभाव उल्लेख गर्ने ।

(आयोजनाको निर्माण पूर्वको चरणमा समेत कृयाकलापहरु संचालन हुने भएमा सो समेतको प्रभावहरु उल्लेख गर्ने)

| विषयगत क्षेत्र | सकारात्मक प्रभाव | नकारात्मक प्रभाव |
|---|---|---|
| | प्रभावहरुको विश्लेषणात्मक विवरणको आधारमा प्रभावहरुको जानकारी | प्रभावहरुको विश्लेषणात्मक विवरणको आधारमा प्रभावहरुको जानकारी |
| भौतिक तथा | **प्रस्ताविद क्षेत्र निर्धारण तथा भु-** | **प्रस्ताविद क्षेत्र निर्धारण तथा भु-** |

| | | |
|---|---|---|
| रासायनिक | **उपयोगमा पर्ने असर (Delineation of Zone of Influence) (ZoI):**<br>प्रस्ताविद प्रभाविद क्षेत्र १०० देखि ५०० मिटर सम्म प्रत्यक्ष प्रभाव पर्ने अनुमान गरिएकोछ ।<br>प्रस्तावित क्षेत्रको ५०० मिटर सम्मको दुरीको क्षेत्रमा देहाय अनुसार सकरात्मक प्रभाव पर्नेछ ।<br>यो क्षेत्रमा दैनिक उपभोगका सामाग्रि तथा औधोगिक सामाग्रिको ढुवानी सहज हुनेछ र पहुँच मार्गको वरिपरि आसपासको समुदायका विरामी, जेष्ठ नागरिक तथा आशक्तलाई यातायात सुविधा र वस्ति क्षेत्रको कृषि उत्पादन वजार सम्म पुराउन सहज हुनेछ ।<br>ढुंगा, वालुवा, गिट्टी संकलन तथा ढुवानी कार्यमा प्रयोग हुने साधनको भरपुर उपयोग गर्न सकिनेछ । कृषिजन्य, वनजन्य उत्पादनलाई वजार सम्म पुराउन, कृषि मल औजार लान ल्याउन सहज हुनेछ ।<br>प्रस्ताविद उत्खनन् क्षेत्रमा साना लगानीका खुद्रा पसल, चिया पसल, खाना खाने वास वस्ने व्यवसाय संचालन गर्न सकिनेछ । केहि ठुला व्यापरहरु कृषि उत्पादनका ढुवानी, काठपात ढुवानी जस्ता व्यवसाय संचालन गर्न सकिनेछ ।<br>सवारी साधका चालक, सहचालक, संकलनकर्ता जस्ता रोजगार सृजना हुनेछ ।<br>सवारी साधनका केहि पार्टपुर्जा तथा मर्मत गर्ने जनशक्ति भएमा सोको सेवा संचालन गर्न सकिनेछ । | **उपयोगमा पर्ने असर (Delineation of Zone of Influence) (ZoI):**<br>प्रस्ताविद प्रभाविद क्षेत्र निम्नानुसार तिन भागमा वर्गिकरण गरिएकोछ ।<br>**१.वढी असर गर्ने क्षेत्र (High Impact Area-HIA)**<br>प्रस्तावित क्षेत्रको १००-१५० मिटर सम्मको दुरीको क्षेत्र वढी असर गर्ने क्षेत्र हुन।<br>निर्माण सामाग्रीको संकलन, उत्खनन् तथा ढुवानी कार्य गर्दा प्रस्ताविद क्षेत्रको १००-१५० मिटर सम्मको दुरीको क्षेत्र र पहुँच मार्गको वरिपरि आसपासको समुदाय तथा वस्ति क्षेत्रमा धुवा, धुलो, सवारि साधनको आवजले असर पर्दछ ।<br>**२. मध्यम असर गर्ने क्षेत्र (Medium Impact Area -MIA)**<br>प्रस्तावित क्षेत्रको १५०-५०० मिटर सम्मको क्षेत्र मध्यम असर गर्ने क्षेत्र हुन।<br>निर्माण सामाग्री ढुंगा गिटि तथा वालुवा संकलनले वन जंगलमा सामान्य प्रभाव पार्नेछ।<br>ढुंगा, वालुवा, गिट्टी संकलन तथा ढुवानी कार्यमा अनियन्त्रित उत्खनन भएमा यसले पहिरो जान सक्ने, धुवा र धुलोको प्रदुषण वढाउने खतरा उत्पन्न हुनेछ ।<br>**३. सामान्य असर गर्ने क्षेत्र (Simple Impact Area -SIA)**<br>प्रस्तावित क्षेत्रको ५०० मिटर भन्दा माथी यसको असर त्यति देखिन सक्दैन । प्रस्ताविद कार्य संचालन भएपछि फोहरमैला व्यवस्थापनमा केही प्रभाव देखिन सक्छ, उत्खनन् नियन्त्रण भन्दा वाहीरको परिस्थिति भएमा मात्र विपद आउन सक्ने सम्भावना रहन्छ ।<br>उत्खनन् तथा ढुवानीमा मेशिनरी सामाग्रीको प्रयोग भएमा मात्र पेट्रोल, डिजेल, मोविल जस्ता रसायनहरु चुहावट हुने भएकोले त्यो खासै प्रयोग नहुने भएकोले कुनै प्रभाव हुदैन । |
| जैविक | प्रस्ताविद क्षेत्र प्रायजसो खोलाका जलाचर प्राणि माछा, भ्यागुता, गडेरा प्रजातिको वासस्थान, आहारा तथा विहारमा | प्रस्ताविद क्षेत्र प्रायजसो खोलाका किनार, पानिजमेको पोखरी वा दहमा भएकोले जलाचर प्राणि माछा, भ्यागुता, |

| | | |
|---|---|---|
| | रोकथाम तथा जनचेतनामुलक कार्य संचालन गर्दा स्थानीय समुदायले ज्ञान पाउने, शिप सिक्ने तथा धारणामा परिवर्तन आइ विकल्पमा माछा पालन व्यवसाय समेत संचालन गर्न सक्नेछ । | गडेरा प्रजातिको वासस्थान, आहारा तथा विहारमा प्रभाव पार्नेछ । उक्त प्रजातिको जिवनचक्र, यातायात र जिवनमै प्रभाव पर्ने भएकोले रोकथाम तथा जनचेतनामुलक कार्य गरिनु पर्नेछ । |
| सामाजिक - आर्थिक | खरिद, संकलन तथा उत्खनन र ढुवानी (कार्य र विधि) (Collection/Extraction and Transportation (Activities and Methods): स्थानीय सामाग्रीहरु ढुंगा, गिटी, वालुवा तथा ग्रावेलहरु नगरपालिकाले सार्वजनिक खरिद प्रकृयामा सहभागी भइ ठेकेदार वन्न पाउनेछ । अन्य ठेकेदारले उपलव्ध गराउन नसकेको अवस्थामा सम्वन्धित सरोकारवालाको स्वीकृत लिई राजस्व वुझाई आयोजना को लागी नीजि जमिनका सामाग्रीहरु विक्रि वितरण गर्न सक्नेछ । उत्खनन् तथा संकलन कार्यमा मानव संसाधन रोजगार पाउनेछ । निर्माण सामाग्री ढुवानी गर्न ट्रक तथा ट्याक्टर खरिद गरि प्रयोग गर्न सक्नेछ । | खरिद, संकलन तथा उत्खनन र ढुवानी (कार्य र विधि) (Collection/Extraction and Transportation (Activities and Methods): स्थानीय सामाग्रीहरु ढुंगा, गिटी, वालुवा तथा ग्रावेलहरु नगरपालिकाले सार्वजनिक खरिद प्रकृयावाट करार गरेको ठेकेदारवाट सम्पादन गरिने र ठेकेदारले उपलव्ध गराउन नसकेको अवस्थामा सम्वन्धित सरोकारवालाको स्वीकृत लिई राजस्व वुझाई आयोजना आफैले संकलन तथा उत्खनन गरिने व्यवस्था मिलाइनेछ । उत्खनन् तथा संकलन कार्यमा मानव संसाधन प्रयोग गरिनेछ । मेसिनरी व्रेकर तथा डोजर औजारहरु पूर्व स्वीकृती विना प्रयोग गरिनेछैन । निर्माण सामाग्री ढुवानी कार्यमा सडक विभागले निर्धारण गरेको भारवहन मापदन्ड अनुसारको ट्रक तथा ट्याक्टरको प्रयोग गरिनेछ । |
| सास्कृतिक | सामाग्रि उत्खनन् तथा संकलनमा रहेको श्रमिकहरुका कारण सास्कृतिक आदान प्रदान हुने । ऐतिहासिक तथा सास्कृतिक महत्वका सम्पदा शवदाहस्थल अझ व्यवस्थित हुने । | सामाग्रि उत्खनन् तथा संकलनमा रहेको श्रमिकहरुका कारण सास्कृतिक विचलन (मदपान, लैगिक हिंसा, यौनजन्य गतिविधि) आउन सक्नेछ । ऐतिहासिक तथा सास्कृतिक महत्वका सम्पदा शवदाहस्थलमा कुनै क्षति, रोकावट वा विचलन आउनेछैन । |

## परिच्छेद -७:
## प्रस्ताव कार्यान्वयनका विकल्पहरु
## (Alternatives for the Implementation of the Proposal):

प्रस्ताविद कार्य संपादन गर्न, ढुंगा, गिटी, वालुवा तथा मिस्कट संकलन तथा उत्खनन एवं ढुवानी गर्दा निम्न विकल्पहरुमा समेत अध्ययन गरि विवरण प्रस्तुत गरिएकोछ।

### ७.१ प्रस्तावक विकल्प कार्यान्वयन नगर्ने (No Proposal option):

भोजपुर नगरपालिकाको जनसंख्या वृद्धि संग सगै विकास निर्माणका कार्यहरु पनि वार्षिक रुपले वढिरहेका छन् । उक्त विकास निर्माण कार्यलाई संघिय सरकार, प्रदेश सरकार तथा स्थानिय सरकारको

नेतृत्वमा आवश्यक नीति निर्माण गरि वजेट विनियोजन गरिदै आएकोछ । उक्त विकास निर्माणको लागि निर्माण सामाग्रिको प्रयोग विना निर्माणको काम हुनै सक्दैन । यदि निर्माण काम गर्न निर्माण सामाग्रीहरु कित जिल्ला वाहिर वा विदेश वाट आयत गर्नु पर्छ । कित स्थानीय स्रोत सामाग्रीको उत्खनन गरि प्रयोग गर्नु पर्छ । ढुंगा, गिटि, वालुवाहरु जिल्ला वाहिर वा विदेशवाट आयात गर्न समय, मुल्य, लागत र गुणस्तरका कारण संभव छैन / हुदैन । तसर्थ यसको निर्विकल्प विकल्प भनेकै स्थानीय स्रोत सामाग्रीको पहिचान गर्ने, खोज तथा अन्वेषण गर्ने, नियम कानुनको प्रकृया पुरा गरि उत्खनन् गर्ने, विक्रि वितरण गर्ने हो । यो कामको जिम्मा स्थानीय सरकार संचालन ऐन २०७४ ले नगरपालिका/गाउँपालिकालाई किटान गरेकोछ । नगरपालिका/ गाउँपालिका वाहेक अन्यले गर्ने नै सक्दैन । तसर्थ ढुंगा, गिटी तथा वालुवा उत्खनन गर्न निर्विकल्प विकल्प मध्ये संक्षिप्त वातावरणीय अध्ययन एक विकल्प रहेकोछ ।

कतिपय निर्माण सामाग्रिहरु वर्षादको समयमा भेल बाढीले ल्याई थुपारेको ढुंगा, गिटी, वालुवा प्रसस्त मात्रामा पाईने भएपनि PUBLIC TRUST DOCTRINE को सिदान्त अनुसार स्थानिय सरकार को क्षेत्राधिकार भित्र पर्ने, र सो संवन्धि नियमन गर्ने, प्रयोग गर्ने अधिकार स्थानिय तहमा नै भएकोले नगरपालिकाले प्रचलित कानुन अनुसार यो पालना गर्नु /गराउनु पर्ने हुन्छ ।

साथै सो स्थानहरुमा पानीको सतह वढ्न गई खोलाको अवस्थीति र वहाव अव्यवस्थित भई नजिकको वस्ती, खेतिमा पसेर वालि नष्ट हुने, खेतियोग्य जमिनमा थुप्रिन सक्ने हुन्छ । यसले विपद/ वातावरणीय समस्या आउन सक्ने भएकोले सो समस्यालाई व्यवस्थित गर्दै स्थानिय निर्माण सामाग्रिहरु ढुंगा, गिटी, वालुवाको खरिद/ प्राप्ती/ उत्खनन गरि निर्माण कार्यलाई पनि निरन्तरता दिन, रोजगारीको अवसरलाई समेत अभिवृद्धि गर्न यो प्रस्तावको प्रस्ताव कार्यान्वयन नगर्ने विकल्प नभएको देखिन्छ । तसर्थ सन्तुलित तथा वातावरणमा असर नपर्ने हिसावले स्थानीय निर्माण सामाग्रीहरु ढुंगा, गिटी, वालुवाको प्रयोग गर्नुको विकल्प नभएकोले यस प्रस्ताबको औचित्य पुष्टि भएको देखिन्छ । प्रस्ताव कार्यान्वयन नगर्ने विकल्पमा छनौट भएमा त्यसले झन वातावरणमा नकारात्मक असर ल्याउने प्रष्ट देखिन्छ ।

७.२ ढुंगा गिट्टी तथा वालुवा संकलन तथा उत्खननका लागि मुख्य रुपमा तिनवटा वैकल्पिक विधि अपनाइनेछ । त्यो विधिहरुमध्ये पहिलो विकल्प भनेको प्राकृतिक रुपमा थुप्रिएको र हाल सम्म कसैले नचलाई राखेको खानी क्षेत्रमा उत्खनन गर्ने । दोस्रो विधि भनेको साना साना खोल्सिमा रहेको पोखरीमा भलवाडीवाट वगाइ ल्याएको वालुवा तथा मिस्कट जमाउने र झिक्ने खेति प्रणालि विधि र तेस्रो विधिमा प्राकृतिक रुपमा पहिले त्यस स्थानमा नभएको तर मानविय क्रियाकलाप/प्राकृतिक विपदका कारण थुप्रिने/ वगेर आएकोलाई हटाउदा निस्कने र सो सामाग्रीलाई विक्रि वितरण गर्ने विधि अपनाइनेछ ।

७.१ डिजाइन

साधरण निर्माणजन्य सामाग्रिहरु ढुंगा, गिट्टि तथा वालुवा संकलन वा उत्खनन गर्ने स्थान निश्चित / निर्धारित गरिएको छ। उक्त तोकिएको स्थानवाट मात्र संकलन तथा उत्खनन गरिनेछ । उत्खनन् गरिने स्थान (ढुंगा/ गिटि/ वालुवा/मिस्कट हरु संकलन / उत्खनन र ढुवानी) निर्धारण गरि अनुसुचिमा उल्लेखित नक्सामा देखाइएकोछ ।

उक्त स्थानको संचालन तथा व्यवस्थापन सार्वजनिक खरिद ऐन तथा नियमावलि अनुसार ठेक्का पट्टा मार्फत करार गरेको व्यक्ति रहने भएकाले सो मार्फत व्यवस्थापन गरिनेछ ।

निर्माण सामाग्रीहरु प्राप्त हुन नसकेको अवस्थामा आयोजना आफैले यसै प्रतिवेदनमा उल्लेख गरिएको क्षेत्रवाट वा तोकिएको क्षेत्रवाट संकलन गर्न व्यवस्था मिलाउन सकिनेछ ।

निर्माण स्थल तथा संकलन क्षेत्र निर्धारण गर्दा वातावरणीय हिसावले कम क्षति हुने क्षेत्रहरु कायम गरिएको थियो तथापि निम्न **चार विकल्पका क्षेत्र**हरु समेत समावेश गरिएकोछ ।

**सडक विस्तार गर्दा नजिक पर्ने स्थान:**
निर्माण सामाग्री संकलन तथा उत्खनन गर्दा वातावरणीय हिसावले सन्तुलन नविग्रने, कृषिजमिनमा क्षेति नहुने, सामाजिक संरचनाहरुमा असर नपर्ने गरि छोटो दुरीको सडक संजाल प्रयोग गरी संकलन गर्न सकिने क्षेत्रलाई वैकल्पिक प्रस्तावको रुपमा राखिएकोछ ।

**वनक्षेत्र तथा वस्तीको टाढा पर्ने स्थान:**
निर्माण सामाग्रीहरु वनजंगल साथै मानव वस्ती भन्दा टाढा रहनुपर्ने साथै सवारी सधनहरु गुड्ने वैकल्पिक सडक संचालनहरु भएमा कम असर पर्ने सडक संजालको प्रयोगको विकल्प प्रस्तुत गरिएकोछ ।

**वैकल्पिक क्षेत्रको खोजि:**
निर्माण सामाग्रीहरुको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनले तोकेको परिमाण भन्दा बढी नहुने गरी कुनै स्थानवाट खपत गरिने विकल्प प्रस्तुत गरिएकोछ ।

**बैकल्पिक संकलन व्यवस्था:**
नगरपालिकाले ठेक्का लगाएको स्थानका ढुंगा, गिटि वालुवा मिस्कट संकलन / उत्खनन स्वीकृत क्षेत्रमा ठेक्कापट्टावालाको जनशक्ति अभाव भई वा कुनै कारणवाट अभाव सृजना हुने अवस्था भएमा वा प्रकोप व्यवस्थापन गर्नु पर्ने अवस्था भएकमा कार्यालय वा आयोजनाले आवश्यक भएको अवस्थामा प्रयोग गरिने विकल्प प्रस्तुत गरिएको छ ।

७.२ आयोजनास्थल

यस प्रतिवेदनमा निर्धारण गरिएको वा उल्लेख गरिएको स्थलमा कुनै प्राकृतिक विपति वा यस प्रतिवेदन तयारी गरेपछि स्वीकृत आयोजना वा कार्यक्रमका कारण केहि मिटर वरपर वा तलमाथी गर्न सकिने गरि प्रतिवेदन तयारी गरिएको छ ।

७.३ प्रविधि

प्रस्ताविद प्रस्तावमा उल्लेख गरिए अनुसार सकेसम्म मानव स्रोतको उपयोग गरिनेछ । कथंकदाचित उक्त तोकिएको स्थानमा प्राकृतिक विपदका कारण वा भौगर्भिक कारण समस्या सृजना भएको अवस्थामा मेशिनरी उपकरणको उपयोग गर्न वाधा नपार्नेगरि प्रतिवेदन तयार गरिएकोछ ।

७.४ समय तालिका विधि

**वैकल्पीक समय तालिका एवं विधि (Alternative schedule and process):**
यो संक्षिप्त वातावरणीय अध्यायन प्रतिवेदन प्रदेश वातावरण संरक्षण ऐन तथा नियमावलि २०७७, संघिय वातावरण संरक्षण ऐन तथा नियमावलि र मापदण्ड तथा परिपत्र अनुसारको समय तालिका पालना गर्ने गरि तयार गरिएकोछ ।

**वैकल्पीक सम्पदा (Alternative Resources)**
विकास निर्माण कार्य संचालन गरिदा निर्माण सामाग्रीहरुको विक्रि वितरण तथा व्यवस्थापन नगरपालिकाले ठेक्का पट्टा लगाईएको ठेकेदार मार्फत राजश्व संकलन गरिने नीति तथा कानुनि परम्परा रहेकोछ । तर नगरपालिकाले निर्धारण गरेको स्थान भन्दा वाहिरका सार्वजनिक तथा नीजि स्थलहरुबाट निर्माण सामाग्रीको प्रयोग गर्नु पर्ने भएमा स्थलहरुको खोजि गरि पुन संवन्धित निकायवाट स्वीकृती गराई निर्माण सामाग्रिको उपयोग वापतको राजश्व रकम वुझाई प्रयोग गरिने विकल्प प्रस्ताव गरिएकोछ ।

## परिच्छेद - ८:
## वातावरणीय प्रभाव तथा व्यवस्थापन योजना

वातावरणीय प्रभाव न्यूनिकरणका उपायहरु र वातावरणीय व्यवस्थापन योजना **(Impact Identification, Prediction and Evaluation):**

यस अन्तर्गत निर्माण चरण र संचालनको चरणको अलग अलग रुपमा प्रस्तावले विषयगत क्षेत्रहरुको अवयवहरु पार्ने प्रभाव समेत उल्लेख गरि उल्लेखित तालिका बमोजिमको वातावरणीय व्यवस्थापन योजना सहितको वातावरण प्रभाव न्यूनीकरणका कृयाकलापहरु उल्लेख गर्ने (आयोजनाको निर्माण पूर्वको चरणमा समेत कृयाकलापहरु संचालन हुने भएमा सो समेतको प्रभावहरु उल्लेख गर्ने) ।

| **सकरात्मक प्रभाव विष्लेषण तालिका** | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| विषयगत क्षेत्र | सकारात्मक प्रभाव | सकारात्मक प्रभावको वढोत्तरीका कृयाकलापहरु | कसरी गर्ने | कहिले गर्ने | कस्ले गर्ने | अनुमानित जनशक्ति, बजेट र समय | अनुगमन तथा मूल्यांकन गर्ने निकाय |
| भौतिक वातावरण (Physical Environment) : | | | | | | | |
| जल उत्पन्न प्रकोप (वाढी पहिरो ) | खोला किनारमा निर्माण सामाग्री जम्मा हुने (ढुंगा, वालुवा तथा मिस्कट) | वर्षातको वेला खोला सतह वढ्ने भएकोले किनारमा खाल्डा वनाइ सामाग्री संकलन गर्ने सकिने । | तोकेको स्थानमा वर्षातको समयमा खाल्डाको सामाग्री श्रमिकले डिपोमा जम्मा गर्ने । | अषाढ, साउन र भाद्र महिना | नगरपालिकाको स्वीकृतिमा ठेकेदारले गर्ने | अदक्ष श्रमिक र जिप्रका वाट निर्धरण गरेको ज्याला दर मा समय विहान ८ वजे देखि वेलुका ६ वजे सम्म | नगरपालिका, जिप्रका, नागरीक समाज तथा सरकारी निकाय |
| सडक तथा बाटोमा आउने प्रभाव | सडक नियमित मर्मत संभार हुनेछ । सडक नया खुल्नेछ । | उत्खनन् स्थल देखि निर्माण स्थल सम्म ढुवानी गर्दा मर्मात गरिने हुन्छ । | नया ट्र्याक खोल्ने र नियमित मर्मत संभार गर्ने । | आवश्यकता अनुसार | नगरपालिका / ठेकेदारले | आवश्यकता अनुसार असोज / कार्तिकमा । | नगरपालिका तथा वडा कार्यालय |
| भवनहरु | पक्कि विल्डिङ्ग वन्नेछ । | घर स्कुल भवनहरु वनाउन सकिने । | भवन संहिता र मापदण्ड कडाई गरेर | नियमित | नीजि तथा सरकारी निकाय | आवश्यकता अनुसार | नगरपालिका |
| डम्पिङ्गसाईट तथा फोहरमैला | फोहरमैला तथा खेरजाने | फोहरमैला तथा खेरजाने सामाग्रीको | तोकिएको स्थानमा फोहरमैलाको वस्थापन गर्ने। | आवश्यकता अनुसार | नगरपालिका र ठेकेदार | आवश्यकता अनुसार | नगरपालिका |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| व्यवस्थापन केन्द्र स्थापना | सामाग्रिको व्यवस्थापन गर्ने | व्यवस्थित व्यवस्थापनले प्रदुषण नियन्त्रण वढाउदछ । | जथाभावी उत्खनन गरी ठुला खाडलहरु वनाउन नपाईने। फोहरमैलाहरु पानीको स्रोतमा नफाल्ने । खन्ने तथा पुर्ने कार्यमा सन्तुलन कायम गर्ने । वरिपरिको जमिनमा जैविकप्रविधि अपनाउने वृक्ष रोपण गर्ने । | | | | |
| वाटो, सडक संजाल | वढ्छ | स्थानीय स्तरको वैकल्पिक मार्गहरुको प्रयोग | सडक निर्माण भई रहेको स्थानको प्रयोग गरिने | आवश्यकता अनुसार | नगरपालिका र ठेकेदार | आवश्यकता अनुसार | नगरपालिका |
| रसायनिक वातावरण क्षेत्र (Chemical Environment): | | | | | | | |
| इन्धन, लुब्रीकेन्टस, आदिको प्रयोग र व्यापर | हुन्छ | निर्माण सामाग्री ढुवानी गर्ने सवारी साधनहरुवाट उक्त रसायनहरुको प्रयोग हुन सक्दछ । | मेशिनरी औजार तथा समाग्रीहरुको नियमित चेकजाच गर्ने केन्द्र र पसल हुन सक्छ । | आवश्यकता अनुसार | नीजि व्यापरि वर्ग | आवश्यकता अनुसार | नगरपालिका/ उद्योग वाणिज्य संघ |
| जैविक वातावरण क्षेत्र (Biological Environment): | | | | | | | |
| जलचर तथा वन्य जन्तु प्राणिमा पर्ने प्रभाव | सामान्य | निर्माण सामाग्री संकलन कार्यमा जलचर प्राणिको वासस्थानमा संरक्षणको चेतना वृद्दि हुन सक्छ । | निर्धारित क्षेत्रमा जनचेतनामुलक कार्यक्रम संचालन गरिने । | नियमित सधै गर्ने | ठेकेदार र सरकारी निकाय | आवश्यकता अनुसार | नगरपालिका/ जिल्ला प्रशासन कार्यालय, प्रहरी कार्यालय |
| वन्य जन्तुको वासस्थान तथा आवतजावत | सामान्य | ढुवानीका साधनको आवजले वनक्षेत्रका वन्यजन्तुहरु त्रसित हुने । | ढुवानीका साधन प्रवेश वनक्षेत्रमा नगर्ने र तोकिएको स्थानवाट मात्र प्रयोग गरिने । ध्वनि नियन्त्रण गरिने । | नियमित सधै गर्ने | ठेकेदार | आवश्यकता अनुसार | नगरपालिका/ जिल्ला प्रशासन कार्यालय, प्रहरी कार्यालय |
| गैर कानुनी शिकार | सम्भावना रहेको | सामाग्री संकलन तथा उत्खनन क्षेत्रमा बढ्दो | कामदारलाई जंगलि जन्तुलाई तर्साउने, शिकार गर्ने जस्ता | नियमित सधै गर्ने | ठेकेदार | आवश्यकता अनुसार | नगरपालिका/ जिल्ला प्रशासन |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | मानव गतिविधीले वन्यजन्तुको चोरि शिकारीको कानुनी चेतना वृद्धि हुन सक्छ । | कार्यमा रोक लगाउने । रात्रिकालिन समयमा ढुवानी कार्य नगर्ने । कामदारलाई वन्यजन्तु संवन्धि ऐन, कानुन, नीति तथा नियमहरु प्रति सचेत गराउने । | | | | कार्यालय, प्रहरी कार्यालय |
| वन्यजन्तु एवं वनपैदावरको गैरकानुनी व्यापार | सम्भावना रहेको | सामाग्री संकलन तथा उत्खनन क्षेत्रमा बढ्दो मानव गतिविधी र वन पैदावरको गैर कानुनी व्यापरमा नियन्त्रण हुन सक्छ । | कामदारलाई सो विषयका संवन्धि ऐन, कानुन, नीति तथा नियमहरु प्रति सचेत गराउने । | नियमित सधै गर्ने | ठेकेदार | आवश्यकता अनुसार | नगरपालिका/ जिल्ला प्रशासन कार्यालय, प्रहरी कार्यालय |
| सामाजिकआर्थिक क्षेत्र-(Socio-economic Environment): | | | | | | | |
| आयस्रोत एवं. रोजगारीको अवसर | वढ्छ | स्थानीय वसोवास गर्ने समुदायलाई रोजगारीको अवसर प्रदान गरिने । आर्थिक गतिविधि वढाउन सवन्धित निकाय संग समन्वय गरिने | मानव संसाधनको उपयोगमा वढाव दिने | असोज देखि जेष्ठ सम्म | ठेकेदार | आवश्यकता अनुसार | नगरपालिका र ठेकेदार |
| स्थानीय सरकारको राजस्व | वढ्छ | निर्माण सामाग्रीहरुको प्रयोगमा वृद्दी, मु.अ.कर तथा स्रोत उपयोग करको माध्यम वाट । | स्थानीय व्यावसायीहरुको व्यापरमा वृद्धि | आवश्यकता अनुसार | नगरपालिका र ठेकेदार | आवश्यकता अनुसार | नगरपालिका |
| विकास निर्माण सामाग्रीको उपलव्धता | वढ्छ | तोकिएको स्थानवाट निर्माण सामाग्रीहरु वेचविखन गरि राजश्व संकलन गर्नुपर्ने भएकोले प्रयोगमा | नगरपालिकावाट लगाईएको स्थान र व्यक्ति वाट कारोवार गर्ने | आवश्यकता अनुसार | नगरपालिका र ठेकेदार | आवश्यकता अनुसार | नगरपालिका |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | प्रभावकारी हुने, साथै विक्रि वितरण वढने। वैधानिक ढंगले प्रयोग हुने र सवै पक्षलाई फाईदा पुग्ने | | | | | |
| जनसंख्या | वढ्छ | स्थानिय वजार विस्तार भए संगै वसाई सरी आउनेको संख्या वृद्धि भएकोले जनसंख्या वढ्छ | आधुनिक रुपले सुधारीएको भवन निर्माण गर्ने | आवश्यकता अनुसार | नगरपालिका | आवश्यकता अनुसार | नगरपालिका |
| खेतियोग्य जमिन एवं. कृषिजन्य सामाग्री | वढ्ने / | वाढी नियन्त्रण र धुप्रियको वालुवा तथा गेग्रान झिकिने | कृषि उपजमा वृद्धि गर्न सघाउ पुग्ने | आवश्यकता अनुसार | नगरपालिका | आवश्यकता अनुसार | नगरपालिका |
| खोला विस्थापन | हुदैन | निस्चित स्थानमा मात्र झिकिने भएकोले खोल्सिहरु अतिक्रमण गरिदैन | खोलाको भाग छाडेर निर्माण गरिने | आवश्यकता अनुसार | नगरपालिका र ठेकेदार | आवश्यकता अनुसार | नगरपालिका |
| वजार आउने मानिसको सुरक्षा | वढ्छ | आधुनिक भवन निर्माण गरिने भएकोले मानिसको स्वास्थमा सुरक्षा वृद्धि हुन्छ | मानिस ओहोर दोहोर गर्ने स्थान छाडेर निर्माण गर्ने | आवश्यकता अनुसार | नगरपालिका र ठेकेदार | आवश्यकता अनुसार | नगरपालिका |
| सास्कृतिक क्षेत्र Cultural Environment): | | | | | | | |
| धार्मिक सास्कृतिक एवं. ऐतिहासिक स्थल | जोखिम कम गर्न पहल हुने | सवारि साधनको धुवा धुलो तथा कम्पन वाट सुरक्षा गर्ने चेतना वढ्छ | निर्धारण गरेको स्थलवाट मात्र प्रयोग गर्ने | आवश्यकता अनुसार | नगरपालिका र ठेकेदार | आवश्यकता अनुसार | नगरपालिका |
| पेशागत स्वास्थ एवं. सुरक्षा | सुधार गर्न सहयोग पुग्छ । | निर्माण कार्यका कामदारको स्वास्थमा सुरक्षा र दुर्घटना वारे चेतना हुन्छ । | कामदारको लागी सुरक्षा सामाग्रीको प्रयोग गर्ने | आवश्यकता अनुसार | नगरपालिका र ठेकेदार | आवश्यकता अनुसार | नगरपालिका |

| नकरात्मक प्रभाव विष्लेषण तालिका | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| बिषयगत क्षेत्र | नकारात्मक प्रभाव | नकारात्मक प्रभावको वढोत्तरीका कृयाकलापहरु | कसरी गर्ने | कहिले गर्ने | कस्ले गर्ने | अनुमानित जनशक्तिबजेट , र समय | अनुगमन तथा मूल्यांकन गर्ने निकाय |
| भौतिक वातावरण (Physical Environment) : | | | | | | | |
| आकार प्रकार तथा भिरालोपन | परिवर्तन हुने /वढ्ने | संकलन स्थलको भिरालोपन नियन्त्रण गरिने | तोकिएको स्थानमा मात्र सामाग्रीको संकलन गर्ने | असोज देखि जेष्ठ सम्म | ठेकेदारले | आवश्यकता अनुसार | नगरपालिका |
| भौतिक संरचनामा हुने असर | सकरात्मक | सामाग्री संकलन उत्खनन तथा ढुवानी गर्दा धुलोको मात्रा वढन गई असर गर्ने । सवारी साधनको कम्पनले भौतिक संरचनामा असर गर्ने । | संकलन तथा उत्खनन कार्यमा धुलो नियन्त्रण गर्न पानीको प्रयोग, सडक विभागले तोकेको सवारी साधनको मापदण्डको प्रयोग । समान ढुवानी गर्दा छोपेर गर्नुपर्ने व्यवस्था । | असोज देखि जेष्ठ सम्म | ठेकेदारले | आवश्यकता अनुसार | नगरपालिका |
| पानी तथा सरसफाई | प्रदुषण वढ्छ | ढुवानीका साधन धुन प्रयोग हुने कामले, ढुंगा, गिटि तथा मिस्कटको संकलन, उत्खनन गर्दा निस्कने माटो र ति समाग्री धुदा निस्कने पानीले धमिलोपन वढाउदछ । | तोकिएको स्थानमा मात्र प्रयोग गर्ने । | सधै नियन्त्रण गर्ने । | नगरपालका र ठेकेदारले | आवश्यकता अनुसार | नगरपालिका |
| धुलोपन एवं ध्वनी | वढ्छ | निर्माण सामाग्रीको संकलन उत्खनन तथा ढुवानी गर्दा धुलोको मात्रा वढन गई असर गर्ने । सवारी साधनवाट निस्कने ग्यासले समेत | संकलन तथा उत्खनन कार्यमा धुलो नियन्त्रण गर्न पानीको प्रयोग । समान ढुवानी गर्दा छोपेर गर्नुपर्ने व्यवस्था । विद्यालय क्षेत्र नजीक गति सिमित गर्ने । नो हर्न जोनको | असोज देखि जेष्ठ सम्म | ठेकेदारले | आवश्यकता अनुसार | नगरपालिका |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | वायुमण्डलमा धुवा र ध्वनि प्रदुषण हुने । | व्यवस्था गर्ने । संकलन तथा उत्खनन कार्य गर्दा भारी साधनको प्रयोग नगर्ने । | | | | |
| संकलन/ उत्खनन् सामाग्रीको भन्डारणको प्रभाव | नकरात्मक | संकलित समाग्रीको भण्डारणले नजीकको प्राकृतिक सौन्दर्यतामा असर गर्ने । | निर्माण सामाग्रीहरु धेरै ठुलो परिमाणमा भण्डारण नगर्ने । | असोज देखि जेष्ठ सम्म | ठेकेदारले | आवश्यकता अनुसार | नगरपालिका |
| फोहरमैला तथा खेरजाने सामाग्रि | प्रदुषण वढाउछ | फोहरमैला तथा खेरजाने सामाग्रीको अव्यवस्थित व्यवस्थापनले प्रदुषण वढाउदछ । | तोकिएको स्थानमा फोहरमैलाको वस्थापन गर्ने।जथाभावी उत्खनन गरी ठुला खाडलहरु वनाउन नपाईने। फोहरमैलाहरु पानीको स्रोतमा नफाल्ने । खन्ने तथा पुर्ने कार्यमा सन्तुलन कायम गर्ने । वरिपरिको जमिनमा जैविकप्रविधि अपनाउने वृक्ष रोपण गर्ने । | असोज देखि जेष्ठ सम्म | ठेकेदारले | आवश्यकता अनुसार | नगरपालिका |
| रसायनिक वातावरण क्षेत्र (Chemical Environment): | | | | | | | |
| इन्धन, लुब्रीकेन्टस, अम्ल तथा अन्य रसायनहरुको चुहावट | हुन्छ | निर्माण सामाग्री ढुवानी गर्ने सवारी साधनहरुवाट उक्त रसायनहरुको चुहावट हुन सक्दछ । | मेशिनरी औजार तथा समाग्रीहरुको नियमित चेकजाच गर्ने । चुहावट हुन सक्ने रसायनिक पदाथहरुलाई निश्चित स्थानमा मात्र डिस्पोज गर्ने । | नियमित हुन सक्छ | ढुवानी कर्ता | आवश्यकता अनुसार | नगरपालिका र ठेकेदार |
| धुलो एवं धुवा उत्सर्जन | हुन्छ | निर्माण सामाग्री ढुवानी गर्ने सवारी साधनहरुवाट उक्त रसायनहरुको चुहावट | धुलो नियन्त्रण गर्न पानीको प्रयोग । समान ढुवानी गर्दा छोपेर गर्नुपर्ने व्यवस्था । संकलन तथा उत्खनन कार्यको | नियमित हुन सक्छ | ढुवानी कर्ता | आवश्यकता अनुसार | नगरपालिका र ठेकेदार |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | हुन सक्दछ । | लागि भारी मेशीनरी सामाग्रीहरु प्रयोग नगर्ने । सवारी साधनको नियमित चेकजाच गर्ने । | | | | |
| जैविक वातावरण क्षेत्र (Biological Environment): | | | | | | | |
| जलचर प्राणिमा पर्ने प्रभाव | सामान्य | निर्माण सामाग्री संकलन कार्यमा जलचर प्राणिको वासस्थानमा सामान्य प्रभाव पर्छ । अवैध शिकारी कार्यमा वृद्दि हुन सक्छ । | निर्धारित क्षेत्रवाट मात्र संकलन गरि प्राप्त गर्ने । चोरि शिकारलाई नियन्त्रण गर्ने | नियमित सधै गर्ने | ठेकेदार र सरकारी निकाय | आवश्यकता अनुसार | नगरपालिका/ जिल्ला प्रशासन कार्यालय, प्रहरी कार्यालय |
| वन्य जन्तुको वासस्थान तथा आवतजावत | सामान्य | ढुवानीका साधनको आवजले वनक्षेत्रका वन्यजन्तुहरु त्रसित हुने । | ढुवानीका साधन प्रवेश जथाभावी नगर्नै र तोकिएको स्थानवाट मात्र प्रयोग गरिने । | नियमित सधै गर्ने | ठेकेदार | आवश्यकता अनुसार | नगरपालिका/ जिल्ला प्रशासन कार्यालय, प्रहरी कार्यालय |
| गैर कानुनी शिकार | सम्भावना रहेको | सामाग्री संकलन तथा उत्खनन क्षेत्रमा बढ्दो मानव गतिविधीले वन्यजन्तुको चोरि शिकारीमा वृद्धि हुन सक्छ । | कामदारलाई जंगलि जन्तुलाई तर्साउने, शिकार गर्ने जस्ता कार्यमा रोक लगाउने । रात्रिकालिन समयमा ढुवानी कार्य नगर्ने । कामदारलाई वन्यजन्तु संवन्धि ऐन, कानुन, नीति तथा नियमहरु प्रति सचेत गराउने । | नियमित सधै गर्ने | ठेकेदार | आवश्यकता अनुसार | नगरपालिका/ जिल्ला प्रशासन कार्यालय, प्रहरी कार्यालय |
| वन्यजन्तु एवं वनपैदावरको गैरकानुनी व्यापार | सम्भावना रहेको | सामाग्री संकलन तथा उत्खनन क्षेत्रमा बढ्दो मानव गतिविधीले वन पैदावरको गैर कानुनी व्यापरमा वृद्धि हुन सक्छ । | कामदारलाई सो विषयका संवन्धि ऐन, कानुन, नीति तथा नियमहरु प्रति सचेत गराउने । | नियमित सधै गर्ने | ठेकेदार | आवश्यकता अनुसार | नगरपालिका/ जिल्ला प्रशासन कार्यालय, प्रहरी कार्यालय |
| सामाजिकआर्थिक क्षेत्र-(Socio-economic Environment): | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सडक दुर्घटना | वढ्छ | स्थानीय स्तरको ट्राफिक लाई नियन्त्रण गर्ने | सडक निर्माण चेतना र स्थानको जानकारी गरिने | आवश्यकता अनुसार | नगरपालिका र ठेकेदार | आवश्यकता अनुसार | नगरपालिका/ प्रहरी कार्यालय |
| स्थानीय सरकारको राजस्व चोरी | वढ्छ | निर्माण सामाग्रीहरुको प्रयोग र ढुवानी तथा चोरि निकासी | ठेकेदार संग समन्वय गरि नियन्त्रण गरिनुपर्ने | आवश्यकता अनुसार | नगरपालिका र ठेकेदार | आवश्यकता अनुसार | नगरपालिका |
| जनसंख्या र सामाजिक अपराध | वढ्छ | स्थानिय वजार विस्तार भए संगै वसाई सरी आउनेको संख्या वृद्धि भएकोले जनसंख्या र सामाजिक अपराध वढ्छ | कडा निगरानी राखिनु पर्ने | आवश्यकता अनुसार | नगरपालिका र ठेकेदार | आवश्यकता अनुसार | नगरपालिका |
| खेतियोग्य जमिन एवं. कृषिजन्य सामाग्री | घट्ने संभावना | संकलन तथा डिपो स्थानका कारण जमिन खण्डाहर हुने हुन्छ । | कृषि उपजमा वृद्धि गर्न चाप वढ्ने | आवश्यकता अनुसार | नगरपालिका र कृषक तथा ठेकेदार | आवश्यकता अनुसार | नगरपालिका |
| कामदार विच झगडा | सम्भावना हुन्छ | एकआपस कामदारको विच झगडा | स्थानीय कामदारको प्रयोग | आवश्यकता अनुसार | नगरपालिका र ठेकेदार | आवश्यकता अनुसार | नगरपालिका |
| सास्कृतिक क्षेत्र Cultural Environment): | | | | | | | |
| धार्मिक सास्कृतिक एवं. ऐतिहासिक स्थल | जोखिम वढ्छ | सवारि साधनको धुवा धुलो तथा कम्पनले जोखिम वढ्छ | निर्धारण गरेको स्थलवाट मात्र प्रयोग गर्ने | आवश्यकता अनुसार | नगरपालिका र ठेकेदार | आवश्यकता अनुसार | नगरपालिका |
| पेशागत स्वास्थ एवं. सुरक्षा | कमजोर हुन सक्छ | निर्माण कार्यका कामदारको स्वास्थमा असर पर्ने / दुर्घटना हुन सक्ने | कामदारको लागी सुरक्षा सामाग्रीको प्रयोग गर्ने | आवश्यकता अनुसार | नगरपालिका र ठेकेदार | आवश्यकता अनुसार | नगरपालिका |

# परिच्छेद ९
# वातावरणीय अनुगमन तथा व्यवस्थापन

## ९.० वातावरणिय व्यवस्थापन योजना (Environmental Management Plan):

प्रस्ताविद उत्खनन् तथा संकलन खानीवाट ढुंगा गिटि, वालुवा तथा मिस्कटको संकलन गर्ने, थुपार्ने, ढुवानी गर्ने र बिक्रि वितरण कार्यको विभिन्न चरणमा प्रस्ताव क्षेत्र एवं प्रभावीत क्षेत्रको संक्षिप्त वतावरणीय अध्यायन BES प्रस्तावमा उल्लेख भएको प्रावधान अनुसार ढुवानी, संकलन तथा प्रयोग कार्य भए नभएको साथै असर न्यूनिकरणका उपायहरु अपनाए नअपनाएको र अनुगमन तथा मूल्यांकन कार्यको जिम्मेवारी तथा व्यवस्थापनको बारेमा व्यवस्थापन गर्नु गराउनु पर्ने हुन्छ । उक्त व्यवस्थापन गर्न गराउन पूर्व निर्माणमुखि खनिज पदार्थहरु (ढुंगा, माटो, वालुवा, मिस्कट तथा गिट्टी) तिन तरिकावाट प्राप्त गर्न गराउन सकिने प्रावधान रहेकोछ ।

**क. सरकारी स्वामित्वमा रहेको जग्गावाट प्राप्तिः** सार्वजनिक पर्ति जग्गा जमिन, ऐलानी जग्गा जमिन, खुल्ला चौर वा चरण जमिन, वुट्यान भएको जमिन, वन क्षेत्र, सार्वजनिक खोल्सा, खोल्सी तथा नदि सतहवाट प्राप्त गरिन्छ । यस क्षेत्रवाट उत्खनन गर्ने, संकलन गर्ने, निकासी तथा उपयोग गर्ने करका दर प्रदेश सरकाले तोक्ने र गाउँपालिका वा नगरपालिकाले वातावरण संरक्षण ऐन तथा नियमावलि अनुसार वातावरणीय अध्यन प्रतिवेदन तयार गर्ने / गराउने, उक्त प्रतिवेदन नियमानुसार स्वीकृत गर्ने/ गराउने र सार्वजनिक खरिद ऐन तथा नियमावलि अनुसार ठेक्का लगाएर कर संकलन गर्ने गराउने व्यवस्था रहेकोछ ।

**ख. नीजि स्वामित्वमा रहेको जग्गावाट प्राप्तिः** नीजि स्वामित्वमा रहेको आवादी रैकर जग्गा जमिन, निजि गुठी जग्गा जमिन, कम्पनि वा संगठित सस्थाको स्वामित्वमा रहेको जग्गा जमिनमा रहेको खानीवाट प्राप्त गरिन्छ । यस क्षेत्रवाट उत्खनन गर्न, संकलन गर्न, निकासी तथा उपयोग गर्न खानी ऐन २०४२ अनुसार खानी दर्ता गरेर उपयोग गर्नुपर्ने कानुनी व्यवस्था छ । खानी विभागमा खानी दर्ता गरेपछि वातावरण संरक्षण ऐन २०७६ तथा नियमावलि २०७७ अनुसार वातावरणीय अध्ययन गर्नु/गराउनु पर्नेछ । उक्त प्रतिवेदन सम्वन्धित निकायवाट स्वीकृत गरेपछि प्रदेश सरकारले तोकेको करका दरमा गाउँपालिका/नगरपालिकामा राजस्व वुझाइ निकासी गर्ने अनुमति प्राप्त गर्नु पर्नेछ ।

**ग. सरकारी आयोजनाले प्राप्त गर्न सक्नेः**

सार्वजनिक सडक ऐन २०३१ को दफा १७ .१ अनुसार सार्वजनिक सडकको निर्माण, मर्मत वा सम्भारको सम्बन्धमा कुनै आसपासको जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिन आवश्यक परेमा सडक विभागको आदेशानुसार आवश्यक परिमाणमा माटो, ढुङ्गा वा बालुवा लिन सकिनेछ । त्यस्तो जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिंदा त्यसमा रहेको कुनै बाली रुख विरुवा वा अन्य कुनै चीज वस्तुको नोक्सानी भएमा क्षतिपूर्ति दिनु पर्नेछ । त्यस्तो जग्गाबाट माटो ढुङ्गा वा बालुवा लिंदा खाल्टो पर्न गएमा त्यस्तो खाल्टो सम्याउन व्यहोर्नु पर्ने जति रकम क्षतिपूर्ति दिने र उपदफा (२) अनुसार उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै घरको निकट आसपासको जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिनु परेमा भने सम्बन्धित घरधनीको स्वीकृति प्राप्त नगरी त्यस्तो जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिन नहुने प्रावधान रहेकोछ ।

यसरी सरकारी आयोजनाहरुले निर्माणमुखि खनिज सामाग्रि प्राप्त गर्न वातावरण संरक्षण ऐन २०७६ तथा नियमावलि २०७७ अनुसार पुरक वातावरणीय अध्ययन गर्ने गराउने र स्वीकृत लिनु पर्ने र प्रदेश सरकारले निर्धारण गरेको कर तिर्नु पर्ने व्यवस्था रहेकोछ ।

**घ. वाडि पहिरोवाट निजि खेती वा आयोजनाको मर्मत संभार तथा विपद व्यवस्थापनवाट प्राप्त गर्न सकिनेः**

नगरपालिका क्षेत्रमा संचालन भएको निजि खेत वारी तथा घर र सरकारी आयोजनाहरुमा वर्षातको भलवाडी वा पहिरो गइ थुप्रिएको वालुवा ढुंगा गिटी तथा ग्रावेलहरु झिक्दा वा सफाइ गर्दा प्राप्त हुने सामाग्रिहरुको विक्रिवितरण वाट प्राप्त गर्न सकिनेछ । यसरी संकलन गर्दा मनसुनवाट प्रभावित

व्यक्ति वा आयोजनाहरुले संरचनालाई पुनस्थापना गरि चालु गर्दा निस्कने सामाग्रीहरुको प्रदेश सरकारले निर्धारण गरेको दरमा  मुल्याकन गरी विक्रिवितरण गर्न व्यवस्था गरिनेछ ।

**ङ. सार्वजनिक निजी साझेदारी संचालन गरिनेः**

ढुंगा गिट्टी बालुवा उत्खनन् बिक्रि तथा व्यवस्थापन सम्वन्धी पहिलो संशोधन  मापदन्ड २०७९ को दफा १३ क अनुसार गाउँपालिका वा नगरपालिकाले नदीजन्य पदार्थ संकलनका लागी नदीको धारमा परिवर्तन नहुने व्यवस्था मिलाई ड्याम वा तटवन्ध निर्माण गरि उन्नत प्रविधिको प्रयोगद्वारा रिभर माइनिङ्ग गरी बालुवा प्रशोधन र बिक्रि वितरण गर्न सार्वजनिक निजी साझेदारी अन्तर्गत पिखुवाखोला हाइड्रोपावर तथा इष्टर्न हाइड्रोपावर संग साझेदारि गरि यि आयोजनाको ढ्याममा थुप्रिएको सामाग्री सरसफाइ गर्दा प्राप्त हुने सामाग्रीको  मुल्यांकन गरि विक्रि वितरण  गरिनेछ । यि आयवाट संकलन खर्च कटाइ वाकी रकमलाई वाँडफाड गरि राजस्वमा जम्मा गरिने व्यवस्था मिलाइनेछ ।

९.१ वातावरणीय व्यवस्थापनका लागि जिम्मेवारी निर्धारणः

ढुंगा गिटि, वालुवा तथा मिस्कटको संतुलित संकलन तथा उपयोग कार्यको प्रत्यक्ष अप्रत्यक्ष सहभागिताको वारेमा सम्वन्धित सवै सरोकारवाला निकायहरुको भूमिका उतिकै महत्वपूर्ण हुन्छ यस कार्यमा सहयोग गर्नु तपशिल बमोजिमका निकायहरुको सक्रिय सहभागिता तथा जिम्मेवारी निर्धारण गर्न गराउनु आवश्यक छ ।

क. सरकारी जमिन तथा नीजि जमिन क्षेत्रवाट (वातावरणीय अध्यायन प्रतिवेदनको आधारमा) उत्खनन तथा संकलन गरेर निकासी गर्ने परिमाण निर्धारण गर्नु पर्ने हुन्छ । यो काम प्राविधिक शाखाले गर्नु गराउनु पर्नेछ ।

ख. निर्माण सामाग्रीको उत्खनन तथा संकलन गरेर निश्चित स्थानमा डिपो निर्धारण गर्नु पर्नेछ ।  डिपो स्थान सम्मको पहुँच मार्ग निर्धारण नगरपालिका र ठेकेदारले गर्नु गराउनु पर्नेछ ।

ग.  चोरि निकासी नियन्त्रण गर्नु गराउनु , वातावरण संरक्षण गर्नु गराउनु नगरपालिका, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, निर्माण व्यवसायी, उद्योग वाणिज्य संघ, वन कार्यालय, ढुवानी गर्ने व्यावसायी तथा जग्गाधनीहरु सवैको कर्तव्य हुन आउछ ।

अतः माथिका काम,कर्तव्य लाई देहाय अनुसार गर्न गराउन नीतिगत व्यवस्था गर्नु पर्नेछ ।

- सरकारी जमिनवाट उत्खनन तथा संकलन गरी निकासी गर्न गराउन, सार्वजनिक खरिद ऐन अनुसार ठेक्का छनौट गरिनु पर्दछ ।
- नीजि जमिनवाट प्राप्त गर्न जग्गाधनीले वा व्यवसायीले  खानी ऐन २०४२ अनुसार खानी दर्ता गर्नु गराउनु पर्नेछ । व्यवसायीक रुपमा संचालन गर्न व्यवसायीले  वा जग्गाधनिले वडा कार्यालयको सिफारिस पत्र, जग्गाधनि प्रमाण पत्रको प्रतिलिपि, नागरिकता प्रमाण पत्रको प्रतिलिपि, चालु आ.व.को मालपोत वुझाएको नगदि रसिदको प्रतिलिपि, जग्गा जमिनको नक्साको प्रतिलिपि  राखेर नगरपालिका समक्ष निवेदन दिनु पर्छ । नगरपालिकाले प्राविधिक कर्मचारी खटाइ परिमाण एकिन गरेपछि , निवेदकले राजस्व वुझाउने र नगरपालिकाले संकलन तथा उत्खनन र  निकासी गर्ने अनुमति दिनेछ ।
- आयोजनाले निर्माणमुखी खनिज सामाग्री नीजि जमिनवाट प्राप्ति गर्नुपर्दा, जग्गाधनिले वडा कार्यालयको सिफारिस पत्र, जग्गाधनि प्रमाण पत्रको प्रतिलिपि, नागरिकता प्रमाण पत्रको प्रतिलिपि, चालु आ.व.को मालपोत वुझाएको नगदि रसिदको प्रतिलिपि, जग्गा जमिनको नक्साको प्रतिलिपि र आयोजना निर्माण गर्ने ठेकेदार वा आयोजनासंग भएको दुइपक्षिय सम्झौता राखेर नगरपालिका समक्ष निवेदन दिनु पर्छ । ठेकेदारले जुन आयोजनाको लागि हो सो आयोजना संग भएको सम्झौता पत्र र कार्यादेशको प्रतिलिपि, निर्माण कम्पनीको दर्ता  प्रमाणपत्रहरु, कर चुक्ता पत्रको प्रतिलिपि  (सरकारी जमिनवाट प्राप्त गर्ने भए वडा समितिको वा आयोजनाको सिफारिस पत्र) साथ ठेकेदारले सरकारी

आयोजनाहरुले निर्माणमुखि खनिज सामाग्रि प्राप्त गर्न वातावरण संरक्षण ऐन २०७६ तथा नियमावलि २०७७ अनुसार पुरक वातावरणीय अध्ययन गर्ने गराउने र स्वीकृत लिनु पर्ने र प्रदेश सरकारले निर्धारण गरेको कर तिर्नु पर्ने छ ।

- आयोजनाको लागि अस्थायी/मावाइल क्रशर राखेर संचालन गर्ने भएमा आयोजना संग भएको सम्झौता पत्र, कार्यादेश पत्र, निर्माणमुखी खनिज पदार्थको उपयोग गर्न पुरक वातावरणीय अध्ययन प्रतिवेदन, आयोजनाको सिफारिस पत्र, ठेकेदारले कम्पनीको दर्ता प्रमाणपत्रहरु, कर चुक्ता पत्रको प्रतिलिपि, नगद वुझाएको नगदी रसिद साथ निवेदन दिइ अनुमति प्राप्त गर्नु पर्नेछ । तर आयोजना वाहेकमा अनुमति विना क्रशरले विक्रि वितरण गर्न पाउनेछैन ।

९.२ अनुगमन तथा वातावरणिय व्यवस्थापन योजना र समय तालिकाः

अनुगमनः BES प्रतिवेदनमा उल्लेख गरिएको ढुंगा, गिटी, वालुवा तथा मिस्कटको निर्धारित परिमाण, तोकिएको स्थानमा, संकलन, उत्खनन तथा ढुवानी भए नभएको साथै प्रतिवेदनमा पहिचान गरिएका प्रभावहरुको न्यूनिकरणका उपायहरु अपनाए नअपनाएको विभिन्न सरोकारवाला निकायहरुवाट अनुगमन तथा निरीक्षण हुन जरुरी छ । यस कार्यको अनुगमनको लागि निम्नानुसारको अनुगमन समितिको व्यवस्था गरिएकोछ ।

क) केन्द्रिय अनुगमन समितिः

संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले अमान्त्रण गरेको अन्य मन्त्रालय, निकाय, व्यक्ति विशेषज्ञ आदि ।

ख) प्रदेश सरकारः

प्रदेश सरकार प्रदेश नंवर १ विराटनगर, वातावरण ऐन २०७६ र नियमावलि २०७७ अनुसार अनुसार भए नभएको निरिक्षण गर्ने, निर्देशन दिने ।

ग) जिल्ला समन्वय समितिः

जिल्ला समन्वय समितिको कार्यालय, भोजपुरले आवश्यकता ठानेको अवस्थामा अनुगमन गर्न गराउन सक्ने व्यवस्था गरिएकोछ ।

ढुंगा गिट्टी तथा बालुवा उत्खनन बिक्रि तथा व्यवस्थापन सम्वन्धी मापदन्ड २०७७ को दफा ९ मा व्यवस्था भएको जिल्ला समन्वय प्रमुखको संयोजक, स्थानीय तहका प्रमुख, प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी कार्यालय प्रमुख, जिल्ला स्थित सशस्त्र प्रहरी वल प्रमुख, डिभिजन वन कार्यालय प्रमुख, समितिले तोकेको ईन्जिनियर, कोष तथा लेखा नियन्त्रक कार्याल प्रमुख वा करदाता सेवा कार्यालय प्रमुख सदस्य र जिल्ला समन्व अधिकारी सदस्य सचिव रहने व्यवस्था रहेकोछ । उक्त समितिवाट प्रभावकारी रुपमा अनुगमन हुने भएकोले पालना गर्ने गराउने गरी यस प्रतिवेदनमा समावेश गरिएकोछ ।

घ) भोजपुर नगरपालिका भोजपुरः

आवश्यकता अनुसार नियमित अनुगमन गर्ने, निर्देशन दिने ।

ङ) वडा समितिहरुः

वडा समितिले आवश्यकता अनुसार समिति वनाइ वा निर्वाचित वडा पदाधिकारीले नियमित अनुगमन गर्ने, निर्देशन दिने ।

<u>अनुगमन तथा वातावरणिय व्यवस्थापन कार्ययोजना र समय तालिकाः</u>

| क्र. सं. | अनुगमनका प्रकार Type of Monitoring | विषय वस्तु Parameters | सुचक Indicators | तरिका विधि Procedure | समय तालिका Schedule | लागत Cost NRs. | जिम्मेवारी Responsibility |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | वडा समिति | वातावरणिय शिक्षा स्वस्थ तथा सरसफाई कार्यक्रमहरु | वातावरण सम्वन्धि ज्ञान तथा सचेतना अभिवृद्धि भएको हुनेछ । | सचेतना अभिमुखिकरण गोष्ठि, वैठक तथा तालिम | पटके | आवश्यकतानुसार | ठेकेदार, वडा समिति र नगरपालिका |
| २ | जिल्ला वन कार्यालय, भोजपुर । | वन जंगल सम्वन्धि जनचेतनामुलक कार्यक्रम संचालन गर्ने । | नर्सरी व्यवस्थापन, विरुवा उत्पादन तथा वृक्षरोपण | प्रतिवेदन | पटके | आवश्यकतानुसार | ठेकेदार, वडा समिति र वन कार्यालय र नगरपालिका |
| ३ | भोजपुर नगरपालिकाको कार्यालय भोजपुर | BES कार्यान्वयनको अनुगमन तथा निर्देशन दिने, समन्वय गर्ने, नीतिगत मार्गदर्शन दिने । | वातावरण सम्वन्धि ज्ञान तथा सचेतना अभिवृद्धि भएको हुनेछ । | सचेतना अभिमुखिकरण कार्यक्रम, गोष्ठि, वैठक तथा तालिम | पटके | आवश्यकतानुसार | ठेकेदार, वडा समिति र नगरपालिका |
| ४ | जिल्ला प्रहरी कार्यालय भोजपुर | BES कार्यान्वयनको लागि सहयोग गर्ने । | चोरि निकासि रोक्ने । अन्य व्यवस्थित गर्न सहयोग गर्ने । | प्रतिवेदन | पटके | आवश्यकतानुसार | ठेकेदार, वडा समिति र वन कार्यालय र नगरपालिका |
| ५ | जिल्ला प्रशासन कार्यालय, भोजपुर । | निर्माण सामाग्रीहरु ढुंगा गिटि, वालुवा तथा मिस्कटको जिल्ला दर रेट निर्धारण गर्ने, संक्षिप्त वातावरणीय प्रतिवेदन अनुसार कार्यान्वयनमा सहयोग गर्ने । | अनुसार वजार अनुगमन गर्ने र सम्वन्धि जिल्ला अनुगमन तथा सुपरिवेक्षण कार्य गर्ने । | प्रतिवेदन अध्यायन, वैठक तथा स्थलगत अनुगमन | पटके | आवश्यकतानुसार | ठेकेदार, वडा समिति र वन कार्यालय र नगरपालिका |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | जिल्ला अनुगमन समिति | सम्पुर्ण पक्षको अनुगमन गर्ने र समन्वय गर्ने । BES कार्यान्वयनको अनुगमन तथा निर्देशन दिने । | एक वा एक भन्दा स्थानीय तहहरु विच र सरकारी निकाय विच समन्वय | वैठक, पत्राचार तथा स्थलगत अनुगमन | पटके | आवश्य कतानुसार | जिल्ला समन्वय समिति र नगरपालिका |
| ७ | प्रदेश सरकार प्रदेश नंवर १ विराटनगर, | प्रदेश कानुनको पालना भए नभएको, संक्षिप्त वातावरणीय प्रतिवेदन अनुसार काम भए नभएको निरिक्षण गर्ने, निर्देशन दिने । | गोष्ठि, प्रतिवेदन तथा अनुगमन | स्थलगत अनुगमन तथा फाईलिङ्ग अध्यायन | पटके | आवश्य कता अनुसार | सहकारी संस्था |
| ८ | केन्द्रिय अनुगमन जिल्ला अनुगमन साथै नगरपालिका कार्यालयको उपसमितिको अनुगमन | संघिय ऐन कानुन वमोजिम, केन्द्रिय अनुगमन तथा निर्देशन दिने , BES संवन्धि नीति नियम तथा मापदन्ड पुनरावलोकन गर्ने र निर्देशन दिने । | प्रतिवेदन गोष्ठी आदि | पत्रचार तथा स्थलगत अनुगमन | केन्द्रिय अनुगमन, पटके जिल्ला अनुमगन निरन्तर गरिनेछ । | आवश्य कतानुसार | सहकारी संस्था |

९.३ अनुगमन र न्युनिकरणको खर्चको विवरणः

| क्र.सं. | क्रियाकलापहरु | वजेट रु | कैफियत |
|---|---|---|---|
| १ | वातावरणीय संरक्षणा संरचनाहरु , वायो ईन्जिनियरीङ्ग आदी | 250000 | |
| २ | सामाजिक विकास शिक्षा स्वास्थय तथा अन्य | 250000 | |
| ३ | वातावरणीय अनुगमन | 250000 | |
| | कुल जम्मा | 750000 | |

## परिच्छेद - १०:
## निष्कर्ष तथा सुझावहरु
(Conclusion and Recommendation):

१०.१ निष्कर्षः यस प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदनमा पहिचान भएका सम्पूर्ण वातावरणीय असरहरुलाई न्यूनिकरण गरि सवैले स्वीकार गर्नेतहसम्म ल्याउन ठुलो चुनौति रहेकोछ । सवै पक्षवाट सक्रिय पहल गर्नुपर्ने हुन्छ । तरपनि ति चुनौति लाई सामना गर्न, प्रभाव न्यूनिकरण गर्न, कम खर्चिला तथा सहज उपायहरु अपनाईएको छ । यसै प्रतिवेदनमा संलग्न वातावरणीय असर न्यूनिकरणका उपायहरुले असर गर्ने क्षेत्रको गुणस्तर सुधारमा सहयोग पुराउन जिवनस्तरको गुणस्तर कायम गर्न सहयोग गर्ने छ । यी माथिका विषयवस्तुहरु समेतका आधारमा यो संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन कार्यान्वयन गर्न सकिने सिफारिस गरिएको छ ।

१०.२ सुझावः

१. सार्वजनिक जमिनहरु (वनक्षेत्र ऐलानी तथा पर्ति) र नीजि स्वामित्वका जमिनहरु पहिचान गर्नु / गराउनु पर्ने । हाल नीजि तवरवाट संकलन गरेको सवै सामाग्रीहरु विक्रि वितरणमा रोक्का गर्ने र क्रमश प्रमाण पुराएपछि विक्रि वितरण खुल्ला गर्दे जाने व्यवस्था गर्ने ।

२. निर्माणमुखि खनिज सामाग्री संकलन गर्न प्रस्ताव गरिएको क्षेत्रमा सवैले देख्ने गरि सूचनापाटी टाँस गर्नुपर्छ ।

३. पहिलो तिन महिना सम्म सुरक्षाकर्मि, नगरपालिका वा ठेकेदारको मानिस अनिवार्य रुपमा डिपो, निकासि र ढुवानी गरिने क्षेत्रमा खटाउनु पर्छ । सुरक्षाकर्मिको लागि दैनिक भ्रमण-भत्ता उपलब्ध गराउनु पर्ने हुन्छ ।

४. डिपो/निकासी/ढुवानी गरिने क्षेत्रमा दैनिक लगवुक राखि ढुवानीका साधन र परिमाणका सूचना टिप्ने व्यवस्था गरिनु पर्छ ।

५. पहिलो पटक ढुवानीका साधनहरु टैक्टर, ट्रिपर/ व्याक-हो लोडर र स्काइभेटरहरु ति क्षेत्रमा रित्तो जादा किन जाने? कहा जाने? कस्को साधन हो ? सोधेर अवैध क्षेत्रमा जाने हो भने सम्झाउने वुझाउने र फर्काउने काम गर्ने ।

६. पहिलो पटक ढुवानीका साधनहरुले ती क्षेत्रवाट लोड गरेर सामाग्री लिएको रहेछ भने पहिलो पटकलाई सोधेर अवैध हो भन्ने, सम्झाउने वुझाउने र सामाग्रि सहित साधन छाडि दिने काम गर्ने ।

७. सोहि व्यक्ति वा साधनले दोस्रो पटक हर्कत गरेको भएमा सवारी साधनको व्लुवुक, सवारी चालक अनुमति पत्र र नगरपालिकाको व्यवसाय दर्ता प्रमाण पत्र माग गर्ने । उक्त कागज पत्र नियन्त्रणमा लिइ सामाग्रि र साधन छाडि दिने । उक्त कागज पत्र लिन नगरपालिकामा पठाउने । नगरपालिकाले जरिवाना र कर काटी सम्झाइ वुझाइ कागज गरेर छाडीदिने ।

८. सोहि व्यक्ति वा साधनले तेस्रो पटक हर्कत गरेको भएमा सवारी साधनका चावी, कागजातहरु नियन्त्रणमा लिने । निर्माण सामाग्री जफत गर्ने । ढुवानीका साधन/ मेशिनहरु नियन्त्रणमा लिने र नगरपालिकामा पठाउने । नगरपालिकाले सरकारी राजस्व छली, विगो कायम गरेर, प्रचलित ऐन कानुन वमोजिम दण्ड, जरिवाना तथा क्षतिपूर्ति समेत माग दावी गरी सरकारी वाकी सरह असुल उपर गर्न अदालत समक्ष मुद्दा चलाउने व्यवस्था गरिनु पर्छ ।

आय तथा वजेट कार्ययोजना 2078-2083 (नगरकार्यपालिकावाट निर्धारण गरिएको)

| S.No. | Name of River/Mine | Ward no. | Area | Assumed Average Depth | Volume | Extraction Rate | Quantity ($m^3$) | | | Revenue / Yearly Rates are Stone and aggregates Rs 6. Sand are Rs 4.75 per cubic feet only base on Gov Province 1 | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | $m^2$ | m | $m^3$ | $m^3$/day | Sand | Aggregates | Stone | Sand | Aggregates | Stone | Total Rs. |
| 1.a | Soreng Khola / Nakhuwa Khola Dobhan (A) | 1 | 585 | 0.45 | 263.25 | 1.10 | 78.98 | 52.65 | 131.63 | 13246.70 | 11154.4 | 27887.1 | 52288.28 |
| 1.b | Soreng Khola / Nakhuwa Khola Dobhan (B) | 1 | 593 | 0.45 | 266.85 | 1.11 | 106.74 | 53.37 | 106.74 | 17902.4 | 11307 | 22613.9 | 51823.33 |
| 2 | Yanguwa Khola | 2 | 604 | 0.45 | 271.8 | 1.13 | 54.36 | 54.36 | 163.08 | 9117.26 | 11516.7 | 34550.1 | 55184.09 |
| 3 | Akhan Khola (Ghatte) | 4 | 370 | 0.5 | 185 | 0.77 | 166.5 | 18.50 | 0.0 | 27925.40 | 3919.41 | 0 | 31844.79 |
| 4 | Shera Khola (Ratmate) | 4 & 5 | 585 | 0.5 | 292.5 | 1.22 | 87.75 | 29.25 | 175.50 | 14717.40 | 6196.91 | 37181.40 | 58095.76 |
| 5 | Shera Khola (Damsing u/s and d/s) | 4 & 5 | 1207 | 0.5 | 603.5 | 2.51 | 181.05 | 120.70 | 301.75 | 30365.70 | 25571.50 | 63928.80 | 119865.96 |
| 6 | Pikhuwa Khola Setibagar | 3 | 1978 | 0.5 | 989 | 4.12 | 247.25 | 346.15 | 395.60 | 41468.80 | 73335.30 | 83811.8 | 198615.92 |
| 7 | Ghatte Khola | 8 & 10 | 701 | 0.5 | 350.5 | 1.46 | 157.73 | 122.68 | 52.58 | 26454.50 | 25991.00 | 11139.60 | 63585.05 |
| 8 | Andheri Khola | 10 | 126 | 0.5 | 363 | 1.51 | 36.30 | 36.30 | 290.40 | 6088.24 | 7690.52 | 61524.10 | 75302.89 |
| 9 | Akhuwa Khola Mamlakha | 11 | 685 | 0.5 | 342.5 | 1.43 | 102.75 | 137.00 | 102.75 | 17233.30 | 29024.80 | 21768.60 | 68026.66 |
| 10 | Pikhuwa Behere Dovan | 12 | 2805 | 0.5 | 1402.5 | 5.84 | 420.75 | 280.50 | 701.25 | 70568.20 | 59426.70 | 148567.00 | 278561.74 |
| 11 | Pikhuwa Siktel Dovan | 12 | 2445 | 0.5 | 1212.5 | 5.05 | 606.25 | 363.75 | 242.50 | 101680.00 | 77064.10 | 51376.10 | 230120.37 |
| | **Total** | | 12684 | 5.85 | 6542.9 | 27.25 | 2246.41 | 1615.21 | 2663.78 | 376767.9 | 342198.34 | 564348.5 | 1283314.84 |

सन्दर्भ सामाग्री (References):APA 6th Edition
१.  राष्ट्रिय जैविक विविधता सम्वन्धी रणनीति २०५९
२. राष्ट्रिय वातावरणीय प्रभाव मूल्यांकन निर्देशिका २०५०
३. वन क्षेत्रको नीति २०४६
४. राष्ट्रिय सिमसार नीति २०५९
५. वातावरण संरक्षण ऐन २०७६ र वातावरण संरक्षण नियमावली २०७७
६. वन ऐन २०४९ र वन नियमावली २०५१
७. राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९
८. भू तथा जलाधार संरक्षण ऐन २०३९ तथा नियमावली २०४२
९. फोहरमैला व्यवस्थापन ऐन २०४८
१०. जैविक विविधता महासन्धि १९९२
११. साईटिस महासन्धि १९८३
१२. आदिवासि जनजाति संवन्धि अन्त्रतराष्ट्रिय अभिसन्धि १६९
१३. सर्वोच्च अदालतको निर्णय
१४. जिल्लाको वस्तुगत विवरण २०६४
१५. खानी ऐन २०४२ तथा खनिज सम्पदा संवन्धि नियमावली २०४६
१६. स्थानिय सरकार संचालन ऐन २०७४
१७. राष्ट्रिय सडक ऐन २०३१

# अनुसुचिहरु

भोजपुर नगरपालिकाका सार्वजनिक खोला तथा खानीहरुवाट ढुङ्गा, गिटी, ग्रावेल तथा वालुवा संकलनकार्यका लागि संक्षिप्त वातावरणीय अध्ययन कार्य सूची

**Short Environmental Assessment (SEA)**

**Terms of Reference (TOR)**

समक्ष

भोजपुर नगरपालिका

भोजपुर




प्रस्तावक

भोजपुर नगरपालिका

नगरकार्यपालिकाको कार्यालय, भोजपुर

२०७८ श्रावण

फोन: ०२९४२०१०२

Email: info@bhojpurmun.gov.np

भोजपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भोजपुर
प्रदेश नं १

## संक्षिप्त रुप (Acronyms/Abbreviations)

| | | |
|---|---|---|
| प्रतिवेदन | : | संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन |
| SEA | | Short Environmental Assessment |
| प्रदेश | : | प्रदेश नंवर १ विराटनगर |
| ToR | : | Terms of Reference |
| SEA | : | Short Environment Study |
| GIS | : | Geograhical Information System |
| मन्त्रालयः | : | प्रदेश नं. १ का सम्न्धित वातावरण हेर्ने मन्त्रालय |
| नपा | : | नगरपालिका |
| प्रमुख | | नगर प्रमुख |
| उप-प्रमुख | | नगर उप-प्रमुख |
| प्र.प्र.अ. | | प्रमुख प्रशासकीय अधिकृत |
| गापा | : | गाउँपालिका |
| अध्यक्ष | | वडाअध्यक्ष |
| वडा नं. | : | वडा नंवर |
| किमि | : | किलो मिटर |
| मि. | : | मिटर |

प्रमुख प्रशासकीय अधिकृत

## विषय सूची (Table of Content)

परिच्छेद - १ प्रतिवेदन तयार गर्ने संस्थाको नाम, ठेगानाः
१.१ प्रस्तावकको नाम, ठेगाना, इमेल र फोन नंवर
१.२ परामर्शदाताको नाम, ठेगाना, इमेल र फोन नंवर
१.३ संक्षिप्त वातावरणीय अध्ययन SEA को उद्देश्यहरुः
१.३.१ संक्षिप्त वातावरणीय अध्ययन SEA को कार्यसूची (Terms of Reference) का उद्धेश्यहरु
१.४ संक्षिप्त वातावरणीय अध्ययन को SEA औचित्य
परिच्छेद २. परिचय
२.१ भुमिका/ पृष्ठभूमिः
२.२ प्रस्तावको सामान्य जानकारी
२.३ प्रस्तावको उदेश्य
२.४ प्रस्तावक्रो सान्दर्भिकता
२.५ स्थान/ अवस्थिति र पहुँच
२.६. प्रकृति/ किसिम
२.७ प्रस्तावको Salient Features को सन्दर्भमा विवरण
२.७. १. पिखुवा खोला (वेहेरे क्षेत्र) टक्सार
२.७. २. पिखुवा खोला (सिक्तेल,कोटदोभान, हाइड्रो पावर आसपास क्षेत्र) भोजपुर, टक्सार, बोखिम,कोट र दलगाँउ
२.७. ३. पिखुवा खोला (सेतीबगर क्षेत्र) तिम्मा र गुप्तेश्वर
२.७. ४. घट्टेखोला (पोखरे क्षेत्र) भोजपुर र टक्सार
२.७. ५ शेरा खोला रातोमाटे बोखिम र सिद्धेश्वर
२.७.६ अखुवा खोला माम्लाखा क्षेत्र
२.७.७ अखुवाखोला चुनढुंगा क्षेत्र
२.८ प्रस्ताव कार्यान्वयन हुने समयः
परिच्छेद ३. प्रतिवेदन तयार गर्दा अपनाउनुपर्ने विधी
३.१. अध्ययन विधिः
३.१.१. कार्यालयमा गरिने अध्ययनः
३.१.१.१. सन्दर्भ सामग्रीहरुको पुनरावलोकनः
३.१.१.२. नक्शाहरुको अध्ययनः
३.१.१.२.१. टोपोग्राफीक नक्शा (Topographic Map)
३.१.१.२.२. भू उपयोगिता सम्बन्धि नक्शा (Land Utilization Map)
३.१.१.२.३. भूमि प्रणाली नक्शा (Land system Map)

प्रमुख प्रशासकीय अधिकृत

३.१.१.२.४. जिल्ला/ नगरको नक्शा (District/Municipality Land system Map)

३.१.१.२.५ गुगल म्याप **(Google Map)**

३.१.१.३. चेकलिष्ट, प्रश्नावली, स्थलगत सूचना, छलफल, अन्तरक्रिया र डाटासिट:

३.१.१.४. फिल्डमा गरिने आवश्यक अध्ययनः

३.१.१.५. तथ्याङ्क संकलन र श्रोत सर्वेक्षणः

३.१.१.६. भौतिक वातावरणसम्बन्धी तथ्याङ्क संकलनः

३.१.१.७. जैविक वातावरणसम्बन्धी तथ्याङ्क संकलनः

३.१.१.८. सामाजिक, आर्थिक, सांस्कृतिक वातावरण सम्बन्धी तथ्याङ्क संकलनः

३.१.३. तथ्याङ्क विश्लेषणः

३.१.४. प्रभावको विश्लेषणः

३.१.५. प्रभाव न्युनीकरणका उपायहरुः

३.१.६ सकारात्मक प्रभावलाई वढावा दिने उपायहरुः

३.२. अध्ययन क्षेत्र र सीमाः

परिच्छेद ४. प्रतिवेदन तयार गर्दा विचार गर्नु पर्ने नीति , ऐन नियम तथा निर्देशिकाः

परिच्छेद ५. प्रतिवेदन तयार गर्दा लाग्ने

क. समय

ख. जनशक्ति

ग. बजेट

परिच्छेद ६. प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने खास प्रभावः

६.१. भौतिक तथा रसायनिक असरः

६.२. जैविक असरहरुः

६.३. सामाजिक तथा आर्थिक

६.४ सांस्कृतिक असरः

परिच्छेद ७. प्रस्ताव कार्यन्वयनका विकल्पहरुः

- डिजाइन
- आयोजना स्थल
- प्रविधि र संचालन विधि, समय तालिका, प्रयोग हुने कच्चा पदार्थ
- अन्य कुराहरु

परिच्छेद ८. प्रस्ताव कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावहरुको रोकथामका उपायहरुः

परिच्छेद ९. प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नुपर्ने कुराहरुः

परिच्छेद १०. अन्य आवश्यककुराहरुः (विविध)

सन्दर्भ सामाग्री हरु

अनुसूचीहरु

संक्षिप्त वातावरणीय अध्ययनको कार्यसूची (Terms of Reference) (ToR)

परिच्छेद १:

१. प्रतिवेदन तयार गर्नेको नाम र ठेगानाः

१.१ प्रस्तावकको नाम, ठेगान, इमेल र फोन नंवरः
नामः भोजपुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय
ठेगानाः भोजपुर जिल्ला, भोजपुर नगरपालिका, प्रदेश नंवर १
Email: info@bhojpurmun.gov.np
फोनः ०२९४२०१०२

१.२ परामर्शदाताको नाम, ठेगान, इमेल र फोन नंवरः
प्रोपाईटर/ संचालकको नामः
परामर्शदाता फर्मको नामः
ठेगानाः
PAN:
Email:
फोनः

१.३ संक्षिप्त वातावरणीय अध्ययन को उदेश्यः

नेपाल सरकारवाट अन्तराष्ट्रिय मन्चमा प्रतिपद्दता जनाएको अभिसन्धिहरुको भावना र मर्मलाई सम्मान गर्न /आत्मशात गर्न, विश्व व्यापि उष्णता, जलवायु परिवर्तन जस्ता विश्वका चुनौतिलाई केहि कम गर्न सहयोग पुराउन। वातावरण संरक्षण ऐन २०७६ तथा वातावरण संरक्षण नियमावलि २०७७, स्थानीय सरकार संचालन ऐन २०७४ को पालना गर्न गराउन। स्थानीय स्तरका विपद व्यवस्थापनमा सहयोग गर्न, स्थानीय सरकार लाई अझ प्रभावकारी वनाउन, वढी जिम्मेवार तथा उत्तरदायि वनाउन। स्थानीय तहवाट राजस्वक्षेत्रमा केहि योगदान गर्न, स्थानीय रुपमा लगानी मैत्रि वातावरण र रोजगार सृजना गर्ने प्रयासको लागि यो संक्षिप्त वातावरणीय अध्ययन (SEA) गर्न गराउनु आवश्यक रहेकोले यो प्रतिवेदन तयार गर्न मुख्य उदेश्य रहेकोछ।

२.४ संक्षिप्त वातावरणीय अध्ययनको औचित्यताः

संक्षिप्त वातावरणी अध्ययन गरेपनि वा नगरेपनि मानिसको भौतिक जिवन, सामाजिक जिवन र आर्थिक जिवन निरन्तर रुपमा चलिरै रहन्छ। यसको गतिलाई रोक्न वा छेक्न सकिदैन पनि। त्यसैकारण यो जिवनको अविरल प्रवाहलाई केहि व्यवस्थित गर्न, नियमितताको लागि केहि सहज वनाउन, समयसिमा भित्र क्रमवद्दता गर्न, केहि मापन योग्य वनाई संचित गर्न, प्राकृति स्रोतको

प्रमुख प्रशासकीय अधिकृत

योजनावद्द र दिगो उपयोग गर्न गराउन संक्षिप्त वातावरणीय अध्ययन एउटा औजार र कानुनी राज्यमा कानुनको पालना गर्न गराउन तथा कानुनको परिधि भित्र रहेर ऐन तथा नियमावलिको निर्दिष्ट प्रावधान अनुसार यो संक्षिप्त वातावरणीय अध्ययन गरिएकोछ।

## परिच्छेद- २
## परिचय

२.१ भुमिका/ पृष्ठभूमिः

भोजपुर नगरपालिकाका सार्वजनिक खोला तथा खानीहरुवाट ढुङ्गा, गिटी, ग्रावेल तथा वालुवा संकलन तथा उत्खनन् गरि बिक्री वितरण गर्ने कार्यका लागि वातावरण संरक्षण ऐन २०७६ र वातावरण संरक्षण नियमावली २०७७ वमोजिम संक्षिप्त वातावरणीय परीक्षण **SEA** गर्न गराउनको लागी यो कार्य सूची **Terms of Reference (TOR)** तयार गरिएकोछ।

२.२ प्रस्तावको सामान्य जानकारी

२.२.१ जिल्ला परिचय

भोजपुर जिल्ला प्रदेश नंवर १ मा पर्ने नेपालको एक पहाडी जिल्ला हो। यस जिल्लाको सिमाना पूर्वमा संखुवासभा र धनकुटा पश्चिममा खोटागं उत्तरमा सोलुखुम्वु र संखुवासभा जिल्लाहरु पर्दछन् भने दक्षिण तर्फ उदयपुर र सुनसरी जिल्लाहरु पर्दछन।

पहाडी जिल्ला भोजपुरमा नौ वटा स्थानीय तहहरु छन्। ति नौ वटा तहहरु साल्पा सिलिछो गाउँपालिका, षडानन्द नगरपालिका, अरुण गाउँपालिका, पौवादुङ्गमा गाउँपालिका, भोजपुर नगरपालिका, ट्याम्केमैयुङ्ग गाउँपालिका, रामप्रसाद राई गाउँपालिका, हतुवागढी गाउँपालिका र आम्चोक गाउँपालिका हुन्।

यस जिल्लामा सयौ स-साना खहरे, खोल्सा-खोल्सीदेखि मध्यम स्तरका ईर्खुवा खोला, पिखुवा खोला, चिर्खुवा खोला, अखुवा खोला, वेहेरेखोला, हिंखुवा खोला, कावा खोला, छिर्लिङ खोला तथा एखुवा खोला हुन। ठुला नदिहरु अरुण नदी र दुधकोशि नदि यस जिल्लावाट बहने गरेका छन्।

यस जिल्लाको पुरै क्षेत्रफल पहाडी भूभागमा पर्दछ। यस जिल्लाको उतरीक्षेत्रको माटो चिम्टाइलो र खुकुलो र विभिन्न आकारका ढुंगा, वालुवा, ग्राभेल मिश्रित छ भने दक्षिण क्षेत्रको कसिलो ग्राभेल मिश्रित छ।

प्रमुख प्रशासकीय अधिकृत

यहां गृष्ममा न्यानो हल्का गरम र हिउंदमा धेरै जाडो हुने हुंदा वर्षा तथा तापक्रमको हिसावले यो जिल्लाको भ्रमण वाहै महिना सम्भव रहन्छ।
विभिन्न सांख्यकीय आधारमा भोजपुरको चित्रण तल तालिकामा उल्लेख गरिएको छ।

२.२.२ नगर पालिकाको परिचय

भोजपुर नगरपालिका जिल्लाका मध्ये भागमा अवस्थित रहेकोछ। यस नगरपालिकाको पूर्वमा अरुण गाउँपालिका र पौवादुङ्गमा गाउँपालिका रहेकोछ। उत्तरमा षडानन्द नगरपालिका पर्दछ। पश्चिममा टेम्केमैयुङ्ग गाउँपालिका रहेकोछ भने दक्षिणमा रामप्रसाद राई गाउँपालिका पर्दछ।
भोजपुर नगरपालिकाकोलाई १२ वटा वडामा विभाजन गरिएकोछ। वडा नंवर १ भामराङ्ग र डाडावोखिम वडा नंवर २ हेलौछा, वडा नंवर ३ गुप्तेश्वर, वडा नंवर ४ सिद्देश्वर, वडा नंवर ५ वोखिम, वडा नंवर ६ भोजपुर पालुवा, वडा नंवर ७ भोजपुर वजार, वडा नंवर ८ पोखरे दुम्सिका, वडा नंवर ९ भोजपुर काफ्ले, वडा नंवर १० भैसिपंखा, वडा नंवर ११ आम्तेक र वडा नंवर १२ टक्सार रहेकोछ। नगरपालिकाको प्रशासनिक केन्द्र वडा नंवर ७ भोजपुरमा कायम गरिएकोछ।
यस नगरपालिकाको अधिकांस भूभागका माटो खुकुलो रहेकोछ। खोलाहरुको आसपासमा ग्राभेल मिस्रित वलौटे माटो रहेकोछ। यस नगरपालिकाको प्रायस सवै भु-भाग खेतियोग्य रहेकोछ।
यस नगरपालिकाको भुगोलमा सवैभन्दा ठुलो र लामो खोला पिखुवा खोला हो। पिखुवा खोलामा मिसिने अखुवा खोला र शेरा खोला हो। भने उत्तरी क्षेत्रका वडा नंवर १ र २ मा वग्ने सोरेङ्ग खोला र नखुवा खोला हो।
अन्य स-साना खोल्सिको रुपमा अन्य थुपै खोल्सीहरु छन्। जुन वर्षातको समयमा मात्र वग्ने खहरेको रुपमा रहेकोछ।
यस नगरपालिकामा राई, क्षेत्रि, ब्रामण, तामाङ, शेर्पा, मगर, गुरुङ, नेवार, विश्वकर्मा, दमाई, भुजेल, सुनुवार, लिम्वु, सार्की, ठकुरी, सन्यासी गरी १६ जातजातीहरुको वसोवास रहेकोछ।

२.२.३ जिल्ला र नगरपालिका संवन्धि विवरणः

| अवस्थिति | जिल्ला | नगरपालिका |
|---|---|---|
| अक्षांशः | २६°५४'५६.३५" उत्तरी अक्षांसदेखि २७°०४' १५.२७" उत्तरी अक्षांस सम्म | २७°०५'३०.४४.८५" उत्तरि अक्षांश देखि २७°१६'३०.५३" उत्तरी अक्षांस सम्म (अखुवाखोला दोभान पिखुवाखोला देखि हात्तिखर्क तेर्सेवर्से जंगल) |
| देशान्तर | ८७°०३'४७.९१" पुर्वी देशान्तरदेखि ८७°११'४५.२०" पूर्वी | ८६°५९'०१.४९" पुर्वि देशान्तर देखि ८७°०८'१५.०७" पुर्वि देशान्तर सम्म (गुप्तेश्वर सेतिवगर देखि |

| | देशान्तरसम्म | सोरेङ्गखोला/नखुवाखोला दोभान) |
|---|---|---|
| क्षेत्रफल | १५०७ वर्ग किमी. | १५९.१० वर्ग किमि (नगरपालिका) |
| आकार | पूर्व पश्चिम चौडाईः ३५ कि.मी. | पुर्व पश्चिम चौडाईः १४.९१ कि.मी.अधिकतम |
| | उत्तर दक्षिण लम्वाईः ९३ कि.मी. | उत्तर दक्षिण लम्वाईः २१.१० कि.मी.अधिकतम |
| उचाई | सवैभन्दा होचो ठाऊः हसनपुर (१५३ मी.)<br>सवै भन्दा अग्लो ठाउः शिलिचुङ्ग ४११० मी. | सवभन्दा होचो स्थानः ४४० मिटर अखुवादोभान पिखुवाखोला<br>सवभन्दा अग्लो स्थानः २६८० मिटर तेर्सेवर्से हेलौछा र गुप्तेश्वर विचको डाडा |
| सदरमुकाम | भोजपुर (१५४० मी.) | भोजपुर (१५४० मी.) |

२.२.४. हावापानी/तापक्रम/वर्षाः

जिल्लाको हावापानी

जलवायुः समशीतोष्ण

तापक्रमः अधिकतम ३२.२० से. र न्यूनतमः ०.१० से.

बार्षिक बर्षाः १००५.९ मी.मी. देखि २१२३.१ मी.मीं

सापेक्षित आद्रताः बर्षायाम ९०%, हिउँदयाम ५०% देखि ७०%

नगरपालिकाको हावापानी/तापक्रम/वर्षाः

| | 2019 | | | 2020 | | |
|---|---|---|---|---|---|---|
| Month | High / Degree | Low / Degree | Rain / mm | High / Degree | Low / Degree | Rain /mm |
| January | 1.39 | -15.6 | 0 | 2.26 | -17 | 0 |
| February | 3.36 | -13.8 | 0.3 | 4.17 | -16 | 0 |
| March | 7.71 | -11.4 | 0.8 | 7.29 | -12 | 1.5 |
| April | 12.6 | -3.93 | 2 | 10.6 | -6.6 | 8.7 |
| May | 16.94 | -0.39 | 0 | 14.9 | -1 | 7.4 |
| Jun | 21.53 | 4.33 | 0 | 20.6 | 5.23 | 16.5 |
| July | 20.33 | 7.6 | 56.3 | 21.2 | 7.68 | 50.4 |
| August | 19.58 | 7.51 | 91.3 | 19.4 | 6.87 | 79.5 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| September | 17.24 | 5.75 | 60.9 | 19.8 | 4.9 | 0.11 |
| October | 13.55 | -2.81 | 1.6 | 16.7 | -3 | NA |
| November | 10.4 | -8.94 | 0 | 8.63 | -12 | NA |
| December | 4.45 | -16.2 | 0.8 | 7.06 | -15 | NA |
| Average | 12.42 | -3.99 | 214 | 12.71 | -4.84 | 136.7 |

स्रोतः Google Search, Accuweather.com

२.२.७ भाषा

| सि.नं. | गाउँ | नेपाली | राई | तामाङ्ग | शेर्पा | मगर | गूरुङ्ग | लिम्वु | नेवारी | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | भामराङ्ग | 1659 | 23 | 143 | 32 | 99 | 0 | 0 | 0 | 11 | 1967 |
| २ | हेलौछा | 2062 | 9 | 269 | 19 | 20 | 35 | 0 | 0 | 0 | 2418 |
| ३ | गुप्तेश्वर | 1285 | 818 | 5 | 0 | 0 | 0 | 0 | 314 | 0 | 2422 |
| ४ | सिद्देश्वर | 2600 | 120 | 75 | 0 | 0 | 0 | 0 | 613 | 0 | 3407 |
| ५ | वोखिम | 1107 | 695 | 632 | 216 | 7 | 5 | 0 | 877 | 0 | 3539 |
| ६ | पालुवा | 1600 | 79 | 202 | 0 | 0 | 0 | 0 | 45 | 0 | 1926 |
| ७ | भोजपुर | 1036 | 316 | 325 | 31 | 34 | 17 | 8 | 151 | 80 | 1998 |
| ८ | पोखरे | 1335 | 7 | 169 | 13 | 0 | 0 | 0 | 0 | 0 | 1524 |
| ९ | काफ्ले | 996 | 13 | 2 | 0 | 0 | 0 | 0 | 0 | 0 | 1011 |
| १० | भैसिपंखा | 557 | 1559 | 163 | 102 | 0 | 0 | 0 | 553 | 0 | 2934 |
| ११ | आम्तेक | 2873 | 489 | 3 | 0 | 0 | 0 | 0 | 0 | 0 | 3365 |
| १२ | टक्सार | 3649 | 152 | 93 | 0 | 51 | 0 | 0 | 396 | 17 | 4358 |
| | जम्मा | 20759 | 4280 | 2081 | 413 | 211 | 57 | 8 | 2949 | 108 | 30869 |

२.२.५. नगरपालिकाको भौगोलिक जानकारीः

भू-उपयोग

| | जिल्लाको विवरण | | | नगरपालिकाको विवरण | |
|---|---|---|---|---|---|
| क्र.सं | विवरण | क्षेत्रफल वर्ग किमि | प्रतिशत | क्षेत्रफल वर्ग किमि | प्रतिशत |
| १ | कृषि क्षेत्र | ६२२२९ | ४१.३० | | |
| २ | जंगल क्षेत्र | ७५७८८ | ५०.५ | | |
| ३ | चरन र झाडी क्षेत्र | ५५३२ | ३.७० | | |
| ४ | नदी खोला | ३४६२ | २.३० | | |
| ५ | भीर पाखा | १२१६ | ०.८० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | अन्य | २४०३ | १.६० | | |
| | जम्मा | १५०७ | १०० | | |




प्रमुख प्रशासकीय अधिकृत

२.२.६. जातिगत विवरण:(लैङ्गिक समता तथा सामाजिक समावेशिकरण वर्गिकरणको आधारमा सामाजिक वर्गिकरण गरिएको)

| भौगोलिक विवरण | | जनसांख्यिक विवरण | | | | | | सामाजिक विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा नंवर | गाउँ | घर संख्या | महिला | पूरुष | जम्मा | लैङ्गिक अनुपात | औषत परिवार संख्या | जनजाति | ब्रामण क्षेत्रि | दलित | हिन्दु | वौद | किरात | इसाइ | अन्य |
| १ | भामराङ्ग -डाडवोखिम | ३०९ | ६६४ | ७४३ | १४०७ | ०.८९ | ४.५५ | १५१३. | ३२८ | १२७ | ७१३ | १११४ | ० | ० | ३८ |
| २ | हेलौछा | ५६३ | १३०८ | १४८६ | २७९४ | ०.८८ | ४.९६ | १८६२ | ५१० | ४५ | ५०४ | ७२२ | ६३६ | ९ | १ |
| ३ | गुप्तेश्वर | ४२० | १००८ | १००० | २००८ | १.०१ | ४.७८ | १५८८ | ७२७ | १०७ | २१६१ | ४९ | १८६ | २६ | ० |
| ४ | सिद्देश्वर | ६१७ | १६०५ | १७५९ | ३३६४ | ०.९१ | ५.४५ | १३४६ | १५९३ | ४६८ | २८२१ | १०६ | ३८७ | ० | ० |
| ५ | वोखिम | ६६६ | १७८९ | १७७७ | ३५६६ | १.०१ | ५.३५ | २४५४ | ९०८ | १८४ | २४४१ | ८९८ | ६०८ | ४० | ० |
| ६ | पालुवा-भोजपुर | ६३६ | ९२९ | ८८४ | १८१३ | १.०५ | २.८५ | १०६९ | ६२१ | २३६ | १२९७ | ३२८ | ३०१ | ० | ० |
| ७ | भोजपुर | ४१९ | ८२६ | ८४५ | १६७१ | ०.९८ | ३.९९ | १४४८ | २७४ | २७६ | ९२३ | ५४५ | ५२२ | ८ | ० |
| ८ | पोखरे-दुम्सिका | २५० | ६३६ | ६५५ | १२९१ | ०.९७ | ५.१६ | ७५९ | ४६८ | २२ | ६०६ | २०८ | १९७ | ० | ० |
| ९ | काफ्ले- भोजुर | ३२१ | ८०८ | ८०७ | १६१५ | १. | ५.०३ | ८२४ | २७९ | ४१ | ७०७ | ५५९ | १९३ | २ | ० |
| १० | भैसिपंखा | ५३२ | १३०६ | १३३८ | २६४४ | ०.९८ | ४.९७ | २६६८ | १४८ | ११८ | ७६९ | ४१० | १३९७ | ० | ० |
| ११ | आम्तेक | ४२२ | ११६८ | ११८६ | २३५४ | ०.९८ | ५.५८ | १९०० | १०३५ | ४३० | १८०३ | ३४२ | ९२४ | ५ | ० |
| १२ | टक्सार | ७९८ | १८४० | १७३३ | ३५७३ | १.०६ | ४.४८ | २८०३ | ११२३ | ३५० | ३५२० | १३ | २ | २९ | ० |
| | जम्मा | ५९५३ | १३८८७ | १४२१३ | २८१०० | ०.९८ | ४.७२ | २०२३४ | ८०१४ | २४०४ | १८२६५ | ५२९४ | ५३५३ | ११९ | ३९ |

स्रोत:जिल्ला समन्वय समिति २०७४ / गाउँ विकास समितिको वस्तुगत विवरण

11

नगरकार्यपालिकाको कार्यालय भोजपुर वाट तयार संक्षिप्त वातावरणीय अध्यायन कार्यक्षत्रगत शर्त (TOR) २०७८

भोजपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय भोजपुर प्रदेश नं १

प्रमुख प्रशासकीय अधिकृत

३ प्रस्तावको उदेश्य

भोजपुर नगरपालिका भित्रका प्रस्तावित खोलाहरुबाट ढुंगा, गिट्टी, वालुवा तथा ग्रावेल संकलन गर्न स्थानीय जैविक, भौतिक, रसायनिक तथा सामाजिक-सांस्कृतिक वातावरणमा पर्ने असरहरुबारे लेखाजोखा गरि दीगोरुपमा ढुंगा, गिट्टी, वालुवा, ग्रावेल संकलन तथा उपयोगमा टेवा पु-याउनु यसको प्रमूख उद्देश्य रहेको छ। अन्य बिशिष्ट उद्देश्यहरु निम्मानुसार रहेका छन्।

क. खोलाको अवस्था स्थीती र वहावलाई नियन्त्रण गर्ने उपाए अवलम्बव गर्ने।

ख. खोलाको बहाव र वनोट व्यवस्थित गरि ढुंगा, गिटी, वालुवाको उत्खननबाट आम्दानी गर्ने।

ग. स्थानीय स्तमा वैकल्पिक रोजगारीको सिर्जना गरी थप आय आर्जनको अवसर प्रदान गर्ने।

घ. स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रको विकासमा प्राकृतिक स्रोतबाट योगदान दिने।

३.१ संक्षिप्त वातावरणीय अध्ययनको कार्यसूची (Terms of Reference) का उद्धेश्यहरुः

प्रस्तावित कार्यसूची बातावरण संरक्षण ऐन २०७६ र नियमावली २०७७, स्थानीय सरकार संचालन ऐन २०७४, तथा संघीय मामिला तथा सामान्य मन्त्रालय, वातावरण तथा विपद् व्यवस्थापन शाखा को ढुंड्गा, गिट्टी तथा वालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को अधीनमा रही निम्नानुसार उद्देश्यहरु समावेश गरिएका छन्।

क. मुख्य सवाल र जवाफहरुलाइ कार्यसूचीमा परिदृश्य गराउनु।

ख. संक्षिप्त वातावणीय अध्ययनको लागि मार्गदर्शन तथा सिमा दिनु।

ग. सम्पादन गरिने कार्यहरुको व्यवस्थित सूची तथा क्रियाकलाप स्पष्ट बनाउनु।

घ. संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्न स्पष्ट विषय सूची निर्धारण गर्नु।

३.२ प्रस्तावको सान्दर्भिकता

भोजपुर नगरपालिका जिल्लाको सदरमुकाम रहेको एक ऐतिहासिक पुरानो स्थापित जिल्ला हो। यस शहरमा सवारि साधनका सहज यातायात सेवा, प्राविधिक शिक्षा र स्वास्थ्यको लागि वसाई सरेर आउने, रोजगारका अवसर खोजि गर्न नगरमा आउने र यहाका वासिन्दा समेत गरि जनसंख्या वढि रेहेकोछ।

भोजपुर नगरको पुराना भवनहरुलाई आधुनिक रुपमा वनाउने क्रम वढेकोछ। सरकारी / सार्वजनिक विकास निर्माणका कार्यहरु पनि संगसंगै तिव्र रुपमा वढिरहेका छन्। अर्को तिर उक्त निर्माणकार्यलाई आवाश्यक पर्ने निर्माणमुखि खनिज सामाग्रीहरु (ढुंगा, गिट्टी, वालुवा र ग्रावेल) को माग पनि तिव्र रुपमा वढदै गएको छ। स्थानीय वजारमा निर्माण सामाग्रीहरुको माग वढे अनुसार नीजि तथा सार्वजनिक खानि क्षेत्रमा अत्यधिक चाप पर्न गएकोछ। माग अनुसार आपूर्तीमा सहजता र गुणस्तरीय हुन पनि अत्यन्त जरुरी रहेकोछ। अतः यहि कारण नगर भित्र रहेका खोला तथा खनीहरुवाट यी

निर्माण सामाग्रीहरु निकाल्ने र प्रशोधन समेत गर्नु पर्ने हुन्छ । यदि यी सामाग्रीहरु ननिकाल्दा अवैध ढंगवाट उत्खनन हुने र चोरि निकासी वढ्ने खतरा रहन्छ, जिल्ला वाहिरबाट अत्यधिक मुल्य तिरेर ल्याउनु पर्ने वाध्यता पनि हुन्छ । खोलाको किनारमा वालुवा तथा ग्राभेल थुप्रियर पानीको वहाव अव्यवस्थित भई वातावरणीय समस्या हुने र जथाभावी निकाल्दा पनि खोलाको वहाव र बनोटमा असर पुगेर विभिन्न खालका वातावरणीय समस्या तथा विपद आउन सक्ने भएकोले सो समस्यालाई व्यवस्थित गर्दै ढुंगा, गिटी, वालुवाको उत्खननबाट विकास-निर्माण कार्यलाई पनि निरन्तरता दिन, रोजगारीको अवसर समेत अभिवृद्धि गर्न, कार्यक्रम कार्यन्वयन गर्नु पूर्व वातावरण संरक्षण ऐन-२०७६ र वातावरण संरक्षण नियमावली २०७७ मा भएको व्यवस्था अनुसार ऐनको दफा ७ मा प्रस्ताव स्वीकृति नगराई कार्यान्वयन गर्न नहुने व्यवस्था भएको, साथै स्थानीय संरकार संचालन ऐन २०७४ वमोजिम ढुंगा, गिट्टी, वालुवा संकलन, उत्खनन र निकासीको अनुमती दिनु पूर्व उल्लेखित प्रस्ताव कार्यान्वयन गर्न संक्षिप्त वातावरणीय अध्ययन SEA प्रतिवेदन तयार पारी स्वीकृती लिनुपर्ने प्रावधान वमोजिम नै कार्य सञ्चालन गर्ने गरि यो कार्यसूची तयार गरिएको हो ।

२.५. स्थान/ अवस्थिति र पहुँच

साधारण निर्माणमुखि खनिज सम्पदाहरु उत्खनन गरिने स्थान, सो स्थानको अवस्थिति र सो स्थान सम्म पुग्न लाग्ने समय, दुरी र साधनको यहा संक्षिप्त रुपमा उल्लेख गरिएको छ ।

सिंचाई विवरण

| सि.नं. | विवरण | जिल्ला | नगरपालिका |
|---|---|---|---|
| १ | १२ महिना सिंचाई हुने भूमि | ७१९० हे | |
| २ | मौसमी सिंचित भूमि | १२००१ हे. | |
| ३ | सिंचाईको मुख्य श्रोत | खोला | |

यातायात

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १ | विमानस्थल | १ |
| २ | विमान सेवा | नेपाल वायु सेवा निगम |
| ३ | रात्रि तथा दिवा वस सेवा | |
| | रात्री सेवा | भोजपुर- काठमाण्डौ |
| | दिवा सेवा | भोजपुर- धरान |
| | ट्याक्सि सेवा | जिल्ला भित्र तथा वाहिर सवै तिर |

| | | |
|---|---|---|
| | तिन पाङ्ग्रे टेम्पु सेवा | नगरभित्र छोटो दुरी सवै तिर |
| ४ | मोटरवाटो हरु | |
| | भोजपुर- लेगुवा-हिले | ९२ किमि |
| | भोजपुर-चखेवा-दिक्तेल | ८४ किमि |
| | भोजपुर-दिंला-तुम्लिङ्गटार | ७० किमि |
| | भोजपुर-घोरेटार-चतरा | ८४ किमि |
| | भोजपुर - हेलौछा | ३१ किमि |
| | भोजपुर - गुप्तेश्वर | १२ किमि |
| | भोजपुर - आम्तेक | १५ किमि |
| | भोजपुर - सिद्देश्वर | १२ किमि |
| ५ | विधुत सेवा | |
| | केन्द्रिय प्रशारण लाईन | ३३ किवा |
| | सिक्तेल खोला साना जलविधुत सेवा हाल वन्द रहेको | २५० कि.वा. |
| | इष्ट्रर्न हाइड्रो पावर भोजपुर नपा ६ पालुवा | ५ मे.वा. |
| | पिखुवा हाइड्रो पावर भोजपुर नपा १२ टक्सार | ७ मे.वा. |

# भोजपुर नगरपालिकाको धरातलिय स्वरुप





प्रमुख प्रशासकीय अधिकृत

| उत्खनन स्थान | अवस्थिति | पहुँच (सडकको नाम) |
|---|---|---|
| सोरेङ्गखोला<br>भोजपुर नपा- १ | दक्षिणः अरुण गापा-२ चम्पे<br>उत्तरः भोजपुर नपा - २ हेलौछा<br>पुर्वः षडानन्द नपा- १३ वोया<br>पश्चिमः भोजपुर नपा- १० हेलौछा | क. हिलेभन्ज्याङ्ग-भामराङ्ग-डाडावोखिम सडक (माटे सडक-१५ किमि)<br>ख. प्याउलि-चम्पे-सोरेङ्ग सडक ( माटे सडक - १० किमि) |
| नखुवा खोला<br>भोजपुर नपा-२ | दक्षिणः भोजपुर नपा- १ भामराङ्ग<br>उत्तरः षडानन्द नपा- १४ वोया<br>पुर्वः षडानन्द नपा- १३ वोया<br>पश्चिमः भोजपुर नपा- ५ वोखिम | क. हिलेभन्ज्याङ्ग-भामराङ्ग-डाडावोखिम सडक (माटे सडक-१५ किमि)<br>ख. वोया-हेलौछा ( माटे सडक - ८ किमि) |
| पिखुवाखोला<br>सेतिवगर<br>भोजपुर नपा-३ | दक्षिणः टेम्के मैयुङ्ग गापा-२ छिनामखु<br>उत्तरः टेम्के मैयुङ्ग गापा-१ तिम्मा<br>पुर्वः भोजपुर नपा- ३ गुप्तेश्वर<br>पश्चिमः टेम्के मैयुङ्ग गापा - १ तिम्मा | क. भोजपुर - दावा- सेतिवगर (मध्ये पहाडि राजमार्ग कालो पत्रे सडक-१५ किमि)<br>ख. सेतिवगर- अन्नपुर्ण- चखेवा (मध्ये पहाडि राजमार्ग कालो पत्रे सडक-२५ किमि) |
| घट्टेखोला<br>(वडा कार्यालय छेउ)<br>भोजपुर नपा-४ | दक्षिणः भोजपुर नपा-५ वोखिम<br>उत्तरः भोजपुर नपा -२ हेलौछा<br>पुर्वः भोजपुर नपा- ५ वोखिम<br>पश्चिमः भोजपुर नपा - ३ गुप्तेश्वर | क. भोजपुर - दावा- घट्टेखोला (मध्ये पहाडि राजमार्ग कालो पत्रे र कच्चि सडक-२० किमि)<br>ख. वाघखोर- सिद्देश्वर- घट्टेखोला (माटे कच्चि सडक-१५ किमि) |
| शेरा खोला<br>(दाम्सिङ्ग पुछार)<br>भोजपुर नपा-५ | दक्षिणः भोजपुर नपा-५ वोखिम<br>उत्तरः भोजपुर नपा -२ हेलौछा<br>पुर्वः भोजपुर नपा- ५ वोखिम<br>पश्चिमः भोजपुर नपा - ३ गुप्तेश्वर | क. भोजपुर - शेराखोला (मध्ये पहाडि राजमार्ग कालो पत्रे सडक-६ किमि)<br>ख. शेराखोला- दावा (मध्ये पहाडि राजमार्ग कालो पत्रे सडक- ५ किमि) |
| शेरा खोला<br>(रातमाटे)<br>भोजपुर नपा- ५ | दक्षिणः भोजपुर नपा-५ वोखिम<br>उत्तरः भोजपुर नपा -२ हेलौछा<br>पुर्वः भोजपुर नपा- ५ वोखिम<br>पश्चिमः टेम्के मैयुङ्ग गापा - ६ कोट | क. भोजपुर - शेराखोला (कोट- भोजपुर सडक- ६ किमि)<br>ख. शेराखोला- कोट (कोट- भोजपुर सडक- १० किमि) |
| पिखुवाखोला<br>(पालुवा)<br>भोजपुर नपा-६ | दक्षिणः रामप्रसाद राई गापा-५ दलगाउँ<br>उत्तरः भोजपुर नपा - ६ पालुवा<br>पुर्वः भोजपुर नपा- १२ टक्सार<br>पश्चिमः टेम्के मैयुङ्ग गापा - ६ कोट | क. भोजपुर- टक्सार - सिक्तेलखोला (कोट/ओख्रे- भोजपुर कच्ची सडक-१३ किमि)<br>ख. सिक्तेलखोला- कोट (कोट- भोजपुर कच्चि सडक- १० किमि) |

| | | |
|---|---|---|
| | | ग. सिक्तेलखोला- औखे सडक ( कच्चि सडक १३ किमि)<br>घ. भोजपर-पालुवा- सिक्तेल सडक (कच्चि सडक ९ किमि) |
| घट्टेखोला<br>पोखरे<br>भोजपुर नपा-८ | दक्षिणः भोजपुर नपा-१२ टक्सार<br>उत्तरः भोजपुर नपा - ९ काफ्ले<br>पुर्वः भोजपुर नपा- १० भैसिपंखा<br>पश्चिमः भोजपुर नपा - ८ भोजपुर | क. भोजपुर - घट्टेखोला (भोजपुर-आम्तेक कच्ची सडक-६ किमि )<br>ख. आम्तेक - घट्टेखोला (भोजपुर- आम्तेक कच्चि सडक- ६ किमि) |
| असिने/अधेरी<br>खोला<br>भोजपुर नपा-१० | दक्षिणः भोजपुर नपा-८ भोजपुर<br>उत्तरः भोजपुर नपा - १ हेलौछा<br>पुर्वः भोजपुर नपा- ११ आम्तेक<br>पश्चिमः भोजपुर नपा - ९ भोजपुर | क. भोजपुर - लेगुवा (सहायक राजमार्ग पक्कि- ९ किमि ) |
| अखुवा खोला/<br>माम्लाखा<br>भोजपुर नपा-११ | दक्षिणः भोजपुर नपा-१२ टक्सार<br>उत्तरः भोजपुर नपा - १० भैसिपंखा<br>पुर्वः भोजपुर नपा- ११ आम्तेक<br>पश्चिमः भोजपुर नपा - ८ भोजपुर | क. भोजपुर - अखुवाखोला (भोजपुर-आम्तेक कच्ची सडक-८ किमि, कच्ची )<br>ख. आम्तेक - अखुवाखोला (भोजपुर- आम्तेक कच्चि सडक- ५ किमि, कच्ची) |
| पिखुवा खोला<br>वेहेरेदोभान<br>भोजपुर नपा-१२ | दक्षिणःरामप्रसादराई गापा-५ मानेभन्ज्याङ्ग<br>उत्तरः भोजपुर नपा - १२ टक्सार<br>पुर्वः पौवादुङ्गमा गापा- ४ वास्तीम<br>पश्चिमः रामप्रसादराई गापा-४ दलगाउ | क. भोजपुर - पिखुवाखोला (भोजपुर-घोरेटार ग्रावेल सडक-१६ किमि )<br>ख. मानेभन्ज्याङ्ग - पिखुवाखोला (भोजपुर-घोरेटार सडक- १६ किमि) |

२.६. प्रकृति/ किसिम

यस कार्यक्षेत्रगत शर्तमा प्रस्ताव गरिएका स्थानहरु सवै ठाडो खोला हुन । यस स्थानमा (ढुंगा, ग्रावेल, गिट्टी तथा वालुवा) वर्षातको समयमा भेलवाढीले वगाएर ल्याउने र खोलाका किनारमा थुपार्ने भएकोले सो स्थानमा हाते औजारको प्रयोगवाट निर्धारित परिमाणमा उत्खनन गरिने अस्थायी प्रकृतिको निर्माणमुखि सामाग्री संकलन क्षेत्र हो । यि क्षेत्रहरु मध्ये कुनै कुनै स्थानमा छेकवार लगाई निर्माण सामाग्रीका खेति Harvesting Culture समेत गर्ने गरी योजना वनाईने छ । यस संकलन स्थान/क्षेत्रको लागि सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावलि २०६४ को प्रावधान अनुसार खुल्ला वढावढ विधिवाट वोलपत्र छनौट हुने र वर्षको जम्मा ९ महिना मात्र संकलन गरि तोकिएको स्थानमा डिपो गरेर मात्र विक्रि वितरण गरिने छ ।



प्रमुख प्रशासकीय अधिकृत

२.७ प्रस्तावको Salient Features को सन्दर्भमा विवरण

## भोजपुर नगरपालिकाको जलाधार क्षेत्र




18

नगरकार्यपालिकाको कार्यालय भोजपुर वाट तयार संक्षिप्त वातावरणीय अध्ययन कार्यक्षेत्रगत शर्त (TOR) २०७८

प्रमुख प्रशासकीय अधिकृत

१.सोरेङ्ग खोला क्षेत्र

| नाम | सोरेङ्ग खोला |
|---|---|
| ठेगाना | भोजपुर नगरपालिका वडा नंवर १ डाडवोखिम भामराङ्ग र अरुण गाउँपालिका वडा नंवर २ चम्पे विचमा वग्ने खोला हो। |
| जलाधार क्षेत्र | भोजपुर नगरपालिकाका वडा नंवर १ को अरुणडाडा, वाह्हागे, गुम्वा डाडा, भामराङ्ग, डाडावोखिम शिवुखाम र अरुण गाउँपालिकाको वडा नंवर २ चम्पे को सोरेङ्ग र हिलेभन्ज्याङ्गको भुगोल नै यस सोरेङ्ग खोलाको जलाधार क्षेत्र हो। लगभग यस जलाधार क्षेत्रमा ११ वर्ग किमि क्षेत्रफल समेटदछ। |
| मोहडा | यो खोला मोटामोटि पूर्वदक्षिण तर्फ वगेर नखुवा-यागुवा खोला हुदै अरुण नदिमा मिसिन्छ। |
| जलाधार क्षेत्रमा पर्ने वनहरु | छरछरे सामुदायिक वन, सोरेङ्ग गुरासे सामुदायिक वन मुख्य रुपमा रहेकोछ। अन्य आसपासमा साना नीजि जमिनमा पलाएका केही रुखहरु र साना साना कित्तामा रहेको छिटफुट वनहरु छन्। |
| पानीको उपयोग | छरछरे वन भित्र रहेको पानीलाई पौवादुङ्गमा गाउँपालिकाको हिलेभन्ज्याङ्ग, तिवारीभन्ज्याङ्ग, च्याङ्ग्रे, वास्तीम, ठुलोदुङ्गमा र सानोदुङ्गमा क्षेत्रमा खानेपानीको उपयोग भइरहेकोछ। विभिन्न साना साना स्किमका पाएपवाट साना साना वस्तिहरुमा लगेर पिउने पानीको रुपमा प्रयोग भइरहेकोछ। सिवुखाम, डाडावोखिम, र चम्पेका सोरेङ्गवेशिका खेतहरुमा सिचाई भइरहेकोछ। अलैचि वगानमा प्रयोग भइरहेकोछ। |
| खोला वरपर जंगल किनारमा पाइने वनस्पतिहरु | खोलाको मुहानको जंगलमा हिमालि क्षेत्रमा पाइने प्रजातिका रुख विरुवाहरु रातोपात्ले, लालि गुरास, चुत्रो, अगेरीहरु मध्येभागका जंगलमा उत्तिस, पात्ले, अगेरी, मलता जस्ता र तल्लो भागमा वास, उत्तिस, चिलाउने आदी पाइन्छ। |
| ढुङ्गा, गिट्टी, वालुवाको संकलन गर्न सकिने क्षेत्र | लम्वाइः माथि उल्लेख गरिएको क्षेत्रमा २०० मिटर,<br>चौडाईः सरदर १५ मिटर देखि ४० मिटर सम्म गहिराईः अनुमानित १ मिटर सम्म ढुङ्गा, गिट्टी, ग्रावेल र वालुवा स्टक रहेको। |
| खोलामा ढुंङ्गा, गिट्टी, वालुवाको उपलव्धता | पहिलो १५ देखि ४० मिटर क्षेत्रमा अधिकतम ढुंङ्गा, ग्रावेल, वालुवाको मात्रा अधिक रहेको। त्यसपछि भेलवाढीले थुपार्ने भएकोले पर्याप्त उपलव्ध हुन सक्ने। |
| खोलावाट ढुंङ्गा, गिट्टी, ग्रावेल र वालुवाको उपयोग | सोरेङ्ग खोलावाट लगभग ८०० घनमिटर वार्षिक लिन सकिने। तर सामाग्रीको परिमाण खोलाको भेलवाडीको वहाव र संकलन गर्ने छेकवारमा निर्भर रहनेछ। |

२. नखुवा खोला क्षेत्र

| | |
|---|---|
| नाम | नखुवा खोला |
| ठेगाना | भोजपुर नगरपालिका वडा नंवर २ हेलौछा र षडानन्द नगरपालिका वडा नंवर १३ वोया विचमा वग्ने खोला हो। |
| जलाधार क्षेत्र | भोजपुर नगरपालिकाका वडा नंवर १ को छोक्ला, वडा नोंर २ को सुन्तले डाडा, वाघखोर, चप्लेटी, [illegible]खर्क, तेस्रेवर्षे, वेतेनी, हेलौछा, सिमे र षडानन्द नगरपालिकाका वडा नंवर १४ वोया भिरथाप्ला, पापुङ्गलाको भुगोल नै यस नखुवा खोलाको जलाधार क्षेत्र हो। लगभग यस जलाधार क्षेत्रमा २५ वर्ग किमि क्षेत्रफल समेटदछ। |
| मोहडा | यो खोला मोटामोटि पूर्वदक्षिण तर्फ वगेर नखुवा-सोरेङ्गदोभान-यागुवा खोला हुदै अरुण नदिमा मिसिन्छ। |
| जलाधार क्षेत्रमा पर्ने वनहरु | तेर्से वर्से सामुदायिक वन, वेतेनी सामुदायिक वन, छोक्ला सामुदायिक वन मुख्य रुपमा रहेकोछ। अन्य आसपासमा साना नीजि जमिनमा पलाएका केही रुखहरु र साना साना कित्तामा रहेको छिटफुट वनहरु छन्। |
| पानीको उपयोग | छोक्ला वन भित्र रहेको पानीलाई पौवादुङ्गमा गाउँपालिकाको हिलेभन्ज्याङ्ग, तिवारीभन्ज्याङ्ग, च्याङ्ग्रे, वास्तीम, ठुलोदुङ्गमा र सानोदुङ्गमा क्षेत्रमा खानेपानीको उपयोग भइरहेकोछ। विभिन्न साना साना स्किमका पाएपवाट साना साना वस्तिहरुमा लगेर पिउने पानीको रुपमा प्रयोग भइरहेकोछ। हेलोछा, नाकाम, र वेखौछाका खेतहरुमा सिचाई भइरहेकोछ। अलैचि वगानमा समेत प्रयोग भइरहेकोछ। |
| खोला वरपर जंगल किनारमा पाइने वनस्पतिहरु | खोलाको मुहानको जंगलमा हिमालि क्षेत्रमा पाइने प्रजातिका रुख विरुवाहरु रातोपाल्ले, लालि गुरास, चाप, चुत्रो, अगेरीहरु मध्येभागका जंगलमा उत्तिस, पाल्ले, अगेरी, मलता चिलाउने, ओखर र तल्लो भागमा वेत, वास, उत्तिस, चिउरी, चिलाउने आदी पाइन्छ। |
| ढुङ्गा, गिट्टी, वालुवाको संकलन गर्न सकिने क्षेत्र | लम्वाइः माथि उल्लेख गरिएको क्षेत्रमा २५० मिटर,<br>चौडाईः सरदर २० मिटर देखि ४० मिटर सम्म,<br>गहिराईः अनुमानित १ मिटर सम्म ढुङ्गा, गिट्टी, ग्रावेल र वालुवा स्टक रहेको। |
| खोलामा ढुंङ्गा, गिट्टी, वालुवाको उपलब्धता | पहिलो २० देखि ४० मिटर क्षेत्रमा अधिकतम ढुंङ्गा, ग्रावेल, वालुवाको मात्रा अधिक रहेको। त्यसपछि भेलवाढीले थुपार्ने भएकोले पर्याप्त उपलब्ध हुन सक्ने। |
| खोलावाट ढुंङ्गा, | नखुवा खोलावाट लगभग १००० घनमिटर वार्षिक लिन सकिने। तर सामाग्रीको |

| | |
|---|---|
| गिट्टी, ग्रावेल र वालुवाको उपयोग | परिमाण उपयोग गर्ने, खोलाको भेलवाडीको वहाव र संकलन गर्ने छेकवारमा निर्भर रहनेछ। |

३. पिखुवाखोला सेतिवगर क्षेत्र

| | |
|---|---|
| नाम | पिखुवाखोला सेतिवगर |
| ठेगाना | भोजपुर नगरपालिका वडा नंवर ३ गुप्तेश्वर र टेम्केमैयुङ्ग गाउँपालिका वडा नंवर १ तिम्मा विचमा वग्ने पिखुवाखोला हो। |
| जलाधार क्षेत्र | टेम्के मैयुङ्ग गाउँपालिका वडा नंवर १ तिम्माको मैयुङ्ग, हासपोखरी, धोत्रे, सावा, कटहरे, पाङ्गखाम, रिमचिम, भोजपुर नगरपालिका वडा नंवर ३ गुप्तेश्वरका भुगोल नै यस पिखुवा खोलाको जलाधार क्षेत्र हो। लगभग यस जलाधार क्षेत्रमा ६० वर्ग किमि क्षेत्रफल समेटदछ। |
| मोहडा | यो खोला मोटामोटि पूर्वदक्षिण तर्फ वगेर पिखुवा-वंखुवा- हिंखुवा-सिक्तेल-वेहेरेश्वर- अखुवा- कावा खोला हुदै अरुण नदिमा मिसिन्छ। |
| जलाधार क्षेत्रमा पर्ने वनहरु | हासपोखरी, तिम्मा, कटहरे, छोपनारायन, पाङ्गखामका सामुदायिक वन मुख्य रुपमा रहेकोछ। अन्य आसपासमा साना नीजि जमिनमा पलाएका केही रुखहरु र साना साना कित्तामा रहेको छिटफुट वनहरु छन्। |
| पानीको उपयोग | पाङ्गखामका तिनभगाले पानीलाई भोजपुर नगरपालिकाको गुप्तेश्वर, सिद्देश्वर, वोखिम, भोजपुर र टक्सार क्षेत्रमा शहरी खानेपानीको उपयोग भइरहेकोछ। विभिन्न साना साना स्किमका पाएपवाट साना साना वस्तिहरुमा लगेर पिउने पानीको रुपमा प्रयोग भइरहेकोछ। गुप्तेश्वर, तिम्मा, रिमचिम तथा सेतिवगरका खेतहरुमा सिचाई भइरहेकोछ। अलैचि वगानमा प्रयोग भइरहेकोछ। |
| खोला वरपर जंगल किनारमा पाइने वनस्पतिहरु | खोलाको मुहानको जंगलमा हिमालि क्षेत्रमा पाइने प्रजातिका रुख विरुवाहरु रातोपात्ले, चिमल, लालि गुरास, चुत्रो, अगेरी, लोठ सल्लाहरु मध्येभागका जंगलमा उत्तिस, पात्ले, अगेरी, मलता जस्ता र तल्लो भागमा वास, उत्तिस, चिलाउने, वाझ आदी पाइन्छ। |
| ढुङ्गा, गिट्टी, वालुवाको संकलन गर्न सकिने क्षेत्र | लम्वाइः माथि उल्लेख गरिएको क्षेत्रमा ३०० मिटर,<br>चौडाईः सरदर २० मिटर देखि ४० मिटर सम्म<br>गहिराईः अनुमानित १ मिटर सम्म ढुङ्गा, गिट्टी, ग्रावेल र वालुवा स्टक रहेको। |
| खोलामा ढुंङ्गा, गिट्टी, वालुवाको उपलव्धता | पहिलो २० देखि ४० मिटर क्षेत्रमा अधिकतम ढुंङ्गा, ग्रावेल, वालुवाको मात्रा अधिक रहेकोछ। त्यसपछि भेलवाढीले थुपार्ने भएकोले पर्याप्त उपलव्ध हुन सक्ने। |

| | |
|---|---|
| खोलावाट ढुङ्गा, गिट्टी, ग्रावेल र वालुवाको उपयोग | पिखुवा खोला सेतिवगर क्षेत्रवाट लगभग १५०० घनमिटर वार्षिक लिन सकिने। तर सामाग्रीको परिमाण उपयोगका चार, खोलाको भेलवाडीको वहाव र संकलन गर्ने छेकवारमा निर्भर रहनेछ। |

४. घट्टेखोला

| नाम | घट्टे खोला |
|---|---|
| ठेगाना | भोजपुर नगरपालिका वडा नंवर ४ सिद्देशवर र मान्द्रे विचमा वग्ने खोला हो। |
| जलाधार क्षेत्र | भोजपुर नगरपालिकाका वडा नंवर ४ को भालुखोप डाडा, वाघखोर क्षेत्रका भुगोल नै यस घट्टे खोलाको जलाधार क्षेत्र हो। लगभग यस जलाधार क्षेत्रमा ४ वर्ग किमि क्षेत्रफल समेटदछ। |
| मोहडा | यो खोला मोटामोटि पश्चिम-दक्षिण तर्फ वगेर घट्टेखोला- शेराखोला हुदै पिखुवा खोलामा मिसिन्छ। |
| जलाधार क्षेत्रमा पर्ने वनहरु | तेर्से वर्से सामुदायिक वन, सुन्तले मुख्य रुपमा रहेकोछ। अन्य आसपासमा साना नीजि जमिनमा पलाएका केही रुखहरु र साना साना कित्तामा रहेको छिटफुट वनहरु छन्। |
| पानीको उपयोग | वाघखोर सामुदायिक वन भित्र रहेको पानीलाई सिद्देश्वर का क्षेत्रमा खानेपानीको उपयोग भइरहेकोछ। विभिन्न साना साना स्किमका पाएपवाट साना साना वस्तिहरुमा लगेर पिउने पानीको रुपमा प्रयोग भइरहेकोछ। सिद्देश्वर, भण्डारी गाउ, कार्कि गाउँ, मान्द्रे, पाण्डे गाउँका खेतहरुमा सिचाई भइरहेकोछ। अलैचि वगानमा समेत प्रयोग भइरहेकोछ। |
| खोला वरपर जंगल किनारमा पाइने वनस्पतिहरु | खोलाको मुहानको जंगलमा हिमालि क्षेत्रमा पाइने प्रजातिका रुख विरुवाहरु रातोपात्ले, लालि गुरास, चुत्रो, अगेरीहरु मध्येभागका जंगलमा उत्तिस, पात्ले, अगेरी, मलता जस्ता र तल्लो भागमा वास, उत्तिस, चिलाउने आदी पाइन्छ। |
| ढुङ्गा, गिट्टी, वालुवाको संकलन गर्न सकिने क्षेत्र | लम्वाइः माथि उल्लेख गरिएको क्षेत्रमा १०० मिटर,<br>चौडाईः सरदर १५ मिटर देखि ४० मिटर सम्म<br>गहिराईः अनुमानित १ मिटर सम्म ढुङ्गा, गिट्टी, ग्रावेल र वालुवा स्टक रहेको। |
| खोलामा ढुंङ्गा, गिट्टी, वालुवाको उपलब्धता | पहिलो १५ देखि ४० मिटर क्षेत्रमा अधिकतम ढुंङ्गा, ग्रावेल, वालुवाको मात्रा अधिक रहेको। त्यसपछि भेलवाढीले थुपार्ने भएकोले पर्याप्त उपलब्ध हुन सक्ने। |
| खोलावाट ढुंङ्गा, गिट्टी, ग्रावेल र वालुवाको उपयोग | घट्टे खोलावाट लगभग ६०० घनमिटर वार्षिक लिन सकिने। तर सामाग्रीको परिमाण खोलाको भेलवाडीको वहाव र संकलन गर्ने छेकवारमा निर्भर रहनेछ। |

५. शेरा खोला

| नाम | शेरा खोला |
| --- | --- |
| ठेगाना | भोजपुर नगरपालिका वडा नंवर ४ सिद्देश्वर र भोजपुर नगरपालिका वडा नंवर ५ वोखिम विचमा वग्ने खोला हो। |
| जलाधार क्षेत्र | भोजपुर नगरपालिकाका वडा नंवर ४ सिद्देश्वरको भालुखोप डाडा, वाघखोर, वोखिमका सुन्तले डाडा, ढुंगे, मुडे दामसिङ्ग क्षेत्र नै यस शेराखोलाको जलाधार क्षेत्र हो। लगभग यस जलाधार क्षेत्रमा १४ वर्ग किमि क्षेत्रफल समेटदछ। |
| मोहडा | यो खोला मोटामोटि दक्षिण तर्फ वगेर शेराखोला- पिखुवा खोलामा मिसिन्छ। |
| जलाधार क्षेत्रमा पर्ने वनहरु | ठुलो सामुदायिक वन छैन, अन्य आसपासमा साना नीजि जमिनमा पलाएका केही रुखहरु र साना साना कित्तामा रहेको छिटफुट वनहरु छन्। |
| पानीको उपयोग | यस शेराखोलामा रहेको पानीवाट सिद्देश्वरका र वोखिमका खोला तटका खेतहरुमा सिचाई भइरहेकोछ। अलैचि वगानमा समेत प्रयोग भइरहेकोछ। |
| खोला वरपर जंगल किनारमा पाइने वनस्पतिहरु | खोलाको मुहानको जंगलमा हिमालि क्षेत्रमा पाइने प्रजातिका रुख विरुवाहरु रातोपात्ले, लालि गुरास, चुत्रो, अगेरीहरु मध्येभागका जंगलमा उत्तिस, पात्ले, अगेरी, मलता जस्ता र तल्लो भागमा वास, उत्तिस, चिलाउने आदी पाइन्छ। |
| ढुङ्गा, गिट्टी, वालुवाको संकलन गर्न सकिने क्षेत्र | लम्वाइः माथि उल्लेख गरिएको क्षेत्रमा २०० मिटर,<br>चौडाईः सरदर २० मिटर देखि ४० मिटर सम्म<br>गहिराईः अनुमानित १ मिटर सम्म ढुङ्गा, गिट्टी, ग्रावेल र वालुवा स्टक रहेको। |
| खोलामा ढुंङ्गा, गिट्टी, वालुवाको उपलब्धता | पहिलो २० देखि ४० मिटर क्षेत्रमा अधिकतम ढुंङ्गा, ग्रावेल, वालुवाको मात्रा अधिक रहेको। त्यसपछि भेलवाढीले थुपार्ने भएकोले पर्याप्त उपलब्ध हुन सक्ने। |
| खोलावाट ढुंङ्गा, गिट्टी, ग्रावेल र वालुवाको उपयोग | शेरा खोलावाट लगभग १००० घनमिटर वार्षिक लिन सकिने। तर सामाग्रीको परिमाण खोलाको भेलवाडीको वहाव र संकलन गर्ने छेकवारमा निर्भर रहनेछ। |

६. शेराखोला रातमाटे

| नाम | शेरा खोला रातमाटे |
| --- | --- |
| ठेगाना | भोजपुर नगरपालिका वडा नंवर ३ गुप्तेश्वर र भोजपुर नगरपालिका वडा नंवर ५ वोखिम विचमा वग्ने खोला हो। |
| जलाधार क्षेत्र | भोजपुर नगरपालिकाका वडा नंवर ४ सिद्देश्वरको भालुखोप डाडा, वाघखोर, वोखिमका सुन्तले डाडा, ढुंगे, मुडे दामसिङ्ग क्षेत्र नै यस शेराखोलाको जलाधार |



प्रमुख प्रशासकीय अधिकृत

| | |
|---|---|
| | क्षेत्र हो। लगभग यस जलाधार क्षेत्रमा १८ वर्ग किमि क्षेत्रफल समेटदछ। |
| मोहडा | यो खोला मोटामोटि दक्षिण तर्फ वगेर शेराखोला- पिखुवा खोलामा मिसिन्छ। |
| जलाधार क्षेत्रमा पर्ने वनहरु | रातमाटे सामुदायिक वन छ, अन्य आसपासमा साना नीजि जमिनमा पलाएका केही रुखहरु र साना साना कित्तामा रहेको छिटफुट वनहरु छन्। |
| पानीको उपयोग | यस शेराखोलामा रहेको पानीवाट वोखिमका मसिनेवेशि खेत र खोला तटका खेतहरुमा सिचाई भइरहेकोछ। अलैचि वगानमा समेत प्रयोग भइरहेकोछ। |
| खोला वरपर जंगल किनारमा पाइने वनस्पतिहरु | खोलाको मुहानको जंगलमा हिमालि क्षेत्रमा पाइने प्रजातिका रुख विरुवाहरु रातोपात्ले, लालि गुरास, चुत्रो, अगेरीहरु मध्येभागका जंगलमा उत्तिस, पात्ले, अगेरी, मलता जस्ता र तल्लो भागमा सल्ला, साल, वास, उत्तिस, चिलाउने आदी पाइन्छ। |
| ढुङ्गा, गिट्टी, वालुवाको संकलन गर्न सकिने क्षेत्र | लम्वाइः माथि उल्लेख गरिएको क्षेत्रमा १०० मिटर,<br>चौडाईः सरदर २० मिटर देखि ४० मिटर सम्म<br>गहिराईः अनुमानित १ मिटर सम्म ढुङ्गा, गिट्टी, ग्रावेल र वालुवा स्टक रहेको। |
| खोलामा ढुंङ्गा, गिट्टी, वालुवाको उपलव्धता | पहिलो २० देखि ४० मिटर क्षेत्रमा अधिकतम ढुंङ्गा, ग्रावेल, वालुवाको मात्रा अधिक रहेको। त्यसपछि भेलवाढीले थुपार्ने भएकोले पर्याप्त उपलव्ध हुन सक्ने। |
| खोलावाट ढुंङ्गा, गिट्टी, ग्रावेल र वालुवाको उपयोग | शेरा खोलावाट लगभग ८०० घनमिटर वार्षिक लिन सकिने। तर सामाग्रीको परिमाण खोलाको भेलवाडीको वहाव र संकलन गर्ने छेकवारमा निर्भर रहनेछ। |

७. पिखुवाखोला सिक्तेल क्षेत्र

| नाम | पिखुवा खोला सिक्तेल क्षेत्र |
|---|---|
| ठेगाना | भोजपुर नगरपालिका वडा नंवर ६ पालुवा र रामप्रसाद राई गाउँपालिका वडा नंवर ४ दलगाउ विचमा वग्ने खोला हो। |
| जलाधार क्षेत्र | टेम्के मैयुङ्ग गाउँपालिकाको वडा नंवर १ तिम्मा, मैयुङ्ग, वडा नंवर २ छिनामखु वडा नंवर ३ अन्नपुर्ण भोजपुर नगरपालिकाका वडा नंवर ३ गुप्तेश्वर, वडा नंवर ४ सिद्देश्वरको भालुखोप डाडा, वाघखोर, वडा नंवर ५ वोखिम, वडा नंवर ७ भोजपुर वडा नंवर ९ भोजपुर र वडा नंवर १२ टक्सारका क्षेत्र नै यस पिखुवाखोलाका जलाधार क्षेत्र हो। लगभग यस जलाधार क्षेत्रमा ३५ वर्ग किमि क्षेत्रफल समेटदछ। |
| मोहडा | यो खोला मोटामोटि दक्षिण तर्फ वगेर पिखुवा खोला- अरुण नदीमा मिसिन्छ। |

| | |
|---|---|
| जलाधार क्षेत्रमा पर्ने वनहरु | रातमाटे सामुदायिक वन छ, अन्य आसपासमा साना नीजि जमिनमा पलाएका केही रुखहरु र साना साना कित्तामा रहेको छिटफुट वनहरु छन्। |
| पानीको उपयोग | यस पिखुवाखोला रहेको पानीवाट ईष्ट्र्न हाईड्रो पावर ५ मेघावाट क्षमताको उत्पादन भइ रहेकोछ र खोला तटका खेतहरुमा सिचाई भइरहेकोछ। |
| खोला वरपर जंगल किनारमा पाइने वनस्पतिहरु | खोलाको मुहानको जंगलमा हिमालि क्षेत्रमा पाइने प्रजातिका रुख विरुवाहरु लोठ सल्ला, पाटुल्ले सल्ला, रातोपात्ले, लालि गुरास, चुत्रो, अगेरीहरु मध्येभागका जंगलमा उत्तिस, पात्ले, अगेरी, मलता जस्ता र तल्लो भागमा सल्ला, साल, वास, उत्तिस, चिलाउने आदी पाइन्छ। |
| ढुङ्गा, गिट्टी, वालुवाको संकलन गर्न सकिने क्षेत्र | लम्वाइः माथि उल्लेख गरिएको क्षेत्रमा १०० मिटर,<br>चौडाईः सरदर २० मिटर देखि ४० मिटर सम्म<br>गहिराईः अनुमानित १ मिटर सम्म ढुङ्गा, गिट्टी, ग्रावेल र वालुवा स्टक रहेको। |
| खोलामा ढुंङ्गा, गिट्टी, वालुवाको उपलव्धता | पहिलो २० देखि ४० मिटर क्षेत्रमा अधिकतम ढुंङ्गा, ग्रावेल, वालुवाको मात्रा अधिक रहेको। त्यसपछि भेलवाढीले थुपार्ने भएकोले पर्याप्त उपलव्ध हुन सक्ने। |
| खोलावाट ढुङ्गा, गिट्टी, ग्रावेल र वालुबाको उपयोग | पिखुवा खोलावाट लगभग ८०० घनमिटर वार्षिक लिन सकिने। तर सामाग्रीको परिमाण खोलाको भेलवाडीको वहाव र संकलन गर्ने छेकवारमा निर्भर रहनेछ। |

८. घट्टेखोला पोखरे क्षेत्र

| | |
|---|---|
| नाम | घट्टे खोला पोखरे क्षेत्र |
| ठेगाना | भोजपुर नगरपालिका वडा नंवर ८ पोखरे र र भोजपुर नगरपालिका वडा नंवर १० भैसिपंखा विचमा वग्ने खोला हो। |
| जलाधार क्षेत्र | भोजपुर नगरपालिकाका वडा नंवर ९ काफ्ले, धामखर्क, हात्तिगौडा, वडानंवर ८ दुम्सिका, पोखरे, वडा नंवर १० जिमिगाउँ क्षेत्र नै यस घट्टेखोलाको जलाधार क्षेत्र हो। लगभग यस जलाधार क्षेत्रमा ८ वर्ग किमि क्षेत्रफल समेटदछ। |
| मोहडा | यो खोला मोटामोटि दक्षिण तर्फ वगेर घट्टेखोला- अखुवा खोला- पिखुवा खोलामा मिसिन्छ। |
| जलाधार क्षेत्रमा पर्ने वनहरु | धनसुरे सामुदायिक वन छ, अन्य आसपासमा साना नीजि जमिनमा पलाएका केही रुखहरु र साना साना कित्तामा रहेको छिटफुट वनहरु छन्। |
| पानीको उपयोग | यस घट्टेखोलामा रहेको पानीवाट भैसिपंखाका जिमिगाउ, भोजपुरका पोखरे क्षेत्रका खेत र खोला तटमा सिचाई भइरहेकोछ। |



प्रमुख प्रशासकीय अधिकृत

| | |
|---|---|
| खोला वरपर जंगल किनारमा पाइने वनस्पतिहरु | खोलाको मुहानको जंगलमा उत्तिस, पात्ले, अगेरी, मलता जस्ता र तल्लो भागमा वास, उत्तिस, चिलाउने आदी पाइन्छ। |
| ढुङ्गा, गिट्टी, वालुवाको संकलन गर्न सकिने क्षेत्र | लम्वाइः माथि उल्लेख गरिएको क्षेत्रमा १०० मिटर,<br>चौडाईः सरदर २० मिटर देखि ४० मिटर सम्म<br>गहिराईः अनुमानित १ मिटर सम्म ढुङ्गा, गिट्टी, ग्रावेल र वालुवा स्टक रहेको। |
| खोलामा ढुंङ्गा, गिट्टी, वालुवाको उपलव्धता | पहिलो २० देखि ४० मिटर क्षेत्रमा अधिकतम् ढुंङ्गा, ग्रावेल, वालुवाको मात्रा अधिक रहेको। त्यसपछि भेलवाढीले थुपार्ने भएकोले पर्याप्त उपलव्ध हुन सक्ने। |
| खोलावाट ढुंङ्गा, गिट्टी, ग्रावेल र वालुवाको उपयोग | घट्टे खोलाबाट लगभग ५०० घनमिटर वार्षिक लिन सकिने। तर सामाग्रीको परिमाण खोलाको भेलवाडीको वहाव र संकलन गर्ने छेकवारमा निर्भर रहनेछ। |

९. असिने/अधेरी खोला

| | |
|---|---|
| नाम | असिने/अधेरी खोला |
| ठेगाना | भोजपुर नगरपालिका वडा नंवर १० भैसिपंखामा वग्ने खोला हो। |
| जलाधार क्षेत्र | भोजपुर नगरपालिकाका वडा नंवर १० भैसिपंखाको सुन्तलेडाडा, वाह्हागे, असिने, नर्पाया, जिमिगाउ, धापखर्क, डाडाखर्क क्षेत्र नै यस असिने/अधेरी खोला खोलाको जलाधार क्षेत्र हो। लगभग यस जलाधार क्षेत्रमा १९ वर्ग किमि क्षेत्रफल समेटदछ। |
| मोहडा | यो खोला मोटामोटि दक्षिण तर्फ वगेर अखुवाखोला- पिखुवा खोलामा मिसिन्छ। |
| जलाधार क्षेत्रमा पर्ने वनहरु | ठुलो सामुदायिक वन छैन, अन्य आसपासमा साना नीजि जमिनमा पलाएका केही रुखहरु र साना साना कित्तामा रहेको छिटफुट वनहरु छन्। |
| पानीको उपयोग | यस असिने/अधेरी खोलामा रहेको पानीवाट भैसिपंखाका डाडाखर्क, मागुवा र आम्तेकका मुलावारी सम्म र खोला तटका खेतहरुमा सिचाई भइरहेकोछ। अलैचि वगानमा समेत प्रयोग भइरहेकोछ। |
| खोला वरपर जंगल किनारमा पाइने वनस्पतिहरु | खोलाको मुहानको जंगलमा हिमालि क्षेत्रमा पाइने प्रजातिका रुख विरुवाहरु रातोपात्ले, लालि गुरास, चुत्रो, अगेरीहरु मध्येभागका जंगलमा उत्तिस, पात्ले, अगेरी, मलता जस्ता र तल्लो भागमा वास, उत्तिस, चिलाउने आदी पाइन्छ। |
| ढुङ्गा, गिट्टी, वालुवाको संकलन | लम्वाइः माथि उल्लेख गरिएको क्षेत्रमा २०० मिटर,<br>चौडाईः सरदर २० मिटर देखि ४० मिटर सम्म |

| | |
|---|---|
| गर्न सकिने क्षेत्र | गहिराईः अनुमानित १ मिटर सम्म ढुङ्गा, गिट्टी, ग्रावेल र वालुवा स्टक रहेको। |
| खोलामा ढुंङ्गा, गिट्टी, वालुवाको उपलव्धता | पहिलो २० देखि ४० मिटर क्षेत्रमा अधिकतम ढुंङ्गा, ग्रावेल, वालुवाको मात्रा अधिक रहेको। त्यसपछि भेलवाढीले थुपार्ने भएकौले पर्याप्त उपलव्ध हुन सक्ने। |
| खोलावाट ढुंङ्गा, गिट्टी, ग्रावेल र वालुवाको उपयोग | असिने/अधेरी खोलावाट लगभग ६०० घनमिटर वार्षिक लिन सकिने। तर सामाग्रीको परिमाण खोलाको भेलवाडीको वहाव र संकलन गर्ने छेकवारमा निर्भर रहनेछ। |

१०. अखुवाखोला माम्लाखा क्षेत्र

| | |
|---|---|
| नाम | अखुवाखोला माम्लाखा क्षेत्र |
| ठेगाना | भोजपुर नगरपालिका वडा नंवर १० भैसिपंखा र भोजपुर नगरपालिका वडा नंवर ११ आम्तेक विचमा वग्ने खोला हो। |
| जलाधार क्षेत्र | भोजपुर नगरपालिकाका वडा नंवर १० भैसिपंखाको सुन्तलेडाडा, वाह्रागे, असिने, नर्पाया, जिमिगाउ, धापखर्क, डाडाखर्क, मागुवा श्यामसिला सिक्रे, पिप्ले मुलावारी क्षेत्र नै यस अखुवाखोला माम्लाखा खोलाको जलाधार क्षेत्र हो। लगभग यस जलाधार क्षेत्रमा २२ वर्ग किमि क्षेत्रफल समेटदछ। |
| मोहडा | यो खोला मोटामोटि दक्षिण तर्फ वगेर अखुवाखोला- पिखुवा खोलामा मिसिन्छ। |
| जलाधार क्षेत्रमा पर्ने वनहरु | ठुलो सामुदायिक वन छैन, अन्य आसपासमा साना नीजि जमिनमा पलाएका केही रुखहरु र साना साना कित्तामा रहेको छिटफुट वनहरु छन्। |
| पानीको उपयोग | यस अखुवाखोला माम्लाखा क्षेत्रमा रहेको पानीवाट भैसिपंखाका जुकेखेत, र आम्तेकका माम्लाखा वाह्रमुरे भोगटेनी सम्म र खोला तटका खेतहरुमा सिचाई भइरहेकोछ। अलैचि खेतीमा समेत प्रयोग भइरहेकोछ। |
| खोला वरपर जंगल किनारमा पाइने वनस्पतिहरु | खोलाको मुहानको जंगलमा हिमालि क्षेत्रमा पाइने प्रजातिका रुख विरुवाहरु रातोपात्ले, लालि गुरास, चुत्रो, अगेरीहरु मध्येभागका जंगलमा उत्तिस, पात्ले, अगेरी, मलता जस्ता र तल्लो भागमा वास, उत्तिस, चिलाउने आदी पाइन्छ। |
| ढुङ्गा, गिट्टी, वालुवाको संकलन गर्न सकिने क्षेत्र | लम्वाइः माथि उल्लेख गरिएको क्षेत्रमा २०० मिटर,<br>चौडाईः सरदर २० मिटर देखि ४० मिटर सम्म<br>गहिराईः अनुमानित १ मिटर सम्म ढुङ्गा, गिट्टी, ग्रावेल र वालुवा स्टक रहेको। |
| खोलामा ढुंङ्गा, गिट्टी, वालुवाको उपलव्धता | पहिलो २० देखि ४० मिटर क्षेत्रमा अधिकतम ढुंङ्गा, ग्रावेल, वालुवाको मात्रा अधिक रहेको। त्यसपछि भेलवाढीले थुपार्ने भएकोले पर्याप्त उपलव्ध हुन सक्ने। |



प्रमुख प्रशासकीय अधिकृत

| | |
|---|---|
| खोलावाट ढुंङ्गा, गिट्टी, ग्रावेल र वालुवाको उपयोग | अखुवाखोला माम्लाखा क्षेत्रवाट लगभग ८०० घनमिटर वार्षिक लिन सकिने । तर सामाग्रीको परिमाण खोलाको भेलवाडीको वहाव र संकलन गर्ने छेकवारमा निर्भर रहनेछ । |

११. पिखुवा खोला वेहेरेदोभान क्षेत्र

| | |
|---|---|
| नाम | पिखुवा खोला वेहेरेदोभान क्षेत्र |
| ठेगाना | भोजपुर नगरपालिका वडा नंवर १२ टक्सार र रामप्रसाद राई गाउँपालिका वडा नंवर ५ मानेभन्ज्याङ्ग विचमा वग्ने खोला हो । |
| जलाधार क्षेत्र | टेम्के मैयुङ्ग गाउँपालिकाको वडा नंवर १ तिम्मा, मैयुङ्ग, वडा नंवर २ छिनामखु वडा नंवर ३ अन्नपुर्ण भोजपुर नगरपालिकाका वडा नंवर ३ गुप्तेश्वर, वडा नंवर ४ सिद्देश्वरको भालुखोप डाडा, वाघखोर, वडा नंवर ५ वोखिम, वडा नंवर ७ भोजपुर वडा नंवर ९ भोजपुर र वडा नंवर १२ टक्सारका क्षेत्र नै यस पिखुवाखोलाका जलाधार क्षेत्र हो । लगभग यस जलाधार क्षेत्रमा ३५ वर्ग किमि क्षेत्रफल समेटदछ । |
| मोहडा | यो खोला मोटामोटि दक्षिण तर्फ वगेर पिखुवा खोला- अरुण नदीमा मिसिन्छ । |
| जलाधार क्षेत्रमा पर्ने वनहरु | रातमाटे सामुदायिक वन छ, अन्य आसपासमा साना नीजि जमिनमा पलाएका केही रुखहरु र साना साना कित्तामा रहेको छिटफुट वनहरु छन् । |
| पानीको उपयोग | यस पिखुवाखोला रहेको पानीवाट ईष्ट्र्न हाईड्रो पावर ५ मेघावाट र पिखुवा हाइड्रोपावर ७ मेघावाट क्षमताको उत्पादन भइ रहेकोछ र खोला तटका खेतहरुमा सिचाई भइरहेकोछ । |
| खोला वरपर जंगल किनारमा पाइने वनस्पतिहरु | खोलाको मुहानको जंगलमा हिमालि क्षेत्रमा पाइने प्रजातिका रुख विरुवाहरु लोठ सल्ला, पाटुल्ले सल्ला, रातोपात्ले, लालि गुरास, चुत्रो, अगेरीहरु मध्येभागका जंगलमा उत्तिस, पात्ले, अगेरी, मलता जस्ता र तल्लो भागमा सल्ला, साल, वास, उत्तिस, चिलाउने आदी पाइन्छ । |
| ढुङ्गा, गिट्टी, वालुवाको संकलन गर्न सकिने क्षेत्र | लम्वाइः माथि उल्लेख गरिएको क्षेत्रमा २०० मिटर,<br>चौडाईः सरदर २० मिटर देखि ४० मिटर सम्म<br>गहिराईः अनुमानित १ मिटर सम्म ढुङ्गा, गिट्टी, ग्रावेल र वालुवा स्टक रहेको । |
| खोलामा ढुंङ्गा, गिट्टी, वालुवाको उपलव्धता | पहिलो २० देखि ४० मिटर क्षेत्रमा अधिकतम ढुंङ्गा, ग्रावेल, वालुवाको मात्रा अधिक रहेको । त्यसपछि भेलवाढीले थुपार्ने भएकोले पर्याप्त उपलव्ध हुन सक्ने । |
| खोलावाट ढुंङ्गा, | पिखुवा खोलावाट लगभग १५०० घनमिटर वार्षिक लिन सकिने । तर |

28

नगरकार्यपालिकाको कार्यालय भोजपुर वाट तयार संक्षिप्त वातावरणीय अध्ययन कार्यक्षत्रगत शर्त (TOR) २०७८

| | |
|---|---|
| गिट्टी, ग्रावेल र वालुवाको उपयोग | सामाग्रीको परिमाण खोलाको भेलवाडीको वहाव र संकलन गर्ने छेकवारमा निर्भर रहनेछ। |

२.८ प्रस्ताव कार्यान्वयन हुने समयः

यो प्रस्ताव स्वीकृत भएको मितिले ५ वर्ष सम्म कार्यान्वयन गरिनेछ।

## परिच्छेद ३. प्रतिवेदन तयार गर्दा अपनाउनुपर्ने विधी

### ३.१. अध्ययन विधिः

यसमा वातवरण संरक्षण ऐन २०७६ र प्रदेश वातावरण संरक्षण नियमावली २०७७ ले निर्धारण गरेको चरणवद्द प्रक्रिया अनुसरण गरि संक्षिप्त वातावरणीय अध्ययन गरिने छ। जसअनुसार सर्वप्रथम संक्षिप्त वातावरण अध्ययन प्रतिवेदन तयारी गर्न कार्य क्षेत्रगत सूची ( नियम ३ को उपनियम ३ कार्यान्वयन गर्न नियम ५.१ वमोजिम) स्वीकृत लिइनेछ। नियमावलि २०७७ को नियम ७.२ अनुसार कुनै एक राष्ट्रिय अखबारमा सार्वजनिक सूचना प्रकाशित गरी प्रस्ताव कार्यान्वयन हुदा स्थानीय वातावरणमा पर्नसक्ने प्रभावका बारेमा लिखित राय सुझाव १० दिन भित्र दिन अनुरोध गरिने छ। उक्त सूचना समेतको आधारमा प्राप्त राय सुझाव प्रस्तावित स्थान वरपर पाइने वन, जीवजन्तु, वनस्पति र जैविक विविधता क्षेत्रको स्थलगत भ्रमण गरी प्रभाव अध्ययन गरिने छ। यसरी अध्ययन गरी प्राप्त जानकारी र सरोकारवालाहरु समेतको राय सुझावको आधारमा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयार गरिने छ।

यसरी विस्तृत प्रतिवेदन तयार गर्न आवश्यक पर्ने पहिलो र दोस्रो क्रमका सूचनाहरु स्थलगत सर्वेक्षण र GIS वाट सर्भे तथा नक्सांकन गरि सन्दर्भ सामग्रीहरुको पुनरावलोकनबाट प्राप्त गरिने छ। प्रतिवेदन तयार पार्न आवश्यक पर्ने प्रारम्भिक भौतिक तथा जैविक वातावरण सम्बन्धी तथ्याङ्कहरु वन क्षेत्रको स्थलगत भ्रमण, सर्वेक्षणबाट र सामाजिक, आर्थिक र सास्कृतिक वातावरणीय तथ्याङ्कहरु घरधुरी सर्वेक्षण, सहभागीतामूलक ग्रामीण लेखाजोखा वा सहभागितामूलक नक्सांकनहरुबाट संकलन गरिने छ। अन्य जानकारीको हकमा विभिन्न पुस्तक, कार्यालयका अभिलेखहरु, नक्शा, वन कार्य योजना र वैज्ञानिक अनुसन्धानात्मक लेख-रचनाहरु तथा उद्योगको प्रवर्धन पत्रसमेतबाट प्राप्त गरिने छ।

#### ३.१.१. कार्यालयमा गरिने अध्ययनः

कार्यालयमा गरिने अध्ययनमा उपलब्ध सन्दर्भ सामग्रीहरुको अध्ययन, नक्शाहरुको अध्ययन तथा प्रश्नावलीहरुको तयारी र चेकलिष्टहरुको तयारी तथा तिनको परीक्षणपछि अन्तिम रुप दिने कार्य गरिनेछ। कार्यालयमा नै प्राप्त भएको सुचनाहरुको विष्लेषण तथा समायोजन गरिने छ।

प्रमुख प्रशासकीय अधिकृत

३.१.१.१. सन्दर्भ सामग्रीहरुको पुनरावलोकनः

प्रतिवेदन तयार गर्ने क्रममा सम्बन्धित उद्धेश्य प्राप्तिका लागि अध्ययन टोलीले उपलब्ध भए सम्मका सन्दर्भ सामग्रीहरु अध्ययन गर्ने छ।

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, वातावरण संरक्षण ऐन २०७६, वातावरण संरक्षण नियमावलि २०७७, खानि २०४२, सडक ऐन, वन क्षेत्रको नीति २०४६, वन ऐन २०४९, वन नियमावली २०५१, जैविक विविधता सम्बन्धी रणनीति २०५९, राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका २०५० वन क्षेत्रको वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका २०५२, सा.वनको दिग्दर्शन, वन क्षेत्रको लागि प्रा. वा. परीक्षण कार्यसूची र प्रतिवेदनको दिग्दर्शन, भु संरक्षण ऐन, र पंचवर्षीय योजनाहरु प्रमुख रुपमा रहने छन्। साथै यस प्रस्तावसँग सम्बन्धित हुनसक्ने अन्य लेख रचना र सामग्रीहरु भएमा तिनको समेत पुनरावलोकन हुने छ।

३.१.१.२. नक्शाहरुको अध्ययनः

प्रस्ताव कार्यान्वयन हुने क्षेत्र त्यहा वरपरको भौतिक वातावरण सम्बन्धि जानकारी हासिल गर्न निम्न नक्शाहरुको अध्ययन गरिनेछ।

३.१.१.२.१. टोपोग्राफीक नक्शा (Topographic Map)

यस प्रयोजनको लागि १: २५००० र १: ५०००० स्केलको टोपोग्राफिक नक्शाहरुलाई प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको उचाई, मोहडा, भिरालोपन र सो क्षेत्रको अवस्था बारेको जानकारी हासिल गर्न प्रयोग गरिनेछ।

३.१.१.२.२. भू उपयोगिता सम्बन्धि नक्शा (Land Utilization Map)

यसको लागि १: ५०००० स्केलको नक्शा प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको अवस्थिति सम्बन्धि जानकारी हासिल गर्न प्रयोग गरिनेछ।

३.१.१.२.३. भूमि प्रणाली नक्शा (Land system Map)

यो १: ५०००० स्केलको नक्शा प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको ढुंगा, वालुवा, माटो, मोहडा, भुक्षयको अवस्था, तथा Gravel को गहिराई , खोला खहरेका कटानका अवस्था सम्बन्धि जानकारी हासिल गर्न प्रयोग गरिनेछ।

३.१.१.२.४. जिल्ला/ नगरको नक्शा (District/ Municipality Land system Map)

भोजपुर जिल्ला र भोजपुर नगरपालिकाको विभिन्न वडा तथा पालिकाको अवस्थिति थाहा पाउन यस खालका नक्शाहरुको प्रयोग गरिनेछ।

३.१.१.२.५ गुगल म्याप **(Google Map)**

प्रस्ताविद कार्यान्वयन स्थलको वास्तविक अवस्थिति देखाउन गुगल अर्थ **(Google Earth Map)** नक्सा को प्रयोग गरिनेछ।

३.१.१.३. चेकलिष्ट, प्रश्नावली, स्थलगत सूचना, छलफल, अन्तरक्रिया र डाटासिट:

प्रस्ताव कार्यान्वयन हुने स्थानहरुको सामाजिक, आर्थिक तथा अन्य सूचनाहरु जिल्लाबाट प्रकाशित हुने वा भएका विभिन्न निकायका मुखपत्रहरुबाट प्राप्त गरिने छ र सो सूचनाहरुको सत्य तथ्य मिलान गर्न स्थानीय स्तरमा छड्के जाँच गर्न नियमानुसार आवश्यक पर्ने बुँदाहरु समेट्ने गरी प्रश्नावली तथा चेकलिस्ट तयार पारिने छ। खोलाहरु र त्यहाँका वनस्पति, वन्यजन्तु, चराचुरुङ्गी र किराफट्याङ्ग्राहरुको समेत जानकारी हासिल गर्न आवश्यक चेकलिस्ट तयार पारिने छ।

३.१.१.४. फिल्डमा गरिने आवश्यक अध्ययन:

अध्ययन टोलीले प्रस्ताव कार्यान्वयन हुने क्षेत्रमा स्थलगत भ्रमण गरी तहाँको भौतिक, जैविक, सामाजिक-सांस्कृतिक तथा आर्थिक वातावरण सम्बन्धी आवश्यक सूचनाहरु हासिल गर्ने छ।

३.१.१.५. तथ्याङ्क संकलन र श्रोत सर्वेक्षण:

प्रस्ताव कार्यान्वयन हुने क्षेत्रका, ढुङ्गा, गिटी, वालुवाको परिणामको श्रोत सर्वेक्षण गरी अध्ययन टोलीले तिनको मौज्दात परिमाण, वार्षिक अनुमानित निकाल्न सकिने परिमाण, श्रोतको अवस्था समेतको बारेमा श्रोत सर्वेक्षणगरी निर्धारण गर्ने छ भने, ढुङ्गा, गिटी, वालुवाको संकलन र ढुवानी कार्यबाट हुन सक्ने रसायनिक पदार्थको प्रभाव र त्यसको न्युनिकरणको बारेमा उपयुक्त राय सुझाव पेश गरिने छ।

३.१.१.६. भौतिक वातावरणसम्बन्धी तथ्याङ्क संकलन:

यस सम्बन्धी कार्यमा अध्ययन टोलीले सम्बन्धित क्षेत्र वरपर रहेका केही नमूना क्षेत्रहरु छानी ती क्षेत्रहरुको हिडेर स्थलगत अध्ययन विश्लेषण गर्ने छ। यस टोलीले प्रस्तावित क्षेत्र वरपर बस्ने ग्रामीण जनता, Key Informants, Local Workers, Truck and Tractor Owners, Local Collectors सँग समूहगत वा एकल सोधपूछ र छलफल गरी त्यस क्षेत्रको भौतिक जानकारी, खासगरी चट्टान, माटो, जलाधार, पहिरो, खोलानाला, हावापानी आदिका बारेमा थाहा पाउने उपाय गरिने छ भने रसायनिक पदार्थहरुको प्रभाव तथा पतिकूल प्रभाव न्युनिकरण सम्बन्धमा सम्बन्धित विशेषज्ञको विश्लेषण तथा राय सुझाव समावेश गरिने छ।

३.१.१.७. जैविक वातावरणसम्बन्धी तथ्याङ्क संकलन:

अध्ययन टोलीले सम्बन्धित क्षेत्रमा स्थलगत भ्रमण गरी तथ्याङ्क संकलन गर्ने छ। यसको लागि टोलीले प्रस्ताव कार्यान्वयन हुने क्षेत्रमा पाइने वन्यजन्तु, चरा, वनस्पति, कीटपतङ्गको हकमा आवश्यक जानकारी टिपोट गर्ने छ।

त्यसै गरि पानिमा पाइने माछा लगाएत जलचरको बारेमा जानकारी लिन खोलामै माछा मारेर निर्वाह गर्ने माछाहरीहरुसँग सोधपुछ गर्ने र संकलित नमुनाहरुको पहिचान गरिनेछ। साथै यहा पाइने चरा पुतली, किरा, स्तनधारी जीवहरुको बारेमा जानकारी लिन स्थानीय जनता, Key

Informents, Local Workers, Local Collectors, truck and Tractor owners सँग सोधपुछ गरी त्यस क्षेत्रको जैविक वातावरणको जानकारी संकलन गरिने छ । साथै सोही अवसरमा प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्नसक्ने अनुकूल वा प्रतिकूल प्रभावको बारेमा समेत छलफल गरी तथ्याङ्क संकलन गरिने छ ।

३.१.१.८. सामाजिक, आर्थिक, सांस्कृतिक वातावरण सम्बन्धी तथ्याङ्क संकलनः

यस प्रकारको तथ्याङ्क संकलन गर्न अध्ययन टोलीले प्रस्ताव कार्यान्वयन हुने क्षेत्र वरपर बसोबास गर्ने स्थानीय जनताको घरदैलो कार्यक्रम अपनाई छनौट गरिएका घरधुरी सर्वेक्षण गरिने छ । र सहभागितामूलक ग्रामीण लेखाजोखा Key Informents, Local Workers, Local Collectors, Truck and Tractor owners को सहायताबाट तथ्याङ्क हासिल गर्ने छ । उक्त क्षेत्रमा रहेका धार्मिक, पर्यटकीय तथा सांस्कृतिक महत्वका स्थानहरुमा प्रस्ताव कार्यान्वयनले पार्न सक्ने प्रभावका बारेमा समेत स्थानीय स्तरमा सहभागितामूलक छलफलबाट सूचना संकलन गरिने छ ।

यसरी जानकारीहरु हासिल गर्दा विभिन्न जात, भाषा, धर्म, पेशा, वर्ग र लिंग आदिको प्रतिनिधित्व हुने गरी व्यवस्था मिलाइने छ । तयार गरिएका प्रश्नावलीहरु छनोट गरिएका घरधुरीको पारिवारिक विवरण, पेशा, बसोबास, भू-स्वामित्व, कृषि तथा पशुपालन, शैक्षिक स्थिति, वार्षिक आम्दानी ढुङ्गा गिटी र वालुवाको उपयोगसम्बन्धी जानकारी संकलन गर्न प्रयोग गरिने छ ।

३.१.३. तथ्याङ्क विश्लेषणः

उपरोक्त बुँदाहरुमा बताइए अनुसार तथ्याङ्क संकलन भए पश्चात् प्राप्त सूचनाहरुलाई अध्ययन गरी आवश्यकता अनुसार प्रष्ट पारिने छ ।

३.१.४. प्रभावको विश्लेषणः

स्थलगत भ्रमणबाट प्राप्त सूचनाहरुको अध्ययन तथा सन्दर्भ ग्रन्थ तथा सामग्रीहरुको पुनरावलोकनबाट प्राप्त जानकारीहरुलाई प्रस्ताव कार्यान्वयन गर्दा हुने वा हुन सक्ने संभाव्य प्रतिकूल र अनुकूल प्रभावको पहिचान गरी तिनलाई भौतिक, जैविक, सामाजिक-सांस्कृतिक-आर्थिक गरी तीन शीर्षकमा छुट्याएर वर्गीकरण गरिने छ ।

३.१.५. प्रभाव न्युनीकरणका उपायहरुः

माथि उल्लेखित गिटी, बालुवा, ढुङ्गाहरु संकलन तथा ढुवानी कार्य गर्दा स्थानीय भौतिक, जैविक र सामाजिक-सांस्कृतिक-आर्थिक वातावरणमा पर्ने र पर्नसक्ने प्रभावहरुको रोकथाम तथा प्रभाव न्युनिकरणका उपयुक्त उपायहरुको बारेमा विशेषज्ञको राय सुझाव सहित उल्लेख गरिने छ । यसरी छनौट गरिएका उपयुक्त उपायहरुको प्राथमिकीकरणको आधारमा प्रभावकारी रुपमा कार्यान्वयन गर्ने जिम्मेवारी वहन गरिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

३.१.६ सकारात्मक प्रभावलाई वढावा दिने उपायहरु:

माथि उल्लेखित गिटी, बालुवा, ढुङ्गाहरु संकलन तथा ढुवानी कार्य गर्दा स्थानीय भौतिक, जैविक र सामाजिक-सांस्कृतिक-आर्थिक वातावरणमा पर्ने र पर्नसक्ने सकारात्मक प्रभावहरुलाई वढावा दिन उपयुक्त उपायहरुको बारेमा विशेषज्ञको राय सुझाव सहित उल्लेख गरिने छ। यसरी छनौट गरिएका उपयुक्त उपायहरुको प्राथमिकीकरणको आधारमा प्रभावकारी रुपमा कार्यान्वयन गर्ने जिम्मेवारी वहन गरिने छ।

३.२. अध्ययन क्षेत्र र सीमा:

यो प्रतिवेदन तयार गर्नका लागि अध्ययन क्षेत्रको सीमा भोजपुर जिल्लाको भोजपुर नगरपालिकाको प्रस्ताबित नदि तथा खोलाहरु यस प्रस्तावको कार्यन्वयन क्षेत्र रहने छन। यस क्षेत्र र आसपासका वनक्षेत्र तथा वरपरका वडाहरुमा सीमित राखी आवश्यक तथ्याङ्कहरु संकलन गरिने छ।

## परिच्छेद ४. प्रतिवेदन तयार गर्दा विचार गर्नु पर्ने नीति, ऐन नियम तथा निर्देशिका:

संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा निम्न बमोजिमका सरकारी नीति, ऐन, नियम तथा निर्देशिकाहरुलाई मुख्यरुपमा ध्यान दिई त्यसैको आधारमा तयार गरिने छ।

- नेपालको संविधान: भाग -४ राज्यका निर्देशक सिदान्त, नीति तथा दायित्त्व, प्रदेशको अधिकार सूचि (अनुसूची -६), स्थानीय तहको अधिकार सूची, (अनुसूची - ८)
- वातावरण संरक्षण ऐन २०२०७६ र वातावरण संरक्षण नियावली २०७७ (प्रदेश तथा संघ)
- नेपाल सरकार, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट जारि भएको ढुंङ्गा, गिट्टी तथा वालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७।
- खानी तथा खनीज पदार्थ ऐन २०४२
- खानी तथा खनिज पदार्थ नियमावली २०५६
- राष्ट्रिय वातावरणीय प्रभाव मूस्ल्याङ्कन निर्देशिका २०५०
- स्थानीय सरकार संचालन ऐन २०७४
- वन ऐन २०४९ र वन नियमावली २०५१
- वनक्षेत्रको नीति २०४६
- राष्ट्रिय सिमसार निति, २०५९
- राष्ट्रिय जैविक विविधता सम्बन्धी[illegible]णनीति ०५९



प्रमुख प्रशासकीय अधिकृत

- राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९
- भू-तथा जलाधार संरक्षण ऐन २०३९ तथा नियमावली २०४२
- वन क्षेत्रको वातावरणीय प्रभाव मूस्ल्याङ्कन निर्देशिका २०५२
- सम्मानीत सर्वाच्च अदालतको (२०६७।०३।२१) उत्प्रेरणा आदेश।
- सम्बन्धित वडा अन्तर्गतका सामुदायिक वन उपभोक्ता समूहको विधानं र कार्ययोजना।
- वन क्षेत्रका लागि प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची तथा प्रतिवेदन दिग्दर्शन २०६१

परिच्छेद ५. प्रतिवेदन तयार गर्दा लाग्ने

क. समयः प्रतिवेदन तयार गर्दा लाग्ने समय २०७८ भाद्र मशान्त सम्म तयार गरिसक्ने छ।

- नगरपालिकावाट कार्यक्षत्रगत शर्त तयारी र सिफारिस गर्नेः २०७८ श्रावण प्रथम हप्ता सम्म
- कार्यक्षेत्रगत शर्त पेश गरी मन्त्रालय/ सम्वन्धीत निकायवाट स्वीकृत लिनेः २०७८ श्रावण दोस्रो हप्ता सम्म
- परामर्शदाता करार गर्नेः २०७८ श्रावण तेस्रो हप्ता सम्म
- सुचना प्रकाशन गरि राय सुझाव लिनेः २०७८ श्रावण मशान्त सम्म।
- प्रतिवेदन तयारी र नगरपालिकामा छलफल गरि मन्त्रालय वा सम्वन्धित निकायमा पेश गर्नेः २०७८ भाद्र पहिलो हप्ता सम्म।
- मन्त्रालयवाट वा सम्वन्धित निकायवाट प्रतिवेदन स्वीकृत लिनेः २०७८ भाद्र १० सम्म।
- वोलपत्रको सूचना प्रकाशन गरि राजस्व संकलन गर्न ठेक्का लगाउने र करार गर्नेः २०७८ भाद्र मशान्त सम्म।

ख. जनशक्तिः प्रदेश वातावरण संरक्षण नियमावलि २०७७ को नियम ६.१ र अनुसूची १० मा व्यवस्था गरिएको देहाय अनुसार ३ जना विज्ञ आवश्यक रहेकोछ।

- वातावरण विज्ञान, वातावरण व्यवस्थापन वा वातावरण ईन्जिनियरिङ्ग विषयमा न्यूनतम स्नातकोत्तर उपाधि हासिल गरी कम्तिमा तीन वटा वातावरणीय अध्ययन प्रतिवेदन तयारीमा संलग्न भएको व्यक्ति - १ जना
- प्रस्ताव संग सम्वन्धित प्रमुख विषयमा न्यूनतम स्नातकोत्तर उपाधि हासिल गरी कम्तिमा तीन वटा वातावरणीय अध्ययन प्रतिवेदनमा संलग्न भएको व्यक्ति - १ जना

- प्राकृतिक स्रोत व्यवस्थापन, वन विज्ञान, जीव विज्ञान वा वनस्पति विज्ञान विषयमा स्नातकोत्तर उपाधि हासिल गरी तीन वटा प्रतिवेदन तयारीमा संलग्न भएको व्यक्ति वा सिभिल, आर्किटेक्ट, मेकानिकल वा केमिकल इन्जिनियरिङ्ग, हाइड्रोलोजि, भूगर्भशास्त्र, भू-विज्ञान, भौतिक शास्त्र, रशायन शास्त्र, माइनिङ्ग इन्जिनियरिङ्ग वा मेटर्लजिक इन्जिनियरिङ्ग विषयमा स्नातकोत्तर उपाधि भएको व्यक्ति वा प्राणि शास्त्र वा वनस्पति शास्त्रमा वा सुक्ष्म जीव विज्ञानमा स्नातकोत्तर उपाधि हासिल गरेको व्यक्ति वा समाज शास्त्र, मानव शास्त्र वा अर्थशास्त्रमा स्नातकोत्तर उपाधि हासिल गरेको व्यक्ति वा वातावरण कानुनमा स्नातकोत्तर उपाधि हासिल गरेको व्यक्ति - १ जना

  (नोटः स्नातकोत्तर उपाधि प्राप्त भइ तीन वटा प्रतिवेदनमा संलग्न भएको वा स्नातक भए पाँच वटा प्रतिवेदन तयारीमा संलग्न भएको हुनु पर्ने)

ग. बजेटः भोजपुर नगरपालिकाले ११ स्थानको संक्षिप्त वातावरणीय अध्ययन गर्नको लागि आ.व. २०७८।०७९ मा जम्मा रु ५ लाख वजेट विनियोजन गरिएकोछ।

(नोटः प्रस्ताव गरिएको जनशक्ति र परामर्शदाता करार नगरिएको अवस्थामा नगरकार्यपालिकाको कार्यालयको जनशक्ति परिचालन गर्न सकिनेछ।)

परिच्छेद ६. प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने खास प्रभावः

संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन कार्यान्वयन गर्दा यस कार्यक्षेत्रमा पर्नसक्ने वातावरणीय प्रभावलाई निम्नानुसार समावेश गरिने छः-

६.१. भौतिक तथा रसायनिक असरः

- ढुङ्गा बालरवा, गिटी आदिको संकलन र ढुवानी गर्दा खोला वरपरको माटोको भौतिक तथा रसायनिक गुणमा पर्ने असरहरु स्थानीय भू-स्वरुप, भू-बनोट र माटोको अवस्थामा आउन सक्ने परिवर्तन।
- खोलाहरु र वरपरका बाटोमा पर्ने वनमा मानिस र गाडीहरुको निरन्तर प्रवेशले बाटो बन्न गई भू-क्षय हुन सक्ने।
- वन र वातवरणको प्राकृतिक सौन्दर्यमा आउनसक्ने पविर्तन र अन्य भौतिक असरहरु।
- भौतिक संरचनाहरु चर्कन तथा भत्कन गर्य पर्ने असर

६.२. जैविक असरहरुः

- जलचर प्राणिको वासस्थान, प्रजननमा प्रतिकुल प्रभाव पर्ने संभावना।
- वन्य जन्तुहरुको आवत जावतमा चरिचरण र वास स्थानमा गतिरोध हुने।
- पशुपन्छिको वासस्थानमा प्रतिकुल प्रभाव पर्ने।
- वन तथा वनस्पतिको खाद्य तथा संरक्षणमा चुनौति पर्ने।



प्रमुख प्रशासकीय अधिकृत

६.३. सामाजिक तथा आर्थिक प्रभावः

- प्रस्ताव कार्यान्वयन क्षेत्रभित्र वा आसपासका धार्मिक मठ मन्दिर, गुम्बा आदि जस्ता पुरातात्विक, ऐतिहासिक, सांस्कृतिक एवं. पर्यटकीय महत्वका स्थानविशेषमा पर्नसक्ने प्रभाव।
- स्थानीय स्तरमा विकास कार्यहरु (शिक्षा, स्वास्थ्य, संचार, खानेपानी, यातायात) मा र आर्थिक अवसरहरुमा पर्नसक्ने प्रभावहरु।
- स्थानीय रोजगारीमा पर्नसक्ने प्रभाव र त्यसबाट सामाजिक, आर्थिक अवस्थामा पर्नसक्ने प्रभाव।
- स्थानीय ढुवानीकर्ता, संकलनकर्ता तथा निर्माण क्षेत्रमा काम गर्ने ज्यामी मजदूरहरुको जीवन र स्वास्थ्यमा पर्न सक्ने प्रभाव।

६.४ सांस्कृतिक असरः

- निर्धारण गरिएको संकलन केन्द्रमा जनशक्तिहरु दैनीक कार्यारत हुने भएकोले मद्यपानको व्यवसाय खुल्ने संभावना।
- वालश्रमको उपयोग हुने जोखिम।
- महिला यौन हिंसा हुने जोखिम।
- शवदाह स्थलहरुलाई विस्थापन वा असर पर्ने हुन सक्छ।

परिच्छेद ७. प्रस्ताव कार्यन्वयनका विकल्पहरुः

यस प्रतिवेदन प्रस्तावको कार्यान्वयनका विकल्पहरु निम्नानुसार समावेश गरिने छः
उपर्युक्त विकल्पहरुमध्ये अध्ययन र विश्लेषणबाट प्राप्त नतीजाको आधारमा उपयुक्त विकल्प छनौट गरिने छ।

- डिजाइनः (साधरण निर्माणमुखि खनिज सामाग्रीको संकलन तथा उत्खनन) प्रस्ताव कार्यान्वयन गर्न प्रस्ताव गरिएको स्थललाई वातावरण मैत्री विधिमा प्रारुप/ डिंजाइन गरि कार्यान्वयन गरिनेछ।
- आयोजना स्थलः प्रस्ताव कार्यान्वयन क्षेत्र नेपाल सरकारवाट जारि गरिएको ढुंङ्गा, गिट्टी, तथा वालुवा उत्खनन, बिक्रि तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७ ले तोकेको मापदण्ड, जिल्ला विपद व्यवस्थापन समितिले जोखिमयुक्त भनि तोकेको भए सो अनुसार र प्रस्ताव कार्यान्वयनमा कुनै अवरोध वा क्षति हुने अवस्थाहरु भएमा ऐन, नियममा उल्लेख नभएको अवस्था भएमा धेरै विक्लपहरु मध्ये उपयुक्त विकल्प विधि अपानाइने छनौट गरिनेछ।

मापदण्ड

| सि.नं. | विवरण | स्थल सिमा |
|---|---|---|

| | | |
|---|---|---|
| १ | घना वस्ति वा राष्ट्रिय वन क्षेत्र | २ किमि |
| २ | राजमार्ग | २००मि माथी - ५०० मिटर तल |
| ३ | झोलुङ्गे पुल/ | ५०० मिटर तल र २०० मिटर माथि |
| ४ | पक्कि पुल | १ किमि तल र ५०० मिटर माथि |
| ५ | विधुत हाइटेन्सन | १०० मिटर |
| ६ | सहायक/ सडक | २०० मिटर |
| ७ | ताल तलैया पोखरि | २०० मिटर |
| ८ | विद्यालय मन्दिर | ५०० मिटर |
| ९ | विद्युत पावर/ मुहान | ५०० मिटर |
| १० | घाट शवदाहस्थल | २०० मिटर |

- प्रविधि र संचालन विधि, समय तालिका, प्रयोग हुने कच्चा पदार्थः हाते प्रविधिमा आधारित गल, कुटो, कोदालो प्रयोग गरिने र श्रमिकमा आधारीत विधि प्रयोग गरिनेछ। समय तालिकामा विहान ८ वजे देखि वेलुका ६ वजे सम्म मात्र संकलन गर्ने व्यवस्था मिलाइनेछ।
- प्रस्ताव कार्यान्वयन नगर्नेः अन्य कुराहरु प्रचलित ऐन, कानुन तथा न्यायिक निकाय वा संवैधानिक निकायवाट जारि गरिएको परिपत्र वा आदेश भएमा सो अनुसार हुनेछ।

परिच्छेद ८. प्रस्ताव कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावहरुको रोकथामका उपायहरुः

प्रस्ताव कार्यान्वयन गर्दा देखा पर्न सक्ने भौतिक, जैविक, सामाजिक तथा आर्थिक पक्षमा पर्ने प्रभावहरुंको विश्लेषण गरि विस्तृत रुपमा प्रतिवेदनमा उल्लेख गरिनेछ। प्रतिवेदनमा प्रस्ताव कार्यान्वयनबाट हुने भने राजनौतिक, जैविक, सामाजिक तथा आर्थिक वातावरणमा पर्ने नकारात्मक प्रभाव हटाउने व्यवहारीक उपायहरु सुझाउने छ। यसरी सुझाइने उपायहरु सुधारात्मक (Corrective) प्रतिरोधात्मक (Preventive) क्षतिपुर्तिदाएक (Compensatory) हुनेछन्। प्रस्ताव कार्यान्वयनबाट पर्नसक्ने सकारात्मक प्रभावलाई बढाउने र प्रतिकुल प्रभावलाई न्युनिकरण गर्ने उपायहरुको पहिचान गरी तिनको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक पर्ने जनशक्ति तथा बजेट समेत प्रतिवेदनमा समावेश गरिनेछ।

परिच्छेद ९. प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नुपर्ने कुराहरुः

यो प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावहरु कम गर्न लाग्ने खर्च र त्यसबाट प्राप्त हुनसक्ने आर्थिक र अन्य लाभहरुबारे विश्लेषण गरी उपयुक्त सुझाव प्रतिवेदनमा समावेश गरिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

परिच्छेद १०. अन्य आवश्यककुराहरुः (विविध)

अनुगमनः अनुगमन प्रसक्रयालाई दुरुस्त बनाउन उपयुक्त अनुगमनका सुचकहरु र मापदण्ड तयार पारी प्रभावकारी अनुगमन प्रक्रिया प्रतिवेदनमा समावेश गरिनेछ।

आवश्यक कागजातः प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृतिको लागि पेश गर्दा निम्नानुसारका कागजातहरु समेत प्रतिवेदन साथमा संलग्न राखी पेश गरिनेछ।

- प्रदेश वातावरण संरक्षण नियमावली २०७७ को नियम ७ बमोजिम प्रस्ताव कार्यान्वयन हुने वडा, विद्यालय, अस्पताल वा स्वास्थ्य केन्द्रमा टाँसिने सुचना र सुचनाटाँस गरेको मुचुल्काको प्रति।
- कुनै राष्ट्रिय दैनिक अखबारमा संक्षिप्त वातावरणीय अध्ययन सम्बन्धि राय सुझाव माग गरिएको सुचना प्रकाशनको प्रतिलिपि समावेश गरिनेछ।
- अन्तिम संक्षिप्त वातावरणिय अध्ययन प्रतिवेदनको १५ प्रति।
- प्रस्ताव कार्यान्वयन हुने क्षेत्रका वडा समिति वा नपाको सिफारिस पत्रको प्रति।
- प्रस्ताव कार्यान्वयन हुने क्षेत्रसँग सम्बन्धित विवरण, नक्शाहरु, फोटो इत्यादि कुराहरुको प्रति अनुसूचीमा समावेश गरिनेछ।

प्रतिवेदनको ढाँचाः

प्रतिवेदन तयार गर्ने प्रस्तावकले प्रदेश वातावरण संरक्षाण नियमावली २०७७ को अनुसूची ११ अनुसारका बुँदाहरु समावेश प्रतिवेदन तयार गरिनेछ।

(आवरण पृष्ठको ढाँचा)

.......... (प्रस्तावको नाम) को संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन

प्रतिवेदन पेश गरिने निकायको नाम र ठेगाना

प्रस्तावक

..............(प्रस्तवकको नाम र ठेगाना)

....... महिना.... वर्ष

नेपाली भाषामा कार्यकारी सारंश

विषय सूची

संक्षिप्त रुप

परिच्छेद - १: प्रतिवेदन तयार गर्नेको नाम र ठेगाना

१.१ प्रस्तावकको नाम, ठेगाना, इमेल र फोन नंवर

१.२ परामर्शदाताको नाम, ठेगाना, इमेल र फोन नंवर

१.३ अध्ययन टोली र स्वघोषणा

१.३ संक्षिप्त वातावरणीय अध्ययन SEA को उद्देश्यहरुः

१.४ संक्षिप्त वातावरणीय अध्ययन SEA को उद्धेश्यहरु

१.५ संक्षिप्त वातावरणीय अध्ययन को SEA औचित्य

१.६ अध्ययनको सीमा तथा सम्वन्धित अन्य कुराहरु

परिच्छेद -२: परिचय

२.१ भूमिका

२.२ प्रस्तावको संक्षिप्त जानकारी

२.३ प्रस्तावको उदेश्य

२.४ प्रस्तावको सान्दर्भिकता

२.५ स्थान अवस्थिति र पहुँच

२.६ प्रकृति/किसिम

२.७ आयोजनाको Salient Features सन्दर्भमा विस्तृत विवरण

२.८ प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको विस्तृत विवरण

परिच्छेद -३: अध्यायनको तथ्यांक संकलन र विस्लेषण विधि

परिच्छेद-४: प्रतिवेदन तयार गर्दा विचार गर्नु पर्ने नीति, रणनीति, ऐन, नियम, निर्देशिका,मापदण्ड, सन्धि सम्झौता

परिच्छेद -५: विद्यमान वातावरणीय अवस्था

परिच्छेद-६: प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावहरुः यस अन्तरगत निर्माण चरण र संचालनको अलग अलग रुपमा विषयगत क्षेत्रहरुको अवयवहरु समेत समेटी उल्लेखित तालिका बमोजिमको प्रभाव उल्लेख गर्ने (आयोजनाको निर्माण पूर्वको चरणमा समेत कृयाकलापहरु संचालन हुने भएमा सो समेतको प्रभावहरु उल्लेख गर्ने)

| सकारात्मक प्रभाव | | नकारात्मक प्रभाव | |
|---|---|---|---|
| विषयगत क्षेत्र | प्रभावहरुको विश्लेषणात्मक विवरणको आधारमा प्रभावहरुको जानकारी | विषयगत क्षेत्र | प्रभावहरुको विश्लेषणात्मक विवरण र प्रभावहरुको जानकारी |
| भौतिक तथा रासायनिक | | भौतिक तथा रासायनिक | |
| जैविक | | जैविक | |
| सामाजिक - आर्थिक | | सामाजिक - आर्थिक | |



प्रमुख प्रशासकीय अधिकृत

| सास्कृतिक | | सास्कृतिक | |
|---|---|---|---|

परिच्छेद -७: प्रस्ताव कार्यान्वयनका विकल्पहरु

७.१ डिजाइन

७.२ आयोजना स्थल

७.३ प्रविधि, संचालन विधि, समय तालिका, प्रयोग हुने कच्चा पदार्थ

७.४ अन्य कुराहरु

परिच्छेद - ८: वातावरणीय प्रभाव न्यूनिकरणका उपायहरु र वातावरणीय व्यवस्थापन योजनाः यस अन्तर्गत निर्माण चरण र संचालनको चरणको अलग अलग रुपमा प्रस्तावले विषयगत क्षेत्रहरुको अवयवहरु पार्ने प्रभाव समेत उल्लेयख गरि उल्लेखित तालिका बमोजिमको वातावरणीय व्यवस्थापन योजना सहितको वातावरण प्रभाव न्यूनीकरणका कृयाकलापहरु उल्लेख गर्ने (आयोजनाको निर्माण पूर्वको चरणमा समेत कृयाकलापहरु संचालन हुने भएमा सो समेतको प्रभावहरु उल्लेख गर्ने)।

| विषयगत क्षेत्र | सकारात्मक प्रभाव | सकारात्मक प्रभावको वढोत्तरीका कृयाकलापहरु | कसरी गर्ने | कहिले गर्ने | कस्ले गर्ने | अनुमानित जनशक्ति, बजेट र समय | अनुगमन तथा मूल्यांकन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|
| भौतिक तथा रासायनिक क्षेत्र | | | | | | | |
| जैविक क्षेत्र | | | | | | | |
| सामाजिक-आर्थिक क्षेत्र | | | | | | | |
| सास्कृतिक क्षेत्र | | | | | | | |
| बिषयगत क्षेत्र | नकारात्मक प्रभाव | नकारात्मक प्रभावको वढोत्तरीका कृयाकलापहरु | कसरी गर्ने | कहिले गर्ने | कस्ले गर्ने | अनुमानित जनशक्ति, बजेट र समय | अनुगमन तथा मूल्यांकन गर्ने निकाय |
| भौतिक तथा रासायनिक क्षेत्र | | | | | | | |
| जैविक क्षेत्र | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सामाजिक-आर्थिक क्षेत्र | | | | | | | |
| सास्कृतिक क्षेत्र | | | | | | | |

परिच्छेद -९: वातावरणीय अनुगमन

परिच्छेद - १०: निष्कर्ष तथा सुझाव

सन्दर्भ सामाग्रीःAPA 6th Edition

अनुसूचीहरु

द्रष्टव्यः प्रतिवेदन तयार गर्दा आवश्यकताअनुसार तथ्यांक, नक्सा, चित्र, तालिका, चार्ट, ग्राफ संलग्न गर्नु पर्ने छ।

द्रष्टव्यः संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनमा स्थलगत अध्ययनमा प्राविधिक रुपमा परिवर्तन गर्नु परेमा कार्यान्वयन स्थलमा थपघट हुन सक्नेछ।

स्वीकृत

..........

राम प्रसाद ढुङ्गेल

प्रमुख प्रशासकीय अधिकृत

# प्रकृया

नेपाल सरकार

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(वातावरण तथा विपद् व्यवस्थापन शाखा)

सिंहदरबार, काठमाण्डौ ।

फोन नं. ४२००३१६
Website: www.mofaga.gov.np
Email:cdms.mofaga@gmail.cc

प.सं.:-वा.त.वि.व्य.शा./०७७/०७८
च.नं.:-२६

मितिः २०७७/०४/२१

**विषयः संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी नमूना कार्यविधि सम्बन्धमा ।**

श्री गाउँपालिका (सबै)
श्री महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका (सबै) ।

वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ लागु भए पश्चात गाउँपालिका तथा नगरपालिकाको अधिकार क्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित योजना, कार्यक्रम तथा आयोजना सम्बन्धी प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण तथा संक्षिप्त वातावरणीय अध्ययन सम्बन्धी प्रतिवेदन तयारी तथा स्वीकृति गाउँपालिका/नगरपालिकाबाटै हुने व्यवस्था रहेको व्यहोरा विदितै छ । वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ उपदफा (२) (ग) मा "स्थानीय तहको अधिकारक्षेत्र भित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी प्रस्तावको हकमा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन भए सम्बन्धित स्थानीय कानूनले तोकेको निकाय समक्ष र वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन भए प्रदेश कानूनले तोकेको प्रदेश सरकारको निकाय समक्ष" पेश गरी वातावरणीय अध्ययन प्रतिवेदन स्विकृती लिनुपर्ने प्रावधान रहेको छ । हाल कतिपय स्थानीय तहहरुबाट वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धमा सहजिकरणको लागि अनुरोध समेत भएको सन्दर्भमा वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी कार्यमा गाउँपालिका/नगरपालिकाको नीतिगत तथा संस्थागत क्षमता अभिबृद्धीको सहजिकरणका लागि मिति २०७७/०४/१९ को (मा. मन्त्रीस्तरीय) निर्णयानुसार स्वीकृत "........ **गाउँपालिका/नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि, २०७७**" को नमुना यसै साथ संलग्न गरी प्रेषित गरिएको व्यहोरा अनुरोध छ ।

२०७७/०४/२१
(रीनु थपलिया)
शाखा अधिकृत

बोधार्थः
श्री सूचना तथा प्रविधी शाखा, (पत्र वेभसाईटमा अपलोड गरिदिनुहुन) ।



भोजपुर नगरपालिका
२
हेलौछा
२२.२१ वर्ग किमि
१
डाडावोखिम
१७.५४ वर्ग किमि
३
गुप्तेश्वर
१७.२७ वर्ग किमि
४
सिद्देश्वर
१७.४३ वर्ग किमि
५
बोखिम
१५.९५ वर्ग किमि
१०
भैसिपंखा
१८.२४ वर्ग किमि
३.६७ वर्ग किमि
९
काफ्ले
८
२.५७ वर्ग किमि
पोखरे
६
पालुवा
५.३६ वर्ग किमि
७
१.८ वर्ग किमि
डाडागाउँ
११
आम्तेक
१६.३९ वर्ग किमि
२०.६७ वर्ग किमि
१२
टक्सार

# भोजपुर नगरपालिकाको धरातलिय स्वरुप



भोजपुर नगरपालिकाको जलाधार क्षेत्र




1
2
3
4
5
6
7
8
9
10
11
12

## भोजपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## भोजपुर

**सार्वजनिक खोला तथा खोल्सीहरुबाट ढुङ्गा, गिटी, मिस्कट तथा वालुवा संकलन गर्न तयार गरिएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनको (SEA) मस्यौदा प्रति राय सुझावको लागि सार्वजनिक सूचना**

(प्रथम पटक प्रकाशित मिति: २०७८।०४।२९)

भोजपुर जिल्ला भोजपुर नगरपालिकाका देहायका वडा नम्बरस्थित सार्वजनिक खोला खोल्सी तथा खानी क्षेत्रबाट आ.व.२०७८।०७९ देखि आ.व. २०८२।०८३ सम्म कार्यान्वयन गर्न प्रस्ताव गरिएको ढुंगा, गिटी, बालुवा तथा मिस्कट संकलन गर्ने बारेको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन Short Environmental Assessment Report (SEA) को मस्यौदा तयार भएको छ। उक्त प्रस्ताव कार्यान्वयन गर्दा स्थानीय बासिन्दा तथा समुदायहरुबिच भौतिक, जैविक, सांस्कृतिक तथा आर्थिक वातावरणमा कुनै प्रकारको प्रभाव/असर पर्न सक्ने भएमा सो मस्यौदा प्रतिवेदनमा सुधार गर्नुपर्ने विषय समावेश गरि राय/ सुझाव सहित पहिलो पटक सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी उपलब्ध गराई दिन हुनको लागि वातावरणीय अध्ययन कार्यविधि २०७८ को दफा ६ अनुसार यो सूचना प्रकाशन गरिएको छ।

उक्त प्रस्तावको स्वीकृत कार्यक्षेत्रगत शर्त (ToR) कार्यालयको वेबसाईटबाट डाउनलोड गर्न र संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन अध्ययन गर्न मस्यौदा प्रति नगर कार्यपालिकाको कार्यालय भोजपुर वा परामर्शदाता Ateam ENGINEERING SERVICES PVT.LTD. बाट आफैले उतार गरी लैजान सकिने गरि राखिएको व्यहोरा अनुरोध गरिन्छ।

**प्रस्ताव कार्यान्वयन गरिने स्थान:**

| उत्खनन स्थान | ठेगाना |
|---|---|
| सोरेङ्खोला/नखुवा खोला दोभान क्षेत्र | भोजपुर नगर पालिका - १ |
| नखुवाखोला/फकुवा खोला क्षेत्र | भोजपुर नगरपालिका - २ |
| पिखुवा खोला सेतिबगर क्षेत्र | भोजपुर नगरपालिका - ३ |
| घट्टेखोला क्षेत्र (वडा कार्यालय छेउ) | भोजपुर नगरपालिका- ४ |
| शेरा खोला क्षेत्र (दाम्सिङ पुछार) | भोजपुर नगरपालिका- ५ र ४ |
| शेरा खोला क्षेत्र (रातमाटे) | भोजपुर नगरपालिका- ५ र ३ |
| पिखुवाखोला/ सिक्तेल दोभान क्षेत्र (पालुवा) | भोजपुर नगरपालिका - ६ र १२ |
| घट्टेखोला पोखरे क्षेत्र | भोजपुर नगरपालिका - ८ र १० |
| असिने/अखुवा खोला क्षेत्र | भोजपुर नगरपालिका - १० |
| अखुवाखोला/ माम्लाखा क्षेत्र | भोजपुर नगरपालिका - १० र ११ |
| पिखुवा खोला वेहेरेदोभान क्षेत्र | भोजपुर नगरपालिका - १२ |

**राय सुझाव पठाउने ठेगाना**
प्रस्तावकको नाम : नगर कार्यपालिकाको कार्यालय
ठेगाना : भोजपुर
टेलिफोन नं : ०२९४२०१०२ / ९८४२४७२४२७
Email: info@bhojpurmun.gov.np
वेबसाइट: www.bhojpurmun.gov.np

**राय सुझाव पठाउने ठेगाना**
परामर्शदाताको नाम : एटिम ईन्जिनियरिङ सर्भिसेज प्रा.लि.
ठेगाना : मध्येपुर ठिमी नगरपालिका वडा नं- १७, भक्तपुर
प्रोपाइटरको नाम : अर्जुन भट्ट
टेलिफोन नं : ९८४८४१२२१७
इमेल: ateamengineeringservices@gmail.com

# सुचना टास गरेको मुचुल्काहरु

भोजपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भोजपुर

प.सं.:– ०७८/०७९ १ नं. प्रदेश, नेपाल

च.न.:- ७२ मितिः २०७८/०५/०३

विषय:– सुंचना टास सम्वन्धमा।

श्री वडा समितिको कार्यालय
वडा नंवर १,२,३,४,५,६,८,१०,११ र १२ भोजपुर।

उपरोक्त विषयमा मिति २०७८।०४।२९ गते हिमालय टायम्स राष्ट्रिय दैनिक पत्रिका भोजपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयवाट देहायका स्थानहरुको संक्षिप्त वातावरणीय अध्ययन (SEA) प्रतिवेदन तयारी गर्न सूचना प्रकाशित भएको पत्रिकाको कटिङ्ग यस पत्र साथ रहेकोछ। उक्त सूचना तहाँ वडा समितिको कार्यालयको सूचना पाटीमा टाँस गरि मुचुल्का समेत वनाइ जानकारी दिनुहुन अनुरोधछ।

देहाय

| उत्खनन स्थान | ठेगाना |
|---|---|
| सोरेङ्गखोला/नखुवा खोला दोभान क्षेत्र | भोजपुर नगर पालिका - १ |
| नखुवा खोला/फकुवाखोला क्षेत्र | भोजपुर नगरपालिका - २ |
| पिखुवाखोला सेतिवगर क्षेत्र | भोजपुर नगरपालिका - ३ |
| घट्टेखोला क्षेत्र (वडा कार्यालय छेउ) | भोजपुर नगरपालिका- ४ |
| शेरा खोला क्षेत्र (दाम्सिङ्ग पुछार) | भोजपुर नगरपालिका- ५ र ४ |
| शेरा खोला क्षेत्र (रातमाटे) | भोजपुर नगरपालिका- ५ र ३ |
| पिखुवाखोला/ सिक्तेल दोभान क्षेत्र (पालुवा) | भोजपुर नगरपालिका - ६ र १२ |
| घट्टेखोला पोखरे क्षेत्र | भोजपुर नगरपालिका - ८ र १० |
| असिने/अखुवा खोला क्षेत्र | भोजपुर नगरपालिका - १० |
| अखुवाखोला/ माम्लाखा क्षेत्र | भोजपुर नगरपालिका - १० र ११ |
| पिखुवा खोला वेहेरेदोभान क्षेत्र | भोजपुर नगरपालिका - १२ |

२०७८/०५/०३

..........................
सुरेन्द्र राई
नि.प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

भोजपुर नगरपालिका
१नंवर वडा समितिको कार्यालय
भामराङ्ग

प.सं.-२०७८/०७९
च.न. :- ६९

१ नं. प्रदेश, नेपाल
मितिः- २०७८/०५/१३

श्री नगर कार्यपालिकाको कार्यालय
भोजपुर।

विषयः संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुचना टाँसको मुचुल्का पठाइएको।

लिखितम् भोजपुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय प्रस्तावकको नाम र भोजपुर जिल्ला भोजपुर नगरपालिका, प्रदेश नंवर १ ठेगाना रहेको सार्वजनिक खोला तथा खोल्सीहरुवाट ढुंङ्गा, गिटी, मिस्कट तथा वालुवा संकलन गर्न छोक्ला खोला क्षेत्र र सोऱ्याङ्गक्षेत्र को संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नको लागि प्रदेश वातावरण संरक्षण ऐन तथा नियमावलि र नगरकार्यपालिकावाट स्वीकृत कार्यविधि बमोजिम मिति २०७८।०४।२९ गते हिमालय राष्ट्रिय दैनिक पत्रिकामा प्रकासित सार्वजनिक सूचनाको प्रतिलिपी थान-१ यस भोजपुर जिल्लाको भोजपुर नगरपालिका वडा नंवर १ भामराङ्गमा आज मिति २०७८। ०५।१३ गतेका दिनको १० वजे हामीहरुको रोहवरमा टाँस गरि यो मुचुल्का सहिछाप गरिदियौं।

तपशिल

भोजपुर जिल्ला भोजपुर नगरपालिका वडा नंवर १ वडाध्यक्ष श्री बिष्णु कुमार भुजेल
भोजपुर जिल्ला भोजपुर नगरपालिका वडा नंवर १ वडा सचिव श्री दीपक कुमार पराजुली
भोजपुर जिल्ला भोजपुर नगरपालिका वडा नंवर १ वडा सदस्य श्री टेक बहादुर तामाङ्ग

इति सम्वत २०७८ साल भाद्र महिनाको १३ गते रोज १ शुभम्।

वोधार्थः

श्री एटिम ईन्जिनियरिङ सर्भिसेज प्रा.लि.

मध्येपुर ठिमी नगरपालिका वडा नंवर १७ भक्तपुर

दीपक कुमार पराजुली
वडा सचिव

दीपक कुमार पराजुली
वडा सचिव

भोजपुर नगरपालिका
# १ नंबर वडा समितिको कार्यालय
भामराङ्ग

प.सं.-२०७८/०७९
च.न. :- ६२

१ नं. प्रदेश, नेपाल
मितिः- २०७८/०५/१५

बिषयः <u>राय सुझाव सहित सिफारिस गरिएको बारे</u>।

श्री नगर कार्यपालिकाको कार्यालय
भोजपुर।

प्रस्तुत भोजपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय भोजपुरवाट मितिः २०७८/०४/२९ गते राष्ट्रिय दैनिक हिमालय टायम्स पत्रिकामा प्रकाशित सूचना अनुसार कार्यन्वयन हुने यस वडा अन्तरगतका **छोक्लाखोला क्षेत्र र सोन्याङ्ग खोला** क्षेत्र वाट ढुंगा गिटी वालुवा तथा मिस्कट संकलन तथा उतखनन कार्यका लागि संक्षिप्त वातावरणीय अध्ययन (SEA) प्रतिवेदन तयारी बिषयको प्रस्ताव (ToR) बाट यस क्षेत्रमा निम्नानुसार वातावरणीय प्रभाव पर्ने जाने देखिन्छ:

(क) <u>सकारात्मकप्रभाव</u>: प्रस्तावित **छोक्लाखोला क्षेत्र र सोन्याङ्ग क्षेत्र** वाट ढुंगा गिटी वालुवा तथा मिस्कट संकलन तथा उतखनन कार्य पछि हुन जाने सकारात्मक प्रभावहरु निम्न उल्लेख भए बमोजिम हुने छन्:

- भोजपुर नगरपालिका वडा नंवर १ भामराङ्ग, वडा नंवर २ हेलौछामा संचालन गरिने विकास निर्माण र नीजि आवास निर्माणमा आवश्यक हुने निर्माण सामाग्रीको सस्तो/ गुणस्तर भएको सर्वसुलभ रुपमा उपलव्ध प्राप्त हुने।
- निर्माणमुखि खनिज सामाग्री ढुवानी गर्न सडक यातायात नियमित मर्मत गरिने भएकोले कृषि सामाग्रि तथा दैनिक उपभोग्य माल सामान ओसार-पसार गर्न सहज हुने।
- सर्वसाधारण स्थानीय समुदायको स्थानीय स्तरमा रोजगारी प्राप्त भइ जिवन सहज हुने।

(ख) <u>नकारात्मकप्रभाव</u>: प्रस्तावित सडक खण्डको निर्माण पछि हुन जाने नकरात्मक प्रभावहरु निम्न उल्लेख भए बमोजिम हुने छन्:

- मोविल डिजेल तथा पेट्रोलियम पदार्थको प्रज्वलन र चुहावट वाट वायू र पानीमा प्रदूषण हुने जस्ले गर्दा जलाचार तथा थलाचर प्राणिमा प्रतिकुल असर पुग्ने।
- ढुवानीका साधनको आवत जावतले अत्यधिक धुलो का कारण प्राणिमा स्वास प्रस्वास संवन्धि समस्या र वनस्पतिमा धुलो उत्सर्जनमा समस्या हुने।
- ढुवानीका साधनको प्रयोगमा हुने ध्वनि का कारण श्रवण शक्ति र मानसिक समस्या सृजना हुने।
- ढुवानीका साधनवाट उत्पन्न हुने फोहोरमैला/ खेर जाने मेशनरि पार्टपुर्जा एवं अन्य सामाग्री भण्डारण हुने।
- निर्माणमुखि खनिज सम्पदा संकलन/ उत्खनन् र ढुवानीकार्य गर्दा सास्कृतिक(वाल /महिला यौन) विचलन हुने।

उल्लिखित प्रभावको आधारमा सकारात्मक प्रभाव अभिवृद्धि गर्ने र नकरात्मक प्रभाव न्युन गर्न वातावरणीय व्यवस्थापनको योजना कार्यन्वयन गर्दा उल्लिखित प्रस्तावको सकारात्मक प्रभावबढी हुने देखिएकोले उल्लिखित प्रस्ताव निम्न आधारमा कार्यन्वयन गर्न मिल्ने व्यहोरा उल्लेख गरी यो सिफारिस गरिएको छ।

(ग) <u>प्रस्ताव कार्यन्वयनगर्न मिल्ने आधार</u>

१ . ढुंगा गिटी तथा वालुवा ढुवानी गर्न पहुँचमार्गको निर्माण तथा सुधार भइ सुविधा विस्तार हुने।
२. निर्माण सामाग्री, दैनिक उपभोग्य सामान र कृषि सामाग्रीको ओसार-पसार गर्न सहज हुने भएकोले लागत सस्तो र प्रभावकारीता हुने।
३. आर्थिक रुपमा स्थानीय स्रोत नगदमा रुपान्तरण भई व्यावसायीक हुने र सर्वसाधारणको जीवन स्तरमा उन्नति हुने।

वोधार्थ:
श्री एटिम ईन्जिनियरिङ सर्भिसेज प्रा.लि.
मध्येपुर ठिमी नगरपालिका वडा नंवर १७ भक्तपुर

बिष्णु कुमार भुजेल
वडा अध्यक्ष

भोजपुर नगरपालिका
२नंवर वडा समितिको कार्यालय
हेंलौछा

प.सं.-२०७८/०७९
च.न. :- १६६
श्री नगर कार्यपालिकाको कार्यालय
भोजपुर।

१ नं. प्रदेश, नेपाल
मितिः- २०७८/०५/१५

विषयः संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुचना टाँसको मुचुल्का पठाइएको।

लिखितम् भोजपुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय प्रस्तावकको नाम र भोजपुर जिल्ला भोजपुर नगरपालिका, प्रदेश नंवर १ ठेगाना रहेको सार्वजनिक खोला तथा खोल्सीहरुवाट ढुंङ्गा, गिटी, मिस्कट तथा वालुवा संकलन गर्न छोक्ला खोला क्षेत्र, घारा क्षेत्र र यागुवा खोला क्षेत्रको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नको लागि प्रदेश वातावरण संरक्षण ऐन तथा नियमावलि र नगरकार्यपालिकावाट स्वीकृत कार्यविधि बमोजिम मिति २०७८।०४।२९ गते हिमालय राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सार्वजनिक सूचनाको प्रतिलिपी थान-१ यस भोजपुर जिल्लाको भोजपुर नगरपालिका वडा नंवर २ ~~भीमसङ्मम~~ हेलौछा आज मिति २०७८। ०५।१५ गतेका दिनको १० वजे हामीहरुको रोहवरमा टाँस गरि यो मुचुल्का सहिछाप गरिदियौ।

तपशिल

भोजपुर जिल्ला भोजपुर नगरपालिका वडा नंवर २ वडाध्यक्ष श्री कुमार राई
भोजपुर जिल्ला भोजपुर नगरपालिका वडा नंवर २ वडा सचिव श्री रामकृष्ण दाहाल
भोजपुर जिल्ला भोजपुर नगरपालिका वडा नंवर २ वडा सदस्य श्रीमाया राई

इति सम्वत २०७८ साल भाद्र महिनाको १५ गते रोज १ शुभम्।

वोधार्थः

श्री एटिम ईन्जिनियरिङ सर्भिसेज प्रा.लि.

मध्येपुर ठिमी नगरपालिका वडा नंवर १७ भक्तपुर

...........
रामकृष्ण दाहाल
वडा सचिव

भोजपुर नगरपालिका

# २नंवर वडा समितिको कार्यालय

हेलौछा

प.सं.-२०७८/०७९
च.न. :- १९६

१ नं. प्रदेश, नेपाल
मितिः- २०७८/०५/१५

विषयः राय सुझाव सहित सिफारिस गरिएको बारे।

श्री नगर कार्यपालिकाको कार्यालय
भोजपुर।

प्रस्तुत भोजपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय भोजपुरवाट मितिः २०७८/०४/२९ गते राष्ट्रिय दैनिक हिमालय टायम्स पत्रिकामा प्रकाशित सूचना अनुसार कार्यन्वयन हुने यस वडा अन्तरगतका **छोक्लाखोला क्षेत्र र घारा खोला यागुवा खोला** क्षेत्र वाट ढुंगा गिटी वालुवा तथा मिस्कट संकलन तथा उतखनन कार्यको लागि संक्षिप्त वातावरणीय अध्ययन (SEA) प्रतिवेदन तयारी बिषयको प्रस्ताव (ToR) बाट यस क्षेत्रमा निम्नानुसार वातावरणीय प्रभाव पर्ने जाने देखिन्छ:

(क) सकारात्मकप्रभाव: प्रस्तावित **छोक्लाखोला क्षेत्र घारा र यागुवा खोला क्षेत्र** वाट ढुंगा गिटी वालुवा तथा मिस्कट संकलन तथा उतखनन कार्य पछि हुन जाने सकारात्मक प्रभावहरु निम्न उल्लेख भए बमोजिम हुने छन्:

- भोजपुर नगरपालिका वडा नंवर १ भामराङ्ग र वडा नंवर २ हेलौछामा संचालन गरिने विकास निर्माण र नीजि आवास निर्माणमा आवश्यक हुने निर्माण सामाग्रीको सस्तो/ गुणस्तर भएको सर्वसुलभ रुपमा उपलव्ध प्राप्त हुने।
- निर्माणमुखि खनिज सामाग्री ढुवानी गर्न सडक यातायात नियमित मर्मत गरिने भएकोले कृषि सामाग्रि तथा दैनिक उपभोग्य माल सामान ओसार-पसार गर्न सहज हुने।
- सर्वसाधारण स्थानीय समुदायको स्थानीय स्तरमा रोजगारी प्राप्त भइ जिवन सहज हुने।

(ख) नकरात्मकप्रभाव: प्रस्तावित सडक खण्डको निर्माण पछि हुन जाने नकरात्मक प्रभावहरु निम्न उल्लेख भए बमोजिम हुने छन्:

- मोविल डिजेल तथा पेट्रोलियम पदार्थको प्रज्वलन र चुहावट वाट वायू र पानीमा प्रदूषण हुने जस्ले गर्दा जलाचार तथा थलाचर प्राणिमा प्रतिकुल असर पुग्ने।
- ढुवानीका साधनको आवत जावतले अत्यधिक धुलो का कारण प्राणिमा स्वास प्रस्वास संवन्धि समस्या र वनस्पतिमा धुलो उत्सर्जनमा समस्या हुने।
- ढुवानीका साधनको प्रयोगमा हुने ध्वनि का कारण श्रवण शक्ति र मानसिक समस्या सृजना हुने।
- ढुवानीका साधनवाट उत्पन्न हुने फोहोरमैला/ खेर जाने मेशनरि पार्टपुर्जा एवं अन्य सामाग्री भण्डारण हुने।
- निर्माणमुखि खनिज सम्पदा संकलन/ उत्खनन् र ढुवानीकार्य गर्दा सास्कृतिक(वाल /महिला यौन) विचलन हुने।

उल्लिखित प्रभावको आधारमा सकारात्मक प्रभाव अभिवृद्धि गर्ने र नकरात्मक प्रभाव न्युन गर्न वातावरणीय व्यवस्थापनको योजना कार्यन्वयन गर्दा उल्लिखित प्रस्तावको सकारात्मक प्रभावबढी हुने देखिएकोले उल्लिखित प्रस्ताव निम्न आधारमा कार्यन्वयन गर्न मिल्ने व्यहोरा उल्लेख गरी यो सिफारिस गरिएको छ।

(ग) प्रस्ताव कार्यन्वयनगर्न मिल्ने आधार

१ . ढुंगा गिटी तथा वालुवा ढुवानी गर्न पहुँचमार्गको निर्माण तथा सुधार भइ सुविधा विस्तार हुने।

२. निर्माण सामाग्री, दैनिक उपभोग्य सामान र कृषि सामाग्रीको ओसार-पसार गर्न सहज हुने भएकोले लागत सस्तो र प्रभावकारीता हुने।

३. आर्थिक रुपमा स्थानीय स्रोत नगदमा रुपान्तरण भई व्यावसायीक हुने र सर्वसाधारणको जीवन स्तरमा उन्नति हुने।

वोधार्थ:
श्री एटिम ईन्जिनियरिङ सर्भिसेज प्रा.लि.
मध्येपुर ठिमी नगरपालिका वडा नंवर १७ भक्तपुर

कुमार राई
वडा अध्यक्ष

भोजपुर नगरपालिका
५ नंवर वडा समितिको कार्यालय
बोखिम

प.सं.-२०७८/०७९
च.न. :-306

१ नं. प्रदेश, नेपाल
मितिः- २०७८/०५/११

श्री नगर कार्यपालिकाको कार्यालय
भोजपुर ।

विषयः संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुचना टाँसको मुचुल्का पठाइएको ।

लिखितम् भोजपुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय प्रस्तावकको नाम र भोजपुर जिल्ला भोजपुर नगरपालिका, प्रदेश नंवर १ ठेगाना रहेको सार्वजनिक खोला तथा खोल्सीहरुवाट ढुङ्गा, गिटी, मिस्कट तथा वालुवा संकलन गर्न शेराखोला दाम्सिङ्ग क्षेत्र र शेराखोला रातमाटे क्षेत्रको को संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नको लागि प्रदेश वातावरण संरक्षण ऐन तथा नियमावलि र नगरकार्यपालिकावाट स्वीकृत कार्यविधि बमोजिम मिति २०७८।०४।२९ गते हिमालय राष्ट्रिय दैनिक पत्रिकामा प्रकासित सार्वजनिक सूचनाको प्रतिलिपी थान-१ यस भोजपुर जिल्लाको भोजपुर नगरपालिका वडा नंवर ५ वोखिममा आज मिति २०७८।०५।११ गतेका दिनको १० वजे हामीहरुको रोहवरमा टाँस गरि यो मुचुल्का सहिछाप गरिदियौ ।

तपशिल

भोजपुर जिल्ला भोजपुर नगरपालिका वडा नंवर ५ का.वा. वडाध्यक्ष श्री जस वहादुर राई
भोजपुर जिल्ला भोजपुर नगरपालिका वडा नंवर ५ वडा सचिव श्री वलराम आलेमगर
भोजपुर जिल्ला भोजपुर नगरपालिका वडा नंवर ५ सामाजिक परिचालक श्री कौशिला प्रधान

इति सम्वत २०७८ साल भाद्र महिनाको ११ गते रोज ६ शुभम् ।

वलराम आलेमगर
वडा सचिव

वोधार्थः
श्री एटिम ईन्जिनियरिङ सर्भिसेज प्रा.लि.
मध्येपुर ठिमी नगरपालिका वडा नंवर १७ भक्तपुर

भोजपुर नगरपालिका
५ नं. वडा कार्यालय
बोखिम, भोजपुर

प.सं.: ०७८/७९
च.नं.: ३०५

प्रदेश नं.१ नेपाल
मिति: २०७८/०५/२७

**विषय:** राय सुझाव सहित सिफारिस गरिएको बारे ।

श्री नगर कार्यपालिकाको कार्यालय, भोजपुर ।

प्रश्तुत विषयमा भोजपुर नगरपालिका नगरकार्यपालिकाको कार्यालय मिति:२०७८/०४/२९गते राष्ट्रिय दैनिक हिमालय टायम्स पत्रिकामा प्रकाशित सुचना अनुसार कार्यन्वयन हुनु यस वडा अन्तर्गतका शेराखोला दामिसिङ्ग क्षेत्र र शेराखोला रातमाटे क्षेत्र बाट ढुंगा गिट बालुवा तथा मिस्कट संकलन तथा उत्खाु कार्यका लागि संक्षिप्त वातावरणिय अध्ययन (SEA) प्रतिवेदन तयारी बिषयको प्रस्ताव (TOR) बाट यस क्षेत्रमा निम्नानुसार वातावरणीय प्रभाव पर्न जाने देखिन्छ ।

(क) सकारात्मक प्रभाव: प्रस्तावित शेराखोला दाम्सिङ्ग क्षेत्र र शेराखोला रातमाटे बाट ढुंगा गिटी वालुवा तथा मिस्कट संकलन तथा उत्खनन् कार्य पछि हुन जाने सकारात्मक प्रभावहरु निम्न उल्लेख भए बमोजिम हुने छन्:

- भोजपुर नगरपालिका वडा नं. ५ वोखिम, वडा नं.७ भोजपुर बजार, वडा नं. ४ सिद्धेश्वर, वडा नं. ९ भोजपुर, वडा नं. ८ पोखरेमा संचालन गरिने विकास निर्माण र निजी आवास निर्माणमा आवश्यक हुने सामाग्रीको सस्तो गुणस्तर भएको सर्वसुलभ रुपमा उपलब्ध प्राप्त हुने ।
- निर्माणमुखि खनिज सामाग्री ढुवानी गर्न सडक यातायात नियमित मर्मत गरिने भएकोले कृषि तथा दैनिक सामाग्रि तथा दैनिक उपभोग्य माल सामान ओसार पोसार गर्न सहज हुने ।
- सर्वसाधारण स्थानीइ समुदायको स्थानीय स्तरमा रोजगारी प्राप्त भई जिवन सहज हुने ।

(ख) नकारात्मक प्रभाव: प्रस्तावित सडक खण्डको निर्माण पछि हुन जाने नकरात्मक प्रभावहरु निम्न उल्लेख भए बमोजिम हुने छन्:

- मोविल डिजेल तथा पेट्रोलियम पदार्थको प्रज्वलन र चुहावट वाट वायू र पानीमा प्रदुषण हुने जस्ले गर्दा जलचर तथा थलचर प्राणिमा प्रतिकुल असर पुग्ने ।
- ढुवानीका साधनको आवात जावातले अत्यधिक धुलो का कारण प्राणिमा स्वास प्रस्वास सम्बन्धि समस्या र वनस्पतिमा धुलो उत्सर्जनमा समस्या हुने ।
- ढुवानीका साधनको प्रयोगमा हुने ध्वनी का कारण श्रवण शक्ति र मानसिक समस्ण सृजना हुने ।
- ढुवानीका साधनवाट उत्पन्न हुने फोहोरमैला /खेर जाने मेशिनरी पार्टपुर्जा एवं अन्य सामाग्री भण्डारण हुने ।
- निर्माणमुखी खनिज सम्पदा संकलन /उत्खनन् र ढुवानीकार्य गर्दा साँस्कृतिक (वाल/महिला यौन हिंसा) विचलन हुने ।

उल्लिखित प्रभावको आधारमा सकारात्मक प्रभाव अभिवृद्धि गर्ने र नकारात्मक प्रभाव न्यून गर्न वातावरणीय व्वस्थापनको योजना कार्यन्वयन गर्दा उल्लिखित प्रस्तावको सकारात्मक प्रभाव बढी हुने देखिएकोले कार्यान्वयन स्थलको भौतिक संरचना, धार्मिक/साँस्कृतिक महत्वका स्थल तथा अन्य विभिन्न वातावरणीय महत्वका स्थलहरुमा कुनैपनि आधारमा क्षति नपुग्ने गरी उल्लिखित प्रस्ताव निम्न आधारमा कार्यन्वयन गर्न मिल्ने व्यहोरा उल्लेख गरी यो सिफारिस गरिएको छ ।

(ग) प्रस्ताव कार्यन्वयन गर्न मिल्ने आधार:

- ढुंगा गिटी तथा बालुवा ढुवानी गर्न पहुँचमार्गको निर्माण तथा सुधार भई सुविधा विस्तार हुने ।
- निर्माण सामाग्री, दैनिक उपभोग्य सामान र कृषि सामाग्रीको ओसार पोसार गर्न सहज हुने भएकोले लागत सस्तो र प्रभावकारीता हुने ।
- आर्थिक रुपमा स्थानीय स्रोत नगदमा रुपान्तरण भई व्यावसायिक हुने र सर्वसाधारणको जीवन स्तरमा उन्नती हुने

वोधार्थ:
श्री एटिम ईन्जिनियरिङ सर्भिसेज प्रा.लि.
मध्यपुर ठिमी नगरपालिका वडा नं. १७, भक्तपुर

जस बहादुर राई
वडा अध्यक्ष

भोजपुर नगरपालिका
६ नंवर वडा समितिको कार्यालय
भोजपुर

प.सं.-२०७८/०७९ १ नं. प्रदेश, नेपाल
च.न. ५१ मितिः- २०७८/०५/०७

श्री नगर कार्यपालिकाको कार्यालय
भोजपुर ।

विषयः संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुचना टाँसको मुचुल्का पठाइएको ।

लिखितम् भोजपुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय प्रस्तावकको नाम र भोजपुर जिल्ला भोजपुर नगरपालिका, प्रदेश नंवर १ ठेगाना रहेको सार्वजनिक खोला तथा खोल्सीहरुवाट ढुंङ्गा, गिटी, मिस्कट तथा वालुवा संकलन गर्न पिखुवाखोला /सित्केल पालुवा क्षेत्र को संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नको लागि प्रदेश वातावरण संरक्षण ऐन तथा नियमावलि र नगरकार्यपालिकावाट स्वीकृत कार्यविधि बमोजिम मिति २०७८।०४।२९ गते हिमालय राष्ट्रिय दैनिक पत्रिकामा प्रकासित सार्वजनिक सूचनाको प्रतिलिपी थान-१ यस भोजपुर जिल्लाको भोजपुर नगरपालिका वडा नंवर ६ पालुवा भोजपुर मा आज मिति २०७८। ०५।०७ गतेका दिनको १० वजे हामीहरुको रोहवरमा टाँस गरि यो मुचुल्का सहिछाप गरिदियौ ।

तपशिल

भोजपुर जिल्ला भोजपुर नगरपालिका वडा नंवर ६ वडाध्यक्ष श्री शैलेन्द्र कार्की
भोजपुर जिल्ला भोजपुर नगरपालिका वडा नंवर ६ वडा सचिव श्री राम कुमार तामाङ्ग
भोजपुर जिल्ला भोजपुर नगरपालिका वडा नंवर ६ सामाजिक परिचालक श्री तेज वहादुर प्रधान

इति सम्वत २०७८ साल भाद्र महिनाको ७ गते रोज २ शुभम् ।

वोधार्थः

श्री एटिम ईन्जिनियरिङ सर्भिसेज प्रा.लि.

मध्येपुर ठिमी नगरपालिका वडा नंवर १७ भक्तपुर

............
राम कुमार तामाङ्ग
वडा सचिव

भोजपुर नगरपालिका

# ६ नंवर वडा समितिको कार्यालय

भोजपुर

प.सं.-२०७८/०७९ — १ नं. प्रदेश, नेपाल

च.न. :- ६१ — मितिः- २०७८/०५/०८

विषयः राय सुझाव सहित सिफारिस गरिएको बारे।

श्री नगर कार्यपालिकाको कार्यालय
भोजपुर।

प्रस्तुत भोजपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय भोजपुरवाट मितिः २०७८/०४/२९ गते राष्ट्रिय दैनिक हिमालय टायम्स पत्रिकामा प्रकाशित सूचना अनुसार कार्यन्वयन हुने यस वडा अन्तरगतका पिखुवा खोला /सिक्तेलदोभान पालुवाक्षेत्र वाट ढुंगा गिटी वालुवा तथा मिस्कट संकलन तथा उतखनन कार्यका लागि संक्षिप्त वातावरणीय अध्ययन (SEA) प्रतिवेदन तयारी बिषयको प्रस्ताव (ToR) बाट यस क्षेत्रमा निम्नानुसार वातावरणीय प्रभाव पर्ने जाने देखिन्छः

(क) सकारात्मकप्रभावः प्रस्तावित पिखुवा खोला /सिक्तेलदोभान पालुवाक्षेत्र वाट ढुंगा गिटी वालुवा तथा मिस्कट संकलन तथा उतखनन कार्य पछि हुन जाने सकारात्मक प्रभावहरु निम्न उल्लेख भए बमोजिम हुने छन्:

- भोजपुर नगरपालिका वडा नंवर ६ पालुवा, वडा नंवर ७ भोजपुर वजार , वडा नंवर १२ टक्सार वजार, वडा नंवर ९ भोजपुर,वडा नंवर ८ पोखरेमा संचालन गरिने विकास निर्माण र नीजि आवास निर्माणमा आवश्यक हुने निर्माण सामाग्रीको सस्तो/ गुणस्तर भएको सर्वसुलभ रुपमा उपलव्ध प्राप्त हुने।
- निर्माणमुखि खनिज सामाग्री ढुवानी गर्न सडक यातायात नियमित मर्मत गरिने भएकोले कृषि सामाग्रि तथा दैनिक उपभोग्य माल सामान ओसार-पसार गर्न सहज हुने।
- सर्वसाधारण स्थानीय समुदायको स्थानीय स्तरमा रोजगारी प्राप्त भइ जिवन सहज हुने।

(ख) नकरात्मकप्रभावः प्रस्तावित सडक खण्डको निर्माण पछि हुन जाने नकरात्मक प्रभावहरु निम्न उल्लेख भए बमोजिम हुने छन्:

